३५२

# भक्तपुर मासिक

Bhaktapur Monthly

भदौ २०८२

ISSN 2705-4454

9 772705 445004





# 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना

- भक्तपुरको शैक्षिक अवस्था : हिजो र आज
- संसद्मा नेमकिपा
- भक्तपुर नगरक्षेत्र : सम्पदा संरक्षणको जीवन्त प्रयोगशाला
- भक्तपुर नगरका दक्षिणी भेगका महत्त्वपूर्ण पोखरीहरू
- स्वनिगः – राजधानी उपत्यका एकीकृत गर्ने नाम
- भक्तपुरमा नाचैनाच
- के सरकार जघन्य अपराधीहरूलाई माफी दिनसक्ने कानुन बनाउँदै छ ?
- 'मैले जनगणना गरेको लिम्पियाधुरा राजा महेन्द्रले पञ्चायतसँग साटे'
- 'काठमाडौँको सभ्यता जोगाउने श्रेय ज्यापू समुदायलाई दिनुपर्छ'
- रेने देस्कार्टस् : विश्लेषणात्मक ज्यामितिका प्रणेता
- इताछैँ ध्वाका – एक चर्चा
- इजरायलको दुई रूप : मार्क्सवादी दृष्टि
- भक्तपुर नपाका गतिविधि




भक्तपुर नगरपालिकाद्धारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा 'फौजदारी कानुन र न्याय' विषयक प्रथम राष्ट्रिय सम्मेलन । साउन ३१ गते




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारीको संयुक्त लेखनमा प्रकाशित 'फौजदारी कानुन र फौजदारी न्याय' पुस्तक सार्वजनिकीकरण । साउन २४ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०     फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०     भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì {$@ ★ cÆ !) ★ g}; ≢!!$% ★ lj=; ≢@)*@efb| ★ A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : राजन बनमाला

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




## एउटा चित्र

यातु गणेश मन्दिर परिसर र यातु बाह्रे पुखू, कमलविनायकको एउटा पुरानो चित्र फेसबुकबाट।


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**'मानव आफैमा अनन्त शक्तिको भण्डार हो ।'** – स्वेट मार्डन

# यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुरको शैक्षिक अवस्था : हिजो र आज | सुनिल प्रजापति | ३ |
| २) | नेमकिपाको केन्द्रीय समितिको बैठक | – | ७ |
| ३) | भक्तपुर नगरक्षेत्र : सम्पदा संरक्षणको जीवन्त प्रयोगशाला | वसन्त भट्टराई | ९ |
| ४) | भक्तपुर नगरका दक्षिणी भेगका महत्त्वपूर्ण पोखरीहरू | समिर | १६ |
| ५) | पञ्चायत हल्लाउने ३७ वर्षअघिको 'ह्योजु काण्ड' | – | १९ |
| ६) | स्वनिगः – राजधानी उपत्यका एकीकृत गर्ने नाम | कनकमणि दीक्षित | २२ |
| ७) | संसद्मा नेमकिपा | – | २८ |
| ८) | के सरकार जघन्य अपराधीहरूलाई माफी दिन सक्ने कानुन बनाउँदै छ ? | विवेक | ३३ |
| ९) | 'मैले जनगणना गरेको लिम्पियाधुरा राजा महेन्द्रले पञ्चायतसँग साटे' | भैरव रिसाल | ३५ |
| १०) | 'काठमाडौँको सभ्यता जोगाउने श्रेय ज्यापू समुदायलाई दिनुपर्छ' | – | ३९ |
| ११) | रेने देस्कार्टस् : विश्लेषणात्मक ज्यामितिका प्रणेता | राजेन्द्र बहादुर कायष्ठ | ४४ |
| १२) | भक्तपुरमा नाचैनाच | कृष्ण आचार्य | ५० |
| १३) | इताछैँ ध्वाका – एक चर्चा | दिव्यराज | ५१ |
| १४) | सिफारिस छलफल पछिमात्र | कुशल | ५५ |
| १५) | इजरायलको दुई रूप : मार्क्सवादी दृष्टि | निकोस मोटास | ५८ |
| १६) | धानखेतमा लाग्ने रोग 'ब्लास्ट' | शक्तिधर जोन्छें | ६१ |
| १७) | गोपालराज वंशावली (नेपालीमा) | – | ६४ |
| १८) | The City of the Yellow Devil (XIII) | Maxim Gorky | ६६ |
| १९) | भक्तपुर नगरपालिकाको गतिविधि | – | ६९ |
| | क) शैक्षिक गतिविधि | – | ८५ |
| | ख) स्वास्थ्य सेवा | – | १०१ |
| | ग) अनुभव आदान प्रदान | – | १०४ |
| | घ) सङ्क्षेपमा | – | १०५ |
| | ङ) भेटघाट-अवलोकन | – | १०६ |
| २०) | विविध समाचार | – | ११० |
| २१) | छिमेकीको बिजाइँ (सम्पादकको पृष्ठ) | – | १३२ |

**साथमा** :

प्रेरणीय – ६/ चीनका प्राचीन नीतिकथा –२७/बसिबियाँलो – २७/ हाम्रो स्थानीय तह–४९/Word Searh – ६३/ जीवन–आचरण – ६८/ यता–उताबाट–८४/हाम्रा पुराना मूर्ति – ८४/ख्वप अस्पतालको प्रगति – १०३/ हाम्रो स्वास्थ्य – १२८/ पर्यटक तथ्याङ्क – १३१/ तस्बिरमा केही गतिविधि ।

# भक्तपुरको शैक्षिक अवस्था : हिजो र आज

- सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका



भक्तपुरको शैक्षिक अवस्थाको अध्ययन निम्न चार चरणमा गर्नु उपयुक्त हुनेछः

## पहिलो चरण : २०३६ सालसम्मको अवस्था

भक्तपुरको शैक्षिक अवस्था निकै कमजोर थियो । त्यतिखेर घोकन्ते विद्याको चलन थियो । पाटी-पौवा, सत्तल, मठ र निजी तथा सार्वजनिक भवनहरू नै विद्यालय भवन थियो । विद्यालय नाम मात्रको थियो । अधिकांश शिक्षकहरू एसएलसी पास मात्रका थिए । चोरेर पास गर्नु सामान्य थियो । विद्यार्थीहरूलाई चोर्न सहयोग गर्नकै लागि कतिपय शिक्षकहरू गार्ड बस्थे । भक्तपुरको शिक्षा निकै गए गुज्रेको थियो 'एसएलसी पास गर्न भक्तपुर जानू' भन्ने जनतामा भक्तपुर प्रतिको नकारात्मक भावना थियो । पहिले उच्च घरानीयाहरूमा सीमित शिक्षा विस्तारै किसानका छोराछोरीहरूले पनि पढ्न थालेको अवस्था थियो । गरिबीको कारण राम्रो पढाउन सक्ने क्षमता कमसँग मात्र थियो ।

समाजका अगुवाहरूको पहलमा बाल बालिकाहरूलाई पढाउनुपर्छ भन्ने चेतनाको जागरण भने आइसकेको थियो । सामाजिक अगुवाहरूले धमाधम विद्यालयहरू बनाउन थाले । पोखरी पुरेर होस् या सार्वजनिक जग्गामा विद्यालय निर्माण गर्दै पढाउन थालियो । भक्तपुरमा धेरै विद्यालय यही बेला स्थापना र सञ्चालन स्वीकृति प्राप्त भएका थिए । भौतिक पूर्वाधारहरू भने नाम मात्रको थियो ।

## दोस्रो चरण : २०३६-२०४६ सालसम्मको अवस्था

यो अवधिलाई भक्तपुरका विद्यालयहरूको पूर्वाधारहरू निर्माणको चरणको रूपमा पनि लिन सकिन्छ । हाल सञ्चालनमा रहेका अधिकांश विद्यालयहरूको आधुनिक भवन, पुस्तकालय र व्यवस्थित शौचालयहरूको निर्माण यही चरणमा बनेको देख्न सकिन्छ । विद्यालयहरूको लागि सरकारी दरबन्दीको व्यवस्था, आर्थिक, भौतिक सहयोगसँगै क्रमशः पूर्वाधारहरूको निर्माण हुँदै गयो । शिक्षकहरूको तालिमहरू सुरु भयो । तालिमसँगै शिक्षामा क्रमशः गुणस्तर कायम हुँदै गयो ।

२०३६ सालमा तत्कालीन पञ्चायती सरकारले आममाफीको घोषणागरे सँगै १० वर्ष प्रवास जीवनबाट नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) नेपाल फर्किनुभयो । उहाँले शिक्षकहरूको बैठकमा विद्यार्थीहरूलाई चोराएर पास गराउने गलत प्रवृत्तिको चर्को आलोचना गर्नुभयो । 'चोरेर पास गर्नु भनेको विद्यार्थीले आआफ्नो खुट्टामा आफैले बन्चरो हान्ने सरह हुन्छ, त्यसले विद्यार्थीको जीवन बर्बाद पार्छ र त्यो एक प्रकारको धोका हो' भन्नुहुँदै पटक पटक आलोचना गर्नुभयो । धेरै शिक्षकहरू उहाँको त्यो आलोचनालाई सहजै स्वीकार्न तयार थिएनन् । विस्तारै शिक्षकहरूले बुझ्न थाले । कक्षामा राम्रो पढाउन थाले । चिट चोर्ने क्रम क्रमशः कम हुँदै गयो । २०४६ सालसम्ममा अधिकांश विद्यालयमा चोराएर पास गराउने चलन पूर्ण रूपमा बन्द भयो ।

२०३९ सालमा स्थानीय निकायको चुनाव भयो । नगर पञ्चायतमा बहुमत सदस्यहरू नेमकिपा समर्थितहरू जिते । जनप्रतिनिधिहरूले भक्तपुर नगरपञ्चायतभित्र कक्षा ७ सम्म निःशुल्क घोषणा गरे । प्रत्येक सरकारी विद्यालयमा १-१ जना शिक्षकको व्यवस्था गरे । टोल टोलमा प्रौढ कक्षाहरू सञ्चालन हुन थालियो । भक्तपुरको शिक्षा विकासमा त्यो नयाँ अभ्यास थियो ।

## २०४५ सालको 'भक्तपुर काण्ड'ले शिक्षामा पारेको असर

२०४५ साल भदौ ९ गते पञ्चायती राज्यस्तरबाट

रचिएको 'भक्तपुर काण्ड' मा का. रोहितसहित नेमकिपाका अधिकांश नेता कार्यकर्ताहरू फसाइएको थियो । त्यस काण्डमा धेरै विद्यालयका प्रअ र शिक्षकहरू पनि फसाइएको हुँदा भक्तपुरका धेरै विद्यालयहरूमा राम्रो पठनपाठन हुन सकेन । पुराना स्थापित शिक्षकहरू भूमिगत वा जेलमा थिए भने पञ्चहरूले पठाएका नयाँ शिक्षकहरूले राम्रो पढाउन सकेनन् । ती शिक्षकहरूलाई विद्यार्थीहरूले सहजै स्वीकारेनन् । बन्द हड्तालले गर्दा विद्यालयहरूमा राम्रो पढाइ भएन । विद्यार्थीहरूको पढाइ नराम्ररी प्रभावित भयो । भक्तपुरको शैक्षिक प्रगतिमा त्यो अवधिमा 'ब्रेक' लाग्यो । त्यतिबेलाका धेरै विद्यार्थीहरूले पढाइ छाडे । पढ्नेहरूको पनि शैक्षिक स्तर त्यति राम्रो भएन । २०४६ सालको जनआन्दोलनको सफलता पछि भक्तपुर काण्डको मुद्दा सरकारले फिर्ता लियो । त्यो २० महिना भक्तपुरको शैक्षिक अवस्था निकै कमजोर र अस्तव्यस्तको समय थियो ।

## तेस्रो चरण : २०४६-२०५६ साल सम्मको अवस्था

२०४६ सालको जनआन्दोलनले निर्विकल्प भनिएको पञ्चायती व्यवस्था र निरङ्कुश राजतन्त्रको अन्त्य गरी संवैधानिक राजतन्त्रसहित बहुदलीय व्यवस्थाको पुनःस्थापना गऱ्यो । नेपालको संविधान २०४७ ले उदार अर्थनीति अवलम्बन गऱ्यो । विस्तारै शिक्षा र स्वास्थ्य जस्ता जनताका आधारभूत क्षेत्रलाई समेत लगानीयोग्य मानियो र व्यक्तिगत लगानीमा विद्यालय, कलेजहरू र अस्पतालहरू खुल्न थालियो । धेरै सुविधासम्पन्न विद्यालय र कलेजहरू यही अवधिमा खोलिएका हुन् । सरकारी र निजी विद्यालयबिच शैक्षिक गुणस्तरमा तुलना हुन थालियो । सरकारी विद्यालय र कलेजहरूले भन्दा निजी विद्यालय र कलेजहरूले गुणस्तरीय शिक्षा प्रदान गर्न थाले । जनताको विश्वास निजी विद्यालयतिर जान थाल्यो । सरकारी विद्यालयका शिक्षकका सन्तानहरू समेत निजी विद्यालयमा पढाउने अवस्था आयो । प्रतिस्पर्धामा निजी विद्यालयहरू नै अगाडि पर्न थाले र यसले झन् झन् निजी विद्यालयहरू बढ्न थाल्यो । एउटै देशमा बेरोकतोक दुई किसिमको शिक्षा नीति अघि बढ्न थाल्यो । सामुदायिक र संस्थागत विद्यालयबिच गुणस्तरमा प्रतिस्पर्धा तीव्र रूपमा हुन थाल्यो । सरकारी विद्यालयले गुणस्तरीय शिक्षा दिन नसकेसम्म निजी विद्यालयको औचित्य घट्ने छैन भन्ने प्रमाणित भयो । भक्तपुरको शैक्षिक गुणस्तर विकासमा यो असाध्य महत्त्वपूर्ण अवधि थियो ।

## चौथो चरण : २०५६ सालदेखि हालसम्मको अवस्था

२०५४ सालको स्थानीय निकायको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीले जारी गरेको घोषणापत्रमा 'शिक्षालाई जोड दिने' भन्ने उल्लेख थियो । त्यतिबेला प्रेम सुवाल प्रमुख पदमा जित्नु भयो । निर्वाचन घोषणापत्र कार्यान्वयनको सिलसिलामा २०५६ सालमा स्थानीय निकायले सञ्चालन गरेको नेपालमै पहिलो ख्वप माविको स्थापना भयो । ख्वप मावि स्थापना गर्नु त्यति सहज थिएन । त्यसको उद्देश्य प्रष्ट थियो : १) सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने, २) अनुशासित र देशभक्त नागरिक तयार गर्ने, ३) एकाइसौँ शताब्दीका चुनौतीहरू सामना गर्न सक्षम नागरिकहरू तयार गर्नेलगायत थिए ।

त्यति बेलाका प्रशासकहरू कानुनमा नगरपालिकालाई कलेज चलाउने अधिकार नभएको भन्दै निजी सञ्चालनमा जोड दिने गरेका थिए । हामी नगरपालिकाले नै सञ्चालन गर्ने अडानमा बस्यौँ । अन्ततः २०५६ सालमा निकै लामो प्रयासपछि ख्वप मावि सञ्चालनको स्वीकृति प्राप्त भयो ।

## 'एक घर एक स्नातकको घोषणा'

२०५८ साल माघ २१ गते 'भक्तपुर जिल्लालाई पर्यटकीय गन्तव्यस्थल र शिक्षा तथा संस्कृतिको केन्द्र बनाउने' विषयमा बृहत छलफल कार्यक्रम भयो । भक्तपुर जिल्लाका व्यापक बुद्धिजीवीहरूको उपस्थितिमा स्थानीय अरनिको सभाभवनमामा आयोजित उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले '१५ वर्षभित्र भक्तपुर जिल्लालाई देशको पहिलो स्मारक संरक्षित जिल्ला तथा पर्यटकको गन्तव्यस्थल, पहिलो साक्षर र प्रत्येक घरमा एक घर एक स्नातक वा सोसरहको नाचगान, चित्रकला, खेलाडी तयार गर्ने' घोषणा गर्नुभयो ।

त्यतिबेला भक्तपुरमा भक्तपुर क्याम्पस र निजीमा नवदुर्गा क्याम्पसबाहेक उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू थिएनन् । एक घर एक स्नातकको घोषणाले समाजमा ठूलो हलचल ल्याइदियो । त्यसको प्रचारसँगै विपक्षीहरू मात्रै होइन, कतिपय हाम्रै साथीहरूले समेत त्यो असम्भव, चर्चामा आउनका लागि र महत्त्वाकाङ्क्षी योजना भनी आलोचना गरे । त्यसलाई बेवास्ता गर्दै अगाडि बढ्ने क्रममा २०५८ सालमा ख्वप कलेज, सोही वर्ष पूर्वाञ्चल विश्वविद्यालयबाट स्वीकृति प्राप्त ख्वप इन्जिनियरिङ कलेज स्थापना भयो । २०६० सालमा नर्स र

ओभरसिएरका लागि सिटिइभिटीबाट स्वीकृति लिएर ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङ, २०६७ सालतिर शारदा मावि/कलेज र २०७९ सालमा ख्वप कलेज अफ ल सञ्चालन गरी हाल नपाको पूर्ण स्वामित्वमा ७ वटा शैक्षिक संस्थाहरू सञ्चालनमा छन् । ७७ जिल्लाका ७ हजार ५०० भन्दा बढी विद्यार्थीहरू ती शैक्षिक संस्थाहरूमा अध्ययनरत छन् । ती सबै संस्थाहरूमा गरी हालसम्म ४४ हजारभन्दा बढी विद्यार्थीहरूले उच्च शिक्षा हासिल गरिसकेका छन् ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले २०५९ सालमा 'सय वर्षपछिको भक्तपुर' पुस्तक लेख्नुभयो । त्यस पुस्तकमा १०० वर्षपछिको भक्तपुरको अवस्था चित्रण गरेको पाइन्छ । त्यतिबेला 'भक्तपुर संसारकै आकर्षक नगर हुनेछ । बिहान प्राचीन सहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो, राती प्राचीन लुगा लगाएको नर्तकी वा सुन्दरीजस्तो देखिनेछ' भन्ने उल्लेख गर्नु भएको छ । भक्तपुरका हरेक युवाहरूले चार वा पाँच वटा भाषा बोल्न जानेका हुने छन्, उहाँले कल्पना गर्नुभएको थियो । त्यही सपना साकार पार्न भक्तपुर नगरपालिकाले योजनाबद्ध काम गरिरहेको छ ।

भक्तपुर नगरपालिकाले विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षामात्र दिइरहेको छैन, नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूका लागि वार्षिक रु. ४ करोडभन्दा बढी छात्रवृत्तिको व्यवस्था पनि गरिरहेको छ ।

उच्च शिक्षा अध्ययनका लागि गरिब तथा विपन्न परिवारका विद्यार्थीलाई शैक्षिक ऋणको व्यवस्था पनि गरिरहेको छ । हालसम्म शैक्षिक ऋणाको लागि नगरपालिकाले १६ करोड ९५ लाख ऋण प्रवाह गरिसकेको छ भने ऋण चुक्ता ७३ जनाले गरिसकेका छन् । साँवा ब्याज गरी ३ करोड ५० लाखभन्दा बढी फिर्ता पनि भइसकेको छ । इतिहास, भूगोल, राजनीतिशास्त्र, नेपालभाषा, अर्थशास्त्र, दर्शनशास्त्रलगायत पढ्ने नगरवासी विद्यार्थीहरूका लागि विद्यावारिधिसम्म छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ । यस्तो छात्रवृत्ति २५० जनाभन्दा बढीले पाइसकेका छन् ।

वडा वडामा शिशुस्याहारको व्यवस्था, कक्षा ५, ८ र १० मा नगरस्तरीय परीक्षा, स्थानीय पाठ्यक्रम निर्माण गरी भक्तपुरको कला संस्कृति सम्पदाको महत्त्वबारे विद्यार्थीहरूलाई पढाउँदै आएका छौँ ।

## सामुदायिक र संस्थागत विद्यालयबिच प्रतिस्पर्धाको नीति

भक्तपुर नगरपालिकाले सामुदायिक र संस्थागत विद्यालयबिच शैक्षिक गुणस्तरमा प्रतिस्पर्धाको नीति लिँदै आएको छ । सामुदायिक होस् या संस्थागत जुनसुकै विद्यालयमा पढ्ने विद्यार्थी पनि नेपालीकै सन्तान हुन् । ती हरेक विद्यार्थीलाई योग्य बनाउने हाम्रो साझा जिम्मेवारी र कर्तव्य हो ।

सामुदायिक र संस्थागत विद्यालयहरूलाई भक्तपुर नपाले समान व्यवहार गर्दै आएको छ । खेलकुद, चित्रकला, साहित्य प्रतियोगिताहरूमा सँगसँगै गइरहेका छौँ । शिक्षक तालिम, स्काउट तालिम, परीक्षा समिति गठन, शैक्षिक क्यालेन्डर निर्माणमा सहभागी गराई सबैलाई समान व्यवहार गर्दै आएका छौँ ।

गुणस्तरमा प्रतिस्पर्धाको नीतिले भक्तपुरको शैक्षिक नतिजामा उल्लेख्य वृद्धि भएको पाइन्छ । भक्तपुर नपाबाट ६० वटा विद्यालयका विद्यार्थीहरू एसईईमा सहभागी भएका थिए । तीमध्ये १९ वटा विद्यालय १०० प्रतिशत, २१ वटा विद्यालय ९०–९९ प्रतिशत, ८ वटा विद्यालय ८०–९० प्रतिशत, ५ वटा विद्यालय ६०–८० प्रतिशत, ७ वटा विद्यालयले ६० प्रतिशतभन्दा कम ल्याए ।

| | |
|---|---|
| जम्मा पास प्रतिशत | : ८९.८८ प्रतिशत |
| सहभागी विद्यार्थी | : २४१० |
| उत्तीर्ण | : २१६६ |

| **एसईई** | **२०८०** | **२०८१** |
|---|---|---|
| सामुदायिक | ७०.८२ प्रतिशत | ८०.९० प्रतिशत |
| संस्थागत | ९१.०४ प्रतिशत | ९४.७० प्रतिशत |
| जम्मा | ८४.२७ प्रतिशत | ८९.८८ प्रतिशत |
| प्याब्सन (२० वटा) | ९६.९३ प्रतिशत | |
| परीक्षामा सहभागी | ६२० जना | |
| उत्तीर्ण सङ्ख्या | ६०१ जना | |

## सामुदायिक विद्यालयको स्थिति

देशभर २५ हजार ८७६ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा छन्, जसमध्ये १५,२७३ वटा विद्यालयमा १ सयभन्दा कम विद्यार्थी अध्ययनरत छन् । सरकारले ती विद्यालयहरू गाभ्ने वा 'मर्ज' गर्ने नीति बनाउँदैछ ।

आ.व.२०८२/८३ को कुल बजेट १९ खर्ब ६४ अर्ब रहेकोमा शिक्षाको लागि २ खर्ब ११ अर्ब १७ करोड बजेट

विनियोजन गरेको छ। शिक्षामा राज्यको लगानी कुल बजेटको २० प्रतिशत पुऱ्याउनुपर्नेमा अन्तराष्ट्रिय मान्यता विपरीत झन् झन् घटेर १० प्रतिशतको हाराहारीमा पुगेको छ। सार्वजनिक शिक्षामा लगानी बढाउन नचाहेको यसबाट प्रष्ट हुन्छ। लामो समयदेखि न एउटा सामुदायिक विद्यालय बढेको छ न शिक्षक दरबन्दी थपिएको छ। सरकार शिक्षाको जिम्मेवारीबाट भाग्न खोज्दै छ।

## भक्तपुर नगरपालिकाको भावी योजना

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय खोल्ने र सस्तो र गुणस्तरीय चिकित्सक उत्पादन गर्ने लक्ष्य राखेको छ। सरकारले छिटै ख्वप विश्वविद्यालय विधेयक पारित गरी दिएको खण्डमा छिटै त्यो लक्ष्य पुरा हुने विश्वास गर्न सकिन्छ।

## विद्यार्थी किन विदेश जान्छन् ?

नेपालमा बन्द, हड्ताल र तोडफोडका गतिविधिले गर्दा नेपाली विद्यार्थीहरू विदेशतर्फ आकर्षित हुँदै गएको छ। समयमा परीक्षा नहुने र परीक्षाफल ढिलो प्रकाशित हुने र पढाइअनुसारको रोजगारी नपाउने कारणले पनि विद्यार्थीहरू विदेशिरहेका छन्। आ.व. २०८१/८२ मा १ लाख १२ हजार ५९३ जना विद्यार्थीहरू सरकारको स्वीकृति (NOC) मा विदेश गएको तथ्याङ्कले देखाएको छ। यसको खर्च हिसाब गर्ने हो भने झन्डै डेढ खर्ब हुन आउँछ। सोही वर्ष ८ लाख ३९ हजार युवा श्रम स्वीकृतिमा विदेश गएको देखिन्छ। विदेश जाने क्रमलाई रोक्न सकेनौँ भन्ने भोलि राम्रा शिक्षक, डाक्टर नपाउने अवस्था आउने छ।

## शिक्षा विधेयक

जिल्ला शिक्षा समन्वय एकाइ खारेज गर्नुपर्ने, मावि तहसम्मको सम्पूर्ण अधिकार पालिकामै रहनुपर्ने, एसईईको जिम्मा पालिकामा दिनु राम्रो हुने र बालविकास सहजकर्ताहरूलाई शिक्षकको रूपमा मान्यता दिनुपर्नेमा हामीले जोड दिँदै आएका छौँ।

(निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल, (प्याब्सन) जिल्ला कार्य समिति भक्तपुरको आयोजनामा २०८२ साउन २९ मा भएको 'प्याब्सन कनक्लेभ–२०८२' मा प्रमुख वक्ता भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार)

# प्रेरणीय

## गुरु र चेलाको स्थान

एक राजा खासै पढेलेखेका थिएनन्। उनलाई शिक्षा प्राप्त गर्ने निकै ठुलो रहर थियो। त्यसैले, उनले देशभर नाम चलेकामध्ये एक गुरुलाई दरबारमै आएर आफूलाई पढाउने काममा नियुक्त गरे। तोकिएको मिति र समयदेखि गुरुले आफ्नो काम सुरु गरे। उनी हरेक दिन दरबार जान्थे र एक घण्टासम्म राजालाई पढाएर फर्किन्थे। यो क्रम निरन्तर चलिरहेकै थियो। तर, यसबाट राजालाई भने कुनै फाइदा भइरहेको थिएन। जतिसुकै कोसिस गरे पनि उनले केही पनि सिक्न सकिरहेका थिएनन्। देशभरकै चर्चित गुरु भएकाले उनले गुरुको योग्यता र क्षमतामाथि प्रश्न गर्न पनि सकेनन्। तर, आफूले केही सिक्न पनि सकेनन्। उनले पढ्न थालेको झन्डै तीन महिना बितिसकेको थियो।

एक दिन उनले दरबारमा रानीसित यस विषयमा सल्लाह पनि गरे। रानीले यसबारे गुरुसितै सोध्न राजालाई सुझाब दिइन्। अर्को दिन दरबारमा गुरु आइपुग्नासाथ राजाले प्रश्न गरे– गुरुदेव, हजुरजस्तो महान् गुरुसित पढ्दा पनि मैले तीन महिनासम्म केही पनि सिक्न सकिरहेको छैन। के म सिक्नयोग्य नै छैन हो ? आखिर मैले किन सिक्न सकिरहेको छैन ? गुरुले जवाफ दिए– यसको कारण स्पष्ट छ महाराज ! तपाईँ यहाँ सिक्नभन्दा पनि राजाको रवाफ देखाउन आउनुभएको हो कि जस्तो देखिनुहुन्छ। किनकि, तपाईँ स्वयं उच्च सिंहासनमा बस्नुहुन्छ र मलाई तल्लो स्थानमा बसाउनुहुन्छ। तर, जबसम्म म तपाईँको गुरुका रूपमा रहन्छु, त्यतिखेरसम्म मेरो आसन तपाईँको भन्दा उच्च हुनुपर्थ्यो र तपाईँको आसन तल हुनुपर्थ्यो। यो कुरा मैले तपाईँ राजा भएको हुनाले भन्न पनि सकिरहेको थिइनँ।

राजालाई आफ्नो भूलको महसुस भयो। उनले तत्काल अध्ययनका लागि छुट्टै कोठा तयार गर्न लगाए। त्यहाँ उनले गुरुलाई उच्च आसनमा बसाए र आफू भने तल्लो स्थानमा बसेर शिक्षा ग्रहण गर्न थाले। उनको मिहिनेत र शिक्षा प्राप्तिको भोकले उनी कम समयमै विद्वान् बन्न सफल भए।

gd]lskfsf] s]bl]o ;ldltsf] a}7s

# ‘हदबन्दीभन्दा बढी जग्गा जोताहा किसानलाई कमाउन दिनुपर्ने’




नेपाल मजदुर किसान पार्टीको केन्द्रीय समितिको बैठक अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को अध्यक्षतामा भदौ १३ गते सुरु भयो।

बैठक सुरु गर्नुहुँदै का.रोहितले सबभन्दा ठूलो पार्टीले सरकार सञ्चालन गर्ने र दोस्रो ठूलो पार्टी प्रतिपक्षमा बस्ने वेस्टमिनिस्टर शैलीको प्रजातन्त्र हो भन्नुहुँदै शासक दलहरूले अब वेस्टमिनिस्टर शैली त्यागेको घोषणा गर्नुपर्ने तर्क गर्नुभयो।

उहाँले प्यालेस्टिनी जनतामाथिको इजरायली आक्रमणको विरोध तथा प्यालेस्टिनी जनताको पक्षमा नेमकिपाले निरन्तर प्रदर्शन गरेको बताउनुभयो।

अध्यक्ष रोहितले एउटा पुस्ताबाट क्रान्ति पूरा नहुने उल्लेख गर्नुहुँदै कार्ल मार्क्सपछिका पुस्ता चुप लागेको भए कतिपय देशमा भएका क्रान्ति नहुने बताउनुभयो।

भारतका डा. कोटनिस, क्यानाडाका डा. नर्मन बेथुन तथा पत्रकार अन्ना लुइ स्ट्रङले चिनियाँ क्रान्तिमा सहयोग गर्नुभएको उदाहरण प्रस्तुत गर्नुहुँदै अध्यक्ष रोहितले आज क्युवाली डाक्टर तथा भेनेजुयाली शिक्षकहरूले विभिन्न देशमा सेवा गरिरहेको उल्लेख गर्नुभयो।

अध्यक्ष रोहितले सरकारमा जाने पार्टीहरूले कार्यकर्ता पाल्ने र अपराधी छुटाउने काम गरेको हुँदा देश र जनतालाई दुःख भएको उल्लेख गर्नुभयो।

अध्यक्ष रोहितले भन्नुभयो, ‘श्रमिक’ साप्ताहिक, ‘मजदुर’ दैनिक र पार्टीका अन्य प्रकाशनहरू जिल्लाका कार्यकर्ता र शुभेच्छुकहरूमा पुर्‍याउनु जरूरी छ। जिल्ला जिल्लामा पार्टी प्रकाशनको अध्ययन र अन्तरक्रियाहरू भइरहनु आवश्यक छ।’

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, ‘निजी कम्पनीको नाममा हदबन्दीभन्दा बढी रहेको जग्गा बेच्न दिने भूमिसम्बन्धी विधेयक प्रतिक्रियावादी छ। भोलि सरकारलाई उद्योग खोल्नु परे जग्गा हुनेछैन। भूमिसुधार सुरू हुँदा हदबन्दीभन्दा बढी जग्गा मालपोत कार्यालयमा रोक्का गरिएको थियो। यो विषय त्यतिबेला नेपाल कम्युनिस्ट पार्टीले पनि बुझ्न सकेन। सामन्तहरूले हदबन्दीभन्दा बढी जग्गा दर्ता नामसारी र बेचबिखनको लागि मालपोत कार्यालयलाई दबाब दिए। भूमिसुधारको उद्देश्य हदबन्दीभन्दा बढी जग्गा जोताहा किसानलाई कमाउन दिने हो। नेपालमा भूमिसुधार सफल भए भारततिरका किसानहरू पनि उठ्ने डरले भारतले नेपालको भूमिसुधार सफल हुन दिएन।’

नेका र एमालेको सरकार संरा अमेरिकी साम्राज्यवाद र इजरायली फासीवादको समर्थनमा लागेको स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले सरकार नाटोको पुच्छर बनेको हुँदा एमसीसी सम्झौता गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, ‘नेमकिपाले २०४८ सालमै एमालेलाई भाइकाङ्ग्रेस भनेको हो। अहिले पुष्टि भयो।’

सरकारमा गएका दलहरूले बेलायती प्रजातन्त्र असफल पारी चीनमा जस्तै आठ ओटा पार्टीलाई मित्र पार्टी बनाई सरकारको मन्त्री बनाउनेतर्फ लागेको हो कि ?’

एमालेका सभामुख सुवासचन्द्र नेम्वाङले सभामुख तानाशाही हुने दाबी गरेपछि नेमकिपाले तानाशाहीलाई फालेर संसद् ल्याएको जवाफ दिएको थियो, अध्यक्ष रोहितले उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, ‘पाकिस्तानका सभामुखले पक्षपात गरेको हुँदा एक युवा सांसदले मुक्का प्रहार गर्दा सभामुखको मृत्यु भयो र यसरी पाकिस्तानमा सैनिक शासन सुरू भयो।’

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, ‘संरा अमेरिकामा राजदूत भएका इजरायलमा प्रधानमन्त्रीमा निर्वाचित भए। अमेरिकाको बैङ्क खातामा उनको पैसा थियो। विदेशी बैङ्कको खातामा पैसा भएको विषय एक पत्रकारले खुलासा गरेपछि निर्वाचित इजरायली प्रधानमन्त्रीले राजीनामा दिए।’

उहाँले भन्नुभयो, ‘नयाँ पुस्तालाई समर्पित व्यक्तिको जीवनी अध्ययन गराउनु जरूरी छ। नयाँ पुस्तालाई एउटा विषयमा विज्ञ बनाउनु जरुरी छ। राम्रो घरमा बसेर मीठो खाना खाएरमात्र मानिसमा शान्ति नहुनेबारे कार्यकर्ताहरू स्पष्ट हुनुपर्दछ।’

बैठकमा केन्द्रीय सदस्यहरू खड्गराज शाही, विनोद विक, राजवीर डंगोल, हरिसुन्दर बासी, मुक्ति यादव, रमेशकुमार रावल, बखत थापा, केसेन्द्रप्रकाश कार्की, तुल्सी खड्का, सरोज साह, खगेन्द्र शाही, नन्दबहादुर शाहीले आ–आफ्नो प्रतिवेदन पेस गर्नुभयो ।

केन्द्रीय सचिव प्रेम सुवालले संसद्मा भूमिसम्बन्धी विधेयक नेका–एमालेको समर्थनमा बहुमतबाट पारित गरेको र विधेयकमा हदबन्दीभन्दा बढी भएको निजी कम्पनीको जग्गा राष्ट्रियकरण नगरी आवास विकास गराई बिक्री गराउने प्रावधान भएको बुँदा विपक्षमा मत दिएको बताउनुभयो ।

केन्द्रीय समितिको बैठक भदौ १४ गतेसम्मको लागि स्थगित गरियो ।

## ‘देश र जनताको निःस्वार्थ सेवा गर्ने इच्छाशक्ति भएकाहरू मात्र कम्युनिस्ट हुने’



नेपाल मजदुर किसान पार्टीको केन्द्रीय समितिको बैठक अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा भदौ १४ गते सम्पन्न भयो ।

समापन बैठकमा अध्यक्ष बिजुक्छेँले भन्नुभयो, ‘कार्यकर्ताहरूले आफू पुगेको ठाउँको राजनीति, भूगोल र संस्कृतिबारे संस्मरण लेख्नुपर्दछ । विद्यालय तहदेखि नै नयाँ पुस्तालाई राजनीति र देशभक्तिबारे शिक्षा दिनु जरूरी छ । अत्यन्त बहुमत जनतामाझ नेमकिपाको विचार पुऱ्याउनु नै क्रान्तिलाई सहयोग पुऱ्याउनु हो । एउटा दुइटा जुलुस र सभा हुनु पर्याप्त छैन । मार्क्सवादको समर्थन गर्ने सबै कम्युनिस्ट हुने छैनन् । देश र जनताको निःस्वार्थ सेवा गर्ने इच्छाशक्ति भएकाहरू मात्र कम्युनिस्ट हुनेछन् । पार्टी गतिविधि नगरी पार्टी सङ्गठन विस्तार हुनेछैन । नेताहरू तयार भएर क्रान्ति हुँदैन, व्यापक जनतालाई राजनीतिकरूपमा पनि तयार गर्नुपर्दछ ।’

कार्यकर्ताहरूमा सदाचार हुनुपर्नेमा जोड दिनुहुँदै अध्यक्ष रोहितले भन्नुभयो, ‘कसैले पनि पार्टीको नेतृत्वमा पुग्ने महत्त्वाकाङ्क्षा राखेर राजनीतिमा लाग्नु हुँदैन । सबै जनताको मन जित्नु जरूरी छ । जेल वा बाहिर जहाँ पनि कार्यकर्ताको काम देश र जनताको निःस्वार्थ सेवा हुनुपर्दछ । तुरुन्तै क्रान्ति हुने ठान्नु हुँदैन ।’

उहाँले भन्नुभयो, ‘कम्युनिस्ट दाबी गरेका पार्टीहरू पूँजीवादी सरकारमा गएर तानाशाहीजस्तै भए । नेमकिपाले देश र जनताको हितमा दिएको सुझाव उनीहरूले स्वीकार गरेनन् । एमाले र माओवादी कम्युनिस्ट पार्टी भए पूँजीवादी सरकारमा जाने थिएनन् ।’

सहकारी संस्थाहरूले सदस्यहरूको हितमा काम गर्नु जरूरी भएको उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले चीनमा सहकारी संस्थाले समाजवादको बीउको रूपमा काम गरेको बताउनुभयो ।

विदेशी ऋण दिने विश्व बैङ्क, आईएमएफ, एडीबीलगायतले गरिब देशको राजनीतिक र आर्थिक क्षेत्रलाई नियन्त्रण गरेको तर ब्रिक्सले साझा बैङ्क स्थापना गरी साझा मुद्राको लक्ष्यसहित व्यापक जनताको हितमा काम अगाडि बढाएको अध्यक्ष बिजुक्छेँले स्पष्ट गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले साम्राज्यवादीहरूले समाजवादलाई रोक्न नाटो सङ्गठन स्थापना गरेको बताउनुभयो ।

भूमिहीनलाई जग्गाभन्दा पनि रोजगारी दिनु जरूरी भएको उहाँले बताउनुभयो ।

शनिबारको बैठकमा केन्द्रीय सदस्यहरू डिल्लीप्रसाद काफ्ले, नवराज कोइराला, जग्यबहादुर शाही, नारायण महर्जन, सरोजराज गोसाई, सनकमान महर्जन, कृष्णकुमार वैद्य, योगेन्द्रमान बिजुक्छेँ, रवीन्द्र ज्याख्व, उकेश कवां र प्रकाश गुरुङले आ–आफ्नो प्रतिवेदन पेस गर्नुभयो ।

शुक्रबारदेखि सुरू भएको उक्त बैठकले पार्टी सचिव प्रेम सुवालबाट प्रस्तुत केन्द्रीय समितिको प्रतिवेदन सुझावसहित पारित गर्नुका साथै केन्द्रीय सदस्य सुनिल प्रजापतिबाट प्रस्तुत राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्ताव पारित गऱ्यो ।

# भक्तपुर नगरक्षेत्र : सम्पदा संरक्षणको जीवन्त प्रयोगशाला



वसन्त भट्टराई

## विषय प्रवेश

बहत्तर सालको वैशाख १२ गतेको दिन दिउँसोको क्षण भक्तपुर नगरका गल्ली तथा चोकहरूमा त्रासमात्र फैलिएको थिएन, शताब्दीयौँदेखि अडिरहेका अधिकांश मन्दिर, दरबार तथा स्मारकहरू क्षणभरमै गर्ल्यामगुर्लुम ढली भग्नावशेषमा परिणत भइरहेका थिए। उपत्यकाकै सबैभन्दा अग्लो मन्दिर पाँचतले न्यातपोल अझै अडिग उभिएको दृश्यले जनतालाई आशाको सञ्चार भने दिएको थियो भने भैरव मन्दिर, मयूर झ्याल, पशुपति मन्दिर आंशिक क्षति तथा शिलु महादेव, वत्सलादेवी जस्ता सम्पदामा भने लगभग पूर्ण रूपमा क्षतिग्रस्त थिए।

नगरमा नगरवासी तथा जेष्ठ नागरिकहरूले कथा सुनाए 'हामीले १९९० सालको भूकम्प देखेका थियौँ, तर यो अझै कठोर भयो।' नगरका जनप्रतिनिधि तथा युवाहरूको आँखामा एक किसिमको त्रास त थियो नै तर पनि उनीहरूको मनमा एउटा दृढता जन्मियो 'भक्तपुर ढल्दैन, भक्तपुर पुनः उठ्छ।'

यही दृढ संकल्पलाई मूर्त रूप दिन नेतृत्व लिएको थियो भक्तपुर नगरपालिकाले। भग्नावशेषको धूलो नबस्दै, नगरपालिकाले संरक्षण अभियान सुरु गऱ्यो।स्थानीय डकर्मी र सिकर्मीलाई पुनः मन्दिर तथा दरबारको पुनर्निर्माणमा लगाइयो, समुदायलाई सक्रिय गरियो। जनताको हातले उठाइएको इँटा, परम्परागत काष्ठकला र पुर्ख्यौली सीपले भक्तपुरलाई पुनर्जीवन दिन थाले।यो क्रम हालसम्म पनि चलिरहेको छ। नगरपालिकाको अभिलेखअनुसार विक्रम संवत् २०७२ सालको भूकम्प पश्चात १७७ भन्दा बढी सम्पदाहरू पुनर्निर्माण भइसकेका छन्।

आजकाल जब आन्तरिक तथा बाह्य पर्यटकहरू दरबार क्षेत्रको गल्ली गल्लीमा घुम्छन्, उनीहरूका अघि देखिने सुन्दर सम्पदा केवल इँटा र काठको संरचना मात्र होइनन् त्यो त भक्तपुर नगरवासीहरूको सामुहिक प्रतिबद्धता र सांस्कृतिक गौरवको जीवन्त प्रयोगशाला हो। यसैले भक्तपुरलाई 'सम्पदा संरक्षणको जीवन्त प्रयोगशाला' भनेर चिनाउनु उचित हुन्छ।

## पृष्ठभूमि

भक्तपुर नेपालकै सांस्कृतिक र ऐतिहासिक धरोहरले सम्पन्न नगर हो, जसलाई प्रायः 'ओपन म्युजियम' वा खुला सङ्ग्रहालयको रूपमा चिनिन्छ। मल्लकालीन शासकहरूले निर्माण गरेका दरबार, मन्दिर, देवालय, पोखरी, हिति र परम्परागत बस्तीहरूले यस नगरलाई मूर्त सम्पदाको अद्वितीय भण्डार बनाएका छन्। यसका साथै यहाँका जात्रापर्व, सांस्कृतिक कार्यक्रम, नृत्य, सङ्गीत र परम्परागत सीप जस्ता अमूर्त सम्पदा पनि स्थानीय जीवनशैली र सांस्कृतिक पहिचानको अभिन्न अंश हुन्।

२०७२ साल वैशाख १२ गते आएको महाभूकम्पले भक्तपुरको सम्पदामा ठूलो क्षति पुऱ्यायो। करिब आधाजति घर, ८० प्रतिशत मन्दिर र अन्य धार्मिक संरचना भत्किएका थिए। नगर क्षेत्रका महत्त्वपूर्ण सम्पदा तथा दरबारक्षेत्रमा गम्भीर क्षति पुगेको थियो। भूकम्पपछि भक्तपुरले आफ्नो सांस्कृतिक पहिचान अक्षुण्ण राख्दै पर्यटकहरूलाई आकर्षित गर्न निरन्तर प्रयास गरिरहेको छ। नगरपालिकाले परम्परागत निर्माण प्रविधि र स्थानीय कालिगडको सीप प्रयोग गरी मूर्त सम्पदाको पुनर्निर्माण गरेको छ भने, अमूर्त सम्पदाका कार्यक्रम जस्तै जात्रा, चाड-पर्व र सांस्कृतिक उत्सवलाई जीवित राखेर समुदाय र पर्यटक दुवैलाई आकर्षित गरेको छ। यसले नगरलाई संरक्षण, विकास र आम्दानीको दृष्टिले सशक्त बनाएको छ। यस प्रयासबाट ऐतिहासिक सम्पदाले स्थानीय पर्यटन, व्यापार र सांस्कृतिक शिक्षामा योगदान पुगेको छ।

## सम्पदा पुनर्निर्माणमा भक्तपुर नगरपालिकाको प्रयास

नेपाल यसै पनि हरेक १०० वर्षमा ठूलो भूकम्प जाने मुलुकमा पर्दछ। वि.सं. १८९० भदौ १२ गते गएको भूकम्पले यस क्षेत्रका धेरै सम्पदामा असर पाऱ्यो, यही भूकम्पमा काठमाडौँमा रहेका दुईवटा धरहरामध्ये एउटालाई पूरै ढाल्यो भने अर्को आधामात्र भत्कियो। नेपालको भूकम्प इतिहासमा सबैभन्दा वीभत्स र विनाशकारी मानिएको वि.सं. १९९० माघ २ गतेको भूकम्पले पनि भक्तपुरलाई उल्लेखनीय असर पाऱ्यो।

अनि वि.सं. २०७२ सालको भूकम्पले भक्तपुरका अधिकांश ऐतिहासिक सम्पदा र बस्तीहरूलाई ठूलो क्षति पुऱ्यायो । यस अघिका भूकम्पबाट क्षतिग्रस्त सम्पदा तत्कालीन सरकारले आफ्नै तरीकाले पुनर्निर्माण गरेको देखिन्छ, विशेषगरी राणाकालमा भएका यस्ता पुनर्निर्माणमा युरोपियन शैली अपनाएको देखिन्छ । विसं २०७२ सालमा भत्किएका मन्दिर, ढलेका दरबारका पर्खाल र भग्नावशेषबिच पनि भक्तपुर नगरपालिकाले 'सम्पदा जोगाएरै सहर पुनर्निर्माण गर्ने' अठोट लिएर कदम चाल्न पुग्यो । सम्पदाहरूलाई मौलिक रूपमा पुनर्निर्माण गर्ने कार्यमा जोड दिइएको छ । यसरी भक्तपुर नगरपालिकाले थालेको पुनर्निर्माण प्रयासलाई निम्न पक्षबाट विश्लेषण गर्न सकिन्छ :

## पुनर्निर्माण प्रयासका केही मौलिक विशेषताहरू

**– परम्परागत प्रविधि र सामग्रीको प्राथमिकता**

भक्तपुर नगरपालिकाले सम्पदा पुनर्निर्माणमा आधुनिक कंक्रिट, सिमेन्ट, सुर्की, चुनाभन्दा पनि माटो, काठ, इँटा, ढुङ्गा जस्ता परम्परागत सामग्रीलाई प्रयोगमा ल्याउन जोड दिएको छ । यसले एकातिर सम्पदाको मौलिक स्वरूप जोगाएको छ भने स्थानीय सीप, श्रम तथा स्रोत साधनको प्रयोगमा बढावा भएको छ ।

**– स्थानीय सीप र कालीगडहरूको उपयोग**

नगरपालिकाले स्थानीय कालिगड, काष्ठकलाका मजदुर, काठ र धातुका कलाकार तथा स्थानीयवासीलाई रोजगारी दिलाउँदै सम्पदा पुनर्निर्माण कार्यमा संलग्न गराइरहेको छ । यसले 'सम्पदा जोगाउँदै सीप जोगाउने' रणनीति अपनाएको छ, जसबाट पछिल्ला पुस्तासमेत परम्परागत सीप सिक्न प्रोत्साहित हुनुका साथसाथै रोजगारीका अवसरहरूमा समेत वृद्धि भएको छ ।

**– समुदायमा आधारित सहभागिता**

भक्तपुर नगरपालिकाले पुनर्निर्माणलाई समुदायस्तरमै अभियानको रूपमा अघि बढायो । नगरपालिकाद्वारा गरिने कार्य उपभोक्ता समितिमार्फत गर्ने नीति अपनायो । स्थानीयस्तरका गुठी संस्था, आमा समूह, सहकारीलगायतका संस्थाहरू सक्रिय भई सम्पदा संरक्षणमा जोडिन पुगे । यसले सम्पदाप्रति स्वामित्वको भाव सिर्जना गऱ्यो भने कम लागतमा गुणस्तरीय निर्माण कार्य सम्भव बनायो ।

**– वित्तीय स्रोतको परिचालन**

नगरपालिकाले आफ्नो आन्तरिक स्रोतसहित, नेपाल सरकार र प्रदेश सरकारहरूबाट प्राप्त स्रोतलाई योजनाबद्ध ढङ्गले परिचालन गऱ्यो ।सम्पदा पुनर्निर्माणमा शर्तयुक्त विदेशी सहयोगलाई इन्कार गरियो । सम्पदा अवलोकन गर्न आउने पर्यटकहरूबाट प्राप्त प्रवेश शुल्कलाई पुनर्निर्माणमा लगाइयो । रकम अपुग भएका स्थानमा स्थानीयवासीहरूलाई स्वेच्छिक सहभागिताका लागि आव्हान गरियो । यसबाट पुनर्निर्माण कार्यमा समुदायकै श्रमदान, नगद र जिन्सीको उल्लेखनीय योगदान हुन पुग्यो ।

**– एक वडा एक सम्पदा**

नगरपालिकाले नगरको वार्षिक बजेटमा हरेक वडामा हरेक वर्ष रु. २० लाख सम्पदाको संरक्षणका लागि मात्र वितरण गर्ने गरेको छ । यसबाट नगरका दशवटै वडामा कम्तीमा एक एक वटा सम्पदाको पुनर्निर्माण तथा संरक्षण हुन सकेमा सम्पदा संरक्षणमा महत्त्वपूर्ण फड्को मार्न सकिएको छ ।

## पुनर्निर्माणका उदाहरणीय नमुनाहरू

**– न्यातपोल मन्दिर :** वि.सं. २०७२ सालको भूकम्पमा आंशिक क्षति भएको यस मन्दिर विसं २०७६ साल असार महिनामा पुनर्निर्माण सम्पन्न भएको थियो, यसको अनुमानित लागत (६५ लाख १३ हजार रुपैयाँ) भन्दा लगभग आधा कम ३० लाख रुपैयाँमै सम्पन्न भयो । यसको पुनर्निर्माणमा कुल ४,१८७ जनाले स्वेच्छिक श्रमदान गरेका थिए, त्यस कार्यमा महिलाहरू विशेषतः अगाडि रहेका थिए । यस मन्दिर पुनर्निर्माणमा रु. १५ लाख ४७ हजार बराबरको आर्थिक, रु. ५ लाख ६३ हजार ७ सय बराबरको जिन्सी सहयोग प्राप्त भएको थियो । यसको सफलताको पछाडि मुख्य कारण जनताको सक्रिय सहभागिता थियो ।

यो पुनर्निर्माणमा उपभोक्ता समिति मार्फत स्थानीय श्रमदान प्रयोग गरिएको थियो जसले एकातिर खर्च कम गऱ्यो भने स्थानीयमा 'अपनत्व' भाव पनि जगायो । ठेकेदारको व्यवसायिक दृष्टिकोणभन्दा फरक, उपभोक्ता समितिले समुदाय



नृत्यवत्सला मन्दिर

र परम्परागत मूल्यहरूलाई प्राथमिकता दियो जसले पुनर्निर्माण कार्य अझ प्रभावकारी बनाएको छ।

**– नृत्य वत्सला मन्दिर :** भक्तपुर दरबार क्षेत्रस्थित नृत्य वत्सला मन्दिरको पुनर्निर्माण पनि नगरपालिकाको उल्लेखनीय उपलब्धि मानिन्छ। प्रारम्भिक लागत अनुमान रु. १,२८,६२,२१३.८३ (एक करोड अठाइस लाख बयसाठी हजार दुई सय तेह्र) भए पनि, मन्दिर पुनर्निर्माण रु. ७७,१३,५८१ मै सम्पन्न गरिएको थियो। यसरी, कुल अनुमानको करिब ५९.९७ अर्थात् ६० प्रतिशतभन्दा कम खर्चमा गुणस्तरीय निर्माण सम्पन्न भएको थियो। यो मन्दिर निर्माणमा स्वदेशी तथा विदेशी दुवैबाट रु. ६,२७,५१० सहयोग सङ्कलन समेत गरिएको थियो।

**– वाकुपति नारायण :** भक्तपुर नगरपालिकाका वडा नं ९ सूर्यमढीस्थित वाकुपति नारायण मन्दिर परिसरभित्र विभिन्न पाटी, सत्तललगायतको पुन:निर्माण कार्य अर्को एक नमुना रुपमा जनसहभागितामार्फत गरिएको कार्य हो। वडा बजेटअन्तर्गत वाकुपति नारायण दक्षिण सत्तलको पहिलो भुइँ मर्मत ५ लाख २० हजार ४ सय ८९ रुपैयाँ, द्यः पमी फल्चा १४ लाख ९७ हजार ८ सय ९७ रुपैयाँ र उत्तरपूर्वमा अवस्थित दक्षिणाभिमुख वाकुपति नारायण पाटी पुन:निर्माण १८ लाख २९ हजार २ सय ८० रुपैयाँ लागतमा सम्पन्न भएको थियो। यसको पुनर्निर्माणमा स्थानीयवासीहरूले नगद, जिन्सीको अलावा सुन चाँदीहरूको समेत योगदान गरेका थिए। यस मन्दिरमा छानामा सुनको लेपनका लागि रु. १ करोड १५ लाख ९५ हजार ६ सय २८ आर्थिक सहयोग सङ्कलन भएको थियो।



**– रानीपोखरी :** भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित सैनिक आवासीय महाविद्यालय परिसरमा रहेको ऐतिहासिक रानीपोखरी नेपालको महत्त्वपूर्ण सम्पदामध्ये एक हो, यस पोखरीको निर्माण मल्लकालीन राजा जगज्योति मल्लले नेपाल संवत् ७५० (वि.सं. १६८७) मा गरेका थिए। इतिहासविद्हरूका अनुसार यो पोखरी पाँच महिनाको छोटो अवधिमै निर्माण सम्पन्न भएको उल्लेख पाइन्छ। समयक्रममा क्षतिग्रस्त बनेको यस पोखरीलाई २०७५ माघ १ गतेदेखि सुरु गरिएको पुनर्निर्माण प्रक्रिया २०७८ फागुन १७ गते सम्पन्न भई उद्घाटन गरिएको हो। पुनर्निर्माणका क्रममा पुरातत्त्वविद्, इतिहासकार र संस्कृतिविद्हरूसँग व्यापक छलफल, उत्खनन र अनुसन्धान गरी मौलिक स्वरूपमा पुनर्जीवन दिने कार्य गरिएको थियो।



रानी (न्हू) पुखू

रानीपोखरी पुनर्निर्माणका लागि नगरपालिकाले चार करोड ४१ लाख १९ हजार १६४ रुपैयाँ २९ पैसा लागत अनुमान गरेकोमा उपभोक्ता समितिमार्फत दुई करोड ५४ लाख ८३ हजार ५८७ रुपैयाँ ४७ पैसामा कार्य सम्पन्न भएको थियो। मौलिक शैलीमा सम्पन्न पुनर्निर्माणले भक्तपुरको ऐतिहासिक सम्पदालाई संरक्षण गर्दै पर्यटन र सांस्कृतिक आकर्षण बढाउने दिशामा महत्त्वपूर्ण योगदान दिएको छ।

**– भाजुपोखरी :** भक्तपुर नगरपालिका वडा नं. १, दुधपाटीस्थित ऐतिहासिक भाजुपुखू (भाजुपोखरी) पुनर्निर्माण गरिएको छ। यस पोखरीको उत्पत्ति प्रारम्भमा तीन सय वर्ष पुरानो बताइए पनि अनुसन्धानका क्रममा यस पोखरी १२औं शताब्दीमा निर्माण भएको देखिएको छ। यस पोखरीको मध्यभागमा रहेको शिखर शैलीको जलेश्वर मन्दिरलाई पनि पुरातात्त्विक अध्ययन र उत्खनन गरी पुनर्निर्माण गरिएको छ। पुनर्निर्माण कार्य उपभोक्ता समितीहरूमार्फत सञ्चालन गरिएको थियो। यस पोखरी पुनर्निर्माणको अनुमानित लागत रु. २ करोड ५१ लाख ७९ हजार ९९० रहेकोमा करिब रु. १ करोड ८७ लाख ३५ हजार ६३४ खर्च भएर काम सफलतापूर्वक सम्पन्न भएको थियो।

**– लक्ष्मीनरसिंह मन्दिर :** वि.सं. १९९० को महाभूकम्पबाट क्षतिग्रस्त भक्तपुर-४ ग:हितिस्थित लक्ष्मीनरसिंह मन्दिरको पुन:निर्माण गरिएको छ। मल्लकालीन मौलिक

स्वरूपमा प्यागोडा शैलीको तीन तलाको संरचनाको रूपमा पुनर्निर्माण गरिएको यो मन्दिर २०७६ सालमा सुरु गरिएको थियो। नगरपालिकाले यस पुन:निर्माणका लागि रु. ७ करोड ७७ लाख लागत अनुमान गरिएकोमा उपभोक्ता समितिमार्फत मात्र रु. ४ करोड ८३ लाख ४ हजार ३८ मा कार्य सम्पन्न भएको थियो।



**– शिलु महादेव :** शिलु महादेव (फसिदेग:) मन्दिर भक्तपुर दरबार क्षेत्रको एक ऐतिहासिक सम्पदा हो। यस मन्दिरलाई वि.सं. २०७२ को विनाशकारी भूकम्पले क्षति पुऱ्याएपछि पुन:निर्माण गरिएको थियो। मन्दिरलाई पुराना स्केच, तस्बिर र अभिलेखको आधारमा शिखर शैलीमै करिब ४ करोड रुपैयाँ लागतमा पुनर्निर्माण गरिएको हो। यो मन्दिर सत्रौँ शताब्दीमा गोसाइँकुण्ड जान नसक्ने भक्तजनका लागि वैकल्पिक स्थलका रूपमा स्थापना गरिएको मानिन्छ। पुराना चित्र र ऐतिहासिक विवरणअनुसार मन्दिरलाई नेपालकै ठूलो शिखर शैलीको संरचना मानिन्थ्यो, जसमा चारैतिर उड्ने सिंह राखिएको पाइन्थ्यो। तर वि.सं. १९९० सालको भूकम्पपछि गुम्बज शैलीमा पुनर्निर्माण हुँदा यसको स्वरूप परिवर्तन भई फर्सीको जस्तो आकारको भएकाले फसि देग: नामले चिनिन थालेको थियो। भूकम्प पश्चातको पुनर्निर्माण पछि यस मन्दिरलाई पुन: मौलिक शिखर शैलीमा फर्काइएको छ।

**– थन्थु दरबार :** भक्तपुर दरबार क्षेत्रको ऐतिहासिक थन्थु दरबार राजा जितामित्र मल्लले निर्माण गराएको करिब ३४६ वर्ष पुरानो दरबार हो। वि.सं. २०७२ साल पूर्व नगरपालिकाको कार्यालय रहेको यस दरबार मल्लकालीन शैलीमा नै पुन:निर्माणका लागि शिलान्यास गरिएको छ। वि.सं. २०७२ सालको विनाशकारी भूकम्पपछि भत्किएको यो दरबारलाई मौलिक स्वरूपमा पुन:निर्माण गर्न पहिलो चरणमा ४ करोड ७२ लाखको बजेट स्वीकृत गरी काम सुरु गरिएको छ।

## सम्पदा संरक्षणमा नगरपालिकाको प्रयास

भक्तपुर नगरपालिकाले भूकम्पपछिको पुनर्निर्माणसँगै सम्पदा संरक्षणमा पनि अग्रणी भूमिका खेलिरहेको छ। विशेष गरी मूर्त तथा अमूर्त सम्पदाहरूलाई संरक्षणका लागि नगरपालिकाले हरेक वर्ष विशेष कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। यस प्रयासलाई देहाय बमोजिम वर्णन गरिन्छ:

**– ऐतिहासिक संरचनाको निरन्तर मर्मत संरक्षण:** नगरपालिकाले भत्किएका, क्षतिग्रस्त मन्दिर, दरबार, पाटी, पोखरीहरू मात्र पुनर्निर्माण नगरी, नियमित मर्मत र संरक्षणलाई प्राथमिकता दिएको छ। वत्सलादेवी, केदारनाथ र शिलु महादेव मन्दिरमा समय समयमा संरचनात्मक मर्मत गर्ने गरिएको छ भने न्यातपोललगायतका अन्य प्रसिद्ध मन्दिरहरूमा नियमित सफाइ, ढलान मर्मत र झ्याल–ढोका संरक्षण कार्य भइरहेको छ।

**– कानुनी र व्यवस्थापकीय पहल :** नगरपालिकाले स्थानीय ऐतिहासिक सम्पदा संरक्षण ऐन अन्तर्गत कानुनी व्यवस्थाहरू तय गरेर व्यवस्थित गरिरहेको छ। त्यसैगरी निर्माण कार्यको अनुमति लिएर मात्र नयाँ संरचना बनाउन पाइन्छ, जसले पुराना शैली र संरचनालाई रक्षा गर्न मद्दत पुगेको छ। त्यसैगरी सम्पदाहरूको नक्साङ्कन (Mapping) र डिजिटल डेटाबेस तयार गरेर भविष्यको संरक्षण सुनिश्चित गर्ने गरिएको छ।

**– समुदायको सक्रिय सहभागिता :** नगरपालिकाले स्थानीय बासिन्दा र गुठी संस्था, कलाकार समूह, स्वयंसेवकसँग मिलेर संरक्षण कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले गर्दा मन्दिरको पूजा, उत्सव र संरक्षणमा स्थानीय समुदाय संलग्न रहँदा सम्पदाप्रति स्वामित्वको भावना बढ्नुका साथै संरक्षण कार्यमा स्वयंसेवा र स्थानीय सहयोगलाई प्राथमिकता दिइएको छ।

**– पुस्तान्तरण सीप हस्तान्तरण कार्यक्रम :** नगरले काष्ठकर्मी, डकर्मी, सिकर्मी, इन्जिनियरदेखि नयाँ पुस्तासम्मलाई तालिम दिँदै सीप उत्पादनलाई निरन्तरता दिएको छ। हाल १७०० भन्दा बढी दक्ष डकर्मी, २००० भन्दा बढी सिकर्मी र करिब १८०० इन्जिनियर उत्पादन भइसकेका छन्, जसले नेपालभरका सम्पदा पुनर्निर्माणमा योगदान पुऱ्याइरहेका छन्।

**– हरेक वर्ष एक सम्पदा चिन्ने अभियान :** नगरपालिकाले हरेक वर्ष सम्पदा चिन्ने तथा बुझ्ने अभियानको रूपमा कार्यक्रम सञ्चालन गरिरहेको छ। कहिले पोखरीहरू चिन्ने, त्यसको बारेमा जान्ने तथा संरक्षणका लागि जागरूक बनाउने, कहिले हिति त कहिले बहाबही चिन्ने तथा जान्ने अवसर प्रदान गर्ने कार्यक्रम



सांस्कृतिक गुरु सम्मान

सञ्चालन गरी स्थानीयवासी नागरिकसहित देशी विदेशी पर्यटकहरूलाई सम्पदा बुझाउने र संरक्षणका लागि प्रेरित गर्दै आएको छ ।

**– सांस्कृतिक गुरु सम्मान** : नगरपालिकाले हरेक वर्ष विशेष अवसर पारेर संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकासमा योगदान पुऱ्याउने हरेक वडाका सांस्कृतिक गुरुहरूलाई सम्मान गर्ने, उनीहरूको संस्कृतिको संरक्षणमा पुऱ्याएको योगदानको कदर गर्ने कार्यक्रम सञ्चालन गर्दै आएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा विभिन्न २२ जना सांस्कृतिक गुरुहरूको सम्मान गरिएको थियो । उक्त सम्मान गरिएका गुरुहरूले कला, सम्पदा, नाचगान, वाद्यवादन र अन्य सांस्कृतिक विधालाई जीवन्तता दिन, नयाँ पुस्तालाई हस्तान्तरण कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए ।

**– गाईजात्रा (सापारू) मा उत्कृष्ट प्रस्तुति गर्नेहरूको मूल्याङ्कन र पुरस्कृत** : भक्तपुर नगर क्षेत्रको विस्का जात्रा पछिको सबैभन्दा ठूलो उत्सवको रूमा गाइजात्रा (सापारू) लाई लिने गरिन्छ । यस अवसरमा गुन्हीपुन्हीदेखि कृष्णाष्टमीसम्म घिन्ताङघिसी, अन्य विभिन्न नाचहरूको प्रदर्शन गरिन्छ । यसरी गरिने प्रदर्शनहरूको नगरपालिकाले विभिन्न स्थानमा मूल्याङ्कन गर्ने समूहहरू राखेर विभिन्न सूचकहरूका आधारमा मूल्याङ्कन गरी सो का आधारमा पुरस्कृत गर्ने गरिएको छ । जसले गर्दा गाईजात्रा पर्व व्यवस्थित हुन समेत योगदान पुगेको छ ।

**– परम्परागत नाच र जात्राको संरक्षण** : भक्तपुरको जात्रा, बिस्केट जात्रा, दिपावली र गुठीसम्बन्धी चाडपर्वलाई नगरपालिकाले योजनाबद्ध रूपमा संरक्षण गरेको छ । प्रतियोगिता सञ्चालन, संरक्षण अभियान, पुस्तान्तरण सीप हस्तान्तरण तथा जात्राहरूको मूल्याङ्कन गरी पुरस्कृत र प्रोत्साहित गरी यस्ता नाच, जात्राको संरक्षण गर्ने कार्य नगरपालिकाले गर्दै आइरहेको छ ।

**– सांस्कृतिक शिक्षा र प्रशिक्षण** : नगरपालिकाले परम्परागत नृत्य, संगीत, झ्याल ढोका र हस्तकला सम्बन्धी कार्यशाला, तालिम र प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेको छ । नगरपालिकाले युवा पुस्तालाई आफ्नो सांस्कृतिक पहिचानमा जोड्ने प्रयास तथा आफ्ना पूर्वजहरूले छाडेर गएका कला, सीप र संस्कृतिहरूको निरन्तर प्रशिक्षित गर्दै आएको छ ।

**– देशव्यापी सांस्कृतिक प्रतियोगिता सञ्चालन:** नगरपालिकाले विभिन्न बाजा, सांस्कृतिक गतिविधि, बाजाहरूको संरक्षण गर्ने उद्देश्यले नगर, जिल्लास्तरीय र देशव्यापी सांस्कृतिक प्रतियोगिता सञ्चालन गर्दै आएको छ । गुँला बाजा, बाँसुरी बाजालगायतका विभिन्न बाजा प्रतियोगिता गरी उत्कृष्टलाई पुरस्कृत गर्ने, विभिन्न सामग्रीहरू प्रदान गर्ने लगायतका कार्य भइरहेको छ ।

**– स्थानीय पाठ्यक्रम** : संविधानले दिएको स्थानीय पाठ्यक्रम लागू गर्ने अधिकारको प्रयोग गर्दै कक्षा एकदेखि कक्षा आठसम्म नगरपालिकाले *'ख्वपको पहिचान'* नामक स्थानीय पाठ्यक्रम अध्यापन गर्दै आएको छ । यस पाठ्यक्रममा विद्यार्थीहरूलाई सम्पदा, संस्कृतिसम्बन्धी विभिन्न विषयमा अध्यापन गराउने, अभ्यासमूलक गतिविधिहरू गर्ने कार्य हुँदै आएको छ ।

**– मौलिक शैलीमा निर्माण गरिएका निजी आवासहरूलाई अनुदान** : विक्रम संवत् २०७५ सालमा नगरपालिकाले 'भक्तपुर नगरपालिकाको काठ, ईंटा र झिँगटी खरिद अनुदानसम्बन्धी कार्यविधि २०७५' जारी गर्दै मौलिक शैलीमा निजी घर निर्माण गर्नका लागि काठ, ईंटा, झिँगटी खरिदमा लागेको लागतको ३५ प्रतिशत रकम अनुदान प्रदान गर्ने कानुनी ब्यवस्था तय गरेको छ । साविकमा लागतको ३५ प्रतिशत हुन आउने सम्पूर्ण रकम प्रदान गर्दै आएकोमा हाल त्यस रकमको सीमा रु. ३ लाख कायम गरिएको छ । यस कार्यबाट स्थानीयवासीहरूलाई मौलिक शैलीमा घर बनाउने कार्यलाई उत्प्रेरित गरिरहेको छ ।

**– भक्तपुर महोत्सव** : नगरपालिकाले संस्कृति, सम्पदाहरूको जगेर्ना तथा प्रवर्द्धनका लागि भक्तपुर महोत्सवको आयोजना गर्ने गरेको छ । यस महोत्सव सम्पूर्ण नगरभरी सञ्चालन हुने गर्दछ । यसमा नगरवासीहरूको स्वतस्फुर्त सहभागिता हुने गर्दछ । वि.सं. २०५६ सालमा गरिएको महोत्सव विविध कारणले गत वर्ष २०८१ सालमा पाँच दिन सञ्चालन भएको थियो जसको अवलोकन स्वदेशी तथा विदेशी गरी करिब ८ लाख जनाले अवलोकन गरेका थिए ।

**– पारदर्शी खर्च प्रणाली** : नगरपालिकाले पुनर्निर्माण गरेका महत्त्वपूर्ण सम्पदाहरूको आय व्ययको विवरण पुस्तकको रूपमा प्रकाशित गर्दै आएको छ । त्यसैगरी हरेक निर्माणको लागत अनुमान र खर्चको विवरण नगरपालिकाको आफ्नै मासिक पत्रिका भक्तपुर मासिक मार्फत सार्वजनिक समेत गर्दै आएको छ ।

## सम्पदा संरक्षणमा भोगेका समस्याहरू

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणमा धेरै अग्रणी पहलहरू गरे पनि विभिन्न चुनौती र समस्याहरू सामना गर्नुपरेको छ। यी समस्याहरूलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ :

**– प्राकृतिक विपत्ति :** विक्रम संवत् २०७२ सालको भूकम्प र त्यसपछिका परकम्पहरूले धेरै सम्पदा नष्ट वा क्षतिग्रस्त भएका छन्। हरेक शताब्दीमा आउने महाभूकम्पले भक्तपुरमा अत्याधिक क्षति हुने गरेको छ।

**– स्रोत साधनको अभाव :** पुनर्निर्माण र संरक्षणमा पर्याप्त बजेटको कमीले सम्पदा संरक्षण अपेक्षित गतिमा हुन सकेको छैन। स्थानीय सरकारको रूपमा नगरपालिकाबाट प्राप्त राजस्वले प्राचीन कलात्मकयुक्त सम्पदा निर्माणका लागि यथेस्ट स्रोतको प्रबन्ध हुन सकेको छैन। त्यसैगरी सम्पदाका लागि आवश्यक गुणस्तरीय काठ, ढुङ्गा र माटोको समेत अभाव झेल्नु परेको छ। सरकारी दररेटमा काठको सहज उपलबधता समेत हुन सकेको छैन।

**– सहरीकरण र आधुनिक निर्माण दबाब :** नयाँ पुस्ता आधुनिकतातिर लम्किरहेको परिवेशमा प्राचिनता हराउँदै जान थालेको छ। आधुनिक भवन निर्माण र सहरीकरणले ऐतिहासिक गल्ली, हिति, पाटी, पोखरी र पुराना संरचना नष्ट हुने खतरा निम्तिएको छ। नयाँ र आधुनिक संरचनाले परम्परागत शैली र दृश्यतामा प्रदूषण निम्त्याउने खतरा रहेको छ।

**– पर्यटक र जनघनत्वको दबाब :** अत्याधिक पर्यटकहरू पनि सम्पदा संरक्षणमा चुनैती हुन सक्दछ। बिदाका दिनहरूमा विशेष गरी आन्तरिक पर्यटकहरूको ठूलो आगमनले सडक, जल निकास, फोहोर व्यवस्थापनमा दबाब सिर्जना गरेको छ। तथापि आफ्नो देशको इतिहास, संस्कृति र सम्पदाको अध्ययन, अवलोकन गर्नुलाई सकारात्मक रूपमा लिनु पर्दछ। तसर्थ यस सम्बन्धमा समेत उचित ब्यवस्थापकीय कार्य भने जरूरी छ। अत्याधिक भीडभाडले प्राचीन संरचना र मूर्तिहरूमा क्षति बढाउने जोखिम पुऱ्याउँछ।

**– मानव स्रोत र सीपको कमी :** सम्पदाहरूको मर्मत सम्भार, पुनर्निर्माणमा विशेष प्रकारको सीप र ज्ञान हुन आवश्यक छ। परम्परागत निर्माण, मूर्तिकला र हस्तकला सम्बन्धी कुशल कालिगडको सङ्ख्या घट्दो तथा जनशक्तिको विदेश पलायन तथा नयाँ पुस्तामा सीप हस्तान्तरण नहुँदा दीर्घकालीन रूपमा सम्पदाको संरक्षणमा चुनौती उत्पन्न हुन सक्ने खतरा हुन सक्छ।

**– अमूर्त सम्पदाको ह्रास :** अमूर्त सम्पदा विशेष गरी परम्परागत उत्सव, नृत्य, सङ्गीत र जात्राहरू स्थानीयवासीहरूले आफ्ना दैनन्दिन क्रियाकलापहरूबाट पुस्तान्तरण हुने सम्पदा हुन्। आधुनिक जीवनशैली र युवा पिँढीको संस्कृतिप्रतिको कम रूची र कम संलग्नताका कारणले यस्ता सम्पदामा ह्रास आउने खतरा निम्तिँदै छ। यस्ता सम्पदाहरूको दस्तावेजीकरण र डिजिटल अभिलेखको कमीले सांस्कृतिक ह्रासको जोखिम बढाएको छ।

## भविष्यको बाटो

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणमा देखाएको अग्रणी प्रयासले यसलाई केवल ऐतिहासिक सहरको रूपमा होइन, सम्पदा संरक्षणको जीवित प्रयोगशालाको रूपमा स्थापित गरिसकेको छ। नगरपालिकाले सम्पूर्ण नगरक्षेत्रलाई नै सांस्कृतिक नगर घोषणा गर्नुपर्ने माग उठाएको छ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष तथा वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छेँद्वारा लिखित *'सय वर्षपछिको भक्तपुर'* पुस्तकमा भनिएझैँ 'बिहान प्राचीन शहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो, राति साँच्चै प्राचीन लुगा लगाएजस्तो आधुनिक नर्तकी वा सुन्दरीजस्तो उत्सवको सहर वा बाह्रमासे चाडको नगर... ' निर्माणका लागि नगरपालिका योजनावद्ध प्रयासमा लागेको छ। यसका लागि थप देहाय बमोजिमका केही रणनीतिहरू अपनाउनु आवश्यक छ :

**– दीर्घकालीन योजना र नीति सुधार :** नगरपालिकाले नगरक्षेत्रका मूर्त तथा अमूर्त सम्पदा संरक्षणमा दीर्घकालीन रणनीतिक योजना तयार गर्नु पर्ने आवश्यकता रहेको छ। विशेष गरी नगरका सबै ऐतिहासिक स्थलहरूको समग्र व्यवस्थापन जस्तै मर्मत सम्भार, प्रचार प्रसार, क्षतिको पुनर्भरण गर्ने कार्य गर्नु पर्ने आवश्यकता रहेको छ। यसका साथै कानुनी संरचनाको अधिनमा रही सम्पदाको संरक्षणमा कडाइ र निगरानी गर्नु आवश्यक छ।

**– आर्थिक र स्रोत व्यवस्थापन :** सम्पदाको संरक्षण, विकास, प्रचार प्रसार तथा पुनर्निर्माणका लागि स्थायी बजेट र वित्तीय स्रोतको आवश्यकता रहन्छ। यसका लागि निरन्तर जनताको सेवा गर्नु पर्ने स्थानीय सरकारको स्रोत खर्चनु परिरहेको छ। यस कार्यका लागि एक स्वचालित वित्तीय प्रवन्ध हुनु आवश्यक छ। आवश्यकतानुसार सङ्घ, प्रदेश र स्थानीय सरकारको संयुक्त कोष बनाउने, यस कार्यमा पर्यटन क्षेत्रका सङ्घ, संस्थाहरूलाई समेत जिम्मेवार बनाउन सकिन्छ।

**– प्रविधि र नवप्रवर्तनको उपयोग :** भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणमा प्रविधि र नवप्रवर्तनलाई अवलम्बन गर्नुपर्ने आवश्यकता छ। 3D मोडलिङ, जीआईएस (GIS), डिजिटल अभिलेख र आर्टिफिसियल इन्टेलिजेन्स (AI) को प्रयोगले मूर्त सम्पदाको भौतिक तथा संरचनागत अवस्थालाई निगरानी गर्न सहज बनाउँछ। यसले कुनै भूकम्प वा प्राकृतिक विपत्ति आउँदा तत्काल क्षतिको आकलन गर्न सहयोग पुऱ्याउँछ। त्यस्तै, भौतिक सम्पदा मात्र होइन, अमूर्त

सम्पदाजस्तै जात्रा, परम्परा, सङ्गीत र नृत्यका स्क्रिप्टलाई पनि डिजिटाइज गरेर भावी पुस्ताका लागि सुरक्षित राख्न सकिन्छ । यसरी प्रविधि र संस्कृतिको संयोजनले संरक्षणलाई थप दिगो र विश्वसनीय बनाउनेछ ।

**– समुदाय र शिक्षा :** सम्पदा संरक्षणको सबैभन्दा महत्त्वपूर्ण आधार स्थानीय समुदाय नै हो । नगरपालिकाले संरक्षण अभियानमा स्थानीय बासिन्दा र युवापुस्तालाई सहभागी गराउँदै उनीहरूमा आफ्नो परम्परा र सांस्कृतिक सीपको महत्त्वबारे जागरण फैलाउनुपर्ने देखिन्छ । विद्यालय, कलेज र सामाजिक संस्थासँग मिलेर सांस्कृतिक शिक्षा र संरक्षणसम्बन्धी तालिम सञ्चालन गर्न सकिन्छ । यसले एकातिर संरक्षणलाई संस्थागत बनाउँछ भने अर्कोतिर युवापुस्तामा गर्व र जिम्मेवारीको भावना पनि जागृत हुन्छ । जब समुदायले आफ्नो सम्पदालाई आफ्नै सम्पत्ति भनेर संरक्षणमा प्रत्यक्ष भूमिका खेल्छ, तब मात्र संरक्षण दिगो र प्रभावकारी हुन्छ ।

**– पर्यटक व्यवस्थापन :** भक्तपुर सम्पदाको आकर्षणले दिन प्रतिदिन पर्यटकको सङ्ख्या बढिरहेको छ । यसले नगरपालिकामा अवसरसँगै चुनौती पनि ल्याएको छ । पर्यटकहरूको चापले सम्पदामा अतिरिक्त दबाब सिर्जना गर्ने भएकाले यसलाई व्यवस्थित गर्न सुरक्षा, मार्गनिर्देशन, फोहोर व्यवस्थापन र संरचनात्मक निगरानीमा ध्यान दिन जरुरी छ । यदि संरक्षण र पर्यटनबिच सन्तुलन कायम गर्न सकियो भने भक्तपुरले सयौँ वर्षसम्म पर्यटन विकासको उत्कृष्ट नमुना प्रस्तुत गर्न सक्छ । यसरी संरक्षणलाई पर्यटनसँग जोड्दा नगरपालिकाले आर्थिक आम्दानीमात्र बढाउने होइन, सांस्कृतिक सम्पदाको जीवन्तता पनि सुनिश्चित गर्नेछ ।

**– परम्परा र नवप्रवर्तनको सन्तुलन :** भक्तपुरमा सम्पदा संरक्षणको भावी गन्तव्य परम्परा र नवप्रवर्तनको सन्तुलनमा निर्भर गर्दछ । परम्परागत निर्माण शैली, मूर्तिकला र अमूर्त सम्पदाको मौलिकतालाई जोगाउँदै आधुनिक प्रविधि र व्यवस्थापनलाई समायोजन गर्नु आजको आवश्यकता हो । उदाहरणका लागि, मन्दिर पुनर्निर्माणमा परम्परागत इँटा, काठ र ढुङ्गाको प्रयोगलाई निरन्तरता दिइनुपर्छ, तर संरचनालाई भूकम्प प्रतिरोधी बनाउन आधुनिक प्रविधि प्रयोग गर्न सकिन्छ । यसरी मौलिकता नखोसी आधुनिकताको प्रयोग गर्न सकिए भक्तपुरले आफ्नो ऐतिहासिक पहिचानलाई जोगाउँदै भविष्यतर्फ आत्मविश्वासका साथ अघि बढ्न सक्नेछ ।

## निष्कर्ष

भक्तपुर नगरपालिका नेपालको सांस्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षणमा अग्रणी उदाहरण बनेको छ । भूकम्पजस्ता प्राकृतिक विपत्तिबाट क्षतिग्रस्त भए पनि, नगरपालिकाले परम्परागत निर्माण प्रविधि, स्थानीय सीप, समुदाय सहभागिता र विज्ञान प्रविधि मार्फत सम्पदालाई जीवन्त राख्न सक्षम भएको छ ।

मूर्त सम्पदा जस्तै मन्दिर, दरबार र शिल्पकला–को पुनर्निर्माण तथा नियमित मर्मतले यसको भौतिक स्वरूपलाई सुरक्षित राखेको छ भने अमूर्त सम्पदा–जस्तै चाडपर्व, जात्रा, सङ्गीत र परम्परागत सीप–को संरक्षणले सामाजिक र सांस्कृतिक पहिचानलाई दीर्घकालीन रूपमा कायम राखेको छ ।

नगरपालिकाका यस्ता प्रयासहरूको अलावा नगर सम्पदा संरक्षणको यात्रा चुनौतीहरूबाट मुक्त छैन । आर्थिक अभाव, सहरीकरणको दबाब, दक्ष कालीगड तथा युवा पुस्तामा परम्परागत सीपको घट्दो संलग्नता जस्ता समस्याहरूले निरन्तर चुनौती प्रदान गरिरहेका छन् । यसका लागि भविष्यका लागि दीर्घकालीन नीति, प्रविधि उपयोग, समुदाय र युवा संलग्नता, पर्याप्त बजेट व्यवस्था र पर्यटन तथा संरक्षणबिच सन्तुलन अत्यावश्यक छन् । यसरी भक्तपुर केवल ऐतिहासिक सहर मात्र नभई सम्पदा संरक्षणको जीवित प्रयोगशाला बनेर, नेपाल र विश्वका अन्य सहरहरूको लागि आदर्श मोडल प्रस्तुत गर्न सक्छ ।

## सन्दर्भ सामग्री


BBC News. (2016, May 30). *Earthquake then and now.*

Bhaktapur Municipality. (2001). *Nhu pukhu (Ranipokhari) jirnodwar,* २०७७.

Bhaktapur Municipality. (2020). *Ngatapolh jîrnoddvâr* २०७८.

Bhaktapur Municipality. (2021). *Nritya Batsala mandir punarnirman* २०७८.

Bhaktapur Municipality. (2023). *Bhajupukhû ra Jaleshwar mandir punarnirman.*

Bhaktapur Municipality. (2023). *Wakupati Changunarayan, Tamakw chânâmâ sunko jalap.*

Bhaktapur Municipality. (2025). *Lakshminarayan mandir punarnirman* २०८२.

Ekantipur. (2021, November 8). *Opinion article.* Ekantipur.

Himal Khabar. (2020, July 12). *Article on Bhaktapur and heritage.*

Nagarik News. (2020, April 12). *Bhaktapur and cultural heritage.*

Nepali Wikipedia. (n.d.). *(नेपालमा भूकम्पको इतिहास)* August 25, 2025

Onlinemajdoor. (2022, January 15). *Article.*

Onlinemajdoor. (2023, March 10). *Article.*

Kailash Khabar. (n.d.). *Bhaktapur municipality and heritage.*

# भक्तपुर नगरका दक्षिणी भेगका महत्वपूर्ण पोखरीहरू

समिर

ऐतिहासिक एवम् सांस्कृतिक नगर भक्तपुर मध्यकालीन बस्ती बसाईको विशिष्ट एवम् अत्यन्त व्यवस्थित उदाहरणीय नगरको रूपमा रहेको छ । तत्कालीन समाजमा मानव बस्तीको लागि आवश्यक सम्पूर्ण पूर्वाधारयुक्त बनाई बसाइएको भक्तपुर नगर मध्यकालीन नेवार सहरको उत्कृष्ट नमुना नगर हो । यहाँका मठ–मन्दिर, वहा–वही, द्यःछैँ–सत्तल, पाटी–पौवा, चोक–डबली, पिठ–घाट, सडक, खुला क्षेत्रलगायतका सार्वजनिक सम्पदा वा क्षेत्रहरू बस्ती विकासको महत्त्वपूर्ण आधारको रूपमा रहेको छ भने सहरलाई वातावरणीय र पर्यावरणीय हिसावले सन्तुलित राख्न पुर्खाले निर्माण गरेका पोखरी, ढुङ्गेधारा, इनार, कुवालगायतका सम्पदाहरू परम्परागत सतही र भूमिगत पानीका श्रोतहरू हुन् । ऐतिहासिक कालमा भक्तपुरवासीहरूको पानीको आवश्यकतालाई पूर्ति गर्न व्यवस्था गरेका यी संरचनाहरू अधिकांश हालसम्म पनि अस्तित्वमा रहेका छन् भने केही सम्पदाहरू विभिन्न सार्वजनिक प्रयोगमा ल्याउँदा संरचनागत परिवर्तनसमेत भएको पाइन्छ । अव्यवस्थित सहरीकरण र अदूरदर्शी विकास निर्माण कार्यले अधिकांश ढुङ्गेधाराहरूका पानीको नियमित श्रोतमा वाधा पुग्दा केही ढुङ्गेधाराबाट पानी आउन छोडेका छन् । त्यस्तै भूमीगत पानीको सन्तुलन कायम गर्न नसक्दा अधिकांश इनारहरूको पानीको सतह झनझन गहिरो हुँदै गएको छ साथै पोखरीहरूको परम्परागत संरचनालाई हस्तक्षेप गरी आधुनिक ढङ्गले पुनः निर्माण गर्दा कति पोखरीहरूमा पानी सुकेको अवस्थासमेत रहेको पाइन्छ ।

ऐतिहासिक कालमा भक्तपुरका वासिन्दाहरूको दैनिक आवश्यकताहरू जस्तै घरायसी आवश्यकता, कृषि आवश्यकता, पशुपालनसम्बन्धी आवश्यकता पूरा गर्न र नगरको वातावरण र पर्यावरणलाई सन्तुलनमा राख्न नगर भरी विभिन्न आकार र क्षेत्रफलका ४० भन्दा बढी पोखरीहरू निर्माण भएको पाइन्छ । ती पोखरीहरू धर्म, संस्कृति, परम्परा, रीतिरिवाज र स्थानीय जीवनशैलीसँग प्रत्यक्ष रूपमा जोडिएको पाइन्छ । जसमध्ये अधिकांश पोखरीहरू मानव निर्मित छन् भने केही पोखरीहरू प्राकृतिक रूपमा पनि सिर्जना भएको पाइन्छ । जसमध्ये अधिकांश प्राकृतिक रूपमा सिर्जित पोखरीहरू हाल विभिन्न सामाजिक आवश्यकतालाई पूरा गर्न संरचनाहरू तयार गर्दा पोखरीहरूको अस्तित्व मेटिएको पाइन्छ । हाल भक्तपुर नगर क्षेत्रमा ३४ वटा पोखरीहरू अस्तित्वमा रहेको पाइन्छ । जसमध्ये मिति २०८२ भाद्र २२ गते सांस्कृतिक सम्पदा पदयात्राको क्रममा भक्तपुर नगरको दक्षिणी भेगमा रहेका निम्न अनुसारका १६ वटा पोखरीहरू अवलोकन गर्ने योजना रहेको छ ।

## १. च्याम्हासिंह पुखू

भक्तपुरको पूर्वमा अवस्थित च्याम्हासिंह पोखरी एक ऐतिहासिक र सांस्कृतिक पोखरी हो । ८ वटा सिंहहरू पोखरीको ४ दिशाको प्रवेश द्वारमा राखिएको यो पोखरीलाई यही सिंहहरूको नामबाटै च्याम्हासिंहको नामले चिनिन्छ । च्याम्हासिंह भनेपनि हाल एउटा सिंहको भने आधा मात्रै अस्तित्व रहेको छ । भक्तपुर नगरपालिका वडा नं. ९ मा अवस्थित वागीश्वरी मा.वि.को परिसरमा रहेको यो पोखरी एक धार्मिक महत्त्वको पोखरीको रूपमा स्थानीय वासिन्दाहरूले लिएको पाइन्छ ।

## २. जैँला पुखू



भक्तपुर नगरपालिका वडा नं. ८ जैँला स्थित क्षेत्रफलको आधारमा सानो आकारको पोखरी भएपनि जैँला पोखरी एक महत्त्वपूर्ण पोखरी हो । विगतमा अत्यन्त फोहोर र अव्यवस्थित अवस्थामा रहेको जैँला पोखरीलाई भक्तपुर नगरपालिकाले जीर्णोद्वार गर्दै हाल अत्यन्त आकर्षक पोखरीको रूपमा परिणत गरेको छ । रात्रीको समयमा पानीको फोहोरा र रंगीविरंगी बत्तीले पोखरीलाई अत्यन्त आकर्षक बनाएको छ ।

## ३. खँचा पुखू



भक्तपुर नगरपालिका वडा नं. ७ इनाचो, खँचास्थित यो पोखरी भौगोलिक रूपमा अत्यन्त महत्त्वपूर्ण स्थानमा अवस्थित एक महत्त्वपूर्ण पोखरी हो। विगतमा भक्तपुर नगर क्षेत्रभित्र अग्ला अग्ला निजी आवासीय भवनहरू निर्माण नहुँदा पाँचतले मन्दिरको पूर्ण प्रतिविम्व देखिने पोखरीको रूपमा पनि खँचा पुखू प्रख्यात थियो। पोखरीको ३ दिशामा गहिरो ठाउँ रहेतापनि पोखरीमा वर्षैभरी पानी अडिने गरी निर्माण गरेको यो पोखरी मध्यकालीन उत्कृष्ट पोखरी निर्माण शैलीको उदाहरणको रूपमा पनि रहेको पाइन्छ। यो पोखरी हाल संरक्षित अवस्थामा रहेको छ।

## ४. याता (न्हाद) पुखू

भक्तपुर नगरपालिका वडा नं. ७ यातामा अवस्थित याता पुखू बस्तीको लगभग बिचमा रहेको एउटा ऐतिहासिक पोखरी हो। यो पोखरीको उत्तरमा नवीन नि.मा.वि सामुदायिक विद्यालय रहेको छ भने पश्चिम र उत्तरमा खुला ठाउँ रहेको छ। विगतमा स्थानीय वासिन्दाहरूले घरायसी र कृषि उपयोगको लागि प्रयोग गर्दै आएको यो पोखरी हाल नगरपालिकाले जीर्णोद्धार गरी संरक्षण गर्नुका साथै मत्स्यपालन गरी व्यवसायिक प्रयोग समेत गरेको पाइन्छ।

## ५. ग्वोल्मढी बारे पुखू

भक्तपुर नगरपालिका वडा नं. ७ को वडा कार्यालय परिसरमा रहेको यो पोखरी कमल पोखरीको रूपमा समेत चिनिन्छ। विगतमा स्थानीय किसानले आफ्नो व्यक्तिगत सम्पत्तिको रूपमा हडप्ने कोसिस गरिएको यो पोखरीलाई स्थानीय जनसमुदाय र नगरपालिकाको पहलमा सार्वजनिक कायम गरी पुन:निर्माण गरिएको छ। हाल यो पोखरीमा माछापालन गरी अत्यन्त आकर्षक रूपमा भक्तपुर नगरपालिकाले संरक्षण गरिएको छ।

## ६. कुमारी पुखू

भक्तपुरको ऐतिहासिक अष्टमातृका पिठ मध्ये कुमारी पिठ परिसरमा अवस्थित कुमारी पोखरी एक धार्मिक एवम् सांस्कृतिक पोखरी हो। भक्तपुर नगरपालिका वडा नं. ५ कुमारीस्थान स्थित कुमारी पोखरी स्थानीय वासिन्दाहरूले हालसम्म पनि सदुपयोग गर्दै आएको पाइन्छ। यो पोखरी मन्दिर परिसमा रहेकोले यसको विशेष महत्त्व रहेको छ।

## ७. खँला (ख्यो) पुखू

भक्तपुर नगरपालिका वडा नं. ५ भेलुखेल (योसिंख्यो) स्थित खँला पुखू विगतमा प्राकृतिक रूपले निर्माण भई ख्यो पुखूको रूपमा प्रयोग भइरहेको पोखरी थियो। केही समय अगाडि जीर्णोद्धार गरी बिचमा महादेवको मूर्ति राखी निर्माण गरिएको उक्त पोखरी पानी नअड्नाले सुख्खा भएको थियो। हालै भक्तपुर नगरपालिका जनप्रतिनिधि वहाली भएपछि पुनः यसको मर्मत सम्भार गरी पानी अडाई यो पोखरीको सदुपयोग भइरहेको छ।

## ८. लैको पुखू

भक्तपुर नगरपालिका वडा नं. ५ खँला स्थित गोलाकार पोखरी मध्येको एक यो पोखरी बस्तीको बिचमा ग:हितिबाट थोरै दक्षिण पूर्व दिशामा अवस्थित छ। विगतमा गोलाकारको रूपमा यो पोखरीलाई हालै जीर्णोद्धार गर्दा षटकोण आकारमा जीर्णोद्धार गरिएको छ। भक्तपुरको सानो पोखरीमध्ये एक हो। जीर्णोद्धारको क्रममा फोहोराको व्यवस्था गरी हाल यो पाखरीलाई थप आकर्षक बनाइएको छ।

## ९. सुनधारा पुखू

भक्तपुर नगरपालिका दरबार क्षेत्रको तलेजु मन्दिर परिसर भित्र रहेको सुनधाराको पश्चिम तिरको सानो पोखरी सुनधारा पोखरी हो। सम्भवतः यो भक्तपुर नगरकै सबैभन्दा सानो पोखरी हो। सुनधारासँगै रहेको यो पोखरीको बिचमा नागको धातुको प्रतिमा स्थापित गरिएको छ। जसले यो पोखरीलाई थप आकर्षक बनाएको छ।

## १०. दुमाजु पुखू

भक्तपुर तलेजु परिसर भित्रको मूल चोकको उत्तर पश्चिम कुनामा रहेको दुमाजु पोखरी एक ऐतिहासिक सांस्कृतिक एवम् धार्मिक महत्त्वको पोखरी हो। यो पोखरी पनि गोलाकार रूपमा रहेको छ। रुन्चे पोखरीको नाममा समेत परिचित यो पोखरी विगतमा बालबालिकाहरूलाई रुन्चे लाग्दा यो पोखरीमा स्नान गराउँदा रुन्चे निको हुने जनविश्वास रहेको पाइन्छ। तलेजू परिसरमा अवस्थित रहेको हुँदा यो पोखरीमा सबैको सहज पहुँच नपुगेको देखिन्छ।

## ११. भण्ड पुखू (भण्डार पुखू)



भक्तपुर दरबार क्षेत्रको मध्यमा अवस्थित भण्ड पुखू (भण्डार पोखरी) एक ऐतिहासिक पोखरी हो। कुनै बेला जिल्ला प्रहरी परिसर भित्रको यो पोखरी सर्वसधारणको पहुँचभन्दा बाहिरको पोखरीको रूपमा रहेको थियो। हाल यो पोखरी कला सङ्ग्रहालयको प्रदर्शनी कक्ष र भक्तपुर नगरपालिकाको सम्पदा शाखामा परिसरमा रहेको छ। यो पोखरी भित्र मल्लकालमा महत्त्वपूर्ण धनसम्पत्तिहरू भण्डार गरिएर राखिएको जनविश्वास रहेको छ। यो पोखरी दरबार क्षेत्रमा अवस्थित रहेको हुँदा पर्यटकीय हिसावले समेत अत्यन्त महत्त्वको रूपमा रहेको छ।

## १२. नासमना पुखू (मंगलकुण्ड पोखरी)

भक्तपुर नगरपालिका वडा नं. ३ नासमना चोकको उत्तर र पूर्व दुईतिर निजी घरले घेरिएको, दक्षिण र पश्चिममा पाटी र मन्दिर रहेको नासमना पुखू (मंगलकुण्ड पोखरी) एक ऐतिहासिक र धार्मिक महत्त्वको पोखरी हो। विगतमा वरपरका वासिन्दाहरूले पौडी खेल्ने यो पोखरी स्थानीय वासिन्दाले घरायसी प्रयोजनको लागि पनि प्रयोग गरेको पाइन्छ। यो पोखरी सम्पदा क्षेत्रमा रहनाले पर्यटकीय दृष्टिकोणले समेत महत्त्वपूर्ण पोखरीको रूपमा रहेको छ।

## १३. मंगलाछैँ पुखू

मंगलतिर्थ घाट जाने बाटोको पश्चिमपट्टि उकालोमा मचो गणेश मन्दिरको पूर्वमा अवस्थित सानो पोखरी मंगलाछैँ पुखू हो। विगतमा ख्यो पुखूको रूपमा समेत प्रयोग भएको पोखरी हाल मर्मत सम्भार गरी संरक्षित र आकर्षक बनाएको छ। तीर्थस्थलको परिसरमा रहेको यो पुखू धार्मिक एवम् सांस्कृतिक रूपले समेत महत्त्वपूर्ण पोखरी हो।

## १४. देगमना पुखू

भक्तपुर नगरपालिका वडा नं. ४ देगमना टोलमा अवस्थित यो पोखरी स्थानीय वासिन्दाहरूले दैनिक प्रयोग गरिने धार्मिक र सांस्कृतिक महत्त्वको पोखरी हो। वंशगोपालबाट बाराही जाने बाटोको देगमना चोकको पूर्वपट्टि अवस्थित यो पोखरी परिसरमा विभिन्न देवी देवताका मूर्तिहरू समेत रहेको यो पोखरी पवित्र पोखरीको रूपमा लिइन्छ।

## १५. तेखा पुखू



भक्तपुर नगरपालिका वडा नं. ३ मा अवस्थित तेखा पुखू एउटा ऐतिहासिक महत्त्वको पोखरी हो। यस पोखरीलाई तेखाचो पुखू पनि भनिन्छ। पोखरीको बिचमा महादेवको मूर्ति स्थापना गरिएको यो पोखरी धार्मिक महत्त्वको पवित्र पोखरीको रूपमा लिइन्छ। विगतमा स्थानीय केटाकेटीहरूले पौडी खेल्ने यो पोखरी हाल चारैतिर पर्खाल लगाई संरक्षित रूपमा राखिएको छ। भक्तपुरको बजारको मुख्य बाटोसँगै जोडिएको यो पोखरी पर्यटकीय हिसावले पनि महत्त्वपूर्ण पोखरीको रूपमा रहेको छ।

## १६. भाज्या पुखू

भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटी स्थित भाजु पुखू भक्तपुरकै पुरानो पोखरीहरूमध्ये एक हो। मल्लकालीन भारदार भाजुकसले निर्माण गरिएको विश्वासको आधारमा यो पोखरीलाई भाजु पुखू वा भाज्या पुखू नामाकरण गरिएको पाइन्छ। केही समय अगाडिसम्म घाँसे मैदानको रूपमा परिणत भई बिचमा रुख उम्रीएको थुम्को बाँकी भएको यो पोखरीलाई भक्तपुर नगरपालिकाले वि.सं. २०८० सालमा बिचमा मन्दिर निर्माण गरी जीर्णोद्धार सम्पन्न गरिएको छ। हाल यस पोखरीको चारैतिर ३ तहको डिल निर्माण गरी अत्यन्त आकर्षक पोखरीको रूपमा यसलाई विकास गरिएको छ। यो पोखरी आन्तरिक एवम् वाह्य पर्यटकहरूको लागि आकर्षणको रूपमा रहेको छ। यो पोखरीमा हाल रंगीविरंगी मत्स्य पालन गरी पोखरीलाई थप आकर्षक बनाएको छ।

# k~rfot xNnfpg]#& jif{cl3sf]'xof]h'sf08'

**२०४५ साल भदौ ९ गते भक्तपुरमा घटेको "ह्योजु काण्ड" पञ्चायती व्यवस्था ढाल्ने अनेक मध्येको एक कारण थियो।**




विसं २०४६ सालको जनआन्दोलनमा आन्दोलनकारी र प्रहरी।

तस्बिर : मीनरत्न बज्राचार्य/नेपाली टाइम्स डटकम

९ भदौ, काठमाडौं। संसारका जुनसुकै शासन व्यवस्था परिवर्तन हुनुको पृष्ठभूमिमा शासकको निरंकुशता र स्वयं उनीहरूको निर्णय नै कारक बन्ने गर्छ। जर्मनीका एडल्फ हिटलरले आफू थप शक्तिशाली हुने लोभमा रचेका प्रपञ्च 'ब्याकफायर' हुँदा ती सबै सत्ताच्युत भए।

३७ वर्षअघि ठ्याक्कै आजैका दिन नेपालमा पनि त्यस्तै घटना घटेको थियो। २०४५ साल भदौ ९ गते भक्तपुरमा घटेको 'ह्योजु काण्ड' पञ्चायती व्यवस्था ढल्नुमध्येको एक कारण थियो।

जुन घटनाका बारेमा पछिल्लो पुस्ता अनभिज्ञ छन् भने नेपाली राजनीतिक इतिहासमा यो घटना ओझेलमा छ।

## के थियो ह्योजु काण्ड ?

२०४५ साल भदौ ५ गते उदयपुर केन्द्रविन्दु भएर ६.७ रेक्टर स्केलको भूकम्प गयो। सो भूकम्पले सबैभन्दा बढी धरान र धनकुटामा क्षति भयो। भक्तपुरमा पनि ठूलै क्षति गर्‍यो।

भूकम्पमा परी भक्तपुरमा ७ जनाको मृत्यु, ४३ घाइते, ८३ घर पूर्ण रूपमा क्षति र एक हजार ४८८ मा आंशिक क्षति भएको थियो।

सरकारले तत्काल मृतक परिवारलाई दुई हजार रुपैयाँ नगद र पूर्ण क्षति भएका पीडितलाई ४० किलोको दरले चामल दिने निर्णय गरेको थियो।

पछि पूर्ण क्षति भएकालाई १० हजार रुपैयाँ र आंशिक क्षति भएकालाई पाँच हजार रुपैयाँ ऋण सहयोग गर्‍यो। जुन केही समय पछि अनुदानमा रूपान्तरण गरी मिनाहा गरियो।

भूकम्प पीडितलाई राहत प्रदान गर्न तत्कालीन भक्तपुर नगरपञ्चायतका प्रधानपञ्च आशाकाजी वासुकलाको अध्यक्षतामा भूकम्प पीडित सहयोग समिति गठन भयो।

नगरपञ्चायतले पीडितलाई उद्धार तथा सहयोग गर्न दुई लाख रुपैयाँ बजेट विनियोजन गर्‍यो। घर निर्माणमा प्रयोग गरिने काठमा दस्तुर मिनाहा गर्‍यो।

तत्कालीन सरकारले केन्द्रीय भूकम्प उद्धार तथा पुनर्स्थापना कोष गठन गर्‍यो। भक्तपुर जिल्ला पञ्चायतका उपसभापतिको अध्यक्षतामा जिल्ला भूकम्प उद्धार समिति गठन भयो।

९ गतेको गोरखापत्रमा प्रकाशित समाचार अनुसार भक्तपुर जिल्ला पञ्चायतका सभापति सुरेन्द्रप्रताप शाहको अध्यक्षतामा उद्धार उपसमिति पनि गठन भयो। उक्त समितिका सदस्यमा राष्ट्रिय पञ्चायतका सदस्य गोविन्द दुवाल, पूर्व राष्ट्रिय पञ्चायतका सदस्य मदनकृष्ण हाडा र प्रमुख जिल्ला अधिकारी लगायत थिए।

तर पूर्व राष्ट्रिय पञ्चायत सदस्य कर्णप्रसाद ह्योजुलगायतका केही व्यक्ति राहतको प्रस्ताव लिएर प्रधानमन्त्री मरिचमान सिंहकहाँ पुगेका थिए। सायद ह्योजुले प्रधानमन्त्रीबाट कुनै आश्वासन पाए।

जिल्लामा गठन भएका विभिन्न समिति र उपसमितिले काम सुरु नगर्दै भदौ ९ गते दिउँसो राहत वितरणका लागि ह्योजु भक्तपुर आइपुगे।

कुनै समितिमा सदस्य समेत नभएका ह्योजुलाई किराना खाद्य संस्थानले उपलब्ध गराएको दाल, चामल, क्वाँटी लगायतका पीडित परिवारलाई राहत सामग्री वितरण गर्ने कुपनको जिम्मा दिइएको थियो।

ह्योजुले सुरुमा फसिदेग मन्दिर अगाडि ट्रक राखेर राहत सामग्री वितरण सुरु गरे। कुपन लिँदै हुनेखाने वर्गले नै राहत सामग्री लगेको देखेपछि वास्तविक भूकम्प पीडितहरू कुपन माग्न पुगे, तर उनीहरूलाई ह्योजुले कुपन दिएनन्।

उनले ती कुपनहरू सिडिओ कार्यालयबाट प्राप्त सूचीका आधारमा वितरण गरेको जवाफ दिए। तत्कालीन जनप्रतिनिधिहरूले नगर पञ्चायतको सूची अनुसार राहत सामग्री वितरण गर्नुपर्ने जिकिर गर्दा उल्टै ह्योजुले, 'यो मेरो अधिकारको कुरा हो कसैसँग सूची माग्नुपर्ने जरुरत छैन' भन्ने जवाफ दिई राहत वितरणलाई निरन्तरता दिए।

उनको व्यवहारले वास्तविक पीडितहरू आक्रोशित भए।

अनि आक्रोशित भीडले ह्योजुलाई नियन्त्रणमा लियो। भर्खरै सम्म राहत वितरणमा सुरक्षार्थ खटिएका प्रहरीहरू छेउ लागे ।

पीडितहरूले 'वास्तविक भत्किएका घर हेर्न हिँड्' भन्दै ह्योजुलाई डोऱ्याउन थाले। अनि ह्योजु र उत्तम श्रेष्ठलाई भीडले बिचमा राखेर हिँडायो।

ह्योजुलाई सुरुमा दत्तात्रय, त्यहाँबाट सुजमारीतर्फ लगियो।  डबलीमा उभिन बाध्य बनाइयो। त्यहाँबाट च्यामासिंहतर्फ लान लागिएको थियो। भीडमा उनलाई कसैले लात्ती मुक्काले हानेका थिए।

तर पनि उनी गम्भीर घाइते थिएनन्। सुरुमा संयमित तवरले ह्योजुलाई भीडले हिँडाएको भए पनि बिचबिचमा उत्तेजित बनाउने नौला मान्छेहरू मिसिएको प्रत्यक्षदर्शीहरू बताउँछन्। जसले सो काण्डमा पञ्चायतका भिजिलान्तेहरू मिश्रित थिए भन्ने स्पष्ट हुन्छ।

गरुड कुण्ड पुग्दा उनलाई आक्रोशित भीडले जुत्ताको माला  लगाइसकेको थियो। अनि भीडले फेरि च्यामासिंह चोकतर्फ ल्यायो। फेरि सुजमारीतर्फ लगियो।

सुजमारी पुग्दा प्रहरीको भ्यान आयो। ह्योजुलाई भ्यानमा राखियो। भ्यानमा राखिसकेपछि प्रहरीले पुनः ह्योजुलाई बाहिर निकालेर छाडिदियो। (कतिपयले भीडले तानेर निकाल्यो भन्ने गरेका छन्।)

> उनको व्यवहारले वास्तविक पीडितहरू आक्रोशित भए। अनि आक्रोशित भीडले ह्योजुलाई नियन्त्रणमा लियो। भर्खरैसम्म राहत वितरणमा सुरक्षार्थ खटिएका प्रहरीहरू छेउ लागे।

भ्यानबाट निस्किएका ह्योजुलाई फेरि भीडले लतार्न छाडेन। लगभग त्यसको एक घण्टापछि उनलाई सुकुल ढोका पछाडिको साकोठाबाट प्रहरी आएर फेरि भ्यानमा लिएर वीर अस्पताल लग्यो। वीर अस्पतालमै उपचारका क्रममा राति साढे ११ बजेतिर ह्योजुको मृत्यु भएको खबर आयो।

सोही राति २४ जनालाई प्रहरीले समात्यो। पक्राउ पर्नेमा नारायणमान बिजुक्छेँ 'रोहित'सहित जनप्रतिनिधिहरू थिए। प्रहरीले महिनौँसम्म पक्राउ गर्ने क्रम जारी राख्यो।

ह्योजुको पोष्टमार्टम रिपोर्टमा शरीरभरी घाउ, दुवै आँखा र गुप्ताङ्ग समेत फुटेको उल्लेख थियो। उनको मृत्यु अत्यधिक रक्तश्रावका कारण भएको भनिएको थियो।

भीडले ह्योजुलाई लतारिरहेको बेला नै राष्ट्रिय पञ्चायतका सदस्य गोविन्द दुवाल, प्रधानपञ्च आशाकाजी वासुकला लगायतले सुरक्षाका लागि माथिल्लो निकायमा सम्पर्कको प्रयास गरेका थिए। तर कोही पनि सम्पर्कमा आउन चाहेनन्।

२०४५ भदौ ११ गते 'गोरखापत्र'को पहिलो पृष्ठमा प्रकाशित समाचारमा ९ गते असामाजिक तत्त्वहरूको कुटाइबाट ह्योजुको निधन भएको उल्लेख छ।

सो समाचारमा तत्कालीन राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीद्वारा प्रस्तुत गरिएको प्रस्तावमा छलफल गर्दै १० गते बसेको राष्ट्रिय पञ्चायतको बैठकले भूतपूर्व राष्ट्रिय पञ्चायतका सदस्य कर्णप्रसाद ह्योजुको असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गरेको उल्लेख छ। तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठले समेत गहिरो दुःख व्यक्त गर्दै समवेदना प्रकट गरे भनिएको छ।

## पञ्चायतलाई 'ब्याकफायर'

भोलिपल्ट भदौ १० गते सरकारले भक्तपुरमा शवयात्रा घोषणा गऱ्यो। प्रधानमन्त्री मरिचमान सिंहको नेतृत्वमा राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदी, केही मन्त्रीहरू, रापस, पञ्चे, मण्डले, प्रशासनका मान्छेलगायतका जत्था ह्योजुको शवयात्रामा सहभागी भए।

'ज्यानमारा रोहितलाई फाँसी दे' भन्ने नारा लगाउँदै शवयात्राले बजार परिक्रमा गरी साँझ हनुमानघाट पुऱ्याइयो।

शवयात्राको भोलिपल्टदेखि (यथार्थमा भदौ ९ गते बेलुकादेखि–सं.) भक्तपुरका मजदुर, किसान,  व्यापारी एवं श्रमिक वर्गका अधिकांश युवाहरूलाई धरपकड गरी शारीरिक र मानसिक यातना दिन थालियो।

रातको समय पालैपालो भक्तपुरका विभिन्न टोलहरूमा मण्डलेहरूको सहयोग लिई प्रशासनले घर घेराउ गरी, ढोका र झ्यालहरू फोड्दै सुतिरहेका सर्वसाधारणलाई गिरफ्तार गरी जबरजस्ती हिरासतमा हाल्ने र 'रोहितले नै कर्ण ह्योजुलाई मार्न आदेश दिएको हो' नभनुन्जेल शारीरिक यातना दिने काम जारी राख्यो। अवस्था यस्तो सिर्जना भयो कि, पूरै भक्तपुरमा पुरुषहरू देखिन छाडे। जात्राहरूमा समेत पुरुष सहभागी हुन सकेनन्।

उद्धव सुजखुले लेखेको एक लेख अनुसार २०४५ असोज ४ मा तयार पारिएको १६ पृष्ठ लामो सरकारवादी प्रहरी प्रतिवेदनमा सयौँको नामहरू उल्लेख गरिएको थियो।

त्यसमध्येका ६७ जनालाई ज्यान मुद्दामा  जाहेरी दिइएको थियो। जाहेरी पत्रमा नेपाल मजदुर किसान सङ्गठन (हाल पार्टी–सं.) का अध्यक्ष रोहितलगायत २३ जनालाई मुलुकी ऐन ज्यान सम्बन्धी महल १३ (क) को ६ नं अनुसार कारबाही माग गरिएको थियो।

सो ऐनको महलअनुसार किटानी जाहेरीमा परेकालाई सर्वस्वसहित जन्मकैद वा मृत्युदण्ड हुने कानुनी व्यवस्था थियो।

सो घटनाले भक्तपुरमा सबैभन्दा बढी महिलाहरूमा चेतनाको बीज रोप्ने काम गर्‍यो। 'त्यो काण्डपछि मात्र भक्तपुरका महिलाहरू सचेत भएका हुन्', २०४६ सालको जनआन्दोलनमा भक्तपुरमा गोली लागि घाइते भएका राजेन्द्र दुमरू भन्छन्, 'किनभने कसैको दाजुभाइ, कसैको बुवा, कसैको श्रीमान् परेका थिए। उनीहरू त्यसपछि प्रहरी चौकी, अड्डा, अदालत धाउन र बोल्न बाध्य भए। त्यसभन्दा अगाडि यहाँका महिलाहरू नौलो मान्छेका अगाडि उभिएर बोल्न धक मान्थे।' त्यसपछि विस्तारै भक्तपुरका महिलाहरू सडक आन्दोलनमा उत्रिन थाले।

भक्तपुरका हरेक गल्ली, चोक, कोठा, चोटामा विद्रोहको भाव जागिसकेको थियो। बाहिर नदेखिए पनि भुसको आगो झैँ भित्रभित्रै सल्किँदो थियो।

प्रहरी प्रशासनले परिवारका सदस्यलाई दिएको शारीरिक र मानसिक यातनाको पीडा, जेल सजायले हरेक घरमा फैलाएको त्राससँगै पञ्चायत विरोधी मानसिकता निर्माण भइरहेको थियो।

सो घटनाको करिब १७ महिनापछि राजनीतिक दलहरूले जनआन्दोलनको घोषणा गरे। जनआन्दोलनमा भक्तपुर यसरी उत्रियो कि काठमाडौँ, ललितपुर र कीर्तिपुर सेलाउँदा पनि भक्तपुर जागिरह्यो।

गोलमढीका कृष्णाराम दुवाल, व्यासीका राजकुमार सुवाल, निर्मलकुमार शाक्य, पुष्परत्न शाक्यलगायत जनआन्दोलनमा शहीद भए। कतिलाई गोली र लाठीले घाइते तुल्यायो।

अन्ततः २०४६ साल चैत २६ गते बहुदल घोषणा भयो। भूमिगत र प्रवासमा रहेका भक्तपुरका नेपाल मजदुर किसान सङ्गठनका कार्यकर्ताहरू घर फर्किए।

२०४७ वैशाख ५ गते भक्तपुर काण्डको मुद्दा राज्यले फिर्ता लियो। रोहितलगायत सो काण्डमा थुनिएका जनप्रतिनिधि र कार्यकर्ताहरू २० महिना पछि मुक्त भए। ह्योजु काण्ड पञ्चायती शासन व्यवस्थाका लागि काल बनेर आयो।

उक्त घटना केवल भक्तपुरको मात्रै सीमित थिएन। त्यो त नेपाली इतिहासको एक विशिष्ट परिघटना थियो। किसान आन्दोलनको जगमा उठेको नेपाल मजदुर किसान पार्टी जनताको मौलिक हक र राजनैतिक अधिकार प्राप्तिका निम्ति स्थापनाकालदेखि निरन्तर सङ्घर्षरत छ।

त्यसकै फलस्वरुप २०४८ देखि हालसम्म भक्तपुरको राजनीतिमा नेमकिपा मियो बनिरहेको छ। ह्योजु काण्ड पञ्चायती राज्यस्तरबाट रचिएको एउटा ठूलो षडयन्त्र रहेको भक्तपुर नगरपालिकाका प्रमुख तथा नेमकिपाका नेता सुनिल प्रजापति स्मरण गर्छन्।

उनका अनुसार नेपाल मजदुर किसान सङ्गठनले जनमत सङ्ग्रहदेखि पञ्चायतको हरेक निर्वाचनमा भाग लिँदै आएको थियो। पञ्चायतमा भाग लिएर पञ्चहरूकै विरोध गर्ने नीति सङ्गठनको थियो। त्यो बेला पार्टीहरू प्रतिबन्धित थिए। राजनीतिक रूपमा नेपाल मजदुर किसान सङ्गठन दुश्मन भएको थियो।

अझ त्यो बेला त प्रधानमन्त्री मरिचमान सिंह, राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदी समेतले 'रोहितलाई फाँसी दे' भन्ने नारासहित सडकमा उत्रिएको प्रजापतिले बताए। 'राज्य नै लागेर नेमकिपालाई नष्ट गर्ने उद्देश्य पञ्चायतको थियो', उनले भने।

## को थिए ह्योजु ?

तत्कालीन कमरेड रोहित अर्थात् नाराणमान बिजुक्छेँ नेतृत्वको किसान सङ्गठनमा आबद्ध भई आन्दोलनमा होमिएका कर्णप्रसाद ह्योजुलाई २०३८ सालको राष्ट्रिय पञ्चायतको निर्वाचनमा सदस्यको रुपमा उम्मेद्वार बनाइयो।

उनले २०३८ वैशाख २७ गतेको निर्वाचनमा १३ हजार ९८३ मत ल्याएर विजयी भए। ह्योजुका प्रतिद्वन्द्वी गणेशबहादुर खत्रीले १२ हजार २९ मत ल्याएका थिए।

२०३६ सालको जनमत सङ्ग्रहमा बहुदलीय व्यवस्था पराजित भएपछि राजनीतिक दलहरूले पञ्चायती व्यवस्थाकै निर्वाचनलाई उपयोग गर्ने नीति अङ्गालेको थियो। सोही नीति बमोजिम किसान सङ्गठनबाट रोहितका विश्वासपात्र कर्णप्रसाद ह्योजुलाई उम्मेद्वार बनाइएको थियो।

उनले किसान सङ्गठनकै बलमा चुनाव जिते पनि विस्तारै जनताको मतलाई सम्मान गर्न सकेनन्। पञ्चायती व्यवस्थातर्फ ढल्किँदै गए। अन्ततः उनलाई दुई वर्ष पछि भक्तपुरको किसान सङ्गठनले कारबाही गरी निष्कासन गर्‍यो। त्यसपछि ह्योजु झनै खुलेर पञ्चायती व्यवस्थाका एक हिस्सा बने।

रापंस सदस्य निर्वाचित हुनुअघि ह्योजु भक्तपुरकै आदर्श आजाद प्राथमिक विद्यालयमा प्रधानाध्यापकको रूपमा कार्यरत थिए। नेमकिपाका नेता तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिका अनुसार ह्योजु पञ्चले पनि विश्वास नगरेको र सङ्गठनले पनि पन्छाएको मान्छे थियो।

उसलाई आक्रमण गरेपछि रोहित लगायतलाई दबाउन सजिलो हुन्छ र नेमकिपालाई पूर्ण रूपमा नष्ट गर्न सजिलो हुन्छ भनेर रचिएको षड्यन्त्र मात्र थियो।

ह्योजु त्यो बेला हिँडेरै प्रहरीको गाडीमा चढेको देख्ने मान्छे अझै छन्।

स्रोत : अनलाइनखबर, भदौ ९ गते (सामान्य सम्पादनसहित)

# स्वनिगः - राजधानी उपत्यका एकीकृत गर्ने नाम



कनकमणि दीक्षित

**वार-पार पूरै उपत्यकाको शहरीकरण भइसक्दा यसलाई सम्बोधन गर्न मिल्ने ‘काठमाडौँ’ भन्दा उचित रैथाने नाम हो ‘स्वनिगः’।**

एक शताब्दी जति मात्र चलनचल्तीमा रहेको ‘काठमाडौँ उपत्यका’ सम्बोधनमा ऐतिहासिकता छैन। आमप्रयोगमा आइसक्दा पनि ‘काठमाडौँ उपत्यका’ मा प्रस्ट्याइँ र आत्मीयता झल्किँदैन, किनकि पूरै यो खाल्डोलाई ‘काठमाडौँ’ ले समेट्न परेको छ र पर्नेछ।

शास्त्रीय सम्बोधन ‘नेपालमण्डल’ मा ऐतिहासिकता छ, तर पृथ्वीनारायणको राज्य विस्तारपछिको ‘गोर्खा राज’ लाई ‘नेपाल राज्य’ ले विस्थापित गरेपछि ‘नेपाल’ ले उपत्यका खाल्डो जनाउने क्रम घट्दै गयो, र अहिले प्रायः लोप भएको छ। गोर्खालीले उपत्यका कब्जा मात्र गरेनन्, यहाँको नाम पूरै राष्ट्र-राज्यका लागि प्रयोगमा ल्याए। खुशीको कुरा, तर विडम्बना पनि।

सर्वव्यापी शहरीकरणले यस राजधानी उपत्यकाको प्रायजसो समथर, सिमसार, जङ्गल, टार/खेतबारी क्षेत्र ढाकिसकेको छ भने यसलाई अब तीन ठूला शहर लगायतका १८ नगरपालिकालाई ढिलो-चाँडो एउटै नामले पुकार्नुपर्ने हुन्छ, एउटै ‘मेगालोपोलिस’ का रूपमा। अहिलेको ‘ट्रेन्ड’ हेर्दा त्यति वेला पूरै उपत्यकालाई काठमाडौँ नगर वा काठमाडौँ सिटी भन्नुपर्ने हुन्छ, जो सबै उपत्यकावासीलाई पाच्य नहुन सक्छ। किनकि इतिहासले यो ‘काठमाडौँ’ वा ‘कान्तिपुर’ लाई विष्णुमती र टुकुचाबीचको भागमा सीमित गर्दछ। र, पाटन, भक्तपुर र अन्य बस्तीवासीलाई आफ्नो थलोको नाममाथि ‘काठमाडौँ’ थोपरेको चित्त नबुझ्न सक्छ।

पूरै उपत्यका एउटा शहर बनिसक्दा एकल नाम जरूरी हुन जान्छ : चिनारी र मानसिक अपनत्वका लागि भन्दा पनि शहरी व्यवस्थापनका लागि। ‘काठमाडौँ’ ले पूरै उपत्यकालाई नसमेट्ने हो भने या त नयाँ नाम आविष्कार गर्नुपर्‍यो, या स्थानीय लवजमा प्रचलित नाम स्विकार्नुपर्‍यो। संयोगवश, पूरै उपत्यका जनाउने नेपालमण्डलबाहेक अर्को एउटा नाम छँदै छ, जबकि धेरै गैरनेवाः यसबारे अनभिज्ञ छन्। त्यो हो ‘स्वनिगः’ अर्थात् नेवाः भाषामा ‘तीन शहर’।



स्वनिगः अर्थात् काठमाडौँ उपत्यका।

## नेपाल दून

२,५०० किमी लामो हिमालय शृङ्खलाको एक मात्र उत्कृष्ट कचौरा आकारको भूभाग बन्न पुग्यो यो ठाउँ, लाखौँ वर्षको भौगर्भिक उत्पत्तिपश्चात् । काश्मीर घाटी र पोखरा जस्ता अन्य उपत्यका ठूला नदी चिरेर बन्न गएका हुन् भने भौगर्भिक कालको लाखौं वर्षअघि दक्षिणी भाग उठ्न गई राजधानी उपत्यकाको खाल्डो बन्न पुगेको हो ।

खाल्डोमा पानी भरिएर एउटा विशाल ताल बन्यो भने समयक्रममा चार–पाँच वटा साना ताल जसको पानी अन्ततोगत्वा कटुवाल दह, चोभार, गोकर्ण, कोड्कु र अन्य खोचबाट निस्किएर उपत्यका पूरै सुक्खा भयो । यहाँ जङ्गल फैलियो, अनि प्रागैतिहासिक मानव आए, पछि यहाँको मलिलो माटामा कृषि शुरू भयो, सभ्यता र संस्कृति मौलायो ।

परापूर्वकालदेखि उपत्यकाका बासिन्दाका लागि ‘नेवा’, ‘नेपा’ वा ‘नेपाल’ नै काफी थियो, जो तीन ठूला शहर अनि खोकना, साँखु, बुङ्गमती जस्ता बस्ती र काँठका गाउँ मिलेर बनेको थियो । बाहिरका खसभाषी र अन्य समुदायले ‘नेपाल खाल्डो’ भन्न थाले, स्थानीय लवजको यस ‘नेपाः गाः’ लाई ।


उपत्यकाको ‘कचौरा’ (अथवा ‘कहतारो’) भित्र भने धान खेतबीच बलौटे टारमा बस्ती बस्न पुगे । जसमध्ये मुख्य तीन ‘सिटी स्टेट’ (शहर–राज्य) थिए । बागमतीको पूर्व–पश्चिम बगावको उत्तरपट्टि अवस्थित थियो यें दे, अर्थात् कान्तिपुर/काठमाडौँ । दक्षिणको ढिस्कोमा रह्यो यल दे (पाटन, ललितपुर), यस्तै हनुमन्ते उत्तरको ढिस्कोमा अवस्थित रह्यो ख्वपः दे (भादगाउँ, भक्तपुर) ।

यिनै तीन शहर, यहाँको कारिगरी, वास्तुकला, जात्रा, रहनसहन, मठमन्दिर र दरबारले लालायित पार्दथ्यो पहाड, हिमाल, मधेशवासीलाई । गोर्खाबाट राज्य विस्तार गर्न हिँडेका पृथ्वीनारायणलाई पनि लाग्यो, तीन शहरलाई आफ्नो नपारी साम्राज्य विस्तारले उचाइ लिन सक्दैन । अनि नाकाबन्दी, युद्धकौशल, नातागोता, चातुर्य र हिंसा सबै प्रयोग गर्दै ‘नेपाल’ आफ्नो पारे ।

‘दून’ शब्दले महाभारत मध्यपहाड र चुरे शृङ्खलाले घेरेको समथर जनाउँछ, जस्तै देहरादून या सुर्खेत, दाङ–देउखुरी र हेटौँडा दून । राजधानी उपत्यकालाई पूरै महाभारत मध्यपहाडले घेरे पनि अन्य ‘दून’ सँगको भौगोलिक अवस्थिति मिल्दोजुल्दो भएकाले ‘दून’ कहलिएको हुनुपर्छ ।

स्थानीयले भन्ने गरेको ‘नेपाः’ मा विसर्गको ठाउँमा ‘ल’ पनि राख्ने गरिन्छ (झ्याःलाई झ्याल, बहाःलाई बहाल, पसःलाई पसल भने जस्तै) । पाँचै दशकअघिसम्म पनि अन्यत्रकाले चारभञ्ज्याङभित्र रहेको ठाउँ/शहर जाँदा ‘नेपाल जाने’ भन्थे । सङ्ख्यामा चार भने पनि भञ्ज्याङ धेरै थिए, जस्तै– साँगा, बाड, चन्द्रागिरि, पाँचमाने र पाटी भञ्ज्याङ ।

‘नेपाल’ अथवा नेपालमण्डलले मूलतः उपत्यका, र थप, भोटेकोशीदेखि त्रिशूली नदीसम्म फैलिएको मानिन्थ्यो जबकि ‘स्वनिगः’ ले चारभञ्ज्याङभित्रको उपत्यका । संस्कृतिविद् काशीनाथ टमोट लेख्छन्– ‘नेपालमण्डल भन्नाले सिन्धुपाल्चोकदेखि मकवानपुर, नुवाकोट र धादिङसम्मलाई भन्न मिल्छ ।’



३० हजार वर्षअधिको ताल; कटुवाल दहबाट पानी बाहिरिएपछि १५ हजार वर्षअघि चोभार डाँडाले पानी रोकेको छ । तस्वीर स्रोत : नेपाली टाइम्स




काशीनाथ तमोटको पुस्तक 'नेपालमण्डल'।

पृथ्वीनारायणले आफ्नो राजधानी काठमाडौँ शहरको वसन्तपुर दरबारबाट सञ्चालन गर्न थालेपछि काठमाडौँले भक्तपुर र ललितपुरलाई उछिन्यो र 'काठमाडौँ उपत्यका' शब्दावली बढी प्रचलनमा आयो।

जब पश्चिमाहरू र विशेषगरी बेलायतीको आगमन बाक्लिन थाल्यो, आउने बाटो चन्द्रागिरि भन्ज्याङबाट हेर्दा पहाडबीचको चौडा फाँटबाट लालायित भए र पृथ्वीनारायणको छनोटको राजधानीको नाममा 'भ्याली' थपेर 'काठमाडौँ भ्याली' भन्न रुचाए। यो नै अन्तर्राष्ट्रिय चलनचल्तीमा आयो, जबकि शुरूआतमा त पश्चिमा आगन्तुकले पनि 'नेपाल भ्याली' नै भन्ने गर्थे।

सन् १७९२ को अन्त्यतिर काठमाडौँ आएका बेलायती टोलीका नेता विलियम कर्कप्याट्रिक आफ्नो रिपोर्टमा नेपाल ('नेपौल')लाई उपत्यका र राजधानीको रूपमा लिन्छन् भने विस्तारित राज्यलाई सङ्केत गर्दा गोर्खाली 'डोमिनियन्स्' (प्रभुत्व क्षेत्र)को संज्ञा दिन्छन्।

काठमाडौँ उपत्यकाको 'उपत्यका' पछि आयातित भन्न मिल्छ, यो स्थानीय चलनचल्तीमा पक्कै थिएन। ऐतिहासिक महेशराज पन्तको विचारमा यो बाङ्ला भाषाबाट नेपालीमा छिरेको हो। अर्का ऐतिहासिक स्व. ज्ञानमणि नेपालले जहिल्यै 'दून' भने, लेखे र केही ऐतिहासिक दस्तावेजमा 'नेपाल दून' प्रयोग भेटिन्छ।

नेपाल खाल्डोका तीन शहरबीच कहिले एउटा त कहिले अर्को शक्तिशाली बन्दै गए। ऐतिहासिक रमेश ढुंगेलका अनुसार कुनै ताका आजको भक्तपुर नै उपत्यकाको प्रभावशाली शहर-राज्य थियो, जसको नाम त्रिपुर रहेको थियो। यसले पनि उपत्यकालाई तीन शहर (या 'पुर') सँग जोड्ने गरिन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ।

नेपाली भाषाका अलि पुराना लोकगीतमा घरीघरी 'नेपाल' र 'तीनै शहर' प्रयोग पाइन्छ, जस्तै उस्ताद साहिंला (उर्फ उस्ताद कालोठेकी, विसं १८५१-१८९४)को कलकत्तामा रेकर्ड भएको गीतको बोल छः *तीनै शहर नारान नेपालमा, रक्सी बेच्ने सुँडी...*। अर्को लोकगीतको बोल यस्तो छ :

*यो तीनै शहर नेपाल देशमा दहीको कहतारो*
*पर्खन ए दिदी म पनि आउँछु केको हतारो।*

मास्टर मित्रसेन थापा 'मलाई खुत्रुक्कै पाऱ्यो जेठान' गीतमा गाउँछन् : *एउटा घर त नेपालैमा, एउटा घर त सिम्ले*। र, नेपाल खाल्डो र गाउँबीचको दूरी झल्काउँछन्। सन् १९६६ को पथप्रदर्शक फिल्म माइतीघरमा पनि लोकगीतको प्रयोग छ, बोलः *तीनै शहर नेपालमा बिजुली बत्ती झलमल्ल* (गायकहरू : अरुणा लामा, गीता दत्त र सीपी लोहनी)।

## अध्येताको विचार

कतिपय नेवाःभाषीले आजै पनि आफूबीचको बातचितमा 'स्वनिगः' प्रयोग गर्छन् भने तिनै व्यक्तिले नेपालीमा बोल्दा 'काठमाडौँ उपत्यका' भन्ने गर्छन्। यदि भूमिपुत्रको सम्बोधन 'स्वनिगः' हो भने बाँकी नेपाल र विश्वले यसलाई किन अपनाउन सक्दैन ? 'स्वनिगः' मा सांस्कृतिक स्थानीयता र आत्मीयता दुवै पाइन्छ भने आउँदा दिनमा उपत्यकाव्यापी एकीकृत शहरका लागि सहज र तर्कपूर्ण नाम पनि यो हुन सक्छ।

स्वनिगः **svanigaḥ**, n. (-gala-) 1. Kathmandu valley 2. the entire of Nepal

'ए डिक्शनरी अफ कन्टेम्पोरेरी नेवार' बाट।

'स्वनिगः' कतै कतै वर्तमान प्रयोगमा हुँदाहुँदै यसको ऐतिहासिकता केही विवादित देखिन्छ। नेवाः संस्कृतिका अध्येता रहेका केही पश्चिमा मानवशास्त्रका विद्यार्थीले दशकौँको अध्ययनको दौरानमा पनि 'स्वनिगः' शब्द आफूले कहीँकतै नसुनेको जिकिर गर्छन्। केही संस्कृतिविद्ले 'स्वनिगः' शब्द हालसालै मात्र बोलीचालीमा आएको विचार राख्छन् भने ऐतिहासिक महेशराज पन्तको भनाइमा पछिल्लो मल्लकालमा 'स्वनिगः' को प्रयोग पाइन्छ, 'राजकीय दस्तावेजमा नभई टिपोटहरूमा'। अभियन्ता मल्ल के सुन्दर भन्छन्, 'स्वनिगःको प्रयोग गोर्खालीको उपत्यका विजयपछि काठमाडौँ बढी प्रयोगमा आएको हो, पूरै उपत्यकालाई चिनाउने गरी।'

नेवाः सभ्यताका विज्ञ, भाषाविद् कमलप्रकाश मल्लको 'डिक्शनरी अफ क्लासिकल नेवारी' शब्दकोशमा 'स्वनिगः' परेको छैन भने 'स्वदेश' भने पाइन्छ, तीन शहर जनाउने गरी। उल्रिक क्लोभर तथा ईश्वरानन्द श्रेष्ठाचार्यको 'ए डिक्शनरी अफ कन्टेम्पोररी नेवार (नेवार-इंग्लिश)' सन् १९९४ मा 'स्वनिगः' को अर्थ पाइन्छ। यस्तै निल्स गुत्चो, बर्नार्ड क्लोभर र ईश्वरानन्द श्रेष्ठाचार्यको 'नेवार टाउन्स एन्ड बिल्डिङ्स्: एन इलस्ट्रेटड डिक्शनरी' (सन् १९८७) मा पनि 'स्वनिगः' भेटिन्छ।

**स्वनिगः** svanigaḥ, n (°*gala-*) (var *svagaḥ*) 1. Kāṭhmāṇḍu Valley (lit three towns). 2. throughout the country (ie Nepal).

'नेवार टाउन्स एन्ड बिल्डिङ्स्' डिक्शनरीबाट

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगःको विचारमा 'स्वनिगः' को 'निग' ले 'निगम' जनाउँछ । अर्थात् बस्ती वा शहर । अन्य संस्कृतिविद् यस व्याख्यासँग सहमत देखिँदैनन् । संस्कृतिविद् गौतमवज्र वज्राचार्य भन्छन्, 'स्वनिगः स्वनगरबाट उत्पत्ति भएको हुनुपर्छ । मध्यकालीन लिखतमा स्वनगर प्रयोग भएको पाइन्छ ।' सरदर सन् १९७५ पूर्व आफू नेपालमा रहँदा नेवाः बोली वा लेखनमा 'स्वनिगः' फेला नपरेको वज्राचार्य बताउँछन् । गत ५० वर्षयता नेवाः बौद्धिकहरू भने नेपाली र संस्कृतभन्दा अलग पहिचानको खोजीको क्रममा 'स्वनिगः' लाई पेश गरेको हुन सक्ने उनको राय छ । 'स्वनिगः शब्दको प्रयोग प्राचीन नभई नयाँ हो, तर कहिले भन्न सकिने अवस्था छैन,' वज्राचार्य भन्छन् ।

वज्राचार्यको कुरासँग ज्ञाता प्रकाश सायमीको राय मिल्छ । सायमी भन्छन्, 'यदि 'स्वनिगः' पुरानो नाम हो भने पुराना लोकगीतमा पाइनुपर्ने हो, तर 'राजमती' मा पनि शहर शहरको प्रसङ्ग रहँदा 'स्वनिगः' कतै पाइँदैन ।' उनको विचारमा विसं २०२०-२२ को नेवाःभाषा आन्दोलनको दौरान हितकरवीर सिंह कंसाकार, जुजुकाजी रञ्जित लगायतले 'स्वनिगः' प्रचलनमा ल्याएका हुन् ।

यता लेखक बसन्त महर्जन भने आफ्नै परिवारको बोलीचालीको आडमा 'स्वनिगः' स्थानीय जनजिब्रोमै रहेको जिकिर गर्छन् : "मैले मेरी आमा तथा नेवार समाजबाट 'स्वनिगः' नाम सुनेको हुँ भने यो त नेवाः भाषामा प्रचलित नै मान्नुपर्‍यो । यो स्वनिगः नाम पछि अभियन्ताहरूबाट आविष्कार भएको कृत्रिम नाम कसरी भन्न मिल्ला ?'

## नेपाल खाल्डो - 'स्वनिगः'

वर्तमान समयमा 'स्वनिगः' नाम प्रयोगमै नआएको भने होइन, व्यापकता नपाएको मात्र हो । एक बखत नेवाः भाषाका ५-६ वटा पत्रिकाको नाम नै 'स्वनिगः' मा आधारित थियो । आजभोलि केही व्यवसायीले यो नाम प्रयोग गरेको देखिन्छ भने त्रिभुवन अन्तर्राष्ट्रिय हवाईअड्डाको आन्तरिक उडानतर्फको विश्राम 'लाउन्ज' को नाम 'स्वनिगः' छ । व्यवसायीद्वय शेष घले र अमृत शाक्यले भक्तपुरको गुन्डुमा सात-आठ अर्बको लगानीमा 'स्वनिगः रिसोर्ट' निर्माणको घोषणा यही वैशाखमा गरेका थिए ।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिकतर्फको यात्रु लाउन्जका व्यवस्थापक नारायण मल्ल ठकुरी ।

विश्लेषक आहुतिले २०७७ असोज ३ को कान्तिपुरमा पूरै लेखमा 'काठमाडौँ उपत्यका' कतै नलेखी शुरू गर्छन् : 'नेवार भाषामा बागमती उपत्यकाको नाम हो- स्वनिगः ।' २०७७ सालमा भक्तपुर नगरपालिकाले 'ख्वपः पहिचान' शीर्षक अन्तर्गत कक्षा-८ (आधारभूत तह)का लागि स्थानीय पाठ्यक्रम प्रकाशन गर्‍यो, जसमा काठमाडौँ उपत्यकालाई स्वनिगः भनी सम्बोधन भएको पाइन्छ । यता 'लायन्स क्लब अफ भक्तपुर स्वनिगः' छ भने 'स्वनिगः बचत तथा ऋण सहकारी संस्था लिमिटेड' पनि छँदै छ ।

'स्वनिगः' लाई प्रयोगमा ल्याउन खोज्ने अनुसन्धातामध्ये सुवेग बिजुक्छेँ पनि छन्, जसले 'स्वनिगः (काठमाडौँ उपत्यका)को भौगर्भिक इतिहास' शीर्षक अन्तर्गत विस्तृत ब्लग प्रकाशन गरेका छन् । संयुक्त राष्ट्रसङ्घको सांस्कृतिक अङ्ग युनेस्कोको भने एउटै प्रकाशनमा मात्र 'स्वनिगः विश्व सम्पदा क्षेत्र, नेपाः' लेखिएको दस्तावेज पाइन्छ, अनलाइन ।

भाषिक उत्पत्ति नियाल्दा यो खाल्डोको नामको हकमा 'काठमाडौँ उपत्यका' या 'काठमाडौँ भ्याली' नै जम्दै जाने देखिन्छ, औपचारिक र अनौपचारिक दुवै हिसाबले । मात्रै, 'नेपाल' ले पूरै देश चिनाउँदा, अहिलेसम्म 'काठमाडौँ उपत्यका' प्रयोगकै जित देखिन्छ, 'स्वनिगः' चाहिँ पछाडि परेको प्रतिस्पर्धी जस्तो । तर 'स्वनिगः' को वकालत वर्जित त छैन ।

भविष्यतर्फ नियालेर हेर्दा पूरै उपत्यकाको योजना विनाको भद्रगोल शहरीकरण माझ एकल नामको आवश्यकता टड्कारो देखिँदा या त यस खाल्डोलाई 'काठमाडौँ' को औपचारिकता दिनुपर्‍यो या त अर्को नाम सुझावका रूपमा राख्नुपर्‍यो । र, सुझाव यस्तो छः 'काठमाडौँ' ले पूरै उपत्यका थेग्न सक्दैन । कुनै नामले नयाँ आयाम र नयाँ आकाङ्क्षालाई समेट्नुपर्दछ, अन्योल र द्विविधा चिर्दै ।

'नेपाल' सम्बोधन सबैभन्दा सहज हो यस खाल्डोका लागि, तर यसलाई त पूरै देशले अङ्गीकार गरिसक्यो र यो विश्वव्यापी भई पनि सक्यो, तसर्थ शास्त्रीय अध्ययनमा

‘नेपालमण्डल’ भने पनि वर्तमान चलनचल्तीमा यो प्रयोग सम्भव भएन ।

भाषाको उत्पत्ति जनचासो र जनजिब्रोबाट आफैं बग्दै अघि बढ्छ । ‘सोसल इन्जिनीयरिङ’ गर्दै यही वा त्यही प्रयोग गर्नुपर्छ भन्ने कुरा होइन । तर एउटा सम्बोधनलाई नयाँले जितेका उदाहरण धेरै छन् । एक दिन ‘गौचर अन्तर्राष्ट्रिय विमानस्थल’ एक्कासि ‘त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल’ भनी घोषणा भयो पञ्चायतकालमा, र त्यही कायम भयो ।



पाटनमाथि हवाइजहाजबाट देखिने राजधानी उपत्यकाको वार-पार शहरीकरण ।

तस्वीर : रूपा जोशी

ऐतिहासिक भारतवर्ष हिन्दूस्तान वा उपमहाद्वीपलाई आज आएर ‘दक्षिणएशिया’ अथवा ‘साउथएशिया’ भन्न थालिएको छ, चलनचल्तीको नाम नभई नयाँ भूराजनीति र राष्ट्रिय सिमानालाई प्रतिबिम्बित गर्ने यो भूगोलमा आधारित एउटा आविष्कार नै हो । दक्षिणएशिया त एउटा नयाँ सम्बोधन नै रचेको भयो, जो जनजिब्रोमा छिर्दै गएको छ भने राजधानी उपत्यकाको हकमा त लोकभाकाको ‘स्वनिगः’ हामीसँग छँदै छ । भाषिक आत्मीयता र स्थानीयता यसले बोकेको छ, मात्र रह्यो बृहत् समाजमा यो सम्बोधनको चिनारी ।

## नाम र काम

कुनै फर्मान जारी गरी गरी ‘अबदेखि स्वनिगः प्रयोग गर्नू’ भनी गजेटमा छाप्ने भन्ने होइन, एउटा सुझाव दिनेसम्म हो, कि ‘स्वनिगः’ लाई सक्रिय बनाऔँ, यसले फाइदा नै गर्ला । नाम सही भयो भने कामलाई पनि सघाउला नै । पूरै उपत्यकाको नयाँ नामकरणलाई अहिलेका लागि थाती राखी यो शब्दलाई उपत्यकाव्यापी नयाँ क्रियाकलापलाई जनाउने गरी अगाडि बढाउन सकिन्छ । नयाँ र उर्लँदो शहरीकरण माझ नयाँ क्रियाकलापका लागि पुरानो शब्द ‘स्वनिगः’ चलाइन सक्छ ।

उदाहरण, व्यवस्थित शहरी सार्वजनिक यातायात नभएर उपत्यकावासीको नीदहराम छ, एकीकृत सेवा चाहिएको छ । व्यवस्थित परिवहनको खाका निर्माण, परिचालन र नियमन गर्न यातायात प्राधिकरणको तर्जुमा गरिएको छ, तर सङ्घीय, प्रान्तीय र स्थानीय सरकारबीच समन्वय र समझदारीको अभावमा प्रभावकारी हुन सकेको छैन । नाम नै अधकल्टो छ : ‘सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात परिषद्’ ले ‘शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण’ सञ्चालनको जिम्मा पाएको छ । उपलब्धि भने न्यून ।

संस्था चलायमान गर्ने कार्यलाई नामबाटै शुरू गरौँ ! पूरै उपत्यकालाई सेवा पुऱ्याउने, नियमन गर्ने यस संस्थालाई ‘स्वनिगः परिवहन प्राधिकरण’ किन नभन्ने ? ‘काठमाडौँ’ उपत्यका खानेपानी लिमिटेड (केयूकेएल)को ठाउँमा सीधै ‘स्वनिगः खानेपानी’ किन नभन्ने ? अहिले उपत्यकाका निर्वाचित नगरपालिका प्रमुखहरूको ‘मेयर्स फोरम’ भन्ने सञ्जाल छ । यसलाई ‘स्वनिगः

मेयर्स फोरम' भने कसो होला ? वायु प्रदूषणविरुद्ध उपत्यकाव्यापी युवालाई जागरूक बनाउने अभियान, चारभन्ज्याङभित्रका जङ्गल, सिमसार र स्कूल क्षेत्र संरक्षण गर्ने कार्य नै किन नहोस्, 'स्वनिगः' ले समेट्न सक्तछ। राजधानी उपत्यकालाई थपक्कन 'स्वनिगः राष्ट्रिय राजधानी क्षेत्र' पनि भन्न सकिन्छ।

यसरी केही कार्यमा 'स्वनिगः' प्रयोगमा आएमा र यल, ख्वपः, यें, अन्य शहर काँठ र नयाँ बस्तीमा जनता/नागरिकले रुचाए र अङ्गीकार गरे यो स्वस्फूर्त वारपार पूरै जनमानसको लवजमा स्थापित हुनेछ। यदि 'स्वनिगः' ले जनजिब्रो समेट्न सकेन भने हामी अहिले जस्तै रहिरहने नै छौं, 'काठमाडौँ उपत्यकावासी'।

अन्त्यमाः जसलाई हामी 'काठमाडौँ उपत्यका' भन्छौं, यो ठाउँको नाउँको उत्पत्ति न सरल छ न पूरै खाल्डो समेट्ने गरी ऐतिहासिक। काठमाडौँ शहर र राजधानी उपत्यका फरक हुन्। 'काठमाडौँ' ले यो २०x१५ मिलको 'नेपाल खाल्डो' लाई प्रतिनिधित्व गर्ने कुरै छैन, 'स्वनिगः' ले भने गर्ला कि ?

स्रोत : हिमालखबर,
२०८२ साउन ४

## चीनका प्राचीन नीतिकथा

### k|wfgdGqLsf]gflt / dGqLsf]gflt


एक जना प्रधानमन्त्रीको नाति ऐस आराममा डुबेर कंगाल भयो। दुई छाक खान पनि दुःख भयो। उधारो लिँदै खान थाल्यो। एक दिन उसले कसैसँग एक बोरा चामल उधारो लियो। चामल बोकाउने पैसा नभएकोले उसले आफैले बोकेर घर लैजान थाल्यो। तर केही पाइला हिँडेपछि ऊ थाक्यो।

त्यसै बेला उसले एक जना झुत्रो लुगा लाएको मानिस आउँदै गरेको देख्यो। उसले त्यो मानिसलाई अलिकति चामल ज्याला दिएर चामलको बोरा बोक्न लगायो। तर केही पर पुगेपछि त्यो मानिस पनि हिँडन सकेन। यो देखेर प्रधानमन्त्रीको नातिले भन्यो, 'म त प्रधानमन्त्रीको नाति भएकोले यो बोरा बोक्न सकिन। तर तिमी त गरिब मजदुर देखिन्छौ। तैपनि तिमी भारी बोक्न सक्ने रहेनछौ। कस्तो बेकामको मानिस रहेछौ !'

उसको कुरा सुनेर झुत्रो लुगा लाएको मानिसले जवाफ दियो, 'यसमा मेरो केही दोष छैन। म पनि त मन्त्रीको नाति हुँ।'

अनुवादः विनय कसजू


## बासिबियाँलो




क) दिइएको मिल्दो अङ्कलाई रेखा नकाटी जोड्नुहोस्। उत्तर यसै अङ्कमा दिइएको छ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नफिकी अर्को धर्को तान्नुहोस्।





**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ।**

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

ज्येष्ठ नागरिक हेरचाह तालिम सञ्चालनसम्बन्धी सूचना

प्रकाशित मिति : २०८२।०५।१९ गते

यस नगरपालिकाद्वारा आदर निकेतन सञ्चालनसम्बन्धी ज्येष्ठ नागरिक हेरचाह (जिरोयटिक) तालिम सञ्चालन हुने भएकोले सम्बन्धित इच्छुक नगरवासीहरूलाई तालिममा सहभागिताको लागि देहायबमोजिमको कागजातसहित १५ दिनभित्र सम्बन्धित वडा कार्यालय वा भ.न.पा.प्रशासन शाखामा आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

संलग्न गर्नुपर्ने कागजातहरू

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- एस.ई.ई. वा सो सरह उत्तीर्ण भएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
- १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

# संसद्‌मा नेमकिपा

## 'युवालाई वैदेशिक रोजगारीको नाममा विदेश पठाउनु विश्वव्यापीकरण होइन'

– प्रेम सुवाल

*साउन १९ गते बसेको प्रतिनिधिसभाको बैठकमा विश्व व्यापार सङ्गठनको मत्स्य उद्योगमा सहुलियतसम्बन्धी सम्झौतामाथि छलफल भयो। उक्त बैठकमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवालले राख्नुभएको मन्तव्यको सार–*




विश्व व्यापार सङ्गठनमा मत्स्य उद्योगमा सहुलियतसम्बन्धी सम्झौतामा समुद्रमा अवैध, असूचित र अनियमितरूपमा माछा मार्ने वा बढी दोहन भएका प्रजातिका माछा मार्ने वा यस्ता क्रियाकलापमा सघाउ पुर्‍याउन दिने अनुदान निषेध गरिने उल्लेख छ। सम्झौताबाट नेपालमा आयात गरिने माछालगायतका सामुद्रिक उत्पादनहरूको मूल्यवृद्धि भएमा देशभित्रको माछापालन व्यवसायलाई प्रोत्साहन पुग्ने पनि उल्लेख गरिएको छ। यी विषय विश्वव्यापीकरणसँगै जोडिएको भनिन्छ। तर, विश्वव्यापीकरणको अर्थ संसारको कुनै पनि भागको प्रविधिलाई नेपालले पनि उपभोग गर्न पाउने अधिकार हो। अर्थात्, विकसित देशको सामान नेपाललाई किन्न लगाउने, नेपालका युवालाई वैदेशिक रोजगारीको नाममा विदेश पठाउने विश्वव्यापीकरण होइन।

नेपाल सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य भएको हो। यो संस्थामार्फत औद्योगिक देशहरूले विकासमा पछाडि परेका देशहरूमा पूँजी लगानी गर्ने, विद्यालय र कलेज सञ्चालन गर्ने, युवालाई पनि सस्तो ज्यामी बनाएर वैदेशिक रोजगारीको नाउँमा कठिन, खतरा र फोहोर ठाउँमा काम गराउन लाने गरे। यो संस्थामा सदस्य भएपछि नेपालको कृषि उत्पादन कमजोर भयो र दाल, चामल, तरकारी, फलफूल, खाने तेल, गेडागुडीसमेत औद्योगिक देशबाट आयात भयो।

नेपाल सरकारले भएको सार्वजनिक संस्थान निजीकरणको नाममा बिक्री गर्नु र भारतबाट महँगोमा सामान र खाद्यान्न आयात गर्नु विश्वव्यापीकरण होइन। आफ्नो देशलाई आत्मनिर्भर बनाउनेतर्फ सरकार लाग्नुपर्छ।

विदेशमा युवा पठाएर देश विकास हुने भए आज अफ्रिकी देशहरू सबभन्दा बढी विकास हुने थिए। शताब्दी अगाडि युरोप र अमेरिकामा अफ्रिकी दासहरू धेरै लगिएको थियो।

पूँजीवादी देशमा हरेक दस दस वर्षमा आर्थिक सङ्कट हुन्छ। नेपालमा पनि अहिले कर्मचारीको तलब र पेन्सनको लागि सार्वजनिक ऋण लिनुपर्ने अवस्था भयो। कुनै पनि सम्झौता अनुमोदनपछि दुईचार वर्षमा नेपाल आत्मनिर्भर हुन्छ हुँदैन भन्नेतर्फ सरकार सचेत हुनुपर्छ।

समाजवादी देशमा उत्पादनका मुख्य मुख्य साधन र सेवा सरकार वा समाजको हुने हुँदा कर्मचारीको तलब वा पेन्सनमा समस्या हुँदैन। कोभिडको बेला समाजवादी देश डगमगिएन तर पूँजीवादी देशहरू आर्थिक सङ्कटमा परे।

नेपालले विश्व बैङ्क, एडीबी, आइएमएफलगायतसँग ऋण नलिई देशकै स्रोतसाधन परिचालन गर्नु जरुरी छ। तर, सरकारले बीआरआईसँग ऋण नलिने तर विश्व बैङ्क, एडीबी, आइएमएफसँग ऋण लिने काम विश्व व्यापार सङ्गठनको नीतिअनुसार गरेको हो। विश्व व्यापार सङ्गठनले साम्राज्यवादी देश र तिनका वित्तीय संस्था देशसँग मात्र ऋण लिन लगाउँछ। विश्व व्यापार सङ्गठनको सदस्य हुँदैमा नेपाली सुखी हुने ठान्नु हुन्न। विश्व बैङ्क, विश्व व्यापार सङ्गठन, आइएमएफ, एडीबी साम्राज्यवादको हात खुट्टाजस्तै हो। यिनीहरूले सहुलियतको ऋण र अनुदानको नाममा आफ्नो नङ्ग्रा फिँजाइरहेका हुन्छन्। सित्तैमा पाएको विष खाए पनि हुने भनेजस्तै विदेशीको ऋण र सहयोगमा नेपालको हित हुनेछैन। नेपाल सरकारले आफ्नो खुट्टामा उभिने आर्थिक बन्दोबस्त अगाडि बढाउन जरुरी छ।

# नेमकिपाका रचनात्मक प्रस्तावमा वाग्मती प्रदेश सरकारले गम्भीरता देखाओस् !

– सुरेन्द्रराज गोसाई

गत साउन २५ काठमाडौँ उपत्यका र देशका विभिन्न जिल्लामा गाईजात्रा सम्पन्न भयो। गाईजात्रा आठ दिन मनाइन्छ। सम्भवतः प्रदेश सरकारले त्यो सिलसिला जारी रहोस् भन्ने चाहना राखेको हाम्रो अनुमान हो। गाईजात्रामा हास्य, व्यङ्ग्य, विरोध सबै हुन्छ। गाईजात्रामा कोही मुख्यमन्त्री, कोही प्रधानमन्त्री भएर, राष्ट्रपति भएर अनेक–अनेक भएर निस्कन्छन्, हसाउँछन्, हाँस्छन्। साथै अनेक प्रहसन प्रस्तुत हुन्छन्। अब यहाँ पनि नयाँ–नयाँ मुख्यमन्त्री, नयाँ–नयाँ मन्त्रीको हामी अनुहार देख्दैछौँ। प्रदेशवासी या देशवासीलाई हँसाउन लागिरहेका छौँ कि ? के गर्न लाग्दैछौँ ? समयले बताउला। यो भागबन्डा, यो मोलमोलाइ, यो आदि इत्यादिको जात्रा अति भयो ! हामी प्रदेशलाई के दिँदैछौँ, देशलाई के दिँदैछौँ ? आत्मसमीक्षाको आवश्यकता छ।



यहाँ अनेक कुरा उठे। राणाहरूले पनि अनेक खालका दरबारहरू बनाएका थिए। पञ्चायतमा पनि पूर्व–पश्चिम राजमार्गदेखि लिएर अनेक–अनेक बने। तर, सरकार टिकेन। जनताको मन जित्ने र बहुसङ्ख्यक जनताको निम्ति काम नगर्दा ती सरकारहरू टिकेनन्। आज पनि यो गर्‍यौँ, त्यो गर्‍यौँ भनेर लिस्ट दिनु सामान्य कुरा हो। तर, जनताको आवश्यकता हामीले सम्बोधन गर्‍यौँ कि गरेनौँ ? मौलिक परिवर्तन हामीले दिन खोज्यौँ कि खोजेनौँ ? महत्त्वपूर्ण सवाल यही हो। पञ्चायतका पात्रले प्रजातन्त्रबारे पाठ पढाउने यो दिन कसरी आयो ? प्रजातन्त्रका निम्ति लडेकाहरू, गणतन्त्रका निम्ति लडेकाहरूले त्यो सिंहावलोकन गर्नुपर्ने आवश्यकता छ कि छैन ? यो पनि हाम्रो सवाल हो। हामीले बारम्बार घच्घच्यायौँ पनि।

यो आठ वर्षमा हामीले ६ वटा सरकार पायौँ। के त्यसरी अङ्कगणितको हिसाबले बढाउँदै जाने ? चर्चा चल्यो, आठ वर्षमा ९० मन्त्री ! वाग्मती प्रदेश सभाका १ सय दशमध्ये ९० मन्त्री भइसके ! के अझ माथि पुर्‍याउने ? यही हो जनताको पक्षमा हामीले काम गरेको ? यो पनि गम्भीर आत्मसमीक्षाको विषय हुनसक्छ।

आठ वर्ष लगाएर यो सभा भवन हामीले बनायौँ। के हाम्रो बहादुरी यही हो ? के यो ढिलासुस्तीको अर्को प्रमाण या प्रतिमा होइन ? यो समीक्षा आवश्यक छ कि छैन ? यसको वास्तुकलाको पक्ष या वस्तुको उपयोगिताको विषयमा हामीले गम्भीरतापूर्वक छलफल गर्ने कि नगर्ने ? वाग्मती प्रदेश मौलिक वास्तुकलाको केन्द्र होइन ? वास्तुकला र वास्तुशास्त्रको हिसाबले हामी कहाँ छौँ ? कसरी बनायौँ ? आर्किटेक्टहरूको नजरमा हामी सफल भयौँ या कस्ता भयौँ ? यो पनि एउटा गम्भीर आत्मसमीक्षाको विषय हुनसक्छ। नेपाली वास्तुकलाको उपहास गर्‍यौँ कि उपयोग गर्‍यौँ ? अरनिकोहरू जन्माएको वाग्मती प्रदेश, यो काठमाडौँ उपत्यकामा बसिरहँदा हामीले चिन्तन मनन गर्न आवश्यक छ।

नेपाल मजदुर किसान पार्टी लामो समयदेखि संसद्मा छ। केन्द्रीय संसद् र वाग्मती संसद्मा पनि रचनात्मक भूमिका निर्वाह गर्दैछौँ। नेपाल मजदुर किसान पार्टीले देश र जनताको पक्षमा निःस्वार्थपूर्वक सेवा गर्न हामी अगाडि बढ्दैछौँ। दुईदलीय तानाशाही व्यवस्थाको खतरा आजको होइन। आजभन्दा २५ वर्ष अगाडि नेमकिपाले औँल्याएको थियो। आज फेरि पनि देश दुईदलीय तानाशाहीतर्फ उन्मुख छ। यो प्रजातन्त्रमाथिको हमला हो या होइन ? गणतन्त्रमाथिको खतरा हो कि होइन ? फेरि पनि यो यक्ष प्रश्न खडा छ।

जनताको तर्फबाट नेपाल मजदुर किसान पार्टीले संसद्मा रचनात्मक भूमिका निर्वाह गर्दै छ। नेमकिपा कहिले सत्ताको फोहोरी खेलमा संलग्न भएन; हुने छैन। जनताको हितको सवालमा कहिले पनि नेपाल मजदुर किसान पार्टी पछि हट्दैन; हट्ने छैन। अब म केही प्रस्ताव र सुझावहरू राख्न चाहन्छु :

१) मुख्यमन्त्री र मन्त्रीहरूले मन्त्री पद सम्हालिरहँदा आफूले विगतमा संसद् र बैठकहरूमा व्यक्त गरेका रेकर्डहरू सुन्नुहोला ।

२) निर्वाचनको क्रममा जनतासमक्ष गरिएका वाचा तथा प्रतिबद्धता पुनः पढ्नुहोला ।

३) आ–आफ्नो दलको निर्वाचन घोषणापत्र दोहोऱ्याएर अध्ययन गर्नुहोला ।

४) विदेशीको पैसा नखाएका तथा तलब नलिएका विषय विज्ञहरूको सल्लाह सुन्नुहोला ।

५) मितव्ययिता अपनाउँदै अपव्ययबाट प्रदेशलाई जोगाउनु होला र भ्रष्टाचारीको सारथी वा रक्षक नबन्नुहोला ।

६) जेठ–असार महिनामा मात्र कुल बजेटको करिब ६०–७० प्रतिशत खर्च गर्ने परम्परा हटाऔँ ।

७) ऋण लिएर प्रदेश या देशको विकास गर्ने सोच अब कमसेकम त्यागौँ ।

८) फागुन–चैत महिनाभित्रै नयाँ बजेटबारे महत्त्वपूर्ण छलफल, अन्तरक्रिया तथा अभ्यास गरौँ र पुरानो बजेटको समीक्षा गरौँ ।

९) प्रदेश सरकार र मातहतका कार्यालयले प्रदेशभित्र उत्पादित वस्तुको प्रयोग अनिवार्य गरौँ र नीतिगत रूपमै स्वदेशी उत्पादनलाई पहिलो प्राथमिकतामा राखौँ ।

१०) अगाडि बढेका या नमुना पालिकाका अभ्यास तथा उपलब्धिबारे तत्तत् ठाउँमा पुगी अध्ययन–अन्तरक्रिया गरौँ ।

११) सहकारी पीडित प्रदेशवासीका समस्या समाधानमा ध्यान देऔँ र सहकारीका आर्थिक अपराधीहरूलाई बिना भेदभाव दण्ड दिई तिनको घै–घरानाबाट असुल गराऔँ र तिनको राहदानी जफत गरौँ ।

१२) १३ वटा जिल्ला र ११९ पालिकाका विद्यार्थीहरूले आ–आफ्नै जन्मस्थानमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरण तयार गरौँ र रोजगारीको बन्दोबस्त गरी गाउँ खण्डहर हुनबाट जोगाऔँ ।

१३) हेटौडा र आसपासको कुनै उपयुक्त क्षेत्रमा मेडिकल कलेज खोली नयाँ काम सुरू गरौँ ।

१४) काठमाडौँ उपत्यकापछि हेटौडालाई सुन्दर नगरीका रूपमा विकास गरौँ र हेटौडालाई प्रदेश राजधानीको रूप देऔँ र सोही स्तरको सडक निर्माण गरौँ ।

१५) साना तथा मझौला उद्योगहरू सञ्चालनलाई प्राथमिकतामा राखौँ र घरेलु उद्योग तथा कुटीर व्यवसायमार्फत अर्थतन्त्रलाई लयमा फर्काउन प्रतिबद्ध भएर लागौँ ।

१६) जिल्ला–जिल्लाका अस्पताललाई आधुनिक स्वास्थ्य उपकरणले सुसज्जित बनाऔँ र त्यसका निम्ति दक्ष जनशक्ति तयार गरौँ ।

१७) जिल्ला–जिल्लाका स्कूल–कलेजमा यथोचित ध्यान पुऱ्याऔँ र तिनको दिगो विकासमा जोड देऔँ ।

१८) राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतीकरणले सीमा नाघ्यो । थोरै नैतिकता अझै बाँकी छ भन्ने सन्देश देऔँ ।

१९) पहिला पहिला चोरहरू मन्त्री बन्दैनथे । एक कविले लेखेको कविताको अंश हो । यसलाई वर्तमानकालमा रूपान्तरण गर्ने जिम्मा काँधमा बोक्ने साहस गरौँ ।

२०) लोकतन्त्र र गणतन्त्रको नाउँमा शोषक, भ्रष्टाचारी, पक्षपातीहरू सत्तामा पुगे भनी जनता आक्रोश व्यक्त गर्छन् । अब कोही त अपवाद बनौँ ।

२१) भाषा–कला–संस्कृति–सम्पदामा वाग्मती प्रदेश वैभवशाली छ । यसको संरक्षण गर्नु वाग्मती प्रदेश सरकारको दायित्व हो । लोप भएका सम्पदा पुनःनिर्माण गर्न आवश्यक छ । जीर्ण सम्पदाको जीर्णोद्धारमा प्रदेशले सहकार्य तथा समन्वय गर्न आवश्यक छ ।

२२) तीज–दशैँ–तिहार आउँदै छ । महँगी बढ्दै छ । हाम्रो प्रदेशसँग उत्तरतिर जोडिएका कोदारी र केरूङ नाका बन्द छन् । नाका बन्द राख्न अर्को शक्ति चलायमान हुनु र चलखेल हुनु दुर्भाग्यपूर्ण छ । ती नाका खोल्न प्रदेश सरकारले पनि आवश्यक समन्वय गरोस् र देश र प्रदेशलाई जे हित हुन्छ, त्यो गरौँ ।

२३) गठबन्धनका दुई वटै दल समाजवादमा सहमत भएको बताउँछन् । समाजवाद भनेको नारा होइन बहुसङ्ख्यक कामदार जनताप्रतिको बफादारिता, प्रतिबद्धता र प्राथमिकता हो । गरीबीबाट उन्मुक्ति हो । शोषण, अन्यायको अन्त्य हो । आर्थिक समानता र न्यायमा आधारित बन्दोबस्त हो । आत्मनिर्भर अर्थतन्त्रको विकास हो । शिक्षा–स्वास्थ्यको निःशुल्क बन्दोबस्त हो । उत्पादनका साधनमा सामुहिक स्वामित्व हो । सभ्य, सम्पन्न र शान्त–सुन्दर समाजको निर्माण हो । के गठबन्धनका दलहरू यसबारे स्पष्ट छन् ? समाजवादको टोपीको आकार–प्रकार थप बिगार्ने दुष्ट कर्म रोकौँ ।

यी विषयमा संवेदनशील एवम् जिम्मेवार नबनी राजनीतिलाई पदीय खेल, शुभलाभको व्यापार, ढाँट र छलको जात्रा तथा इमान लिलामीमा राख्ने मेला बनायौँ भने त्यसको तमाम प्रतिफल शासकहरूले बेहोर्नुपर्ने छ । इतिहासको कठघरामा उभ्याइने छ ।

पानी, आगो र राजनीतिसँग कसैले जिस्किने मूर्खता नदेखाओस् ।

जो आगोसँग खेल्छ आगोमै मर्छ । जो पानीसँग खेल्छ पानीमै मर्छ ।

अन्त्यमा, विश्वासको मतको सन्दर्भमा बहुसङ्ख्यक प्रदेशवासीको भावना र हाम्रो संसदीय दलको निर्णयबमोजिम नेमकिपा तटस्थ बस्छ ।


(वाग्मती प्रदेश सभामा नेका र एमालेको गठबन्धन सरकारले राखेको ***विश्वासको मतको प्रस्ताव***बारे गत साउन २७ गते भएको छलफलमा भाग लिँदै नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले राख्नुभएको मन्तव्य । विश्वासको मतको पक्षमा ६३, विपक्षमा २२ र तटस्थ ७ रह्यो ।)

# प्रदेशको कुरूप बजेटमा शासक दलहरूको अनुहार प्रस्ट देखियो

– सृजना सैंजू

बजेट विनियोजनको एउटा डरलाग्दो पाटो एनजीओ/आईएनजीओको निम्ति मोटो बजेट छुट्टिनु हो । सामाजिक मन्त्रालयको ५० प्रतिशतभन्दा बढी बजेट एनजीओका लागि खन्याइएको छ । USAID अलमल भएपछि अर्थात् डलर (विदेशी पैसा) आउने केही बाटा बन्द भएपछि अब शासक दलका एनजीओहरूलाई वाग्मती प्रदेशले पाल्न खोजेको हो ?

वास्तवमा नेपालको साँचो कामदार वर्गीय आन्दोलनहरू,



प्रजातान्त्रिक तथा जनताको आन्दोलनलाई कमजोर बनाउने एनजीओ/आईएनजीओ नै हुन्, राजनीतिक विश्लेषकहरूको यही भनाइ छ । कुन शासक दलको कति एनजीओ छन् भन्ने तथ्याङ्क त केही समयअघि सार्वजनिक भएकै हो, एउटै दलको हजारौँ हजार एनजीओ भएकोबारे हामी अवगत छौँ । जनता भन्दै छन् – शासक दलहरूलाई त एनजीओ/आईएनजीओले चलायो, चलायो । के अब प्रदेश सरकारलाई पनि एनजीओ/आईएनजीओले चलाउने नीतिगत प्रवेश पत्र बजेटमार्फत दिन खोजिएको हो ?

हामीलाई थाहा छ, एनजीओ/आईएनजीओ कुनै देशमाथि साम्राज्यवादी, विस्तारवादी हस्तक्षेप या 'हाइब्रिड युद्ध' को हतियार पनि हो । त्यसकारण बजेट या राजनीतिक दस्तावेजबाटै जनताको पैसा एनजीओ/आइएनजीलोलाई खन्याउनु गलत छ । तसर्थ, विनियोजन विधेयकमा यससँग सम्बन्धित सम्पूर्ण शीर्षकहरू हटाइयोस् ।

यहाँ महिलाहरूको सशक्तीकरणको लागि थुप्रै तालिम–भ्रमणमा मोटो रकम विनियोजित छ । महिलाहरूको साँचो सशक्तीकरण तब हुन्छ जब राज्यले महिला तथा बालबालिकाको शिक्षा, स्वास्थ्यमा पूर्णरूपले ध्यान दिन्छ, जब मातृ स्वास्थ्य नि:शुल्क हुन्छ, जब स्तन तथा पाठेघरको क्यान्सर उपचार नि:शुल्क गर्ने प्रयास हुन्छ । टोलटोलमा ५ वर्षमुनिका केटाकेटीलाई आधुनिक शिशुस्याहार केन्द्र, डे केयरको व्यवस्थाले कामकाजी महिलालाई सहज हुन्छ, राहत मिल्छ । ज्येष्ठ नागरिकलाई आदरनिकेतनको बन्दोबस्तले मात्र कामकाजी छोरीबुहारीलाई श्रमशक्तिको रूपमा विकास गर्न सकिन्छ । आजको समयका लागि महिला सशक्तीकरण भन्नु यही हो । यतातर्फ प्रदेश सरकार जिम्मेवार देखिन्न । बलात्कार र सम्पूर्णखाले महिला हिंसा, कुरीति, अन्धविश्वासविरुद्ध कडा दण्ड या सजायको व्यवस्था आवश्यक छ न कि हिंसापछिको 'सुरक्षा घर' । 'मृत्युपछि ओखती' को मानसिकता खेदपूर्ण छ ।

सहकारीलाई उत्पादनशील क्षेत्रसँग नजोडी जिल्ला सङ्घका भवन निर्माणको लागि बजेट विनियोजन हुनुले परिणाम के होला ? साकोसहरूलाई बैङ्कको अर्को रूप बनाउने तयारी ऐनबाटै हुनु गलत छ । सामाजिक सेवा क्षेत्रमा साकोसहरूको दायित्व या लगानीको आधार बजेटले दिएन ।

बजेटमा सान्है टुक्रे या खुद्रा योजना छन् । प्रदेश तहबाट चालु खर्चबाहेक ५० लाखमाथिको योजनामा प्राथमिकता दिन आवश्यक छ । कनिका छराइले विकास सम्भव हुँदैन । भौतिक पूर्वाधार मन्त्रालयमा सबैभन्दा बढी बजेट विनियोजन

भएको छ, झन्डै ५० प्रतिशत। योजना भने फलानो घरबाट फलानो घरसम्मको बाटो, सम्भाव्यता अध्ययन र डीपीआरको शीर्षक कति ? यसलाई बजेटको 'डिपार सिन्ड्रोम' भन्न मिल्ला। एउटै शीर्षकमा दोहोरो– तेहोरो बजेट विनियोजन हुनु कसको कमजोरी ? यतिमात्र होइन अधिकांश मन्त्रालयअन्तर्गत तालिमै तालिम, अभिमुखीकरण, अध्ययन भ्रमणका शीर्षक कति हो कति। खुद्रा योजनाको थुप्रोले क्षेत्रीय आवश्यकता र प्राथमिकता छापेको या ओझेलमा परेको बजेट हो यो। यो बजेटले प्रदेशको बाँकी इज्जतसमेत धमिलो पार्ने निश्चित छ।

यो कुरूप बजेटमै शासक दलहरूको अनुहार प्रस्ट देखिन्छ। त्यसकारण, बजेट, बजेट विनियोजनको विरोधस्वरूप खर्च कटौतीको प्रस्ताव राखेका छौँ।

(वाग्मती प्रदेश सभामा प्रस्तुत **'विनियोजन विधेयक २०८२/२०८३'** माथि असार २३ गते भएको खर्च कटौतीको प्रस्तावसम्बन्धी छलफलको क्रममा नेपाल मजदुर किसान पार्टीका सांसद सृजना सैँजूले व्यक्त गर्नुभएको मन्तव्य।)

## किसानको देशमा कृषि आय कर, कृषि सेवा शुल्क उठाउनु गलत

'कर' राज्यको साँचो आम्दानी हो या होइन अब बहस या छलफलको विषय हो। करको भरले प्रदेशलाई थेग्छ–थेग्दैन अर्को प्रश्न हो। जनतालाई त तीन तहमै करको डाम्लोले बाँधेकै छ। प्रत्यक्ष होस् या अप्रत्यक्ष कर– यसको भार विभिन्न स्वरूपमा (वस्तुको मूल्यवृद्धिको स्वरूपमा पनि) जनताकै ढाड सेकेको छ।

आश्चर्यको कुरा त, किसानको देशमा कृषि आय कर, कृषि सेवा शुल्कको व्यवस्था अर्थविधेयकमार्फत नै गरिएको छ। यो प्रगतिशील कर प्रणालीविपरीत छ। ग्रामीण विकासलाई जोड दिनुपर्ने आजको समयमा किसान मार्ने नीति अर्थविधेयकमार्फत आयो भन्नु अतिशयोक्ति हुँदैन। खाद्यान्नमा परनिर्भर देशले साधारण किसानमाथि कर लगाउनु अनुचित छ। किसानलाई त सहुलियत दिइनुपर्छ। विश्वमा किसानलाई पेन्सन दिने देश पनि छन्।

आम्दानीको स्रोत या उपाय उत्पादन वृद्धि नै मात्र हो। आम्दानीको हतियार– पहिलो उत्पादन, दोस्रो उत्पादन र तेस्रो पनि उत्पादन नै हो। कृषिमा Lump sum या या व्यक्तिगत दुइटै कर गलत हो। अर्थतन्त्रमा अगाडि बढेका विश्वका अधिकांश देशले कृषि कर खारेज गरी कृषि अनुदानको बाटोमा कर प्रणाली रिफर्म या सुधार गरेको देखिन्छ। कृषि उत्पादनमा Value add अर्थात् मूल्य अभिवृद्धि गर्ने उद्योगलाई बल्ल करको दायरामा ल्याइन्छ।

नेपालको हकमा किसानलाई सहुलियत, कृषिमा आधुनिकीकरणका लागि कृषि उपकरण, ज्यावल प्रदेश सरकारले व्यवस्था गर्नु जरुरी छ। त्यतिमात्र होइन बीउबिजन ,सिँचाइ, मलखाददेखि भूमिसँग जोडिएको किसान समस्या समाधान जरुरी छ।

प्राकृतिक स्रोत साधन दोहनमार्फत प्राप्त करलाई राजस्व मान्न सकिन्छ र ? अनवीकरणीय प्राकृतिक स्रोत – माटो, गिटी, बालुवा, ढुङ्गा, रित्तिँदै छ। यी कच्चा पदार्थ सस्तोमा या अनधिकृत रूपमा ट्रकका ट्रक निर्यात गरेर प्रदेश धनी बन्न सक्छ भन्ने कस्तो मानसिकता हो केन्द्र या प्रदेश सरकारको ? उपत्यकाको उदाहरण लिऔँ, चारैतिरको हरियो डाँडा उपत्यकाको कवच जत्तिकै हो। त्यहाँ वन फँडानी गरी प्लटिङ हुँदै छ, अव्यवस्थित सहरीकरण हुँदै छ। प्रदेश भने त्यही घरजग्गा रजिस्ट्रेसनको नाममा कर उठाउँदै छ। पर्यावरणीय जोखिमको मूल्यमा, ध्वंश र अस्तव्यस्तताको मूल्यमा आर्जन भएको पैसाले देश या प्रदेश कसरी धनी हुन सक्छ ? कर प्रणालीमा त्यसकारण पुनर्विचारको आवश्यकता छ।

यहाँ कर सिद्धान्तले सङ्घीयता मानेको छैन। करको मामिलामा स्थानीय तहलाई स्वायत्त र विकेन्द्रीकृत बनाउनुपर्ने हो। प्रदेशले स्थानीय तहमा हस्तक्षेप नगरी उत्पादनको आफ्नै आधार निर्माण गर्नुपर्ने हो। त्यो उपाय प्रदेशको अगुवाइमा औद्योगिक सहरहरूको निर्माण हुन सक्छ। के शासक दलसँग भिजन नभएकै हो ?

यातायात मन्त्रालयअन्तर्गत हचुवा तालमा गरिएको कर छुट या मिनाहा के उपयुक्त छ ? के यसले प्रदेशलाई हित गर्छ ? केही व्यक्ति, समूहको स्वार्थपूर्ति गर्ने तर राज्यकोषलाई कमजोर पार्ने काम के गलत होइन र ?

चुहावटहरू रोक्नु आजको सन्दर्भमा सबैभन्दा ठूलो चुनौती हो। कर छलीको आतङ्कले सीमा नाघ्दै छ। ती आर्थिक अपराधमा बाघदेखि स्यालहरूसम्मको संलग्नताबारे बरोबर चर्चा चल्छ। यतातर्फ पनि प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गर्दछौँ।

(वाग्मती प्रदेश सभामा प्रस्तुत **'अर्थ विधेयक २०८२/२०८३'** माथि असार २३ गते भएको छलफलको क्रममा नेपाल मजदुर किसान पार्टीका सांसद सृजना सैँजूले व्यक्त गर्नुभएको मन्तव्य।)

# के सरकार जघन्य अपराधीहरूलाई माफी दिन सक्ने कानुन बनाउँदै छ ?

विवेक

जघन्य अपराधमा दोषी ठहर भई अदालतबाट अन्तिम फैसला भई जेलमा बसिरहेका जोसुकैलाई राष्ट्रपतिले आममाफी दिन सकिने गरी सरकारले संसद्‌मा विधेयक पेश गर्ने तयारी गरेको समाचार बाहिरिएको छ। १३ साउनको कान्तिपुर लेख्छ –'सरकारले गम्भीर अपराधमा दोषी ठहर भएका व्यक्तिलाई आममाफी दिन कानुनबाटै उक्त सूची र प्रावधान नै हटाएर संशोधनसहित विधेयक संसद्‌मा पेश गर्ने तयारी थालेको छ।' हाल उक्त प्रावधानसहितको विधेयक कानुन मन्त्रालयले मन्त्रिपरिषद्‌मा पेश गरेको र मन्त्रिपरिषद्‌ले विधेयक समितिमा पठाएको समाचारमा जनाइएको छ।

शासक दलका नेता कार्यकर्ताहरू विभिन्न मुद्दाहरूमा दोषी ठहर भई कति जेलमा छन् भने कतिपय जेल जाने क्रममा छन्। विगतमा भएका अपराधहरूका कारण नेताहरू जेलमा जाने क्रम बढ्न थालेपछि राष्ट्रपतिबाट माफी गर्न सक्ने अधिकारलाई व्यापक बनाउन खोजिँदैछ। हाल प्रस्तुत विधेयक मस्यौदाको प्रमुख उद्देश्य त्यही देखिन्छ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल पतञ्जली जग्गा प्रकरणमा अहिले अख्तियारले दर्ता गरेको भ्रष्टाचार सम्बन्धी मुद्दाको तारेखमा छन्। पूर्वमन्त्रीहरू बालकृष्ण खाँण र टोपबहादुर रायमाझी भुटानी शरणार्थी काण्डमा र कृष्णबहादुर महरा सुन काण्डमा अदालती कारबाही भोगिरहेका छन्। राम्ररी छानबिन गर्ने हो भने विभिन्न काण्डहरूमा थुप्रै नेता र मन्त्रीहरू जेल जान सक्ने सम्भावना छ। बाबुराम भट्टराई ललिता निवास प्रकरण, केपी ओली गिरिबन्धु टि स्टेट प्रकरण, प्रचण्ड नक्कली लडाकु प्रकरण, आरजु देउवा भुटानी शरणार्थी प्रकरणलगायत जोडिँदै जाने हो भने त्यस्ताहरूको लामो सूची नै बन्ने छ । राम्ररी अनुसन्धान गर्ने हो भने अधिकांश शासक दलका नेताहरू जेल जाने पक्कापक्की जस्तै छन्। ती नेताहरू भोलि जेल परेकै अवस्थामा पनि राष्ट्रपतिबाट माफी पाएर छुट्न अहिलेदेखि कसरत गर्न थालेका देखिन्छन्।

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ ले निश्चित प्रकारका अपराधहरूमा दोषी ठहर भएका व्यक्तिहरूलाई आममाफी दिन नमिल्ने व्यवस्था गरेको छ। ऐनको दफा १५९ मा अदालतले फैसला बमोजिम ठेकिएको सजायँ पाएको व्यक्तिले सो सजायँ माफी पाउन, मुलतबी राख्न, परिवर्तन गर्न वा कम गर्न गृहमन्त्रालयमार्फत राष्ट्रपति समक्ष निवेदन दिन सक्ने र उपदफा (३) मा आवश्यक कारबाहीको लागि गृहमन्त्रालयमा पठाएमा सो मन्त्रालयले निजलाई भएको सजायँ माफी गर्न, मुलतबी राख्न, परिवर्तन गर्न वा कम गर्न नेपाल सरकारमार्फत राष्ट्रपति समक्ष पेश गर्न सक्ने व्यवस्था छ ।

तर उपदफा ४ मा भने *'उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भए पनि भ्रष्टाचार, यातना, जबरजस्ती करणी, क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विष्फोटक पदार्थ, अपहरण, शरीर बन्धक वा बेपत्ता पारेको, मानव बेचबिखन वा ओसारपसार, सम्पत्ति शुद्धीकरण र तीन वर्षभन्दा बढी कैद हुने लागू औषधको कारोबार र ओसारपसारसम्बन्धी मुद्दामा कसुरदारलाई भएको सजाय माफी गर्ने, मुलतबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने गरी सिफारिस गर्न सक्ने छैन'* भन्ने उल्लेख गरिएको छ। सरकारको सबभन्दा बढी टाउको दुखाइको विषय पनि यही हो। यो २०७५ भदौ १ गतेबाट लागू भएको कानुन हो। यसलाई खारेज गर्न अहिले सरकारमा रहेका दलहरू र प्रमुख प्रतिपक्ष दलसमेत एक भएर लाग्दैछन्।

मुलुकी फौजदारी कार्यविधि (संहिता) २०७४ अरू कसैले बनाएको नभई हालकै शासक दलहरू नेका, एमाले र माओवादीहरू मिलेर बनाएका हुन्। कानुन निर्माण गर्दा यस विषयमा किन सोच्न सकेनन् ? वास्तवमा अधिकांश कानुनको मस्यौदाको पहिलो प्रति विदेशीहरूले उनीहरूकै पैसा खर्च गरी विभिन्न गैरसरकारी वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (एनजीओ वा आइएनजीओ)हरूले बनाइ दिने गरेको जानकारहरू बताउँछन्। उनीहरूले तयार गरेर सरकारलाई पठाएको विधेयक नै नेपालको संसद्‌मा सामान्य छलफल गरेको नाटक गरी पारित गर्ने गरेको उनीहरूको दाबी छ। उनीहरूको भनाइ छ– मालिकहरू सामु कसैको बोल्ने आँट भएन। अब आफैलाई पोल्न थालेपछि त्यो खारेज गर्नुपर्ने आवश्यकता महसुस गरे होलान्।

कानुनमा स्पष्ट व्यवस्था हुँदाहुँदै नेपाल सरकारले त्यसको विपरीत २०७२ सालमा दिनदहाडै खुँडा प्रयोग गरेर चेतन मानन्धरको हत्या गर्ने रिगल (योगराज ढकाल) र बुटवलमा दाजुको हत्या गर्ने सुजन कोइरालालगायतलाई राष्ट्रपति रामचन्द्र पौडेलले बाँकी कैद माफी गरी छाडेका थिए। पत्नी हत्याका

आरोपी डिआइजी रञ्जन कोइरालाको सर्वोच्च अदालतले कम सजायँ गरेकोमा पछि त्यसलाई उल्टाएर सर्वश्वसहित जन्मकैदको सजायँ सुनाइएको छ ।

अपराध नियन्त्रणका लागि कानुन महत्त्वपूर्ण हतियार हो । अहिलेको अवस्थामा कानुनबिनाको समाज व्यवस्थित रूपमा चल्न सक्दैन वा अराजक हुन्छ । मानिसले जति ठूलो अपराध गर्छ, कानुनमा त्यति नै ठूलो सजायँको व्यवस्था गरिएको हुन्छ । समाजमा सुशासन कायम गर्न कडा कानुनको आवश्यकतामात्र होइन, अपरिहार्य नै छ ।

शासक दलहरू आफ्ना प्रतिपक्षी दलहरूलाई विभिन्न आरोपहरूलगाई जेलमा थुन्न सक्छन् । शासन सत्ता जोगाउन प्रतिपक्ष दलका नेता कार्यकर्ताहरूलाई हत्या, बलात्कार, आगजनी, तोडफोडजस्ता फौजदारी मुद्दाहरूमा फसाउन सक्छन् । अपराधको प्रकृति हेरेर राजनैतिक कारणबाट भएका जनविद्रोह वा सत्ता पलटका उद्देश्यका साथ भएका घटनाहरूमा संलग्न भएकाहरूलाई राजबन्दीकै सरह व्यवहार गरी प्रक्रिया पुऱ्याई माफी दिने बन्दोबस्त गर्नु अनुचित भने होइन ।

तर डाडू पन्यू आफ्नो हातमा छ भन्दैमा जुनसुकै अपराधमा संलग्न व्यक्तिहरूलाई समेत बाँकी कैद माफ गर्नु कानुन, न्याय र संवैधानिक कुनै पनि दृष्टिले उचित हुँदैन । समाजमा शान्तिपूर्ण तरिकाले परिवर्तन नहुने देखिएमा क्रान्तिकारीहरू हतियारको भरमा परिवर्तन गर्ने कोसिस गर्छन् । त्यस्तोमा सफल नै हुन्छन् भन्ने छैन । असफल भएको अवस्थामा सबका सब जेल जान्छन् । त्यस्तो बेला शासकहरूले हत्यालगायत विभिन्न आरोप लागाउने गर्छन् । विद्रोहमा हत्या हिंसा हुनु त स्वभाविक हो । तर त्यो कुनै व्यक्ति विशेषको जस्तो फौजदारी अपराधभन्दा निकै फरक विषयको रूपमा लिनुपर्ने हुन्छ ।

आममाफीको व्यवस्था नभई दिएको भए राणाशासन र पंचायती व्यवस्थाको विरोधमा आन्दोलनमा उत्रेका धेरै नेता कार्यकर्ताहरू जेलमै सड्ने थिए । अहिले पनि शासन व्यवस्थाविरुद्ध आवाज उठाउनेहरूलाई विभिन्न मुद्दाहरूमा फसाइने गरिएको छ । त्यस्ता समाज परिवर्तनका लागि काम गरेकाहरूलाई व्यक्तिगत मुद्दाभन्दा फरक ढङ्गले राज्यले सम्बोधन गर्न सक्ने व्यवस्था हुनु जरुरी छ । विप्लव समूहका धेरै नेता कार्यकर्ताहरूको विरुद्ध मुद्दा दर्ता गरेको र १० वर्षसम्म सशस्त्र सङ्घर्ष गरेका माओवादी नेता कार्यकर्ताहरूको नाउँमा वारेन्ट जारी भएका थुप्रै घटनाहरू छन् । ती राजनैतिक प्रकृतिका घटनाहरूलाई राजनैतिक रूपमै सम्बोधन गर्ने कानुनी प्रावधान आवश्यक छ ।

कानुन निर्माण गर्ने बेलामा आममाफीको प्रश्नमा सरकारले सिफारिस गर्ने बित्तिकै राष्ट्रपतिले गर्नैपर्ने बाध्यात्मक अवस्थामा राख्नु उचित हुँदैन । राष्ट्रपतिलाई मुद्दाको अध्ययनको लागि समय दिइनुपर्छ । राष्ट्पतिलाई उपयुक्त नलागेको अवस्थामा अस्वीकार गर्न सक्ने व्यवस्था गरिनुपर्छ । त्यस्तो अधिकार राष्ट्रपतिसँग भएको भए रिगल र सुजन कोइरालाजस्ता व्यक्तिहरूले सजायँ माफी पाउने थिएनन् कि ?


अहिले माओवादीहरूको ओरालो लाग्ने क्रम जारी छ । सशस्त्र सङ्घर्षबाट शान्ति प्रक्रियामा आएका माओवादी नेता कार्यकर्ताहरूको टाउकोमा धेरैवटा मुद्दाहरू छन् । २०६४ सालको संविधानसभा निर्वाचनमा एक्लै लडेर २२९ सांसद जित्ने हैसियत राख्ने माओवादी २०७० मा ८३ र पछिल्लो २०७९ मा ३२ सांसदमा सीमित हुन पुग्यो । निरन्तर नेका र एमालेसँगको सरकारमा सहकार्य गरेको झन्डै दुई दसक बितिसक्यो तापनि सत्य निरूपन तथा मेलमिलाप र बेपत्तासम्बन्धी कानुन निर्माण गर्न सकेका छैनन् । उनीहरू अहिले झन्झन् ठूलो सङ्कटमा फस्दै छन् । माओवादी बलियो भएकै अवस्थामा सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माण गर्न प्राथमिकतामा राखेको भए धेरै हदसम्म उनीहरूको मुद्दा सम्बोधन हुने थिए । अहिले नेका र एमालेको सरकार छ । माओवादी तेस्रो दल, त्यसमा पनि प्रतिपक्षमा छ । यो माओवादीका लागि अत्यन्त प्रतिकूल अवस्था हो । त्यतिबेला मारिने अधिकांश मान्छेहरू नेका र एमालेकै थिए । नेका र एमाले बलियो शक्तिको रूपमा उडाइसकेको अवस्थामा उनीहरूले आफ्नो अनुकूल कानुन निर्माण गर्ने कोसिस गर्नेछन् ।

द्वन्द्वकालका हरेक मुद्दालाई व्यक्तिगत मुद्दाको रूपमा अगाडि बढाइएमा आश्चर्य मान्नुपर्ने छैन । त्यो स्थिति आयो भने प्रचण्ड, बाबुराम, वैद्य, विप्लव र उनका विभिन्न समूहमा विभाजित कोही नेता र कार्यकर्ताहरू सुरक्षित हुने छैनन् । शासन सत्ता भनेकै एउटा वर्गले अर्को वर्गलाई दबाउने हतियार हो ।

मुलुकी फौजदारी संहितामा संशोधन गर्दा वर्तमान कानुनमा रहेको व्यवस्थालाई यथावत कायमै राखी '... तर कुनै राजनीतिक विचार, सिद्धान्त र दर्शनको आधारमा नेपालको राजनैतिक परिवर्तनको उद्देश्यसहित आन्दोलन गर्ने दलका नेता कार्यकर्ताहरू प्रमाणित भएको अवस्थामा जुनसुकै अदालतमा विचाराधीन र फैसला भई कैद भोगिरहेका व्यक्तिहरूको हकमा मुद्दा फिर्ता लिन वा माफी गर्न बाधा नपर्ने' व्यवस्था गर्नु उचित हुनेछ । कानुनको सहारा लिएर कुनै पनि डाँका, चोर, हत्यारा, बलात्कारी, भ्रष्टाचारी जस्ता अपराधीहरूले फाइदा लिन नसकून् भन्नेबारे कानुन निर्माताहरू गम्भीर हुनु जरुरी छ ।

# 'मैले जनगणना गरेको लिम्पियाधुरा राजा महेन्द्रले पञ्चायतसँग साटे'





भैरव रिसाल

राष्ट्रिय जनगणना र राष्ट्रिय कृषिगणनाका लागि वि.सं. ०१७ सालमा २६ महिनाका लागि केन्द्रीय तथ्याङ्क विभागमा शाखा अधिकृतमा भर्ना भएँ। त्यतिबेलासम्म नेपालमा जम्मा ३५ वटा जिल्ला थिए। जनगणनाका लागि मलाई पश्चिम नेपाल खटाइयो।

मलाई डोटी, बैतडी र डडेलधुराको जनगणनाको जिम्मेवारी दिइयो। बझाङ र दार्चुला उपजिल्लाका रूपमा थिए। वि.सं ०१८ जेठमा म त्यसतर्फ लागेँ। जेठबाट काम सुरु भएर असार पहिलो साता गणनाको काम सकियो। असार ८ गते बिहानसम्म जन्मिएकाहरू गणनामा समेटिए।

शाखा अधिकृत भए पनि गणनाका लागि खटिँदा 'रिजनल अफिसर' भनिन्थ्यो। त्यतिबेला अहिलेजस्तो विभागमा महानिर्देशक भन्ने पद थिएन। निर्देशक नै विभागको प्रमुख हुन्थ्यो।

त्यसबेला थिरबहादुर रायमाझी निर्देशक हुनुहुन्थ्यो। उहाँले हातले नक्सा कोरेर दिनुभएको थियो। त्यही नक्साका आधारमा जनगणना गराएको थिएँ। त्यसमा लिम्पियाधुरा नेपालमै थियो।

मेरो कार्यालय डोटी, सिलगढीमा थियो। म एकै ठाउँमा बसी राख्दैनथेँ। कहिले बैतडी, कहिले डडेलधुरा पुगिरहन्थेँ। मेरो मातहतमा खरिदार ऋषिराज द्विवेदी हुनुहुन्थ्यो। अहिले उहाँको निधन भइसकेको छ। खरिदार मातहत मुखिया र मुखिया मातहत गणकहरू थिए।

जनगणनाका लागि फिल्डमा गणकहरू मात्रै जाँदा पनि हुने हो। तर, रमाइलो क्षेत्र भएकाले गणकसँग खरिदार, मुखिया सबै गएका थिए।

कालीनदीवारिको नाबी, गर्ब्याङ, गुँजी, छाङ्गु, पिंकरलगायत गाउँमा जनगणनाका गरिएको थियो। त्यो ठाउँमा जाडोले गर्दा हिउँदमा मान्छे बस्न सक्दैनन्। गर्मीमा मात्रै गएर बस्छन्। जनगणनामा पनि गर्मी महिनामै भएको थियो। ....

धेरै पत्रकारले त्यस्तो ठाउँमा कसरी जनगणना गराउनुभयो भनेर अहिले पनि सोध्छन्। डर लागेन ? कत्रो हिम्मत भन्छन् ?

निर्विवादित क्षेत्रमा निर्भीकताका साथ जनगणना गराएँ। लिम्पियाधुरासम्म नेपाल हो भन्नेमा कहीँकतै विवाद थिएन। भारतको धार्चुला, पिछ्वागढतिर जनगणना गर्न गएको भए पो समस्या हुन्थ्यो त। मेरो मुलुकभित्र जनगणनाका लागि जाँदा के को डर ? कसको डर ?




पहिलो राष्ट्रिय पञ्चायत र गाउँ पञ्चायतको चुनाव हुँदासम्म पनि विवादै थिएन। वि.सं. ०१५ को आमचुनावमा पनि त्यहाँका मतदाताले बकाइदा भोट हालेका थिए। ०१९ को गाउँ पञ्चायत निर्वाचन, जिल्ला पञ्चायत निर्वाचन र राष्ट्रिय पञ्चायतको निर्वाचनमा पनि त्यस क्षेत्रका मतदाताले भोट हालेका थिए।

सन् १९६२ को चीन र भारतबिचको लडाइँपछि भारतीय सेना हाम्रो क्षेत्रमा प्रवेश गरेका हुन्। स्वशासित क्षेत्र

तिब्बततर्फको धेरै भूभाग देखिने भएकाले कालापानीमा भारतले आँखा गाडेको हुन सक्छ ।

मसँग लिखित प्रमाण त छैन, तर कालापानी राजा महेन्द्रले भारतलाई बुझाएका हुन् भनिन्छ । कालापानीमा भारतीय सेना बस्न दिने र त्यसबापत भारतले निरङ्कुश पञ्चायती व्यवस्थाको 'गुलाफी' विरोधमात्रै गर्ने सहमति थियो रे भन्ने सुनेको हुँ । गुलाफी विरोध भनेको हल्काफुल्का विरोध गरेजस्तो गर्ने वा नाममात्रको देखावटी विरोध हो । ....

नदीको जलाधार क्षेत्र, नदीको लम्बाइ र पानीको मात्राका आधारमा खोलाको नाम राखिन्छ । सुगौली सन्धिमा काली मात्रै भनिएको छ । तर त्यो भनेको महाकाली नै हो । उनीहरूले कागखोलालाई काली नदी भनेका छन् त्यो गलत हो । काली नदी पूर्वका सबै भूभाग नेपालकै हो ।

सन् १९५६ सम्म भारतले प्रकाशित गरेको नक्सा सही थियो । अहिलेको नक्सामा नेपालको धेरै भाग परेको छ । यसलाई सच्याउन नेपालले नै पहल गर्ने हो ।


(वरिष्ठ पत्रकार भैरव रिसालसँग सन्त गाहा मगरले गरेको कुराकानीको अंश)

अनलाइनखबर, २०७६ कार्तिक २३ गते

भारतले भन्यो- **नेपालको दाबी न त ऐतिहासिक तथ्यमा आधारित छ, न त प्रमाणमा**


## ■ तर, ऐतिहासिक दस्ताबेजले नै भन्छ- **कालापानी, लिपुलेकदेखि लिम्पियाधुरासम्मको भूमि नेपालको हो**

■ १८२७ को नक्सा : **लाइब्रेरी अफ कंग्रेस, वासिंटनडिसी**




**अमेरिकाको राजधानी वासिंटनडिसीस्थित लाइब्रेरी अफ कंग्रेस, जोग्राफी एन्ड म्याप डिभिजनमा क्याटलग नम्बर G 7650 S 260.15 मा यो नक्सा संग्रहित छ । यो नक्सामा Kalee R. अर्थात् काली नदी देखिन्छ । त्यसको उद्गम लिम्पियाधुरा हो भन्ने स्पष्ट बुझिन्छ । यो नक्सा प्रकाशित हुनुभन्दा ११ वर्षअघि सन् १८१६ मा भएको सुगौली सन्धिअनुसार कालीनदी सीमानदी भएकाले त्योभन्दा पूर्व नेपाल र पश्चिम भारत हो । नदीभन्दा पूर्व नेपालमा कालापानी हट स्प्रिङ लेखेको देखिन्छ । यो नक्सा भन्छ- नाभी गाउँ पनि नेपाल हो ।**

■ १८५६ को नक्सा : **ब्रिटिस म्युजियम लाइब्रेरी, लन्डन**




**यो नक्सा बेलायतको लन्डनस्थित ब्रिटिस म्युजियम लाइब्रेरीको इन्डिया अफिस रेकर्ड, म्याप कलेक्सन सेफमार्क नम्बर IOR.X/2996/1 मा संग्रहित छ । तर, १८७९ मा ब्रिटिस भारतले अर्को नक्सा निकाल्यो जसमा कार्टोग्राफिक संकेत चिह्नबाट नेपाली भूमि कुटी, नाभी र गुन्जीलाई भारतमा पाऱ्यो । अझ, वर्तमान भारतले त लिपुखोलाभन्दा यता आएर कालापानी पनि कब्जा गरेको छ । २ नोभेम्बर २०१९ मा भारत आफैँले प्रकाशित गरेको नक्सामा पनि लिम्पियाधुराबाट आएको नदीलाई कालीनदी भनिएको छ । तर, त्यसको ६ दिनपछि काली लेखेको मेटिएर नयाँ नक्सा सार्वजनिक गरियो ।**

नयाँ पत्रिका, २०८२ भदौ ५

## लालपुर्जा

"सन् १८२१, १८२७, १८५६ को नक्साअनुसार लिपुलेक, गुन्जी, नाभी, कुटी, लिम्पियाधुरा हाम्रै हो । हामीसँग लालपुर्जा छ ।'

– **बुद्धिनारायण श्रेष्ठ**, सीमाविद्,
नयाँ पत्रिका, २०८२ भदौ ५

## सुगौली सन्धि र जारी नक्साहरूले भन्छ : लिपुलेक र लिम्पियाधुरा नेपाली भूमि हो

### लिम्पियाधुराबाट निस्केको नदी नै काली नदी भएको पुष्टि गर्ने नक्साहरू


१. वेस्टर्न प्रोभिन्स अफ हिन्दुस्तान (कन्स्ट्रक्टेड फ्रम द रिसेन्ट सर्भे), १८३०, पार्बुरी अलेन एण्ड को., लण्डन ।
२. मर्डर-इण्डियन वर्डडास इण्डो-ब्रिटिश रिच, १८३४, स्टेलर्स ह्याण्ड एट्लास, जर्मनी ।
३. इण्डिया एक्सआईआई, इण्डेक्स म्याप, १८३५, बाल्डविन एण्ड क्र्याडक, ४७ पुक्रुस्टर रो, लण्डन ।
४. जे.बी. टासिन, एङ्लो एशियन म्याप, १८३७, कलकत्ता ।
५. म्याप अफ इण्डिया (ड्रन एन्ड इन्ग्रेभ्डः जे.सी. वाल्कर), १८४१, जोन मुरे अल्बर्मेल स्ट्रिट, लण्डन ।
६. द एट्लास अफ इण्डिया, प्लेट टेन एण्ड इलेभेन, १८४६, चार्ल्स नाइट एण्ड को. २२ लुडगेट्स स्ट्रिट, लण्डन ।

### लिम्पियाधुराबाट निस्केका नदीलाई काली नदी पुष्टि गर्ने दस्तावेजहरू

१. नेपाल र इष्ट इण्डिया कम्पनीबिच ८-११ डिसेम्बर १८६० मा आदान-प्रदान भएको पत्र ।
२. नेपाल र भारत सरकारबिच १ नोभेम्बर १८६० मा काठमाडौँमा सम्पन्न सन्धि ।
३. नेपाल र बेलायतबिच २१ डिसेम्बर १९२३ मा सम्पन्न मैत्री सन्धि ।
४. नेपाल र इष्ट इण्डिया कम्पनीबिच २ डिसेम्बर १८१५ मा सम्पन्न शान्ति सन्धि (सुगौली)
५. भारत सरकारका कार्यवाहक मुख्य सचिव जे. एडम्सले कुमाउका कार्यवाहक कमिसनर जी. डब्लु. टेल इस्कलाई ४ फेब्रुअरी १८१७ मा लेखेको पत्र ।
६. भारत सरकारका कार्यवाहक मुख्य सचिव जे. एडम्सले काठमाडौँस्थित ब्रिटिश रेजिडेन्ट एडवार्ड गार्डनरलाई २२ मार्च १८१७ मा लेखेको पत्र ।


– **विष्णु रिजाल**,
हिमालखबर, २८ वैशाख, २०७७

## १२ नक्सामा कालापानीमा भारतले गरेको सीमा अतिक्रमण




– **सन्त गाहा मगर**,
अनलाइनखबर, २०७६ कात्तिक ३० गते

## बाली बुझाउँथे




'नाभी, गुन्जी र कुटीबासीले २०३५ सालसम्म बाली बुझाउँथे ।'

– **भुवन शर्मा**, नागरिक दैनिक, १६ जेष्ठ २०७७ ।
चित्र फेसबुक

# लिपुलेक–लिम्पियाधुरा क्षेत्र नेपालकै हो

भारत र चीनसँग जोडिएको त्रिदेशीय सीमाबिन्दुलाई व्यापारिक नाकाका रूपमा प्रयोगमा ल्याउने भारत र चीनको सहमतिपछि नेपालले महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी 'नेपालको अभिन्न भूभाग रहेको' दोहोऱ्याएको छ। भारतीय विदेश मन्त्रालयले भने लिपुलेक क्षेत्रको भूभाग नेपालमा पर्ने दाबी 'पुष्टि नभएको' र 'ऐतिहासिक तथ्य तथा प्रमाण नभएको' लजास्पद वक्तव्य दिएको छ। भारतीय विदेश मन्त्रालयको प्रतिक्रियाको खण्डन गर्न नेपालसँग पर्याप्त आधार रहेका छन्। सीमाविज्ञ तथा अध्येताहरूले सुगौली सन्धि, ब्रिटिश उपनिवेशकालीन नक्सा र पुराना चिठीपत्रसहितका तथ्यका आधारमा यो क्षेत्र नेपाली भूभाग रहेको प्रमाण दिँदै आएका हुन्।

भारतमा औपनिवेशिक शासन चलाइरहेको तात्कालिक इस्ट इन्डिया कम्पनी र नेपालबिच सन् १८१४ देखि १८१६ सम्म चलेको नेपाल–अङ्ग्रेज युद्ध अन्त्यका लागि १८१५ को डिसेम्बर २ मा सुगौली सन्धि गरिएको थियो। उक्त सन्धि १८१६ को मार्च ४ मा पारित भएपछि मात्रै कार्यान्वयनमा आएको थियो। नेपालको तर्फबाट तत्कालीन राजगुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा कम्पनी सरकारको तर्फबाट लेफ्टेनन्ट कर्नेल प्यारिस ब्राड्शले उक्त सन्धिमा हस्ताक्षर गरेका थिए। *'नेपालका राजा, उनका हकवाला वा उत्तराधिकारी काली नदीको पश्चिमका कुनै पनि भूभागमा दाबी गर्ने छैनन्, सम्बन्धित देश तथा बासिन्दाहरूसँग यस विषयमा कुनै चासो राख्ने छैनन्'* सन्धिमा भनिएको छ। यही सन्धिका आधारमा १८१६ को डिसेम्बर ११ मा नेपालका तत्कालीन राजाले ब्रिटिश कम्पनी सरकारसँगको सीमासम्बन्धी समझदारीपत्र स्वीकार गरेका थिए।

नेपाल–अङ्ग्रेज युद्ध समाप्तिपछि तर सुगौली सन्धि हुनुअघि नै तत्कालीन इस्ट इन्डिया कम्पनी महाकाली नदीलाई नेपालसँगको सीमा मान्न तयार रहेको एउटा पुरानो दस्तावेजले देखाएको छ। सन् १८१५ मा तत्कालीन इस्ट इन्डिया कम्पनीको गभर्नर जनरल लर्ड मोइराले ब्रिटिश सरकारको एउटा कमिटीलाई लेखेको गोप्य पत्रमा काली नदीलाई उपनिवेशकालीन भारत र नेपालको सीमाका रूपमा स्वीकार गरेका थिए। कुमाउ युद्धमा आफ्ना सैनिकले गोर्खाली फौजलाई हराएपछि लेखिएको उक्त पत्रमा स्पष्टसँग सीमा किटान गरिएको छ।

सन् १९४७ मा उपनिवेशबाट स्वतन्त्र भएको भारतले स्वीकार गरेको उक्त सन्धि नै लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितका क्षेत्र नेपालको रहेको सबैभन्दा बलियो आधार रहेको छ। भारतले सुगौली सन्धि मान्छु भनेकोले यो नै हाम्रो सबैभन्दा बलियो आधार हो। त्यसपछि इस्ट इन्डिया कम्पनीले प्रकाशित गरेका नक्सा पनि छ। नेपाल एकीकरणपूर्वको व्यास उपत्यका नेपाल एकीकरणपूर्व जुम्लाका रजौटाले शासन गरेको ठाउँ हो। त्यो उपत्यका भनेको नाभी, कुटी र गुन्जी क्षेत्र हो।

भारतले कालापानी क्षेत्रबाट सुरु हुने सानो नदीलाई सुगौली सन्धिमा उल्लेख भएको काली नदी भएको दाबी गर्दै आएको छ। तर, नेपालले लिम्पियाधुराभन्दा पश्चिमबाट बहने ठूलो र लामो कुटियाङ्दी नदीलाई काली नदी भनेको छ। सुगौली सन्धिले भनेको काली नदी छुट्याउन नदीसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र मान्यता पालना गर्दा सहजै निकास निस्किन्छ। हाइड्रोलजिकल स्टडी, हाइड्रोग्राफी, पानीको मात्रा, मुख्य नदी कुन हुन्छ यो कुरा अन्तर्राष्ट्रिय स्तरबाटै प्रमाणित गरेका आधार नेपालसँग छ। वास्तवमा भारतले कालापानी क्षेत्र कब्जा गरिराख्ने मनसायले सानो खोल्सालाई काली नदी नामकरण गरेर त्यही दुई देशबिचको सिमाना दाबी गरिरहेको छ।

तत्कालीन ब्रिटिश सर्भे अफ इन्डियाले सन् १८१७, १८२१, १८२७ र १८५६ मा जारी गरेका नक्साहरू सग्लो प्रमाणका रूपमा रहेका छन्। यी नक्साहरूमा लिम्पियाधुराबाट निस्किएको नदीलाई काली नदी भनेर स्पष्टरूपमा लेखिएको छ। त्यो नदीभन्दा पूर्वतर्फ गुन्जी, कुटी, नाभी, जोलिङकाङ अनि पूर्वतर्फ कालापानी र त्योभन्दा पनि पूर्वतर्फ लिपुलेक भन्ज्याङ नेपालतर्फ परेको छ। ब्रिटिश सर्भेअर अफ इन्डियाले सन् १८२७ मा बनाएको नक्सामा स्पष्ट गरी लिम्पियाधुराबाट निस्किएको नदीलाई काली भनेर उल्लेख गरिएको छ। त्यस्तै सन् १८५६ मा सर्भे अफ इन्डियाले प्रकाशित गरेको नक्सामा पनि लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालमै देखाइएको छ।

गुन्जी, नाभी र कुटी गाउँमा विसं २०१८ सालमा आफूले जनगणना गराएको पत्रकार भैरव रिसालले आफू जीवित रहँदा बताउँदै आएका थिए। तर, त्यसलाई समर्थन गर्ने अन्य प्रमाणहरू सार्वजनिक गर्न नेपाल सरकारले नै आनाकानी गरिरहेको जगजाहेर छ। नेपाल र भारतबिच विवादित कालापानी, लिपुलेक र लिम्पियाधुरालगायतका क्षेत्रका बासिन्दाले तिरो तिरेका कागजपत्रसहित विभिन्न प्रमाणहरू रहेका छन्। सीमाविद् बुद्धिनारायण श्रेष्ठले पनि आफ्नो पुस्तक 'सीमा नक्सा सङ्ग्रह' मा ऋषिराज लुम्सालीको खोजलाई उद्धृत गर्दै उक्त क्षेत्रका बासिन्दाले नेपालको डडेलधुरामा तिरो तिरेको दाबी गरेका छन्। कैयौँ प्रमाणले नेपालकै भूभाग रहेको स्पष्ट हुँदाहुँदै १९६२ मा चीन–भारत युद्धको क्रममा चीनतिरबाट भागेर आउँदा भारतीय सेनाले आधार बनाएको अनुकूल भूभाग रहेको कालापानी क्षेत्र नछोड्ने बलमिचाइ भारतले गरिरहेको छ। नेपालले अन्तर्राष्ट्रिय अदालतमा मुद्दा हालेर पनि उक्त भूभाग फिर्ता लिनुपर्छ।

स्रोत : मजदुर दैनिक, सम्पादकीय, भदौ ७ गते

# 'काठमाडौंको सभ्यता जोगाउने श्रेय ज्यापू समुदायलाई दिनुपर्छ'



'नेपालभरका जात्रा, मठमन्दिर र अभिलेखहरूको अध्ययन र खोज बढाए नेपालको इतिहास अझै बलियो बन्छ ।'

*(दिल्ली विश्वविद्यालय तथा हवाई विश्वविद्यालयबाट वास्तुकला सम्बन्धी अध्ययन गरेका प्राध्यापक सुदर्शनराज तिवारीले त्रिभुवन विश्वविद्यालयको इन्जिनीयरिङ अध्ययन संस्थामा ३५ वर्षभन्दा बढी अध्यापन गराए । २०४४ देखि २०४८ सालसम्म त डीनको कार्यभार नै सम्हाले ।*

*लुम्बिनी, स्वयम्भू, चाँगुनारायण तथा पाटन दरबार क्षेत्रलगायत विश्व सम्पदास्थलमा काम गरेका तिवारीका नेपालका तले शैलीका मन्दिरबारे 'टाइरेड टेम्पल्स अफ नेपाल' र काठमाडौं उपत्यकाका प्राचीन बस्तीहरूबारे 'द एन्सियन्ट सेटलमेन्ट अफ द काठमाडौं भ्याली' पुस्तक प्रकाशित छन् ।*

*त्यस्तै, २०६० सालमा अङ्ग्रेजी भाषामा प्रकाशित उनको 'द ब्रिक एन्ड द बुल' पुस्तकको मणीन्द्र श्रेष्ठले गरेको अनुवाद **'हाँडीगाउँ : प्राचीन नेपालको राजधानी'** गत वर्ष प्रकाशन भयो । यही पुस्तकमा केन्द्रित रहेर लेखक तिवारीसँग **हिमालखबर**को पाक्षिक प्रस्तुति किताबका कुरामा लेखक तिवारीसँग अनिता भेटवालले गरेको कुराकानी यहाँ साभार गरिएको छ ।)*

**◆ हाँडीगाउँ भन्नासाथ एउटा उखान पनि सँगै आउँछ, 'कतै नभएको जात्रा ।' यो उखानले हाँडीगाउँको खिल्ली उडाएको हो कि प्रशंसा गरेको ?**

हाँडीगाउँकै सन्दर्भमा लियौँ भने यसलाई खिल्ली भन्न मिल्दैन । तर कसैले यो नाम लिएर मजाक बनाउँछ भने त्यो संस्कृतिको बढावा होइन । यो उखान कसरी बन्यो भन्ने हेर्नुपर्छ । मल्लकालमा काठमाडौँ, पाटन र भक्तपुरका राजधानीमा उस्तै उस्तै खालका जात्रा हुन्थे । तर हाँडीगाउँमा ती राजधानीमा नभएका नौला जात्रा हुन्थे । त्यसैले 'कतै नहुने जात्रा हाँडीगाउँ' मा भनिएको हो ।

नेवार समुदायमा मोक्षका लागि काठमाडौँ उपत्यकामा हुने/देखाइने चार वटा जात्रा हेर्नैपर्छ भनिन्थ्यो । तीमध्ये एक थियो– हाँडीगाउँको गहना खोज्ने पोखरीको जात्रा ।

त्यसैले यो उखानले हाँडीगाउँको सांस्कृतिक र सामाजिक महत्त्व देखाएको छ । यो उखानलाई सकारात्मक ढङ्गमा पर्यटक आकर्षण गर्ने भनाइका रूपमा प्रयोग गर्न सक्छौँ ।

**◆ तपाईंले हाँडीगाउँलाई नेपालको प्राचीन राजधानीका रूपमा चिनाउनुभएको छ । त्यसका आधार के हुन् ?**

अहिलेसम्म हाँडीगाउँमा दुई पटक पुरातात्त्विक उत्खनन भएको छ । एक पटक मनमानेश्वरीमा उत्खनन गर्दा लिच्छविकालीन प्रमाण भेटियो । त्यसपछि हाँडीगाउँकै सत्यनारायणमा पनि केही पुरातात्त्विक सामग्री पाइएका थिए। वंशावलीहरूमा हालको विशालनगरलाई लिच्छविहरूको राजधानी भनेर लेखिएको छ ।

अध्ययनका क्रममा हाँडीगाउँमा गहनापोखरीको जात्रालगायत जात्रा किन मनाइयो होला भनेर खोजेँ । त्यहाँ भएका लिच्छवि शिलालेखका आधारमा हाम्रा प्राचीन शहरहरू कहाँ र कस्ता थिए भन्ने लेखेँ । **मल्लकाल शुरू भएपछि मात्रै भक्तपुर राजधानी बनेको हो ।** त्यसअघि विशालनगर नै राजधानी थियो भनिएको थियो ।

त्यो नगर कहिलेदेखि कहिलेसम्म अस्तित्वमा थियो भन्ने पनि खोजेँ । सबै अध्ययनले अंशुवर्माले बनाएको कैलाशकूट भवनतिरै देखाउँछन् । त्यो भवनबारे सबैभन्दा धेरै चिनियाँले लेखेका छन् ।

सातौँ शताब्दीमा भृकुटीलाई विवाह गरेर पठाएपछि चीनका राजदूत वाङ ह्वे चे काठमाडौँ बस्न आएका थिए । उनले आफ्नो डायरीमा कैलाशकूटको वर्णन गरेका छन् ।

त्यस्तै, हाँडीगाउँको डबलीमा रहेका दुई वटा शिलालेखमा पनि कैलाशकूट भवनको बयान गरिएको छ । त्यो शिलालेखमा 'स्वयम् आज्ञा' भनेर अशुंवर्माले आफ्नै आज्ञाले राखेको देखिन्छ । यी वर्णनअनुसार कैलाशकूट भवन साततले थियो । माथिबाट

झरना जसरी पानी झरिरहन्थ्यो। मुनि मकरका चार वटा मुखबाट पानीको फोहोरा निस्किन्थ्यो। ती चिनियाँ राजदूतले त कैलाशकूट जस्तो भवन अन्यत्र नदेखेको लेखेका छन्।

हाँडीगाउँको डबलीमा रहेको शिलालेख अध्ययनकै क्रममा कैलाशकूट भवनका चार वटा ढोका रहेको पनि थाहा भयो। दक्षिणद्वार, मानगृहद्वार, पश्चिम र उत्तरद्वार रहेको उल्लेख छ। लिच्छविकालका शिलालेखमा स्थानको वर्णन गर्दा उत्तर–पूर्वबाट घडीको सुई घुमे जसरी स्थानहरू बताइएको हुन्छ। यसमा पनि त्यही नियम लागू भएको देखिन्छ।

कैलाशकुट भवनको पूर्वमा ढोका छैन। लिच्छवि नियमअनुसार, पूर्वमा ढोका भएको भए, पहिला पूर्वको र त्यसपछि मात्रै दक्षिण ढोकाको चर्चा गरिन्थ्यो। यहाँ त शुरूमा दक्षिणको ढोकाको चर्चा गरिएको छ।

दक्षिणपछि घडीको सुई घुमाइमा जाँदा मानगृह द्वार, पश्चिम द्वार, मध्यम द्वार र उत्तर द्वारको चर्चा गरिएको छ। यस हिसाबले उत्तर द्वार उत्तरमै थियो, दक्षिण द्वार दक्षिणमा र पश्चिम द्वारमा तीन वटा ढोका (मानगृह, पश्चिम र मध्यम) थिए। यसबाट मानगृह जाने ढोका पनि कैलाशकूट भवनको पश्चिमपट्टि रहेको अनुमान गर्न सकिन्छ। यी सबैबाट कैलाशकूट भवनको पूर्वमा ढोका थिएन, दक्षिणमा मूलद्वार र पश्चिममा तीन वटा ढोका थिए भन्न सकिन्छ।



तस्बिर : अनलाइनखबर

चिनियाँ राजदूतले कैलाशकूट दरबारमा सात तलाबाट झरनासरि पानी झरिरहेको थियो भन्ने लेखेका छन्। यो वर्णनले त्यति वेला पम्पिङ गर्ने प्रविधि भएको सङ्केत गर्छ। हुन पनि सातौँ शताब्दीमा त्यो प्रविधि थियो। नक्सालमा भएको ढुङ्गेधारामा त 'सलिल्लो उत्पादन यन्त्रको प्रयोग गरियो' भनेर लेखिएकै छ।

त्यस्तै, कैलाशकूट माटो र निगालाले बनाइएको थियो भन्ने पनि थाहा भयो। यो पनि सातौँ शताब्दीको आगो निरोधक प्रविधि हो।



सत्यनारायण मन्दिरपछाडि किराँतकालीन देवीहरूका मूर्ति

पुरातात्त्विक अध्ययनहरूबाट त्यहाँ लिच्छविकालीन इँटाहरू पनि पाइएका छन्। सत्यनारायण मन्दिर क्षेत्रमा त लिच्छविकालभन्दा अघि तेस्रो शताब्दीका इँटा पनि पाइए। त्यस्तै, मानदेवभन्दा पनि पुराना राजा जयवर्माको मूर्ति पनि फेला पर्‍यो जसले किरातकाललाई पनि सङ्केत गर्छ।

त्यस वेलाका आधुनिक मानिने प्रविधि प्रयोग गरेर संरचना, पुरातात्त्विक अध्ययनले दिएका निष्कर्ष सबैका आधारमा हाँडीगाउँमा प्राचीनकालमा निकै चहलपहल हुने गरेको पाइयो। यिनै आधारमा त्यस स्थानलाई लिच्छविकालको राजधानी भनिएको हो।

### ◆ हाँडीगाउँ लिच्छविकालमा मात्रै राजधानी भएको हो कि त्योभन्दा पनि प्राचीन नगर हो ?

काठमाडौँमा लिच्छविहरू प्रवेश गर्नुअघि इसापूर्व ४०० का इँटाहरू पनि हाँडीगाउँमा पाइएको छ। मञ्जुश्रीको समयमा उपत्यकाको पहिलो शहर मञ्जुपत्तन बनेको मानिन्छ। त्यो ठाउँ अहिलेको स्वयम्भू र गुह्येश्वरीको बिचमा भएको अनुमान छ।

पशुपति पुराणमा भाटभाटेनी देवता आएर बस्ती बनाएको उल्लेख गरिएको छ। पुराण अनुसार उनीहरूले पहिलो शंखमूल र बूढानीलकण्ठको बिचमा पहिलो बस्ती विशालनगर बनाए। स्वयम्भू र गुह्येश्वरीको बिच तथा शंखमूल र बूढानीलकण्ठको बिच एकै ठाउँमा पर्छ। त्यो हो, हाँडीगाउँको सत्यनारायण मन्दिर क्षेत्र। त्यसैले पनि हाँडीगाउँलाई प्राचीन राजधानी क्षेत्र भन्न सक्छौँ।

### ◆ प्राचीन राजधानी हाँडीगाउँका कुन कुन प्राचीन जात्रा, पर्व र परम्परा अहिले पनि अभ्यासमा छन् ?

मुख्य दुई वटा जात्रा अहिले पनि प्राचीन स्वरूपमा नै मनाइँदै आइएको छ। सत्यनारायण मन्दिरमा रहेको एउटा

सातौँ शताब्दीको अभिलेखमा कैलाशकूट दरबार वरिपरि हुने जात्राका लागि कैलाशकूट भवनले के के दिनुपर्छ भन्ने सूची छ। त्यसमा 'अण्डी पि यात्रा ग्राम' लाई एक हजार पुराण, २२ वटा तामा घडा, पैसा लगायत देऊ भनिएको छ।

यो वास्तवमा अण्डीपृङ हो जसलाई लिच्छविहरूले ग्राम बनाएका हुन्। यो टुँडालदेवीको जात्रा हो। अहिले पनि टुँडालदेवीको जात्रामा हाँडीगाउँलेहरू २२ वटा घडा बोकेर जान्छन्। त्यो अभ्यास लिच्छविकालभन्दा अघिको हो।

त्यस्तै, 'देवःछेँ' जात्रा प्रायः सबै किसान परिवारले मनाउँछन्। यसका प्रक्रिया पनि पुरानै छन्। हाँडीगाउँका जात्राहरू ज्यापू समुदायले सञ्चालन गर्दै आएका छन्।

अण्डीपृङ विशालनगर हुनुभन्दा अघि विस्तारित किरात क्षेत्र थियो। कृष्ण मन्दिरदेखि हाँडीगाउँ क्षेत्रमा नै लिच्छविकालभन्दा अघिका ऐतिहासिक प्रमाणहरू फेला परेका छन्। काठमाडौँका निम्ति हिन्दू र बौद्ध धर्म बाहिरबाट आएका हुन्।



खटलाई उल्टो होइन कमलको फूल हो

यी दुई धर्म बाहेकका अभ्यास हाँडीगाउँमा भेटिन्छन्। जस्तै- हाँडीगाउँमा मंसीरमा राँगा काटेर पूजा गर्ने जात्रा छ। सत्यनारायणको जात्रा सातौँ शताब्दीको हो भने गहना खोज्ने जात्रा त्योभन्दा पनि पुरानो हो। यी दुवै जात्रा लिच्छविकालभन्दा अघिका हुन्।

खट उल्टो पार्ने सत्यनारायणको जात्रा पनि पुरानै हो। त्यही जात्रा हेरेर कहीं नभएको जात्रा हाँडीगाउँमा भन्ने उखान पनि बन्यो। त्यो खटलाई उल्टो भनिन्छ तर त्यो कमलको फूल हो।

चौखटनारायणको जात्रा पनि नरेन्द्रदेवको पुनःआगमनमा शुरू गरिएको थियो। भृकुटीलाई बिदा गरेर पठाएको २० वर्षपछि नरेन्द्रदेव फर्किएका थिए। त्यसपछि यो जात्रा शुरू भएको हो।

### ◆ तपाईंले प्राचीन जात्रालाई जोगाउने श्रेय ज्यापू समुदायलाई दिनुपर्छ भन्नुभएको छ। त्यसको आधार के हो ?

काठमाडौँको नेवार संस्कारको चलनको मुख्य श्रेय ज्यापू समुदायलाई नै दिनुपर्छ। हाँडीगाउँको ज्यापू समाजमा रहेका सबै चलन प्राचीन नै छन्। **ज्यापूहरूको प्राचीन बस्ती विस्तार हुँदै गर्दा जम्मा ६ थर थिए- प्रजापति, महर्जन, डंगोल, मानन्धर, खड्की र तेपे।**

पूजा गर्ने क्रममा उनीहरूले काम बाँडे। देउता बनाउने प्रजापति, पूजा सामग्री ल्याउने डंगोल, पूजा गर्ने महर्जन, बत्ती र तेल ल्याउने मानन्धर, बलि दिने खड्गी र साग चढाउने तेपे भनेर बाँडियो।

हाँडीगाउँमा आज पनि ६ थरहरू आआफ्नै ठाउँमा बस्छन्। ती घरहरू विस्थापित पनि भएका छैनन्। लिच्छवि राजाहरूको होडबाजी चल्दा कहिले काठमाडौँ, कहिले पाटन र कहिले भक्तपुरबाट राज्य चलाउने गरे। यसरी नै करीब ४०० वर्ष बित्यो।

**१२ औँ शताब्दीमा मल्लकालमा भक्तपुर राजधानी भयो। हाँडीगाउँ छोडियो।**

त्यसपछिका ७००-८०० वर्ष हाँडीगाउँको विकास रोकियो। त्यसैले सबै थोक बचे। ज्यापूहरूको बस्ती, संस्कार, संस्कृति, जात्रा, पर्वहरू रहिरहे। कतैबाट पनि हस्तक्षेप भएन। विकासका कार्यहरूबाट पनि टाढा भएकाले संरचनाहरू उस्तै रहिरहे।

राणा शासनकालमा आएपछि मात्र भीमशमशेरले टंगाल दरबार बनाए। अहिलेको बालमन्दिर भएको दरबार बन्यो। त्यति वेला मानन्धरको बस्ती हटाएको पनि भनिन्छ। तर अन्य केही फेरबदल भएन। त्यसैको परिणाम ४०-४५ वर्ष अघिसम्म पनि हाँडीगाउँमा ७० प्रतिशतभन्दा धेरै ज्यापूहरू बस्थे। कतै कतै बेचबिखन भए पनि ज्यापूहरूको बस्ती अहिले पनि छ।

अहिले पनि लिच्छविकालभन्दा अघिको इतिहास खोज्ने हो भने हाँडीगाउँको देवःछेँको छेउछाउमा पुरातात्त्विक अध्ययन गर्नुपर्छ।

### ◆ लिच्छविकालमा बनेका संरचना पनि अहिलेसम्म जोगिएका छन्। ती कसरी जोगिए ?

वास्तुकलाले जोगाएको छ भने संस्कृतिको पालनाले पनि। जस्तै- अहिले पनि किरातकालीन संरचना हेर्न सत्यनारायण मन्दिर क्षेत्र जान सक्छौँ। कतै कतै त अंशुवर्माको छाप भएका इँटा पनि पाइएका छन्। मल्लकालका संरचना अझ धेरै छन्। यस्ता पुराना संरचना जोगाएको श्रेय पनि ज्यापू समाजलाई नै दिनुपर्छ।

धर्ममा जतिसुकै परिवर्तन भए पनि उनीहरूले एकअर्काको संस्कार मेटाएनन्। एउटा ढुङ्गो देखे भने पनि चलाएनन्। बरु त्यसलाई जोगाउन छानो हालिदिए।

कुनै स्थानमा पहिल्यैदेखि शिवको मूर्ति थियो भने चलाएनन्। बरु गणेशको मूर्ति पनि ल्याएर राखिदिए। हाँडीगाउँको कृष्ण मन्दिरमा कुन देवताको मूर्ति नहोला ? यस्तै अभ्यासले गर्दा नै किरातकालीन ढुङ्गा पनि बचेका हुन्। ती भगवान्‌हरू बचिरहँदा शहरको संरचना पनि बिग्रिएन।




प्राचीन राजधानी हाँडीगाउँ छिर्ने बाटो। यहाँ तत्कालीन राजधानीको प्रवेशद्वार रहेको सम्पदाविद् सुदर्शनराज तिवारी बताउँछन्। दाहिनेतिर कुमारको मन्दिर। मन्दिर भएको यही भागमा अंशुवर्माको कैलाशकूट भवनको एक छेउ थियो भन्ने तिवारीको भनाइ छ। तस्बिरः नारायण महर्जन

संस्कृतिले शहर जोड्ने र जोगाउने काम पनि गरेको छ। मुकुट लिएर दौड्ने जात्राले दुई शहर जोडेको हुन्छ। एक ठाउँको देवताको मुकुट लिएर अर्को ठाउँ पुग्नुपर्छ। यो पनि किराती परम्परा हो जहाँ मुकुट लिएर हिंड्ने मूलबाटो जहिल्यै एउटै हुन्छ। यसलाई 'देउता जाने बाटो' भनिन्छ। देउतासँग जोडिएकाले यसरी निर्धारित बाटोहरूको पुनःसंरचना भएन। बस्तीहरू पनि उस्तै रहे। डोजर पनि पसेन। अभिलेखहरू पनि बचे।

नेवारहरूले एक शहरमा तीन थरी जीवन बिताएकाले पनि धेरै सम्पदा जोगिएका छन्। एक, उनीहरू आमजीवन बाँच्छन्। अर्को, पूर्वजको जीवन बाँच्छन् जसमा बाउबाजेको श्राद्धमा धेरै दिन बिताउँछन्। तेस्रो, उनीहरूले भगवान्‌को जीवन बाँचिरहेका हुन्छन्। जात्राहरूमा मुकुट लगाएर देउता नै हुन्छन्। यसरी नेवार समुदायले धान्दै आएका यी जात्रापर्वहरूले शहरको पुरानो अस्तित्व कायम राख्न सघाएका छन्। उनीहरूले हिति, मन्दिर, भवन, शिलालेख बचाएकाले नै हामीले अध्ययन गर्न पाएका छौँ।

◆ तर उपत्यकाका धार्मिक, सांस्कृतिक, पुरातात्विक विषयको चर्चा गर्नासाथ पाटन र भक्तपुरको बढी चर्चा हुन्छ। हाँडीगाउँको किन हुन सकेन ?

हामीले अहिले मात्र संस्कृतिले पनि आर्थिक पर्यटन भित्र्याउन सक्छ भनेर बुझ्न थालेका हौँ। काठमाडौँ उपत्यकामा सात वटा विश्वसम्पदा स्थल छन्। पर्यटकहरू पहिले तिनै ठाउँमा जान्छन्। पछिल्ला केही वर्षमा हाँडीगाउँले स्थानीय पर्यटकहरू राम्रै गरी भित्र्याएको छ। कतिपयले त पढेजस्तो बस्तीहरू नपाएको पनि भन्नुहुन्छ।

अहिले केही हदसम्म शहरीकरण हाबी भएको छ। तर प्राचीनतालाई कसरी हेर्ने भन्ने प्रश्न मुख्य हो। प्राचीन सामग्रीको प्राचीनता कायम राखे मात्र यसको महत्त्व बच्छ। मानिसहरू पनि भ्रमण गर्न आउँछन्।

हाँडीगाउँमा त यहाँको इतिहास मात्रै बाँकी छ। माली गाउँमा पाइएको जय वर्माको मूर्ति अहिले छाउनी सङ्ग्रहालयमा छ। त्यसलाई त हाँडीगाउँमै उभ्याउनुपर्थ्यो। त्यो मूर्तिमा नाम, मिति सबै लेखिएको छ। त्यो मूर्ति सन् १८५ को भएको प्रमाणित भएको छ। त्यति वेलाका जय वर्माको अनुहार, पहिरन र हाउभाउ हेर्न सकिन्छ। त्यस्तै, हाँडीगाउँको सत्यनारायण मन्दिरमा तेस्रो शताब्दीको नारायणको मूर्ति छ। त्यसको प्रचार भइरहेको छैन।

हाँडीगाउँलाई मञ्जुपत्तन, विशालनगर भन्ने स्थान यही हो भनेर देखाउन सकिन्छ। शंकराचार्यको समयमा अमरवाणाले समाधि लिएको ठाउँ पनि यहीं छ। चारढुङ्गेमा चार वटा प्वाल छन्। ती प्वालमा अमरवाणा बसेको भन्छन्। ती अहिले पुरिन लागेका छन्।



गहना खोज्ने पोखरी

गहना खोज्ने पोखरीको जात्रामा नरेन्द्रदेवले श्रीपेच देखाउँथे भन्ने कथाको प्रचार भएको छैन। मन्दिरहरू भए वर्षभरि देखाउन सकिन्छ। तर हाँडीगाउँका प्रसिद्ध जात्राहरू हरेक दिन देखाउन सकिँदैन। प्रचार र व्यवस्थापनको अभावले नै हाँडीगाउँको चर्चा कम भएको हो।

### ◆ पुस्तकमा विभिन्न ठाउँमा हाँडीगाउँको जात्रा र परम्परा देखेर आफै चकित पर्छु भन्नुभएको छ। तपाईँलाई चकित पार्ने जात्रा कुन कुन हुन् ?

मलाई भाटभटेनी र टुँडालदेवीको जात्राले सबैभन्दा बढी चकित पार्छन्। भाटभाटेनी देउतालाई झुन्ड्याएर राखिएको छ। यसका कथा अनुसार उनीहरू बाहुन–बाहुनी हुन्, जसलाई झूट बोलेकाले भुइँमा टेक्न नपाउने श्राप दिइएको थियो। त्यसैले धर्ती नछोएर, झुन्डिएर रहेको भन्छन्। उनीहरूका छोरालाई पनि झुन्ड्याइएको छ।

कथा अनुसार एक दिन गहना खोज्ने पोखरीमा गहना खोज्न जाँदा हाँडीगाउँमा तीर्थ गर्न गएका वृद्धले आफ्नो सम्पत्ति सुन बनाएर लठीमा राखेर तिनै भाटभटेनी बाहुन–बाहुनीलाई दिए। उनीहरू गरीब थिए। छोरा भएको थियो। १२ वर्षसम्म ती वृद्ध नआएपछि उनीहरूले त्यो सुन चलाएछन्।

वृद्ध फर्किएपछि भाटभटेनीले सुन राखिएको लठी कीराले खायो भनेर झूट बोलेछन्। 'मेरो लठी कीराले खान्छ भने तिम्रो छोरालाई पनि चिलले लान्छ' भनेपछि चिलले बच्चा लगेछ। जसको आकृति मन्दिरमा बनाइएको छ।

बाल्यकालमा टुँडालदेवीको भातजात्रा पनि देखेँ। त्यसमा टुँडालदेवीलाई राँगो चढाइन्छ। त्यो राँगोको टाउको राति मृत्युकर्ममा बजाइने बाजा बजाउँदै हाँडीगाउँमा ल्याइन्छ। हाम्रा आमाहरूले बाल्यावस्थामा त्यो जात्रा हेर्न, सुन्न हुँदैन भन्नुहुन्थ्यो। पछि रातैभर बसेर पनि हेरियो। त्यो हेर्दा, यसका कथाहरू सुन्दा मानवीय र धार्मिक पक्ष एवं त्यसमा मानिसले गर्ने विश्वासले आह्लादित बनाउँछन्।

### ◆ देशमा भएका राजनीतिक र सामाजिक परिवर्तनले यी जात्रापर्वलाई कतिको प्रभाव पारेका छन् ?

नेपालमा रहेका संस्कृतिहरू धर्ममा आधारित छन्। तर राजनीतिक विचारका आधारमा कति पटक भगवान् चाहिँदैन पनि भनियो। पुराना संस्कृति परिवर्तन हुनुपर्छ पनि भनियो। तर धर्मलाई सम्मान नगरे संस्कृतिको अर्थ छैन।

भाटभटेनीको सम्मान गर्न छाडे हाम्रो संस्कृतिको अर्थ छैन। संस्कृति परिवर्तनकारी त हुन्छ। प्राचीनकालको संस्कृति अहिले नरहन सक्छ। तर कुन हदसम्म भन्ने ख्याल गर्नुपर्छ।

जस्तै– लाखे नाच आमजनताको घर घरमा देखाउन जाने हो। तर अहिले त छानेर सांसदहरूको घरमा देखाइन्छ। देउसी–भैली पनि सांसद र व्यापारीहरूको घरमा गरिन्छ। खासमा यी सामाजिक परिवर्तन २००७ सालपछि भए। सांस्कृतिक गतिमा पश्चिमा संस्कृति हाबी भयो।

केही अघि गुठी हटाउने चर्चा पनि भयो। अझ पञ्चायतकालदेखि नै गुठी मासेको आरोप पनि छ। सन् १९६४ मा गुठी संस्थान ऐन आएको हो। त्यति वेला बहालवाला बसेको जग्गा कसको नाममा दर्ता हुने भन्ने प्रश्न उठ्यो। त्यति वेला थकालीको नाममा दर्ता गर्ने कुरा आयो। नेपालीको सम्पत्ति त बाजेदेखि नातिसम्मै जान्छ। पछि बहालवालाहरू टुक्रिए।

गुठी जग्गा मासिएकोमा गुठी ऐनलाई दोष दिइन्छ। यहाँ गुठीभित्र मोहीयानी हक लाग्छ भनेर आधा गुठीको जग्गा खाएको पनि सम्झनुपर्छ। केही नियम–कानून सुधारका लागि पनि ल्याइन्छन्। तर सरकारका कतिपय निर्णय गलत पनि छन्।

पछिल्ला १५ वर्षमा संस्कृतिलाई पहिचानसँग जोडेर व्याख्या गरिएको छ। त्यसैले जात्रापर्वले महत्त्व पाएका छन्। राज्यले पनि यसका लागि बजेटको व्यवस्थापन गर्नुपर्छ।

### ◆ इतिहास, संस्कृतिको खोज, अध्ययन र अनुसन्धानमा नेपाल धेरै पछि परेको छ भन्नुहुन्छ। हामीले के गर्न बाँकी नै छ ?

काठमाडौँ बाहिर खोजी गर्न पूरा देश नै बाँकी छ। किनभने नेपाल सानो भए पनि हिमाल र महाभारत शृङ्खलादेखि नै नदीहरूले उत्तर–दक्षिण काटेकाले यहाँ सयौँ जाति रहने सम्भावना बने। अहिले पनि सयभन्दा बढी भाषा बोलिन्छन्। नेपाल त सभ्यताको 'रुस रुट' हो, जसबारे अध्ययन नै भएको छैन।

सिन्धु उपत्यकाबाट गोपालहरू आए भनिएको छ। शास्त्रहरूबाट मात्रै इतिहासको अध्ययन भएको छ। पण्डितहरूले मात्रै इतिहास लेखेकाले संस्कृति नआउँदासम्म इतिहास नै आएन भन्ने गरिन्छ। इतिहासको खोज गर्दा ठ्यासफु, अभिलेख आदि 'शास्त्रीय' सामग्रीका साथै स्थानीय ज्ञानलाई पनि स्रोतका रूपमा लिनुपर्छ। जुन हाम्रा समाजमा रहेका ज्येष्ठ नागरिकहरूको अनुभव र भोगाइको पनि स्रोत हो।

वर्षमा एक पटक गर्ने जात्रापर्वहरू पनि स्रोत हुन्। यी स्रोतको अध्ययन कम भएको छ। फेरि, संस्कृतिको अध्ययन मात्रै गरेर पनि इतिहासको अध्ययन पूरा हुँदैन। समाज र स्थानका आधारमा पनि अध्ययन गरिनुपर्छ।

राजा, राज्य र सत्ताको आधारमा इतिहास हेरेर पुग्दैन। मानिस र स्थानका आधारमा पनि अध्ययन गर्नुपर्छ। कोही इच्छुक भए पहिलो अध्ययन किरात शब्दबाटै गर्न सक्छ। यो शब्द कहाँबाट र कसरी आयो भन्नेबाटै थाले हुन्छ। यसरी नेपालभरका जात्रा, मठमन्दिर र अभिलेखहरूको अध्ययन र खोज बढाए नेपालको इतिहास अझै बलियो बन्छ।

स्रोत : हिमालखबर, २६ फागुन, २०८०

# रेने देस्कार्टस् : विश्लेषणात्मक ज्यामितिका प्रणेता



राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** प्रायः मानिसहरू गणित विषयलाई कठिन र बुझ्न गाह्रो विषय मान्ने गर्दछन् । तर दैनिक जीवनमा गणितको प्रयोग सबै कार्यहरूमा भइरहेको हुन्छ । घरमा खाना बनाउँदा, घरेलु सामान बनाउँदा, खेतीपाती गर्दा, लुगा सिलाउँदा आदि इत्यादि कार्यहरूमा गणितको प्रयोग हुन्छ नै । नेपालमा गणितको इतिहास लामो र समृद्ध छ जुन प्राचीन कालदेखि आधुनिक समयसम्म फैलिएको छ । नेपालमा विशेष गरी लिच्छवि र मल्लकालमा गणितलाई मुख्यतया ज्योतिष, वास्तुकला, व्यापार र प्रशासनका लागि प्रयोग गरिन्थ्यो । नेपालमा आधुनिक गणितको विकास १९ औँ शताब्दीमा पश्चिमी शिक्षाको प्रभावसँगै सुरु भयो । वर्तमान नेपालमा गणित शिक्षालाई विद्यालय र विश्वविद्यालय स्तरमा जोड दिँदै आएको छ । हाल कम्प्युटर विज्ञान, डेटा साइन्स र कृत्रिम बुद्धिमत्ताको विकाससँगै गणितको महत्त्व झनै बढ्दै गएको छ । नेपालमा गणितीय अनुसन्धान र अन्तराष्ट्रिय सहकार्य पनि बढ्दो छ । भारतीय गणितज्ञ तथा ज्योतिष **आर्यभट्ट**ले आफ्नो ज्योतिषी गणनामा प्रयोगको लागि शून्य(०) को आविष्कार गरे भने भारतीय गणितज्ञ **ब्रम्हपुत्र**ले शून्य(०) गुणहरू जस्तै कुनै एउटा सङ्ख्या सोही सङ्ख्याबाट आउने परिणामलाई शून्य हुन्छ भनी प्रयोगमा ल्याए ।

हाल विद्यालयको आधारभूत तहमा गणितलाई अङ्कगणित, बीजगणित र ज्यामिति गरी मुख्य तीन भागमा वर्गीकरण गरिएको छ । यसमध्ये अङ्कगणितलाई अङ्कहरूको गणित , बीजगणितलाई चलरासीहरूको गणित र ज्यामितिलाई चित्रहरूको गणित भनिन्छ । यसमा पहिलो पटक बीजगणित र ज्यामितिबिचको सम्बन्ध देखाएर ज्यामितीय प्रश्नहरू बीजगणितका विधिहरूबाट समाधान गर्ने वा हल गर्ने तरीका पत्ता लगाउने वैज्ञानिक **रेने देस्कार्टस्** (Rene Descartes - 1596-1650) थिए । उनी सत्रौँ शताब्दीका महान गणितज्ञ, भौतिकशास्त्री, शरीरविज्ञानविद् र दार्शनिक थिए । उनीद्वारा प्रस्तुत विधिहरूको प्रयोगबाट नै बीजगणितको माध्यमबाट ज्यामितीय आकृतिहरूको विश्लेषण गर्ने कामको सम्भावना भयो । त्यसैले गणितको यस विषयलाई विश्लेषणात्मक ज्यामिति (Analytical Geometry) भनिन्छ । यही कार्यले गर्दा उनलाई **विश्लेषणात्मक ज्यामितिको पिता** भनिन्छ ।



**बाल्यकाल र शिक्षा :** रेने देस्कार्टस्को जन्म सन् १५९६ मार्च ३१ मा फ्रान्सको ला हाभे एन टुरेन (La Haye En, Touraine) मा भएको थियो । उनको पिताको नाम जोआखिम देस्कार्टस् (Joachim Descartes) र माताको नाम जीन ब्रोचार्ड (Jeanne Brochard) थियो । उनको परिवार एक सम्पन्न र सुसंस्कृत परिवार थियो । उनका पिता एक वकिल र स्थानीय संसदका सदस्य थिए । देस्कार्टस्को आमाको मृत्यु उनी एक वर्षको हुँदा भएको थियो । यसले उनको बाल्यकालमा गहिरो प्रभाव पर्‍यो । देस्कार्टस्लाई उनकी हजुरआमा र नर्सले हुर्काएको थियो । बाल्यकालमा उनको स्वास्थ्य अवस्था कमजोर भएको कारण प्रायजस्तो बिरामी भइरहन्थे । उनी ८ वर्षको हुँदा उनका पिताले उनलाई एक इशाई धार्मिक सम्प्रदाय विद्यालयमा (जेसुइट विद्यालय) पढ्न पठाए । त्यतिखेर उनी साह्रै नै दुब्लोपातलो र कमजोर खालका बालक थिए । विद्यालयका अध्यक्ष फादर शार्लेले बालक देस्कार्टस्लाई खुब माया र स्नेह गर्दथे । प्रायजस्तो सबै विद्यार्थीहरू बिहान सबेरै उठ्नु पर्ने नियम थियो तर देस्कार्टस्को बिहान अबेरसम्म बिछ्यौनामा नै पल्टिरहने बानी थियो । उनको कमजोर स्वास्थ्यलाई ध्यानमा राखेर फादर शार्लेले

देस्कार्टस्लाई बिहान अबेरसम्म पनि बिछ्यौनामा पल्टिरहने छुट दिएका थिए । तर देस्कार्टस् बिहान अबेरसम्म बिछ्यौनामा लेटेर बस्दा विभिन्न चिन्तन मनन गरिरहन्थे । वास्तवमा देस्कार्टस्लाई बिहान अबेरसम्म बिछ्यौनामा लेटिरहँदा चिन्तन मनन गर्ने बानीले गणितमा विभिन्न सिद्धान्तहरू प्रतिपादन गर्नमा सहयोग पुऱ्यायो । यसबाहेक उनी धेरैजस्तो बिरामी भइरहन्थे । यसले गर्दा उनलाई घरमा बढी समय बस्ने वातावरण तयार भयो । जसले उनलाई पढ्न र चिन्तन गर्नका लागि समय प्रदान गऱ्यो ।




देस्कार्टस् कार्यकक्षमा

उनले जेसुइट विद्यालयमा लगभग आठ वर्ष अध्ययन गरे । उनले त्यहाँ ल्याटिन, ग्रीक र अन्य शास्त्रीय विषयहरू अध्ययन गरे । त्यहाँको शिक्षाबाट उनलाई समाजको एक भद्र मानिसको जीवन जीउन योग्य बनायो । त्यस विद्यालयमा अध्ययन गर्दा मेरिन मेरसेन नामको एक विद्यार्थीसँग गहिरो मित्रता बसेको थियो । उनीहरू एकआपसमा गणितका सिद्धान्तहरू छलफल गर्ने गर्दथे । उनको साथी मेरिन मेरसेन पनि पछि गएर एक विद्वान गणितज्ञ बने । जेसुइट विद्यालयको अध्ययन पूरा भएपछि रेनेलाई उनका पिताले सन् १६१२ मा उच्च शिक्षा अध्ययनको निम्ति पेरिस पठाए । त्यहाँ उनले गणितको अध्ययन गरे । पेरिसमा उनले आफ्ना साथी मेरिन मेरसेनलाई पनि भेटे । केही समय पेरिसमा अध्ययन पछि पेरिसको जीवन चित्त बुझेन । तैपनि उनले सन् १६१४ मा कलेजबाट स्नातक उपाधी हासिल गरे । त्यसपछि प्वाटियर्स विश्वविद्यालयमा कानुनको अध्ययन गरे र सन् १६१६ मा डिग्री प्राप्त गरे ।

**सैन्य जीवन र यात्रा :** देस्कार्टस्ले कानुनको डिग्री प्राप्त गरेपछि सैन्य जीवनमा प्रवेश गरे । सन् १६१८ मा उनी डच गणतन्त्रको सेनामा भर्ना भए । त्यहाँ उनले इन्जिनियरिङ र गणितको ज्ञानलाई प्रयोग गरे । यही समयमा उनले डच गणितज्ञ इसाक बेकम्यानसँग भेट गरे, जसले उनलाई गणित र भौतिकशास्त्रमा गहिरो रुचि जगाए । सन् १६२१ मा सेनाबाट अवकास लिई देस्कार्टस् चारपाँच वर्षसम्म जर्मनी, डेनमार्क, हल्याण्ड, स्वीट्जरल्याण्ड र इटाली घुम्ने लगायत युरोपका विभिन्न भागहरूको यात्रा गरे । यसबाट उनको विश्वदृष्टिकोणलाई फराकिलो बनायो ।

**अनुसन्धान र सफलता :** देस्कार्टस् सेनामा कार्यरत रहँदा १० नोभेम्बर १६१९ को दिन चिन्तन मनन गर्दा अकस्मात ज्यामितिको अध्ययनमा बीजगणितको उपयोग गर्ने विचार आयो अर्थात निर्देशाङ्क ज्यामितिको (Co-ordinate geometry) को सिर्जना गर्ने विचार पैदा भयो । तर त्यस विचारलाई व्यवस्थित गर्न तथा मूर्त रूपमा प्रकाशित गर्न उनलाई अर्को अठार वर्ष लाग्यो । निर्देशाङ्क ज्यामितिबारे अवधारणा निमार्णमा उनको सन् १६२१ मा सेनाबाट अवकाश लिई पाँचवर्षसम्म जर्मनी, डेनमार्क, हल्याण्ड, स्वीट्जरल्याण्ड र इटाली घुम्न गएबाट धेरै सहयोग गरेको थियो । त्यसपछि सन् १६२५ मा उनी फेरि पेरिस फर्के । पेरिसमा उनले मेरसेन, माइदोर्ग, देसार्ग्यु जस्ता प्रसिद्ध गणितज्ञहरूसँग बसेर गणितको अनुसन्धानमा लागिरहे । त्यसपछि पेरिसमा उनी रमाउन सकेन र फेरि सन् १६२९ मा हल्याण्ड (नेदरल्याण्ड) गए । त्यहाँ रहेर उनले गणित सम्बन्धी गहिरो अध्ययन गरे । त्यहाँ उनी सन् १६४९ सम्म बसे । हल्याण्डमा रहँदा उनले दैनिकी चलाउन बुबाको सम्पत्ति प्रयोग गरेका थिए । हल्याण्डमा करिब २० वर्ष बस्दा उनले आम्दानीको सबै काम छोडेर नितान्त गणितको अध्ययन गरे । यही समयमा उनले दर्शन र गणित सम्बन्धी आफ्ना विचारहरूलाई लिपिवद्ध गरे । उनले सुरुमा ४ वर्ष लगाएर विश्वको भौतिक रचनाको बारेमा सन् १६३७ मा उनको सबैभन्दा प्रसिद्ध कार्य 'Discourse on the Method' नामको पुस्तकमा उनले आफ्नो वैज्ञानिक विधि र तर्कमा आधारित दर्शनको आधार राखे ।

# रेने देस्कार्टस्का विभिन्न विधाहरूमा योगदान

## क) दार्शनिक योगदान :

देस्कार्टस्को सबैभन्दा प्रसिद्ध दार्शनिक कथन हो 'Cogito, ergo sum' ('I think, therefore I am') (म सोच्छु, त्यसैले म छु) । यो विचार उनको पुस्तक Meditations on First Philosophy (1641) मा सविस्तार प्रस्तुत गरिएको छ । उनले सन्देहको विधि (Method of Doubt) प्रयोग गरेर ज्ञानको आधार खोजे, जसमा उनले सबै कुरामा सन्देह गरे जुन शङ्का गर्न सकिन्छ । अन्ततः निष्कर्ष निकाले कि उनको सोच्ने क्षमता नै उनको अस्तित्वको प्रमाण हो । उनले द्वैतवाद (Dualism) को सिद्धान्त प्रस्तुत गरे, जसअनुसार मन (Mind) र शरीर (Body) दुई अलग अलग पदार्थ हुन् । यो विचारले पश्चिमी दर्शनमा गहिरो प्रभाव पाऱ्यो । उनको पुस्तक Discourse on the Method (1637) मा उनले वैज्ञानिक अनुसन्धानको लागि तर्क र सन्देहमा आधारित विधि प्रस्तुत गरे । यसैको आधारमा उनलाई आधुनिक दर्शनशास्त्रको जनक मानिन्छ ।

## ख) गणितमा योगदान

उनले गणितशास्त्रमा निर्देशाङ्क ज्यामितिको आविष्कार गरी सतहमा रहेको कुनै पनि विन्दुको स्थिति केवल दुई अङ्क (x,y) ले स्पष्ट गर्ने विधिको विकास गरे । ती दुई अङ्कहरू वा सङ्केतहरूलाई निर्देशाङ्क भनिन्छ । त्यस्तै गरी समतल सतहमा बनेको बिन्दुपथ या वक्ररेखाको चर (variable) मान भएका ती दुई सङ्केतहरूको एक विशिष्ट सम्बन्धमा अर्थात समीकरणमा व्यक्त गर्न सकिने गणितको पनि विकास गरे । यसरी नै उनले बीजगणितको समीकरणलाई ज्यामितीय आकृतिहरूको विश्लेषणमा प्रयोग गर्ने तरीका पत्ता लगाए । उनले ज्यामितीय प्रश्नहरू बीजगणितका विधिहरूबाट समाधान गर्ने वा हल गर्ने तरीका पत्ता लगाए । त्यसबाट ज्यामितीय आकृतिहरूको गुण बीजगणितका समीकरणहरूको अध्ययनबाट नै स्पष्ट पार्न सकिने विधिको जन्म भयो । यसरी देस्कार्टस्ले पहिलो पटक ज्यामिति र बीजगणित बिचको सम्बन्धबारे व्याख्या गरे । उनले प्रस्तुत गरेको विधिहरूको प्रयोगबाट बीजगणितको माध्यमबाट ज्यामितीय आकृतिहरूको विश्लेषण गर्ने कामको सम्भावना भयो । त्यसैले गणितको यस विषयलाई विश्लेषणात्मक ज्यामिति (Analytical Geometry) भनियो । यसकारण देस्कार्टस्लाई विश्लेषणात्मक ज्यामितिको संस्थापक मानिन्छ । उनले विश्लेषणात्मक ज्यामितिबाहेक गणितमा व्यापक गणित (Comprehensive mathematics) पनि निमार्ण गरे । यस गणितमा अङ्कगणित, बीजगणित र ज्यामितिका विषयहरू एक अर्कासँग जोडिएका हुन्छन् ।

देस्कार्टस्ले नै बीजगणितमा अचल (constant) सङ्ख्याहरूलाई a, b, c बाट चर राशीलाई x, y, z बाट व्यक्त गर्ने चलनको सुरुवात गरे । त्यस्तै x.x.x लाई $x^3$ को रूपमा व्यक्त गर्ने चलन र चर तथा अचल भएको वर्ग समीकरण (Quadratic equation) लाई $ax2+bx+c = 0$ को रूपमा राख्ने तरीका पनि देस्कार्टस्ले प्रयोगमा ल्याएका थिए । उनले कार्टेसियन निर्देशाङ्क प्रणाली (Cartesian Co-ordinates System) विकास गरे । जसले ज्यामितिलाई बीजगणितसँग जोड्यो । यो प्रणाली आज पनि गणित र भौतिकशास्त्रमा व्यापक रूपमा प्रयोग हुन्छ । उनको पुस्तक 'ज्यामिति' (१६३७) मा यी विचारहरूको वर्णन गरिएको छ ।

## ग) वैज्ञानिक कार्य

देस्कार्टस्ले भौतिकशास्त्र र शरीर विज्ञानमा पनि योगदान दिए । उनले इन्द्रधनुषको बनौटलाई व्याख्या गर्न प्रकाशको आर्वतन (refraction) को सिद्धान्त पत्ता लगाए । उनले गति र विश्रामको सापेक्षताबारे विश्लेषण गरी यन्त्र विज्ञान (mechanics) मा क्रिया र प्रतिक्रियाको सामान्य नियम प्रतिपादन गरे । उनको यस कार्यले भौतिक विज्ञानमा महत्त्वपूर्ण योगदान पुग्न गयो । उनले हाम्रो शरीरले अचानक बढी तातो, चिसो वा अत्याधिक पीडादायक घोचाइ खप्नु पर्दा स्वस्फुर्त नै प्रतिक्रिया जनाउने स्वरूप (motor reaction) बारे एक मूर्त सूची नै तयार पारे । यो वास्तवमा शरीर विज्ञानमा आउने अकाम्य क्रिया (reflex action) को एक सुरुवाती व्याख्या थियो । अकाम्य क्रिया वंशाणुगत गुणका कारण मानिसहरूमा निरन्तर प्रसारण भइरहेको हुन्छ । यद्यपि उनको केही वैज्ञानिक सिद्धान्तहरू, जस्तै विश्वको भौतिक संरचनाबारेको उनको विचार पछि न्यूटनको सिद्धान्तले प्रतिस्थापित गऱ्यो ।

## घ) ब्रम्हाण्ड सम्बन्धी कार्य

देस्कार्टस्ले खगोल विज्ञानमा पनि महत्त्वपूर्ण काम गरेका छन् । उनले सन् १६४० मा ब्रम्हाण्ड एक पारदर्शी द्रव्यले (Fluid) ले भरिएको विचार व्यक्त गरे । उनले उक्त पारदर्शी द्रव्यलाई ईथर भनी नाम दिए । उनको भनाइअनुसार त्यो पारदर्शी द्रव्य निरन्तर भूमरीको वेगमा रहेको थियो । उनले ब्रम्हाण्डलाई भूमरीहरूको एक श्रृंखलावद्ध थुप्रोको रूपमा चित्रण गर्दै एक काल्पनिक चित्र तयार गरे । उनको भनाइ अनुसार ब्रम्हाण्डमा रहेको ईथरको सागरमा अपारदर्शी वा धमिला पदार्थहरू तैरिरहेका छन् । ती धमिला पदार्थहरू

भूमरीहरूले समात्ने गर्दछन् । साथै ती धमिला पदार्थहरू धेरैजस्तो भूमरीहरूको केन्द्रमा नै खाँदिन आउँछन् तर सानो परिमाणका पदार्थहरू केन्द्रको वरिपरि नै घुमेर रहेका हुन्छन् । उनको विचार अनुसार ती भूमरीहरूमध्ये एउटा भूमरी हाम्रो सौर्यमण्डल हो । उनको भनाइअनुसार केन्द्रमा रहेको सूर्यमा धेरै पदार्थहरू रहेका छन् । तर साना टुक्राहरू ग्रहका रूपमा रहेर त्यस केन्द्र (सूर्य) लाई घुमिरहेका छन् । त्यस भूमरीबाट कहिलेकाँही केही पदार्थ उछिट्टिएर बाहिर निस्कन्छन् । ती पदार्थहरू पुच्छेतारा हुन् । उनले तयार गरेको ब्रम्हाण्डको चित्रलाई 'कार्टसियन ब्रम्हाण्ड' (Cartesian Universe) भनिन्छ । उनको ईथरको अवधारणालाई पछि आएर बीसौँ शताब्दीमा अल्बर्ट आइन्स्टाइनले गलत भएको प्रमाणित गरिदिए ।










रेने देस्कार्टस् अङ्कित विभिन्न देशहरूमा प्रकाशित हुलाक टिकटहरू

उनले सौर्य मण्डललाई एक भूमरीको रूपमा व्याख्या गरे । उनले तयार गरेको सौर्यमण्डलको काल्पनिक चित्रमा पृथ्वीलाई स्थिर वस्तुको रूपमा प्रस्तुत गरे जुन पछि गएर ग्यालिलियोले गलत प्रमाणित गरेर देखाए । यसमा उनको तर्क थियो सौर्यमण्डल एक वेगवान भूमरी भएपनि नजीकको ईथरको सापेक्षतामा पृथ्वी घुमेको हुँदैन र यही कारणबाट त्यो स्थिर रहेको हुन्छ । देस्कार्टस्को तर्क अनुसार सौर्यमण्डलमा स्थिर पृथ्वी र सूर्यकेन्द्रित प्रणाली दुवैको अस्तित्वको सम्भावना हुन्छ । उनको विचार अनुसार सौर्यमण्डल एक भूमरी भएकोले जसरी भूमरीमा जति हदसम्म केन्द्रतिर गइन्छ, त्यति नै ज्यादा वेग रहेको हुन्छ । त्यसरी नै सौर्यमण्डलमा पनि केन्द्रको रूपमा रहेको सूर्यसँग कुनै ग्रह जति नजिक हुन्छ त्यति नै ज्यादा त्यसको गति हुन्छ । यसरी नै सूर्यबाट कुनै ग्रह जति टाढा रहन्छ त्यति नै त्यस ग्रहको गति कम हुन्छ । तर उनले प्रयोगात्मक रूपमा ग्रहहरूको गतिको परिमाणात्मक चित्र भने कहिल्यै बनाएनन् । पछि सर आइज्याक न्युटनले देस्कार्टस्को विचारलाई नै विकास गरेर सौर्यमण्डलमा ग्रहहरूको आपसी सम्बन्धबारे क्रान्तिकारी सिद्धान्त प्रतिपादन गरे ।

**भौतिकवादी र अध्यात्मवादी चिन्तन :** उनको विचारधारामा भौतिकवादी हुनुको साथै अध्यात्मवादी पनि पाइन्छ । उनको कार्टसियन ब्रम्हाण्डको परिकल्पना अनुसार हाम्रो सौर्यमण्डलजस्ता थुप्रै अरू सौर्यमण्डलहरू यस ब्रम्हाण्डमा रहेको छ । यसबाट पृथ्वीमा झैं ब्रम्हाण्डको अन्य ठाउँहरूमा पनि जीवन हुनसक्ने सम्भावना देखियो । उनको विचारले इसाई धर्ममा रहेको मान्छेको अद्वितीयता, ईश्वर र स्वर्गको अस्तित्वमा प्रश्न चिन्ह खडा गरेको तत्कालीन धार्मिक गुरुहरूले अनुभव गरे । यसकारण उनको यो विचारलाई इसाई पादरीहरूले स्वीकार गर्न सकेनन् । यद्यपि देस्कार्टस् ईश्वरको अस्तित्वलाई मान्दथे र उनले सृष्टिको स्रोत ईश्वर नै हुन् भनेका थिए । भौतिक विज्ञानमा देस्कार्टस्ले जुन चिन्तनधारा अँगाल्न खोजे, त्यसले उनलाई भौतिकवादी दर्शनतर्फ घचेटेको आभास हुन्छ । उनको विचार अनुसार संसार ठूलो यन्त्रमा जडित विभिन्न वस्तुहरूको थुप्रो हो । ती वस्तुहरू कुनै गतिमा छन् भने कुनै विश्राममा छन् । उनले थपे ईश्वरले सृष्टि गर्दा नै वस्तुहरूमा गति र विश्राममा सम्मिलित गराएको हुन्छ । त्यसैले वस्तुको गति र विश्रामको स्रोत ईश्वर हो । उनले प्रकृतिलाई आधारभूत रूपमा दुई अलग अलग तथा स्वतन्त्र खेमामा विभाजन गरे । ती खेमाहरू एउटा आत्मा र अर्को पदार्थ हो । उनले आत्मा र पदार्थलाई एक आपसमा अलग रही स्वतन्त्र रूपमा अस्तित्वमा रहन सक्ने धारणा अगाडि ल्याए । यसरी उनले सत्रौं शताब्दीमा एकातिर यान्त्रिकवाद र तर्कवादलाई विकास गर्न खोजेका थिए भने अर्कोतिर सम्पूर्ण वस्तुको स्रोत ईश्वर हो भनी अध्यात्मवादलाई समर्थन गरेका थिए । यसरी नै उनले आत्मा र पदार्थको अलग तथा स्वतन्त्र अस्तित्वको वकालत गर्दै आफूलाई द्वैतवादी दार्शनिकको रूपमा पनि चिनाए । तर खगोलविज्ञान, यन्त्रविज्ञान, गणित तथा शरीरविज्ञानमा उनले गरेको कार्यले सत्रौं शताब्दीको अध्यात्मवादी दर्शनमा ठूलो धक्का पुग्न गएको थियो ।

## देस्कार्टस्का प्रमुख कृतिहरू

a) Discourse on the Method (1637) : वैज्ञानिक विधि र दर्शनको आधार सम्बन्धी व्याख्या ।

b) Meditations on First Philosophy (1641) : सन्देह र ज्ञानको स्रोतबारे चिन्तन ।

c) Principles of Philosophy (1644) : उनको दर्शन र वैज्ञानिक सिद्धान्तहरूको सङ्ग्रह ।

d) The Passions of the Soul (1649) : मानव भावना र मनोविज्ञानको अध्ययन ।

**पारिवारिक जीवन र पुरस्कार :** उनी औपचारिक

रूपमा अविवाहित थिए। तर सन् १६३५ मा उनको नोकरनी हेलेना जान्ससँगको सम्बन्धबाट एक छोरी Francine Descartes (1635-1640) को जन्म भयो। तर दुभार्ग्यवस छोरी फ्रान्सिनको पाँचवर्षको उमेरमा मृत्यु भयो। यसले देस्कार्टस्‌लाई गहिरो चोट लाग्यो। त्यसपछि उनले आफ्नो जीवनको अधिकांश समय एकान्तमा बसेर लेखन र अनुसन्धान गरेर बिताए। उनको पालामा वैज्ञानिक अनुसन्धानको लागि औपचारिक पुरस्कारहरू दिने प्रचलन थिएन। उनले पनि आफ्नो नाममा कुनै पुरस्कारहरू प्राप्त गरेका थिएनन्। तैपनि उनको वैज्ञानिक अध्ययन र अनुसन्धानको कदर गर्दै युरोपियन युनियनले सन् २००० देखि वार्षिक रूपमा वैज्ञानिक अनुसन्धानमा विशेष योगदान दिएका व्यक्तिहरूलाई देस्कार्टस् विज्ञान पुरस्कार प्रदान गर्दै आएको छ।

## देस्कार्टस् सम्बन्धी तथ्यहरू

क) उनलाई जीवनमा कम मानिसहरूले मात्र  रेने भनेर बोलाउँथे। उनलाई प्रायजस्तो उपनाम 'Poitevin' (फ्रान्सको Poitou मा बस्ने बासीन्दाहरूलाई बोलाउने उपनाम) ले बोलाउँथे।

ख) उनले ११ वर्षदेखि १८ वर्षको उमेरसम्म युरोपकै सबभन्दा राम्रो विद्यालय the Jesuit College of Henry IV in La Flèche, France मा पढने अवसर पाएका थिए।

ग) देस्कार्टस्‌को बुबाको परिवारमा अधिकांश सदस्य वकिल भएकोले उनको बुबा देस्कार्टस्‌लाई पनि वकिल बनाउन चाहन्थे।

घ) सन् १६३७ मा प्रकाशित उनको पुस्तक Discourse on the Method मा पहिलो पटक क्रान्तिकारी विचारको रूपमा ज्यामितीय प्रश्नहरू, बीजगणितका विधिहरूबाट समाधान गर्ने वा हल गर्ने तरीकाबारे व्याख्या गरेका थिए।

ङ) उनले आफ्नो पुस्तक Rules for the Direction of the Mind मा गणितका विभिन्न विधिहरू सामान्यीकरण गरेका थिए।

च) उनको विचारमा जो मानिस गुप्त रूपमा बस्छ, उसको जीवन राम्रो हुन्छ। यसकारण उनी हल्याण्डमा लामो समय बस्दा आफ्नो ठेगाना गोप्य राख्नुको साथसाथै कोठा समय समयमा सरिरहन्थे।

छ) उनले आफ्नो पुस्तक Meditations on First Philosophy प्रकाशित गर्नु अघि त्यसको पाण्डुलिपिको २० प्रति जति आलोचनाको लागि विभिन्न दार्शनिकहरूलाई पढ्न दिएका थिए। उनीहरूको सकारात्मक आलोचना समावेश गरी पछि पुस्तक प्रकाशन गरेका थिए। यसको अर्थ उनी आलोचनाबाट डराउने व्यक्ति थिएनन्।

छ) उनी स्वयम् क्याथोलिक भए पनि उनको ब्रम्हाण्डमा सौर्यमण्डल सम्बन्धी धारणामा विमति जनाउँदा क्याथोलिक चर्चले उनको पुस्तकमा प्रतिबन्ध लगाएको थियो।



स्विडेनका रानी क्रिस्टिनालाई पढाउँदै देस्कार्टस्

ज) उनको सानैदेखि अबेर उठ्ने बानी थियो। ठुलो भएपछि पनि उनी मध्यान्हसम्म ओछ्यानमा नै हुन्थे। तर उनी ओछ्यानमा बसिरहेपनि विभिन्न चिन्तन मनन गरिहन्थे। जब उनले स्विडेनको रानीको अनुरोध अनुसार बिहान ५ बजे रानीलाई दरबारमा गएर पढाउन थाले, उनको अबेरसम्म ओछ्यानमा बस्ने बानी तोडियो। यसरी आफ्नो बच्चादेखि बसेको बानी तोड्दा निमोनियाको कारण निधन भयो।

झ) सन् १६५० स्विडेनको राजधानी स्टकहोममा उनको निधनपछि सहरको बाहिर शवलाई समाधिस्थ गरिएको थियो। मृत्युको १६ वर्षपछि उनका अनुयायीहरूले देस्कार्टस्‌को अस्थिपञ्जरलाई फ्रान्सको राजधानी पेरिस लगे। फ्रान्सको राजधानी पेरिसबाट Museum of French Monuments मा लगियो। यसको १० वर्षपछि उक्त स्थानबाट अस्थिपञ्जरको टाउको र अस्थिपञ्जरका केही भागहरू हराएको पाइयो। पछि खोजी गरेर टाउको पाइयो। हाल टाउकोसहित बाँकी अस्थिपञ्जर Musée de l'Homme in Paris मा राखिएको छ।

**निधन :** सत्रौं शताब्दीका महान् गणितज्ञ, भौतिकशास्त्री, शरीरविज्ञानविद् र दार्शनिक रेने देस्कार्टस्ले स्विडेनको रानीको आग्रहलाई टाल्न नसक्दा असामयिक रूपमा मृत्युको वरण गर्न पुगे । सत्रौं शताब्दीको पूर्वार्धको अन्ततिरको वर्षमा स्विडेनको उन्नाइस वर्षीया जवान रानी क्रिस्टिनाले त्यस समयका एक महान् व्यक्तित्व देस्कार्टस्लाई स्टकहोमको आफ्नो दरबारमा आफूलाई पढाउनको लागि आमन्त्रण गरिन् । त्यसबेला हल्याण्ड वा नेदरल्याण्डमा बसिरहेका देस्कार्टस्ले चिसो समय आफ्नो शरीरको लागि अनुकूल नहुने भएकोले टार्दै गए ।



नेडरलान्डस्को हेगमा अवस्थित देस्कार्टस्को प्रतिमा

तर पछि सन् १६४९ को अक्टोबर महिनामा रानी क्रिस्टिनाको आदेशबाट घरको ढोकासम्म एक नौसैनिक अधिकारीले आफूलाई लिन आएपछि वाध्य भएर बडो खिन्नताका साथ देस्कार्टस् रानीको दरबारमा गए । त्यहाँ उनको भव्य स्वागत भयो । रानी क्रिस्टिना युवती नै भएकोले बढी जिद्दीवाल स्वभावकी थिइन् । उनले देस्कार्टस्लाई हरेक दिन बिहान पाँचबजे दरबारमा आई आफूलाई शिक्षा दिन प्रस्ताव गरिन् । कमजोर शरीरका र चिसो सहन नसक्ने देस्कार्टस्ले रानीको प्रस्ताव नकार्न सकेनन् । उनी हरेक दिन बिहान पाँचबजे दरबारले पठाएको घोडागाडीमा चढी रानी क्रिस्टिनाको दरबार गएर पढाउन थाले । त्यसै त चिसो देश स्विडेन त्यसमाथि पनि हिउँदको बेला भएकोले स्विडेनमा निकै जाडो थियो । देस्कार्टस्ले स्विडेनको जाडो पचाउन सकेनन् । उनलाई दरबारमा पढाउन सुरु गरेको चार महिनापछि नै निमोनिया रोगले छोयो । यही रोगको कारण ५४ वर्षको उमेरमा सन् १६५० फेब्रुअरी ११ तारिखका दिन स्विडेनमा देस्कार्टस्को निधन भयो ।

**सन्दर्भ सामग्रीहरू**


क) विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ/उर्मिला शाही, पाँचपोखरी प्रकाशन


ख) संसार बदल्ने महान् वैज्ञानिकहरू भाग ३ : तुल्सीदास महर्जन, मूल्याङ्कण प्रकाशन

ग) The Classical Scientists : S. Chand & Company

घ) गुगल

ङ) grok AI


# हाम्रो स्थानीय तह




## ललितपुर मनपा, ललितपुर

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | ७०२५६ | २८४९२२ |
| जनसङ्ख्या | ७७१५९ | २९४०९८ |
| परिवार आकार | | ३.८१ |
| लैङ्गिक अनुपात | | ९९.५७ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ०.३० |
| जनघनत्व | | ८१४२ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

# भक्तपुरमा नाचैनाच



कृष्ण आचार्य

सापारू पर्व २०८२ धेरै हर्ष उल्लासका साथ मनाइयो। ख्वप अथवा भक्तपुर नाचगानको राजधानी भनेर चिनिएको छ। हाम्रा पुर्खाहरूले यसलाई धेरै मिहिनेत र लगनका साथ बनाए र बचाए। आज यो कला र संस्कृति हाम्रो सम्पत्ति भयो। बिचको केही समय यहाँ नाचगान सुस्ताएको थियो। अहिले फेरि यसले सार्थकता पाएको छ। हरेक अग्रज बाजेहरूदेखि युवा तथा साना भाइबहिनीहरूसमेत उत्साह र गौरवका साथ नाचगानमा संलग्न छन्। यसले हाम्रो कला संस्कृति तथा संस्कारको भविष्य उज्ज्वल र दीर्घकालीन हुने देखिन्छ। लोप हुन लागेको, अस्तित्वविहीन भएका कतिपय नाचहरूले पनि आज जीवन्तता पाएका छन्। नयाँ नयाँ नाचगानहरूको पनि सृजना भएको छ, यसलाई हामीले हृदयदेखि स्वागत गर्नैपर्छ, नयाँ सृजनालाई उत्साहित गर्नैपर्छ।



सापारू पर्वमा जे जति नाचगानहरू उत्साहका साथ प्रदर्शनहरू भइरहेका छन् त्यसको प्रत्यक्ष श्रेय भक्तपुर नगरपालिका, भक्तपुरका कलाकर्मी साथी र सांस्कृतिक गुरुहरूलाई नै जान्छ। कलाकर्मी साथी तथा सांस्कृतिक गुरुहरूको मिहिनेत, लगनशिलता, परिश्रम र भक्तपुर नगरपालिकाको सोच र हौसलाले आज फेरि भक्तपुरलाई नाचगानको राजधानी नै हो भनेर स्थापित गर्ने अवसर मिलेको छ।

भक्तपुर नगरपालिकाले नाचगानको प्रतियोगिता गरी पुरस्कारको व्यवस्था गरेको छ; यो राम्रो पक्ष नै हो। जसले नाचगान गर्दैन; यसको महत्त्व बुझ्दैन; बुझेर बुझ पचाउँछ; त्यस्ताले विरोध गर्नु स्वाभाविक हो। तर, कला संस्कृतिमा रमाउन चाहने, माया गर्ने र पुर्खाको नासो बचोस् र बचाइ राख्नुपर्छ भन्ने सोच भएकाहरूलाई भक्तपुर नगरपालिकाले व्यवस्था गरिदिएको पुरस्कार अमृत समान नै हो। आज जे जति नाचहरू प्रदर्शन भइरहेका छन् त्यो हाम्रो हो; त्यसलाई तेरो मेरोमा मात्र सीमित नगरौँ, समग्र नेपाल र नेपालीको सम्पत्ति हो भनेर सोचौँ। त्यसैले यो भएन त्यो भएन भनेर सामाजिक सञ्जालमा जथाभावी नलेखौँ। सकारात्मक सुझावहरू राखौँ।

भक्तपुर नपाले युवाहरूलाई विभिन्न रोजगारीमूलक तालिम दिने गरेको छ। भनपाले कला संस्कृति, मठ-मन्दिर, पाटी, धारा र इनारको जीर्णोद्धार गरेर उदाहरणीय कार्य गरेको छ। नगरपालिकाको हौसलाले भक्तपुरमा परम्परागत नाचगान र सांस्कृतिक डाफा भजनहरू निरन्तर चलिरहेका छन्। तर यहाँ खिं (बाजा) मर्मत गर्ने अनुभवीहरूको कमी छ। बाजा बनाउने र मर्मत सम्भार गर्ने तालिमको व्यवस्था मिलाइदिएको खण्डमा रोजगारीको साथै बाजा मर्मत सम्भारमा सहजता हुने देखिन्छ।

स्रोत : मजदुर दैनिक, भदौ २, २०८२


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# इताछैँ ध्वाका एक चर्चा

दिव्यराज

केही दिनअघि फेसबुक हेर्दै गर्दा सुनिल उलकको पेजमा पुगियो। त्यसमा उनले साउन २२ गते पोस्ट गरेको एउटा तस्बिरमा आँखा पर्‍यो। भक्तपुरको त्यस तस्बिरले धेरैको ध्यानाकर्षण गरेको तथ्य कमेन्टहरूबाट बुझिन्छ। सुनिल उलकको फेसबुकमा पुराना तस्बिरहरू थुप्रै देख्न सकिन्छ।

तस्बिरबारे सुनिलले लेखेका छन्– 'वि.सं. १९९० सालको महाभूकम्पपछि काठमाडौँ उपत्यका तहसनहस भएको थियो। यहाँका कतिपय मठमन्दिर तथा संरचनाहरू ध्वस्त भएका थिए। राणा श्री ३ जुद्धशमशेरको समय थियो। कति संरचना बनाइए। कति संरचना बनेनन्। कति संरचना बनाइए पनि वास्तविक रूपमा भन्दा भिन्न स्वरूपमा बनाइयो।....

मल्लकाल तथा लिच्छविकालदेखि नै भक्तपुर शहरमा चारैतिर ढोका राखेर सुरक्षित बनाइएको थियो। त्यस समय शहर पस्ने मूलढोकाहरूलाई **प्रतोली** भनिन्थ्यो। भक्तपुरको पूर्वतर्फ च्याम्हासिंह ध्वाका, पश्चिममा भार्वाचो ध्वाका, उत्तरतर्फ महाकाली ध्वाका, दक्षिणमा माकचो ध्वाका बनाइएको थियो। त्यस्तै उत्तर पूर्वमा मूलध्वाका ख्वप लायकु नजिकै ब्यासीतर्फ ब्यासी ध्वाका, अर्को सुगलध्वाका, लास्कु ध्वाका, खौमा ध्वाका, इटाछैँ ध्वाका, भेलुख्य ध्वाका, भः ध्वाका गरी विभिन्न ढोकाहरू बनाइएका थिए। ....

यहाँ राखिएको तस्बिर १०० वर्षभन्दा अगाडि वि.सं १९७८ मा खिचिएको हो। ९० सालको भहाभूकम्पभन्दा पहिले खिचिएको यस तस्बिरमा भएको ध्वाकाको बारेमा मलाई विशेष जानकारी भएन। यो ध्वाका इटाछैँ ध्वाका हो कि भन्ने लागेको छ।'

यस तस्बिरको स्रोत भने खुलाइएको छैन।

यस पोस्टमा विभिन्न व्यक्तिले 'कमेन्ट' गरेका छन्। त्यसमध्ये जीआर रन्जितले लामै कमेन्ट गरेका छन्– कुशे औशी (बुबाको मुख हेर्ने दिन) को दुई दिन अगि अर्थात् त्रयोदशीका दिन भक्तपुरमा बौद्ध परम्परा अनुसार ठूलो दानपर्व हुने गर्दछ। जसलाई पञ्चदान वा पंजारा भनिन्छ। त्यस्तै माघ १ गतेका दिनलाई सम्यक महादान भनिन्छ। यस दुईदिन भक्तपुरमा रहेका पाँचवटै दिपंकर बुद्धहरूलाई नगर परिक्रमा गराइन्छ। नगर परिक्रमाका क्रममा भगवान दिपंकर बुद्धलाई विभिन्न स्थानमा पूजा गर्ने गर्दछ। यसरी पूजा गर्ने स्थानहरू मध्ये एक हाल नःपुखूको पूर्व ईताछें आउने बाटोमा ठूलो ढुङ्गा रहेको स्थान पनि हो। उक्त ढुङ्गालाई भक्तपुर प्रवेश द्वारको रूपमा लिइन्छ। यस स्थानमा पहिले ध्वाका थियो भने गरिन्छ।....

अहिले हामीले देखिरहेको ध्वाका ईताछेँ ध्वाका हो। यो हाल नःपुखुबाट ईताछेँतर्फ रहेको थियो।....



बि.सं. १९७८ सालमा खिचिएको भक्तपुर प्रवेश गर्ने एक ढोका (प्रतोली)
सुनिल उलकले पोस्ट गरेको तस्बिर

लिच्छविकालमा नःपुखु थथु बहि विहार भित्रको पोखरी थियो। यस पोखरीको पूर्वमा यो ध्वाका र पश्चिममा अर्को ध्वाका भएको कारण यो ध्वाका पोखरीमा जाने ध्वाका हुनसक्ने अनुमान गर्न सक्छौँ।

त्यस्तै, प्रेम खर्बुजा– यो ढोका ईटाछेँ नःपुखू (हालसम्म पनि ढोकाको अवशेष देख्न सकिन्छ) को हो। तर यो फल्चा ईटाछेँ गणेश सँगैको नभई नवदुर्गा हलको डिलमा रहेको जस्तो लाग्छ भने फल्चाको विपरित रहेको पिल्चिा जस्तोमा जगतमान साहूको किराना पसल थियो। त्यो पसल भएकै कारण हालसम्म पनि त्यहाका बुढापाकाले यो ठाँउलाई 'पसचा' भने गरिन्छ र हामी सानो हुँदा ५०–५२ साल सम्म भुटेको केराउ, चना किनेर खाएको सम्झना छ।

धनेशराज राजोपाध्याय– यो फल्चा (पाटी) अहिले एसबीएस किताब पसल रहेको ठाउँ जस्तो लाग्छ। त्यसैको भित्तामा नारायणको मूर्ति अझैपनि राखिएको छ। सायद त्यो नारायणको मूर्ति सोही फल्चाकै पो हो कि ?

विश्वराम दुमरु– इताछें भक्तपुर कै हो।

विनिता बिजु– यसमा त इताछेँ ओरालो जाने बाटो नै देखिएन त ?

गीता बाटी– नःपुखूको ध्वाका होइन। दिपङ्कर भगवान प्रवेश गर्ने (द्वार) हो। आदि।



तेपु लोहँ

केहीले इताछेँको ध्वाका होइन कि भनी शङ्का पनि व्यक्त गरेका छन्।

यी कुरा पढेपछि त्यो ठाउँमा धेरै पटक ओहोर–दोहोर गरे पनि सुनिलको तस्बिर बोकेर पङ्क्तिकार स्थलगत अवलोकनमा जाँदा तस्बिर र वर्तमान स्थितिमा धेरै मेल खाएको देखियो। यसबारे साविक वडा नं. १५ का पूर्ववडाध्यक्ष रविन्द्र खर्बुजासँग पनि कुराकानी गरियो र धेरै जानकारी पाइयो।

सुनिलको तस्बिरमा देखिएको दायाँको पाटीको अस्तित्व छैन, बायाँको पिलिचा पनि हटाइसकेको छ। विगतमा घरलाइन मिलाउन पिलिचा हटाउन लगाइएको रहेछ। पिलिचामाथिको सिंहको शीर अङ्कित साँझ्यः यथावत् छ। पिलिचाको दलिन अड्याइएको गारोमा टालेको पनि दृष्टिगोचर हुन्छ। पिलिचासँगै नारमला गल्ली जाने बाटोको अंश पनि देखिन्छ। तँ कोने जाने बाटो भने तस्बिरमा देखिँदैन। त्यो बाटो विरुवाहरू उम्रेकोसँगै हुनुपर्छ भन्ने छ।

तर, सुनिलको तस्बिरमा नारमला गल्ली जाने बाटोसँगै पिलिचा भएको घरसहित चारघर देखिन्छ तर अहिले पाँचघर देखिन्छ र घरको आकार पनि ठूलो देखिन्छ। त्यसपछि तँ कोने जाने बाटो आउँछ।

सुनिलको तस्बिरमा देखिएको विरुवापछि देखिएको दुई घर, पर्खालपछि अलिकति खालि ठाउँ अनि ढोका आउँछ। अहिले त्यहाँ धेरै घरहरू देखिनुको साथै बाटो र पल्लो छेउमा ढोकाको अवशेष वा तेपु लोहँ रहेको छ।

अनुमान गरिएको तँकोने जाने बाटो उता थोरै घर रहेकोमा अहिले धेरै घरहरू हुनु, फराकिलो बाटो पनि भएकोले त्यो ढोकाको तेपु लोहँ त सारिएन ? ध्वाका पहिले अहिलेको तँकोने जाने बाटोभन्दा अगाडि पो थियो कि ? तेपु लोहँ सार्दै सार्दै नः पुखूको छेउसम्म पुऱ्याइएको थियो कि ? अध्ययनको आवश्यकता देखिन्छ।



नारायणको मूर्ति

तस्बिरको दायाँ स्पष्ट देखिएको पाटीमा रहेको भनिएको 'नारायणको मूर्ति' स्थानीयले चोरी हुनबाट बचाएर पाटी रहेकै ठाउँको भित्तामा राखिएको छ ।

इताछैं ध्वाका ऐतिहासिक रूपले पनि महत्त्वपूर्ण रहेको छ । यो ध्वाकाले कान्तिपुरका राजा प्रताप मल्ल र गोरखाका राजा पृथ्वीनारायण शाहको हमलाबाट बचाएको थियो । यसबारे देविचन्द्र श्रेष्ठले यसरी लखेका छन्–

... भक्तपुरमाथि पृथ्वीनारायण शाहको हमला ने.सं. ८९० कार्तिक शुक्ल एकादशीदेखि ३ दिनसम्म भयो । यो हमला रातीको समयमा शुरु भएको ... त्यस दिन शुक्रबार परेको थियो । भोलिपल्ट दिनभर राजकूलका चोक, आँगनहरूमा युद्ध भएर पर्सिपल्ट कार्तिक शुल्क चतुर्दशी आइतबारको दिन (सं. १८२६ मार्ग १ गते) भक्तपुरले आत्मसमर्पण गर्दा यो जीतवाजी पृथ्वीनारायण शाहको पक्षमा भयो । त्यसअघि नै उनले कान्तिपुर तथा ललितपुर बिनायुद्धले दखल गरिसकेका थिए । ...कान्तिपुरमा ने.सं. ८८८, भाद्र शुल्क चतुर्दशी (अनन्त चतुर्दशी) इन्द्रजात्राको पहिलो दिन, तल्लो टोलहरूमा जात्राको रथ तानिरहेकै बेला राजा जयप्रकाश आफै उपस्थित रहेकै अवस्थामा कान्तिपुर नगरवासीहरूका ३ समूहले आ–आफ्ना जिम्माको तीनओटा ढोकाहरू खोलिदिएर कान्तिपुर पृथ्वीनारायण शाहलाई सुम्पेको पाइन्छ । (सं. १०२५ असोज १३)

यसरी बिनायुद्धले एक्कासि कान्तिपुर नगरभित्र पृथ्वीनारायण शाहको प्रवेश भएपछि राजा जयप्रकाश मल्ल पचलीको बाटो भएर ललितपुरतर्फ लागे । त्यहाँका ६ प्रधान काजीहरूको झुकाव पृथ्वीनारायणतर्फ पाएकाले उनी ललितपुर छाडेर भक्तपुरमा रणजित मल्ल कहाँ पुगे शरणार्थी भएर ।

यता कान्तिपुरमा बिनासंग्राम पृथ्वीनारायण शाहले दखल गरेको देखेर त्यसको १० दिनपछि नै ११ रौं दिन ललितपुरका काजीहरूले पनि पृथ्वीनारायण शाहलाई उहीँ बोलाएर आत्मसमर्पण गरे । (सं. १८२५ असोज २४)

ललितपुरको पतनपछि राजा तेजनर सिंह मल्ल पनि भक्तपुर पुगेर रणजित मल्लसित राजनीतिक शरण मागे । ... राजा रणजित मल्ल पृथ्वीनारायण शाहको 'मित बाबा' पनि हुन् । तसर्थ, पृथ्वी नारायण शाहले त्यहाँ एक्कासि हमला गरेनन् । उनले जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल दुवैको सुपुर्दगी मागे आफ्ना मित बाबासित । पृथ्वीनारायण शाहको यस मागलाई लिएर भक्तपुरमा राजा प्रजाहरूकाबीच निकै छलफल भयो । भक्तपुरमा २४ सै टोलका प्रजाहरू राजकूलमा उपस्थित भएर शरणमा आएका दुवै मल्ल राजाहरूको सुपुर्दगी नगर्ने निर्णय गरे । अब भने पृथ्वीनारायण शाहलाई भक्तपुरमाथि हमला गर्ने बाटो खुल्यो ।

पृथ्वीनारायण शाह पनि भक्तपुरमा चढाइ गर्न निकै जोरजामका साथ ने.सं. ८९० लाग्दो महिनामै आफ्ना भाइ शूर प्रताप शाहका साथै भक्तपुर नगरको पश्चिम 'इटाछैं ध्वाका' बाहिर एकत्रित भएर जुटे । तर, गोर्खाली सेनाले इटाछैं लंक्वाठ तोड्न सकेनन् । त्यसैले 'इटाछैं ध्वाका' पनि





इताछैंको वर्तमान स्थिति (पूर्वबाट बायाँ र पश्चिमबाट तेपु लोहँसहित दायाँ)

खुलेन। त्यसै दिन पृथ्वीनारायण शाहको सैनिक शक्तिको परीक्षा हुने थियो। ...रणजित मल्लका आफ्नै मठ्याहा छोराहरू...ले नै कान्तिपुरमा जस्तै भक्तपुर नगरका पूर्वपट्टि रहेको 'मूल ढोका' खोल्न लगाएर त्यहाँबाट गोर्खाली सेनालाई नगर प्रवेश गराइदिए। त्यही सेनाले पश्चिम 'इटाछेँ ध्वाका' खोलिदिएर त्यहाँ एकत्रित गोर्खाली भारादारहरूसहित पृथ्वीनारायण शाह र उनका भाइ शूर प्रताप शाहको भक्तपुर नगरप्रवेश सहज गराए। ...

उपयुक्त घटनाबाट भक्तपुर नगर निवेशका प्रमुख दुइटा ढोकाहरूबारे जानकारी प्राप्त छन् : पूर्वतर्फको 'मूल ध्वाका' र पश्चिमको 'इटाछेँ ध्वाका'। यस युद्धको 'आँखा देखालो' बयान गर्ने इतिहास पुरुष हामीलाई उपलब्ध छ– गरुड नारायण गोंगल। उनले भक्तपुर पतनको २० वर्षपछि लेखेको संस्मरण नै प्रस्तुत चर्चाको खास स्रोत हो। त्यसैले उनको संस्मरणकै व्यहोरा केही यहाँनिर उद्धृत गर्नु सान्दर्भिक हुनेछः

*'नेपाली सं. ८९० कार्तिक सुदि ११ रोज ७ (खासमा रोज ६ शुक्रबार) को रात्री घरि ९।१० मा सहर भादगाउँको पूर्वपट्टिका मूल ढोकाबाट लस्कर प्रवेश भई घर १०।१२ मा आगो लाइ पश्चिमपट्टिको इटाछेँ ढोकाबाट श्री ५ महाराजा (श्री) म त पृथ्वीनारायण शाह श्री शूर प्रताप काजी साहेव प्रवेश गर्नु भई, द्वादशीको दिन विहानै कंपनी कंपनी छाना छानामा चढी बन्दूकले हानी हानी आई दरबारको छाना पुग्यापछि हिटिचोकको उत्तरपट्टिको चार तल्ला माथिको छानाबाट हानी गोलि लागि मऱ्याकोः'* (फेहरिस्त दिइएको छ)'

उपर्युक्त संस्मरणको उद्धरणबाट भक्तपुर नगरको खासगरी इटाछेँ ध्वाकाबाट पृथ्वीनारायण शाहलाई प्रवेश गराएको देखिन्छ। तर यस 'इटाछेँ ध्वाका' को अस्तित्व आजभोलि पाइँदैन। यो कहिलेदेखि लोप भयो त्यसको चर्चा कतै देखिएको छैन यस पंक्तिकारको दृष्टिमा। (भक्तपुर मासिक, सङ्ख्या २२९)

उपरोक्त विवरणहरूबाट भक्तपुरको एउटा ऐतिहासिक, पुरातात्त्विक र सामरिक ध्वाकाको जानकारी उपलब्ध भएको छ र यसको निम्ति सर्वप्रथम त तस्बिर प्रकाशमा ल्याउने सुनिल उलक धन्यवादका पात्र छन्। अब यसबारे थप तथ्यहरू प्रकाशमा ल्याउने गहन जिम्मवारी निश्चय पनि इतिहासविद्, पुरातत्त्वविद् र सम्पदाविद्हरूको काँधमा आएको छ। आशा छ, उहाँहरूले लुकेको इतिहास सतहमा ल्याएर आफ्नो कर्तव्य निर्वाह गर्ने छन्।

स्रोत : मजदुर दैनिक, भदौ २ गते



वडाध्यक्षको डायरीबाट

# सिफारिस छलफल पछिमात्र

कुशल

दिउँसोको समय थियो । विहीबारको दिन नगरपालिकामा समितिको नियमित बैठक थियो । घडी हेर्दा दिउँसोको एक बज्नै लागेको थियो । म नगरपालिकामा समितिको बैठकमा जानको लागि आफ्नो कुर्सीबाट उठें । त्यत्तिकैमा दुई जना बहिनीहरू मेरो अफिसमा छिर्नुभयो । बहिनीहरू दुवै जनाले मलाई नमस्कार सर भनी आदर गर्नुभयो । मैले नि नमस्कार बहिनी भनी जवाफ फर्काएँ । उनीहरूको हातमा नागरिकताको फारम देखें । मैले पक्कै नागरिकताको सिफारिस लिन आएको होला भनी अनुमान लगाउँदै सोफामा बस्न अनुरोध गरेँ । म आफू उठिसकेको मान्छे पनि एउटा हस्ताक्षर गरेरै जाउँला भनी नागरिकताको फारम त्यस बहिनीसँग लिएर हस्ताक्षर गर्न सोफामा बसें । नागरिकताको फारमसँग मैले आवश्यक अन्य कागजातहरू पनि जाँच गर्न थालें । जाँच गर्ने क्रममा मैले थाहा पाएँ कि त्यस बहिनीको नाम विनिता सुवाल (नाम परिवर्तित) रहेछ । बुबाको नाम राम सुवाल (परिवर्तित नाम) रहेछ भन्ने आमा राम माया सुवाल (नाम परिवर्तित) रहेछ । बुबाको नाम देख्ने वित्तिकै मैले हस्ताक्षर गर्न निकालेको रातो पेन हस्ताक्षर नगरिकनै बिर्कोले बन्द गरें । अनि नरम स्वरमा त्यस विनिता सुवाल बहिनीलाई भनें, 'तपाईँको बुबालाई वडामा नल्याई यो सिफारिस दिन्न मिल्दैन बहिनी । पहिला छात्रवृत्तिको सिफारिस लिन आउँदा पनि त बुबा रामलाई एकपटक वडामा बोलाउनुस भनेको थिएँ तर तपाईँले ल्याउनु भएन । त्यसवेलामा पनि त सिफारिस रोकेको थिएँ त । अनि किन अहिले सिफारिस लिन आउनुभयो ? बुबा नआइकन त म यो सिफारिसमात्र होइन, बहिनी र बहिनीको कुनै पनि परिवारलाई सिफारिस दिन्न मिल्दैन । एकपटक बुबासँग छलफल नगरी कुनै पनि सिफारिस दिन्न मिल्दैन । बुबा आउनुभयो भनेचाहिँ छलफल गरी सिफारिस अगाडि बढाउन सकिन्छ ।'

मेरो जवाफ विनिताको लागि अनपेक्षित थिएन किनकी विनिता पहिला पनि आमासँग वडामा छात्रवृत्तिको सिफारिस लिन आउनु भएको थियो । मेरो जवाफ नयाँ थिएन । मैले आमा र छोरीलाई स्वाभाविक जवाफ दिएको थिएँ । मेरो जवाफले उनको अनुहार रातो पिरो भएको थियो । साथी अगाडि भएकोले पनि सायद उनलाई मेरो जवाफले अप्ठ्यारो भएको हुनुपर्दछ । उनले केही जवाफ फर्काउन सकेन । सायद उनी मेरो भनाइले निरुत्तर भएकी थिई । बहिनी विनिताको बुबा रामको दुई वटा श्रीमती थियो । घरमा जेठी श्रीमती र बाहिर लक्ष्मी सुवाल थियो । घरको जेठी श्रीमतीबाट एउटा छोरी र एउटा छोरा थियो भने कान्छी श्रीमतीबाट एउटा छोरा थियो । जेठी श्रीमती वडामा आएर प्रायः खानलाउन दिएन, खर्च दिएन, बच्चाको स्कुलमा फिस तिर्न आएन भन्ने उजुरी गर्न आइरहनु हुन्थ्यो । अनि कान्छी श्रीमती लक्ष्मी सुवालले श्रीमान्को सम्पूर्ण सिफारिस रोक्का गरिपाउँ र वडामा छलफल गरिपाउँ भनी निवदेन दर्ता गर्नुभएको थियो । मैले पटक पटक राम र उसको परिवारलाई वडामा आउन अनुराधे पनि गरेको थिएँ । तर वहाँहरू वडाको सम्पर्कमा आउन चाहनु भएन । पुलिस लगाएर पनि बोलाउन खोजें । तर प्रहरीले पनि समाउन सकेन किनकी उनी लामो रूटको गाडी चलाउने भएकोले प्रायः उपत्यका बाहिर हुने गर्दथे । त्यही भएर वडामा सिफारिस रोक्ने बाहेक मसँग अरू विकल्प थिएन । त्यसैले मैले राम र परिवारको सबै सिफारिस वाध्यताले रोक्नु परेको थियो । तर पनि मलाई नागरिकताजस्तो अत्यावश्यक सिफारिस रोक्ने मन थिएन । विनिता देखेर पनि मलाई माया लागेको थियो । बिचरा भर्खर सत्र वर्षकी केटी थिइ । मलाई आफ्नै बहिनीजस्तो अनुभव भयो । उनको अनुहार रातो पिरो भएको देख्दा मलाई दया पनि लाग्यो । मैले कतै अपराध गरें कि भन्ने लाग्यो किनकी मैले नागरिकताको सिफारिस रोकेको थिएँ । पहिला छात्रवृत्तिको सिफारिस पनि रोकेको थिएँ । अनि एकपटक त जेठी श्रीमतीको निवेदन पनि दर्ता गर्न मानेको थिइँन । तर पनि मैले आफ्नो मनलाई दरिलो बनाई सिफारिस रोकेको थिएँ । बिचरा विनिता केही नबोली बसिरहिन् । अर्को बहिनीले चाहीँ सानो स्वरमा मलाई सोध्नु भयो, 'सर सिफारिस किन रोक्नु भएको हो ?' मैले उत्तरमा भनें, 'म अहिले हतारमा छु बहिनी । म नगरपालिकामा बैठक भएकोले जान लागिसकेको थिएँ । तपाईँको नागरिकताको सिफारिस भएरमात्र रोकेको हुँ । सिफारिस किन रोकेको भन्ने विषयमा तपाईँलाई कारण बताउन अहिले मसँग समय भएन । तर विनितालाई किन रोकेको भन्ने कारण थाहा छ । तपाईँ विनितासँग सोध्नु होला । नभए कुनै दिन पछि

आउनु होला। नभए मेरो दुई घण्टामा बैठक सकिन्छ। त्यसपछि आउनु होला। म वडामा नै आउँछु। त्यसवेला बुबालाई ल्याउनु भयो भनेचाहीँ छलफल गरी सिफारिस पनि दिन्छु होला। अहिलेलाइ मलाई जान दिनुस्।' त्यत्ति भनेर म आफ्नो सोफाबाट उठेँ। तर उनीहरू सोफाबाट उठेनन्। तर पनि म वडाबाट निस्के।

नगरपालिकामा पुगेको दश मिनेटपछि नै एउटा अपरिचित कल आयो। बैठक सुरू भइसकेको थिएन। त्यही भएर मैले अपरिचित भएपनि कल रिसिभ गरेँ। कल एक जना बहिनीले नै गरेको रहेछ। मैले भन्नुस् भनेँ। वहाँले भन्नुभयो, 'सर म अघिकै बहिनी विनिता सुवाल हुँ। मैले बुबालाई सँगै ल्याएको छु। मलाई सिफारिस हतार छ। त्यही भएर बुबालाई लिएर आएकी छु। तपाइँ जहाँ हुनुहुन्छ, म त्यही आउँछु। तपाईँ कहाँ हुनुहुन्छ ?' मलाई विनिताको जवाफ सुनेर अचम्म लाग्यो किनकी मैले कतिपटक कल गरेर एकपटक त वडामा आउनु राम दाइ भनेर बोलाउँदा नआउने मान्छे आज दस मिनेटभित्र वडामा आउँदा अचम्मा लाग्नु स्वभाविक थियो। पहिला त मलाई विश्वास लागेन। पत्यार नलागेर मैले विनितालाई झूटो त बोलेको होइन बहिनी भन्दै सोधेँ। बहिनीले साँच्चीकै हो भनेपछि चाहीँ विश्वास लाग्यो।

मानिसहरू आफ्नो सन्तानको लागि झुक्न तयार हुँदा रहेछन्। आफ्नो सन्तानको माया लाग्नु स्वभाविक पनि हो। तर पनि राम दाइ यत्ति छिटो सन्तानको निम्ति झुक्लान् भनी मैले सोचेकै थिइँन। मैले प्रहरीलाई कति पटक अनुरोध गरेको थिएँ कि राम दाइलाई समातेर वडामा ल्याउनुपर्‍यो भनेर। तर प्रहरीले पनि त्यत्ति वास्ता गरेन। आज दस मिनेटमा वडामा आउँदा अलिकति खुसी लाग्यो भने अलिकति रिस पनि उठ्यो। खुसी यसकारणले लाग्यो कि उनका कान्छी श्रीमतीको मागबारे जानकारी दिन मिल्ने अवसर आयो भने रिस उठ्नुको कारणचाहीँ आफूले बोलाउँदा नआएर उसले जनताको प्रतिनिधिलाई अपहेलना गरेको थियो। मलाई अधिकारमात्र भएको भए उसलाई समाएर ल्याई जेलमा हाल्ने मन थियो किनकी उनले घरमा श्रीमती हुँदाहुँदै अर्को श्रीमती ल्याएको थियो। जुन नेपालको कानुनको विपरित त थियो नै व्यवहारिक रूपमा पनि सौता हाल्नु राम्रो थिएन। त्यस्तालाई तह लगाएर समाजलाई एउटा उदाहरण दिनु थियो। तर राम दाइले वडामा उपस्थिति नभएर मलाई चुनौती दिएको थियो भने फोनमा उनले जे गर्न सक्छ गर भनी कडा र ठाडो जवाफ दिएको थियो।

मैले विनिता बहिनीलाई फोनमार्फत  नै जवाफ दिएँ, 'म बैठक सकाएर करिब तीन बजे वडामा आउँछु। अनि बुबासँग छलफल गरी सिफारिस दिउँला। अहिले यहाँ नगरपालिकामा नआउनु होला। बैठक सुरू हुनै लाग्यो। यहाँ कुराकानी गर्ने वातावरण छैन। फुर्सद छ भने वडामा कुर्नुस् नभए पछि आउनुस्।' त्यत्ति भनेर फोन राखिदिएँ।

करिब साढे एक घण्टापछि म नगरपालिकाको बैठक सकाएर वडामा पुगेँ। बहिनी विनिता र उनकी बुबा राम वडामा मलाई कुरिरहेका थिए। मैले उनीहरूलाई सोफामा बस्न अनुरोध गरेँ। म पनि आफ्नो कुर्सीमा बसेर राम दाईलाई आफ्नो कुरा भन्न अनुरोध गरेँ। त्यसपछि उनले भने, 'सरले वडामा मलाई धेरै पटक बोलाउँदा पनि आउन नसकेकोमा क्षमा चाहन्छु। प्रहरीले पनि मलाई धेरै पटक फोन गरेको थियो। मेरो कार्यव्यस्तताले वडामा आउन सकिनँ। म मेरो कान्छी श्रीमतीलाई उचित व्यवहार गर्न तयार छु। आजमात्रै पनि कोठा भाडा, ग्यास, चामल, चिउरा, छोरालाई चाउचाउ र बिस्कुट किनेर कोठामा छोडेर आएको हुँ सर। नभए लक्ष्मी सुवाल (नाम परिवर्तित) लाई फोन गरी सोध्नुस्। उनीपट्टिको छोरालाई पनि यही आउने दशैंमा व्रतबन्ध गर्ने निर्णय परिवारमा भएको छ। तपाईंले चिन्ता लिनै पर्दैन। अस्ति मेरो जेठी श्रीमतीलाई तपाईंले कान्छीको छोरालाई व्रतबन्ध गर्न भन्नु भएको रहेछ। तर सरले भन्नुभएजस्तै जेठी श्रीमतीको छोराको विवाहसँगै व्रतबन्ध सम्भव भएन। यो नानु पनि भर्खर अठार लागेकी छिन्। यसको र यसको दाइ दुवै पढ्दै छन्। आजकल नपढी केही हुँदैन। बरू यही दशैंमा नलास्वां कुठीमा छोराको व्रतबन्ध गरिदिन्छु।'

पछिल्लो समयमा आएर लक्ष्मी सुवालको माग छोराको व्रतबन्ध गर्नु थियो। छोरा सात वर्ष लागिसकेको थियो। नेवार चलन अनुसार  सात वर्षमा अथवा नौ वर्षमा व्रतबन्ध गर्नुपर्ने थियो। त्यसैले कान्छी श्रीमती लक्ष्मी सुवाललाई छोराको व्रतबन्धले धेरै सताएको थियो। भोलि आफू वा छोरा तलमाथि भए टोलछिमेकीले लास उठाई नदेला भन्ने पीर रहेछ। जुन कुरा उनले वडामा पटक पटक आएर उजुरी गर्न आएकी थिइन्। त्यो कुरा जेठी श्रीमती आउँदो त्यही कुरा उनीलाई बताएको थिएँ। आज आएर व्रतबन्धको पनि निर्णय भएको सुन्दा खुसी लाग्यो। मैले तुरून्त लक्ष्मी सुवाललाई कल गरेँ। तर उनले आफू काममा भएकोले तत्काल वडामा आउन नसकिने जानकारी दिइन्। मैले भोलि प्रथम प्रहरमा आउन अनुरोध गरेँ। उनी नआएको हुँदा विनिता र राम दाइलाई भोलिमात्र छलफल हुने जानकारी दिई वडाबाट विदावारि गरेँ। उनीहरू गएपछि मलाई


सन्तानप्रति कति माया हुने रहेछ भन्ने लाग्यो। आफ्नो रगतको नाता परेपछि आफ्नो सन्तानको लागि मान्छे कति झुक्न तयार हुने रहेछ भन्ने आभास भयो। त्यही भएर यही सिफारिसको बहाना बनाएर कान्छी श्रीमतीको छोरोको व्रतबन्ध गर्ने माग पूरा गराउन दबाब दिनुपर्ने महसुस भएको थियो। यसलाई भोलि पनि सिफारिस दिनुहुँदैन भन्ने लाग्यो किनकी दशैं सुरू भइसकेको थियो। विजया दशमी आउन पाँच छ दिनमात्र बाँकी थियो। यही सिफारिसमा बार्गेनिङ गरेर छोराको व्रतबन्ध गराउनु थियो।

भोलिपल्ट प्रथम प्रहरमानै राम, उसकी जेठी श्रीमती राम माया, भाइहरू दुवै जना वडामा आए। मैले दोस्रो श्रीमती लक्ष्मी सुवाललाई कल गरेँ। तर उनी आउन मानिनन्। राम दाइले पनि कल गरे। तैपनि आउन मानिनन्।

यसबिच राम दाइले आफ्नो कुरा यसरी राखे, 'मैले ठुलो गल्ती गरेँ सर। तपाईँको कुरा नसुनेर आज यस्तो परिस्थिति आयो। छोरीले नागरिकता आवश्यक पऱ्यो। तर, उनी आउन मानिनन्। म तपाईँको खुट्टा ढोग्न तयार छु। व्रतबन्ध गर्ने प्रतिवद्धता पत्र पनि दिन तयार छु। परिवार सबै लिएर आएको छु। नपत्याए तपाईं मेरी श्रीमती र भाइहरूलाई सोध्नुस्। हामीले व्रतबन्ध गर्ने सबै तयारी गरिसकेका छौं। मात्र कान्छी श्रीमतीको मन्जुरीमात्र चाहिन्छ। किनमेल अलि गर्न मात्र बाँकी छ। कृपया नागरिकता नरोक्नु होला। नानु लजाएर वडामा आउनै मानिनन्। मेरो गल्तीले सन्तानलाई मुख देखाउन लाज भयो सर। आज मैले जेठी श्रीमतीको छोरालाई पनि लिएर आएको छु। कृपया सिफारिस नरोकी दिनुस्।' मैले नरम पूर्वकै भनेँ, 'राम दाइ म पनि मान्छे हुँ। ममा पनि माया ममता भन्ने चिज छ। तपाईँलाई यही सिफारिसको निहुँमा धेरै झुकाउने मनसाय छैन। सिफारिस दिन्छु नै। तर कान्छी श्रीमती अगाडि राखेर दिने मन छ ताकि उनको धेरै वर्षदेखिको माग पूरा हुने आश्वासन दिन चाहन्छु। त्यही भएर केही बेर कुर्नुस्। म जसरी भएपनि लक्ष्मी सुवाललाई बोलाउँछु।' यत्ति भनी मैले लक्ष्मी सुवाललाई फेरि कल गरेँ। मैले धेरै अनुनय विनय गरे पछि उनी वडामा आउन तयार भई। फोन गरेको करिब आधा घण्टापछि वडामा आइन्। लक्ष्मी सुवाल आएपछि राम दाइ, छोरा, भाइहरू र जेठी श्रीमतीले व्रतबन्ध नलांस्व कुठीमा गरिदिने प्रतिबद्धता जनाए। तर पनि लक्ष्मी सुवाल सिफारिस कुनै पनि हालतमा दिनु हुन्नमै अडिन्। मैले पनि कतिपटक सम्झाए। तर पनि मानिनन्। वडाका जेष्ठ जनप्रतिनिधिले पनि धेरै सम्झाउनु भयो तर पनि व्रतबन्धपछि मात्र सिफारिस दिने र आफूलाई व्रतबन्ध गरिदिने कुरामा विश्वास नभएको बताइन् रहिन्। जेठी र कान्छी श्रीमतीको केही बेर भनाभन पनि भयो। जेष्ठ जनप्रतिनिधिले सम्झाउँदै दुवै जनालाई सम्झाउँदै भन्नुभयो, 'जे हुनु भयो। अब मिलेर बस्नुस्। सबै जना व्रतबन्ध गर्ने कुरामा सहमति भयो। नागरिकता जस्तो अत्यावश्यक सिफारिस धेरै दिन रोक्नु हुन्न। अहिल्यै सिफारिस दिएर पठाउनुस्। व्रतबन्धमा धेरै खर्च पनि नगर्नुस्। भोज खुवाउनु आवश्यक छैन। भोज खुवाउने खर्च बाबुलाई उच्च शिक्षा दिन सहकारीमा जम्मा गरिदिनुस्।' तर लक्ष्मी सुवाल भोज खुवाएर व्रतबन्ध गरेपछि मात्र सिफारिस दिनुपर्ने कुरामा अड्डि लिएर वडाबाट रिसाएर गइन्। मैले फेरि कल गरेँ। तर पनि आउन मानिनन्। धेरै पटक कल गरेपछि फेरि आइन्। अन्तमा भोज नुखाई विजया दशमीको दिनमा व्रतबन्ध गर्नेमा सहमति भयो। त्यसपछि मात्र सिफारिस दिने सहमति भयो।

विजया दशमीको दिन थियो। राती करिब तीन बजे मलाई कल आयो। मैले कल हेरेँ। राम दाइको थियो। लगत्तै लक्ष्मी सुवालको कल आयो। रातको समय भएकोले मैले कल रिसिभ गरिनँ। मोवाईल साइलेन्समा राखेर सुतेँ। सायद बिहानै दुवै जनाको झगडा पऱ्यो होला भन्ने अन्दाज गरेँ। हिजो बेलुका मात्र लक्ष्मीले आफू छोराको भोज भव्यले नखुवाई व्रतबन्ध नगर्ने भन्दै थिन्। मैले तपाईँको छोरा हो हेरेर गर्नुस् भनी कल राखिदिएको थिएँ र वडामा भएको सहमति सम्झाएको थिएँ। बिहान करिब नौ बजे लक्ष्मी सुवालले फेरि कल गरिन्। उनले फोनमा मलाई छोराको व्रतबन्ध गर्न छुमा गणेश मन्दिर आउँदै गरेको जानकारी दिनुभयो। उनको जवाफले मलाई केही राहत मिलेको अनुभव भयो। दिउँसो फेरि लक्ष्मीले मलाई कल गरी छोराको व्रतबन्ध सकिएको जानकारी दिइन्। साथै राम दाइले पनि छोराको व्रतबन्ध सकाएको खबर गरे। त्यसपछि दशैं सकिएको केही दिनपछिनै छोरी विनिताको नागरिकता सिफारिस र छात्रवृत्तिको सिफारिस दिएर पठाएँ।

## बसिबियाँलो (क) को उत्तर



# इजरायलको दुई रूप : मार्क्सवादी दृष्टि



निकोस मोटास

इजरायलमा हालै विशाल जनप्रदर्शन भयो। गाजा कब्जा गर्ने नेतन्याहु सरकारको जघन्य योजनाविरुद्ध भएको त्यो प्रदर्शनले समाज एकोहोरो हुँदैन र एउटै समाजभित्र पनि आपसमा बाझिने शक्तिहरू हुन्छन् भन्ने बोध गरायो।

द्वन्द्ववादका आधारभूत नियमबारे जानकार सबैलाई आधुनिक पूँजीवादी समाजहरूमा ठुलाठुला अन्तर्विरोधहरू छन् भन्ने थाहा छ। इजरायलभित्र पनि यी अन्तर्विरोध छन्।

कार्ल मार्क्सले भन्नुभएको थियो, 'आजसम्म विद्यमान सबै समाजको इतिहास वर्गसङ्घर्षको इतिहास हो।'(कम्युनिस्ट घोषणापत्र, सन् १८४८) कुनै पनि समाज सग्लो हुन्न र कहीँ पनि एकै स्वर पाइन्न। समाजमा विरोधी स्वार्थ, दृष्टिकोण र वर्ग हुन्छन्। एउटै राष्ट्रभित्र पनि श्रमिक र पूँजीपतिहरूबिच मौलिक रूपमा विपरीत स्वार्थ हुन्छन्। इजरायलमा पनि यस्तै विपरीत वर्ग छन्। एउटा इजरायलले सत्ता र सहुलियतको पक्ष लिन्छ। अर्को इजरायल न्याय र समानताको माग गर्छ।

धेरैले नेतन्याहु, बेन गभिर र स्मोत्रिचले नेतृत्व गरिरहेको इजरायल देख्छन्। त्यो इजरायल जो कब्जाकारी छ, गाजामाथि बमबारी गरिरहन्छ र प्यालेस्टिनी भूमि हडप्दै लगातार बस्ती विस्तार गर्छ। यो इजरायलले सैन्य शक्तिमाथि विश्वास गर्छ र शान्ति सम्झौतालाई कमजोरी ठान्छ। यो इजरायलले लाखौँ प्यालेस्टिनीहरूलाई आधारभूत अधिकारबाट वञ्चित गर्छ र 'सुरक्षा' चाहन्छ।




यो दक्षिणपन्थी सोच राख्ने यहुदीवादीहरूको इजरायल हो। संसारका सबै पूँजीवादी व्यवस्थाले जस्तै इजरायलको पूँजीवादी सत्ता पनि झुटो प्रचारबाजीमा टिकेको छ। अन्य पूँजीवादी समाजले जस्तै इजरायलले पनि जनतामाथि शासन गर्न लगातार तिनलाई डरत्रास देखाउँछ, जनताबिच गलत सूचना र जातिवादी भावना फैलाइरहन्छ। शासकहरूलाई बल प्रयोग गरेर मात्र जनतामाथि आफ्नो सत्ता थोपर्न सकिन्न भन्ने थाहा छ। जनतालाई नियन्त्रणमा राख्न जनमतमाथि नियन्त्रण गर्नुपर्छ। ग्राम्स्कीले यसलाई प्रभुत्व (हिजेमनी) भने। शासक वर्गको विचारलाई सामान्य चेत (कमन सेन्स) बनाउने प्रक्रियालाई प्रभुत्व भनिन्छ। नेतन्याहुले नेतृत्व गरेको इजरायल सरकार यो कलामा सिपालु छ। उसले जनतालाई फुटाएर शासन गरिरहेको छ। साथमा उसले लगातार गलत सूचनाले जनताको बुद्धि भाँडिरहेको हुन्छ।

इजरायली राज्यको नीतिको मुख्य पक्ष नै प्यालेस्टिनीहरूलाई राजनीतिक, भौगोलिक र सामाजिक रूपले टुक्राटुक्रा पार्नु हो। गाजा पश्चिम किनारबाट अलग छ; पूर्वी जेरुसेलम एक्लो टापु जस्तो छ; इजरायलको प्यालेस्टिनी नागरिकहरू सैन्य कब्जाबिच बाँचिरहेका प्यालेस्टिनीहरूबाट अलग छन्। इजरायलभित्र पनि यही तर्कले काम गरिरहेको छ। यहुदी नागरिकहरूलाई जाति (आश्केनाजी, मिजराही र इथियोपेली यहुदी), धर्म (धर्मनिरपेक्ष र उग्र अर्थोडक्स) र राजनीतिक विचार अनुसार अलग राखिन्छ। तर, सङ्कटको बेला यी विभेदका पर्खाल हटाएर 'बाह्य शत्रु' विरुद्ध सबैलाई एकजुट पारिन्छ। त्यो 'शत्रु' जहिल्यै प्यालेस्टिनी हुन्छ।

भ्लादिमिर लेनिनले यो चतुर्याइँबारे 'राष्ट्रिय प्रश्नबारे' लेखिएका रचनाहरूमा सचेत पार्नुभएको थियो। दमनकारी राष्ट्रका पूँजीपतिले आफूले दमन गर्ने राष्ट्रविरुद्ध घृणाको बीउ रोप्न र दुई राष्ट्रका श्रमजीवीहरूलाई एक हुन नदिन जहिल्यै भरमग्दुर प्रयास गर्छ। (पूँजीपतिहरूले सतर्कताका साथ 'शत्रु' विरुद्ध घृणा फैलाउँछन्। लेनिन, साम्राज्यवादी युद्धमा आफ्नै सरकारको पराजय, सन् १९१५) इजरायल सरकारले जहिल्यै त्यहाँका यहुदीहरू र प्यालेस्टिनीहरूबिच 'राष्ट्रिय भेद' रहेको बारम्बार दोहोर्‍याइरहन्छ। 'यो भेद एकदम घातक छ है' भनी चित्रण गरेर इजरायली शासक वर्गले तिनीहरूबिच एकता कायम हुन दिन्न।

मार्क्स र एङ्गेल्सले 'शासक विचारहरू' मा शासनका भौतिक स्वार्थहरू अभिव्यक्त हुने व्याख्या गर्नुभयो। यहाँनिर

ती भौतिक स्वार्थ हुन् पूँजीवादी सेना–उद्योग साँठगाँठ र बसोबासी बन्दोवस्त। इजरायली सरकार र खासगरी नेतन्याहुको चरम दक्षिणपन्थी सरकारले यो नियन्त्रणकारी भाष्यमा ठूलो लगानी गर्दै आएको छ। 'शान्तिको लागि तयार कुनै पक्ष छैन' र प्यालेस्टिनीहरू खालि इजरायलको विनाश चाहन्छन् – आधिकारिक भाष्य यही हो। सुन्नेलाई यो सही तथ्य हो भन्ने नलाग्दासम्म यसलाई भट्याएको भट्यायै गरिन्छ। इतिहासको पुनर्लेखन गरिन्छ। नक्बालाई पाठ्यपुस्तकबाट हटाइएको छ। जमिन कब्जा गर्दा हुने दैनिक हिंसालाई लुकाइन्छ। कुनै प्यालेस्टिनीले हमला गर्न आए त्यसलाई बढाइचढाइ गरेर सबै प्रतिरोधी घटना आतङ्कवाद हुन् भनी साबित गर्न खोजिन्छ। लेनिन पुनः रेखा कोर्नुहुन्छ – दमनकारी राष्ट्रको राष्ट्रवाद सारमा जहिल्यै विशेषाधिकारहरूको बचाउ हो; दमन गर्ने अधिकारको बचाउ हो। (लेनिन, राष्ट्रहरूको आत्मनिर्णयको अधिकार, सन् १९१४) इजरायलको हकमा राष्ट्रवादी प्रचारबाजी विशेषाधिकारको बचाउ मात्र होइन, बरु यसलाई अस्तित्वको मुद्दाको रूपमा प्रस्तुत गरिएको छ।

जोसेफ स्तालिनले राष्ट्रियताको विषयमा गहिराइमा गएर लेख्नुभएको छ। उहाँले मनमोडाइ (मेनिपुलेसन) का खतराबारे यसरी लेख्नुभयो, 'राष्ट्रमाथिको दमन बलप्रयोगबाट मात्र कायम राखिन्न बरु अविश्वास पैदा गरेर र विभिन्न राष्ट्रलाई आपसमा जुधाएर पनि कायम राखिन्छ।' (दण्डको यो नीति यही टुङ्गिन। यो बेलाबेला दमनको 'व्यवस्था' बाट राष्ट्रहरूलाई भिडाउने 'व्यवस्था' मा र हत्याकाण्ड र नरसंहार गर्ने 'व्यवस्था' मा फेरिइरहन्छ। स्तालिन, मार्क्सवाद र राष्ट्रको प्रश्न, सन् १९१३) इजरायली राजनीतिले यो अविश्वासलाई शिक्षा, मिडिया र कानुनको प्रयोग गरी संस्थागत गरिसकेको छ। यो अविश्वासका जरा निकै गहिरो गाडिएका छन्। त्यसैले इजरायलीहरू सरकारी विचारमाथि हत्तपत्त प्रश्न गर्दैनन्।

इजरायल सरकारले नियोजित रूपमै युद्धपछाडि इजरायल एकजुट भएको चित्र प्रस्तुत गरिरहेको छ। तर, यसैबिच सरकारले लुकाउने अर्को इजरायल पनि छ। यो इजरायलमा कब्जालाई अस्वीकार गर्ने, गाजामा भइरहेको जातिसंहारको विरोध गर्ने र प्यालेस्टिनीहरूलाई शत्रुको रूपमा हेर्न नमान्नेहरू छन्। यो जमातमा यहुदी र अरबी दुवैथरी नागरिक छन्। उनीहरू काँधमा काँध मिलाएर सडकमा ओर्लंदै छन्। यिनीहरू प्रायः हदाश (यहुदी वामपन्थी) जस्ता आन्दोलनको झन्डा बोकेर आउँछन्। शान्ति तथा समानताका निम्ति अरब प्रजातान्त्रिक मोर्चाको छोटो रूप हो हदाश। समानता, कब्जाको अन्त्य र सन् १९६७ को सीमाका आधारमा 'दुई राज्य समाधान' को पक्षमा छ हदाश। आयमान ओदेह, ओफर कासिफ र आइदा तुमान सुलेमान इजरायलको कम्युनिस्ट पार्टी तथा हदाशका चर्चित अगुवा हुन्। इजरायली संसद्मा जातिसंहारका घटनालाई पर्दाफास गरेको र त्यसको निन्दा गरेको हुनाले यी अगुवाले अनेकपल्ट सजाय भोगेका छन्।



आयमान ओदेह, ओफर कासिफ र आइदा तुमान सुलेमान

इजरायलमा युद्धविरोधी आन्दोलन व्यापक छ। तर, यसलाई ठूलो शक्ति लगाएर दबाइएको छ। राजधानी तेल अभिव, हाइफा र ससाना नगरहरूमा पक्राउ पर्ने जोखिम मोलेरै पनि आन्दोलनकारीहरू 'युद्धविराम गरिहाल' वा 'गाजामा नरहत्या बन्द गर' जस्ता नारा लगाउँदै सडकमा उत्रे। जाफा र आक्रीजस्ता मिश्रित जनता बस्ने सहरमा भुइँ तहमा काम गर्ने समूहहरूले यहुदी तथा प्यालेस्टिनी बासिन्दालाई एकसाथ ल्याए। जातिवादी आक्रमण र प्रहरी प्रताडनाबाट एकअर्कालाई जोगाउन ती बासिन्दाहरूले हातेमालो गरे। 'सँगै उभिऔँ', 'शान्तिका योद्धाहरू' र 'मौनता तोडौँ' लगायत सङ्घ–सङ्गठनले राज्यले गर्ने दुष्प्रचारलाई चुनौती दिइरहेका छन्। उनीहरू कब्जाकारी हमलाको नृशंसता र सम्झौताको आवश्यकताबारे खुलेर बोल्दै छन्।




यो 'दोस्रो इजरायल' इजरायली समाज एकनासे छैन भन्ने कुराको प्रमाण हो। किन छैन ? मार्क्सवादले यसको उत्तर पत्ता लगाउन सघाउँछ। हो, सैन्यकृत राज्यमा समेत वर्गीय र राजनीतिक विभाजन हुन्छ र त्यसले ऐक्यबद्धता फल्न–फुल्न सक्ने मैदान बनाउन सक्छ। लेनिनले जोड दिएर भन्नुभएको थियो– दमनकारी राष्ट्रमा साँचो अन्तर्राष्ट्रवादले आफ्नै शासक वर्गको अहङ्कारवादको सक्रिय विरोध गर्छ। युद्धविरोधी खेमाका धेरै इजरायलीहरूले यो कुरा मनमा राखेका छन्। यो कुरा बाहिर बोले आफूलाई कलङ्कित

गरिनेछ भन्ने डर छ। हदाशको राजनीति लाइन अरब–यहुदी मैत्रीमा आधारित छ। यसमा यसको सिद्धान्त झल्किन्छ। यो दलले राष्ट्रवादी अहङ्कार र उदार उदासिनता दुवैको विरोध गर्छ। साथै, यसले न्याय, समानता र परस्पर स्वीकारमा आधारित साझा समाजको निर्माणमा जोड दिन्छ। यसका नेताहरू भन्ने गर्छन्, 'शान्तिबिना प्रजातन्त्र हुन्न र भूमिकब्जा अन्त्य नगरी शान्ति हुन्न।'



यी आवाज ठूलो सङ्ख्यामा रहेका दक्षिणपन्थी सङ्घ सङ्गठनको तुलनामा सानै छन्। तैपनि महत्त्वपूर्ण आवाज हुन् यी। यिनले सारा विश्वलाई इजरायलभित्रै पनि प्रतिरोध भइरहेको छ भनी देखाउँछन्। विविधताभित्रै पनि ऐक्यबद्धता हुन सक्छ र भविष्य खालि इजरायलको वर्तमान सरकारले मात्र निर्धारण गर्न सक्दैन – यही सन्देश छ 'दोस्रो इजरायल' को। यो सन्देशमा ग्राम्स्कीको 'अडानको युद्ध' (वार अफ पोजिसन) को अवधारणा झल्किन्छ। आक्रामक राज्यभित्रै 'प्रभुत्त्वविरोधी' शक्ति निर्माण गर्ने सुस्त र जटिल कार्यलाई ग्राम्स्की 'अडानको युद्ध' भन्छन्। (एन्टोनियो ग्राम्स्की, छानिएका जेलका रचना)

के हामी यो 'दोस्रो इजरायल' लाई भाग्य को भरोसामा छोडेर इजरायलभित्र चलिरहेको आन्तरिक सङ्घर्षप्रति उदासिन रहनमिल्ला ? हाम्रो उदासिनता नेतन्याहु र उसको गिरोहका लागि वरदान हुनेछ। त्यसकारण, इजरायलको आन्तरिक सङ्घर्षप्रति आँखा चिम्लिन कदापि मिल्दैन। इजरायली राज्य पूँजीपति–राष्ट्रवादी कुलिनहरूको हातमा छ। संयुक्त राष्ट्रसङ्घ, युरोपेली सङ्घ तथा तत्कालीन सोभियत सङ्घ अनि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको समर्थनमा सन् १९४८ मा इजरायलको स्थापना भएको थियो। (सन् १९४७ मे १४ मा राष्ट्रसङ्घको महासभामा सोभियत प्रतिनिधि आन्द्रेइ ग्रोमिकोले प्यालेस्टिनबारे विशेष समिति स्थापना गर्ने सम्बन्धमा राखेको मन्तव्य पढौँ।) तर, जुन सैद्धान्तिक धरालतमा यसको स्थापना भएको थियो ती आदर्शलाई अहिले लत्याइएको र मिचिएको छ। चालु जातिसंहार, ऐतिहासिक प्रमाण, मानवअधिकारका दस्तावेज तथा मार्क्सवादी सिद्धान्तले अहिले एकै ठाउँ आएर इजरायल स्थापनाको नैतिक आधारलाई ध्वस्त पारिएको पुष्टि गर्छन्। बदलामा प्यालेस्टिनी जनताविरुद्ध निरन्तर कब्जा तथा संरचनात्मक हिंसा गरिएको पुष्टि हुन्छ।

यो विश्वासघातलाई मान्यता दिनाले इजरायलभित्र हुने कब्जा र युद्धविरोधी आन्दोलनको पक्षमा उभिनुको महत्त्व जाहेर हुन्छ। यो आन्दोलन यहुदी–अरबी र प्यालेस्टिनी–इजरायलीहरूमिलेर शान्तिपूर्वक बस्नुपर्ने एकताको मूल सिद्धान्तमा आधारित छ। यसकारण, प्यालेस्टिनी जनताको पीडाप्रति ऐक्यबद्धता जाहेर गर्दै गर्दा इजरायलभित्र जातिसंहार, कब्जा र युद्धको विरोधमा सङ्घर्ष गरिरहेका जनताप्रति पनि ऐक्यबद्धता व्यक्त गर्नु महत्त्वपूर्ण छ।

अहिले सन् १९६७ को सीमारेखा कायम गर्दै एक सार्वभौम र स्वाधीन प्यालेस्टिनी राज्यको माग निकै महत्त्वपूर्ण हुन आएको छ। त्यो राज्यको राजधानी पूर्वी जेरूसेलम हुनुपर्छ र शरणार्थीहरूलाई तिनको पुर्ख्यौली थातथलोमा फर्किन दिनुपर्छ। यी मागलाई सशक्त पार्दै जुनसुकै मूल्य चुकाएर पनि साकार पार्नुपर्छ। यसो गर्न सके इजरायलको पूँजीवादी सत्ता र उसका साम्राज्यवादी मालिकहरूलाई ठूलो झापड हुने थियो। अनि, प्यालेस्टिनी जनताको उद्देश्यको पक्षमा त्यो एउटा बलियो कोशेढुङ्गा साबित हुने थियो।

(निकोस मोटास, 'इन डिफेन्स अफ कम्युनिज्म' का प्रधान सम्पादक।)

स्रोत : एमआर अनलाइन। सम्यक/मजदुर, भदौ २ गते)


## गैर सार्क पर्यटक शुल्क समायोजन

भक्तपुर नगर अवलोकनमा आउने गैर सार्क पर्यटकहरूसँग अमेरिकी डलर १५ वा नेपाली रु. १,८००।- प्रवेश शुल्क सङ्कलन गरी आएकोमा हाल अमेरिकी डलर १ बराबर नेपाली रु. १३६।३० विनिमय दर कायम भएकोले अमेरिकी डलर १५ बराबर रु.२०४४।५० हुन आएको छ । हालको विनिमय दर लाई समायोजन गरी **२०८२ श्रावण १ गतेदेखि** लागू हुने गरी अमेरिकी डलर १५ वा नेपाली रु. २०००।- प्रवेश शुल्क कायम गर्ने निर्णय गरियो ।

(भक्तपुर नगरपालिकाको २०८२ जेठ २३ गते बसेको कार्यपालिका बैठकको निर्णय)

# धानखेतमा लाग्ने रोग 'ब्लास्ट'

शक्तिधर जोन्छें

नेपालको प्रमुख खाद्यान्न बालीको रूपमा धान बालीलाई लिइन्छ। वर्षा ऋतुमा तराई, भित्री तराई, मध्य पहाडी क्षेत्रमा प्राय:जसो ठाउँहरूमा धानबालीलाई मुख्य बालीको रूपमा लगाइने गरिन्छ। तर, सबै क्षेत्रहरूमा लगाइएको धान बालीमा एक प्रकारको ब्लास्ट (मरुवा) भन्ने रोग लाग्छ। यो एक प्रकारको ढुसी हो। यो रोग धान बालीमा लाग्दा सुरुमा स-साना दुवैतिर चुच्चो परेको बिचमा सेतो भाग भएका खैरो थोप्लाहरू देखिन्छ। यी थोप्लाहरू बढ्दै जाँदा पूरै पात डढेर सुक्छन्। यो रोगले धानको बोटमा आँख्ला र बालाको घाँटीमा समेत आक्रमण गर्दछ। यो रोगले धानको ब्याड अवस्थादेखि बाला लागिसकेपछिको अवस्थासम्म पनि सताइरहेको हुन्छ। यो रोगले बोटको डाँठ, पात, आँख्ला र बालाको फेदमा समेत आक्रमण गरेको हुन्छ। यो रोग धानबालीमा लागेको खण्डमा चामलको गेडा सानो भै कुड्किने हुन्छ। चामलको गुणस्तर बिग्रिनुका साथै उत्पादन धेरै कम हुन्छ।

## ब्लास्ट रोगको लक्षण


यो रोग पाईरीकुलारिया ओराईजी (Pyricularia oryzae) नामक ढुसीद्वारा ३ चरणमा लाग्ने गर्दछ –

### १) पात मरुवा (Leaf Blast)



धानको पातमा यो रोग लागेको खण्डमा यसलाई पात मरुवा भनिन्छ। यो रोगग्रस्त पातहरूमा दुवै छेउतिर चुच्चो परेको खैरो रङ्गको अण्डाकार थोप्लाहरूका बिचमा सेतो बिन्दु देखिन्छ। यी थोप्लाहरू पछि बढ्दै जाँदा पूरै पातहरू डढेर सुक्छन्। धानको गाँज हाल्ने अवस्थामा यसको प्रकोप बढेको हुन्छ।

### २) आँख्ला मरुवा (Node Blast)



आँख्लामा यो रोग लागेको खण्डमा आँख्ला कुहिन्छ र कालो भएर सुकेर जान्छ र माथिल्लो भाग भाँचिन्छ। धानको बोटमा आँख्ला चढेपछि आँख्ला मरुवा लाग्ने गर्दछ।

### ३) घाँटी मरुवा (Neck Blast)



धानबालीमा घाँटी वा बाला मरुवा रोग लागेको खण्डमा बालाको मुन्तिर घाँटी वा बालाको भेट्नु कुहिन्छ र कालो भई सुकेर जान्छ। दानामा दूध पस्ने बेलामा यो रोग लागेमा पूरै बाला सेतो, फुस्रो भई प्रायः झर्छन् र दाना लाग्न पाउँदैन।

घाँटी मरुवा पात मरुवाभन्दा बढी खतरनाक हुन्छ र छिटो फैलिन्छ। यो घाँटी मरुवा रोग लागेपछि १२ दिनमै धान बाली सखाप हुनसक्छ। बाला हालेपछि रोगले सताउने गर्दछ।

## धान बालीमा रोग लाग्नुका कारण

१) बाक्लो रोपाइँ गर्नाले।

२) खेत सुख्खा राख्नाले।

३) ब्लास्ट रोग लाग्ने जातको वा ब्लास्ट रोग सहन नसक्ने जातको धान ताइचुङ, १७६ र चाइनान २२ आदि जस्ता जातको धान प्रत्येक वर्ष रोप्नाले।

४) नाइट्रोजनयुक्त मलको बढी प्रयोग गर्नाले। खेतमा बढी नाइट्रोजन प्रयोग भएमा धानको बोटले सिलीका नामक तत्त्व जराबाट लिन सक्दैन। यदि सिलीकाको कमी भएमा मरुवा (ब्लास्ट) रोग सहन सक्ने शक्ति क्षय हुन्छ र रोग लाग्छ।

५) मौसममा गडबडी भएमा, बादल लाग्ने, सिमसिम पानी पर्ने वा बढी शित पर्ने सापेक्षिक आर्द्रता ८.६-९.६ र न्यानो (२५°-३०°) सेल्सियस मौसम धेरै दिनसम्म रहनाले।

६) रोगी बीउ प्रयोग गर्नाले।

## रोग लाग्न नदिने वा रोकथामका उपायहरू

धान बालीलाई ब्लास्ट रोगबाट बचाउनको लागि निम्नानुसारका रोकथामका उपायहरू समयमै अपनाउनु पर्दछ –

१) धानको बीउ छनोट गर्दा रोग नलागेको खेतबाट छनोट गर्ने।

२) स्वस्थ्य र राम्रो बीउको छनोट गर्दा रोग कीरा नलागेको, पुस्ट दाना भएको कम्तीमा पनि ८५ प्रतिशत उमार शक्ति भएको, अन्य बीउहरू नमिसिएको बीउको छनोट गर्नुपर्दछ।

३) धानको बीउलाई ब्याडमा राख्नुभन्दा पहिले निम्नानुसारको उपचार गर्नुपर्दछ –

**क) नुन पानीले उपचार :** धानको बीउलाई १५ प्रतिशत नुनको घोल (१० लि. पानीमा १.५ किलो नुन) मा डुबाउने र राम्ररी चलाउने। यसरी चलाउँदा असल तथा पुस्ट स्वस्थ्य बीउ तल पिँधमा गएर बस्छ। तैरिएको खराब बीउलाई हटाएर पिँधमा रहेको बीउलाई २-३ पटक सफा पानीमा पखालेर छायाँमा सुकाउने।

**ख) बीउलाई विषादीबाट उपचार गर्ने :** नुन पानीले उपचार गरी सुकाएको बीउलाई ४ ग्राम वेभिस्टिन वा डेरोसाला प्रति के.जी. बीउका दरले टिनको सुख्खा बट्टामा राखेर बीउ उपचार गर्ने । सो विषादी राखेको बट्टा वा ड्रममा बीउ राखेर सबै दानामा विषादी लाग्ने गरी हलाउने गर्नुपर्दछ। बीउ उपचार ब्याडमा बीउ छर्नुभन्दा ५-६ दिन अगाडि गर्नुपर्दछ।

ग) धूलो ब्याडमा राखेको बेर्नामा ब्लास्ट रोग बढी लाग्ने हुँदा धानको बीउलाई हिले ब्याड बनाई छर्ने।

४) यदि धानको बेर्नामा ब्लास्ट रोगको लक्षण देखा परेमा १ लिटर पानीमा १ एम.एल. हिनोसाना वा २ ग्राम डाइथेएम ४५ वा १ ग्राम बेभिस्टीन मिसाई छर्नुपर्दछ।

५) धानबालीमा सिफारिस अनुसारको सन्तुलित मात्रामा रासायनिक मल प्रयोग गर्ने। जो यस प्रकार छन्–

| रसायनिक मलको मात्रा | प्रतिरोपनी मलको परिमाण (के.जी.मा) | | मल प्रयोग गर्ने समय |
|---|---|---|---|
| | सिंचित क्षेत्रमा | असिंचित क्षेत्रमा | |
| युरिया मल | ४ | २.५ | धान रोप्नुभन्दा पहिले |
| डि.ए.पी. (गेडा मल) | ३.५ | २ | धान रोप्नुभन्दा पहिले |
| म्युरेट अफ पोटास (पोटस मल खुर्सानीको धुलो जस्तो) | २.५ | २ | धान रोप्नुभन्दा पहिले |
| युरिया | ३ | २ | धान रोपेको करिब १ महिना पछि |
| युरिया | ३ | १ | बाला पसाउने बेलामा |

६) धान रोप्दा धेरै बाक्लो नरोप्ने। १ बित्ता वा २० से.मि. फरकमा रोप्ने।

७) सम्भव भएसम्म धूले ब्याडको सट्टामा हिले ब्याडको प्रयोग गर्ने।

## उपयुक्त जातको छनोट गर्ने

मरुवा वा ब्लास्ट रोग सहन सक्ने जातहरू मञ्जु श्री तथा खुमल-११, खुमल-४, पालुङ-२, कन्चना आदि जातको धान रोप्ने। खुमल ११ नामक जातको धान रोपेमा प्रतिरोपनी ४२९ के.जी. करिब ८ मुरी र पराल २६८.५ के.जी. उत्पादन हुन्छ।

## खेतीपाति गर्ने तरिकामा सुधार

क) पुराना धान, गहुँका ठुटाहरू, पराल तथा छ्वालीका त्यान्द्राहरूका जरामा रोगका जीवाणुहरू हुन सक्छन्। त्यसलाई हटाउने वा जलाई दिने र खेत सफा गर्ने।

ख) रोगको आश्रय स्थल जस्तै उखु, साभा झार, बन्सो झार तथा घाँस पतिङ्गरहरू हटाउने।

ग) धान रोप्दा छरछिमेकीको भन्दा पहिला रोप्ने ।

घ) सकेसम्म हिले ब्याडमा रोप्ने । धूले ब्याडमा ब्लास्ट रोगको बढी आक्रमण हुने गर्दछ ।

## धान रोपेपछिको उपचार

१) खेतमा पानी सुक्न नदिने, प्रशस्त पानी जमाई राख्ने ।

२) नियमित रूपमा धानखेतीको निरीक्षण गरी रोगको प्रकोपबारे जानकारी लिने ।

३) धान रोपेको ३०–३५ दिनसम्म धानको गाँजमा ५० प्रतिशतभन्दा कम पात डढेमा कुनै विषादीको प्रयोग गर्नु पर्दैन । धानको बोटले तुरुन्त केही दिन भित्र नयाँ पातहरू दिने हुनाले धान उत्पादनमा केही कमी हुँदैन । तर, यस अवधिमा ५० प्रतिशतभन्दा बढी पात डढेमा यो रोग अझ फैलिन सक्ने अनुकूल मौसम रहिरहेमा तुरुन्त ढुसी नाशक विषादी निम्नानुसार छर्नुपर्दछ –



क) हिनोसान ५० ई सी विषादी १–१.५ मि.लि. प्रति लिटर र पानीको दरले प्रति रोपनी ३० लिटर पानीमा विषादीको घोल बनाई पूरै पात भिज्ने गरी छर्कनु पर्दछ । यो विषादी छर्नुअघि डढेर सुकेका पातहरू झारपातहरू गोडमेल गरी सफा गरेरमात्र छर्नु पर्दछ ।

ख) एक पटक छरेर नियन्त्रण नभएमा १०–१५ दिनको फरकमा दोस्रो पटक छर्कनु पर्दछ ।

ग) कहिलेकाहीं बजारमा हिनोसान विषादी प्राप्त नहुन सक्छ । त्यस्तो अवस्थामा बेभिस्टिन विषादी वा डेरोसाल विषादी २ ग्राम प्रति लिटर पानीमा हालेर छर्कनु पर्दछ ।

घ) वर्षाद्को याममा विषादी लामो समयसम्म प्रभावकारी राख्नको लागि ट्रिटोन (Triton) नामक स्टिका १ ग्राम प्रति लिटर विषादीको घोलमा मिलाएर छर्ने गर्नुपर्दछ ।

ङ) बिम (ट्राइसाइकलाजेल) नामक धूलो विषादी २.५ ग्राम प्रति लिटर पानीमा राखेर छर्ने ।

च) यदि धानको बोट, आँख्ला तथा बालाको घाँटीमा समेत यस रोगको आक्रमण गरेको पाइएमा माथि उल्लेखित गरिएका विषादीको प्रयोग गर्ने ।

## जैविक तरिका

बाइपोलारिस सोरोकिनियाना (Bipolaris Sorokiniana) नामक प्रतिरोधी फङ्गस्लाई पातमा छर्दा मरुवा रोग घट्न जाने सम्भावना देखिएको छ । यसैगरी पाइरिकुलारीया ग्रिजी (Pyricalaria Graisea) नामक फङ्गस्ले पनि मरुवा (ब्लास्ट) रोग घटाउन सक्छ भने अध्ययनले देखाएको छ । त्यस्तै ट्राइकोडर्मा हाजियानम नामक प्रतिरोधी फङ्गस्ले पनि मरुवा रोग घटाउन सकिने अन्तर्राष्ट्रिय धानबाली अनुसन्धान संस्था फिलिपिन्समा सफल देखिएको छ ।

## सन्दर्भ सूची

– कृषि पर्चा प्रकाशन क्रम १६–२०५५/०५६

– मध्यमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय/बाली संरक्षण महाशाखा, कृषि सञ्चार महाशाखा, हरिहर भवन ।

– कृषि पर्चा ०५६/०५७, जिल्ला कृषि विकास कार्यालय, भक्तपुर ।

– कृषि पर्चा २०६० असार, जिल्ला कृषि विकास कार्यालय, भक्तपुर, मधुसुदन पौडेल ।

## Word Search


School Life

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | H | N | N | K | R | O | W | E | M | O | H |
| L | L | C | O | L | R | L | B | O | O | K | S |
| I | H | N | T | E | O | A | S | S | R | M | E |
| T | C | B | E | E | T | N | A | E | E | A | A |
| T | S | A | B | R | A | R | T | S | N | R | L |
| E | C | C | O | A | L | U | A | A | E | K | U |
| R | I | K | O | S | U | O | S | C | P | E | N |
| S | S | P | K | E | C | J | C | L | R | R | C |
| S | S | A | E | R | L | R | S | I | A | S | H |
| A | O | C | N | N | A | H | N | C | H | N | B |
| P | R | K | K | Y | C | A | S | N | S | E | O |
| M | S | R | O | P | B | I | O | E | N | P | X |
| O | R | N | K | R | S | R | L | P | E | T | S |
| C | S | A | C | L | L | C | R | S | I | O | C |

CRAYONS
SCISSORS
NOTEBOOK
MARKERS
ERASER
PENCILS
LUNCH BOX
COMPASS
BACKPACK
SHARPENER
PENS
PENCIL CASE
BOOKS
JOURNAL
CALCULATOR
HOMEWORK
GLITTER

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस् ।)

# गोपालराज वंशावली




[धनवज्र बज्राचार्य (विसं १९८८–२०५१) र कमलप्रकाश मल्ल (विसं १९९३–२०७५) को पुस्तक इन्टरनेट अर्काइभबाट साभार–२]

## पत्र २१

आफ्नो नामले मानविहारको प्रतिष्ठा गरे; फेरि श्रीमानेश्वरीदेवीको प्रतिष्ठा गरे; फेरि भूमि–मानसम्बन्धी दण्डव्यवस्था गरे। फेरि तिनको राज्यमा ठूलो उत्पात भयो। त्यसको शान्तिको लागि पौषपूर्णिमामा होली गरे; त्यसले गर्दा शान्ति भयो।

राजा श्रीशङ्करदेव भए; वर्ष ४०।

राजा श्रीधर्मदेव भए; वर्ष ४१। तिनले श्रीपशुपति भट्टारकको दक्षिण मूर्तिको लागि ठूलो वृषध्वज चढाए। फेरि राजविहारमा धमरे चैत्य भट्टारकको प्रतिष्ठा गरे।

राजा श्रीमहीदेव भए; वर्ष ४१।

राजा श्रीवसन्तदेव भए; वर्ष ४९।

राजा श्रीउदयदेव भए; वर्ष ४५।

राजा श्रीगणदेव भए: वर्ष ४५। तिनको राज्यकालमा नेपालभूमिमा तीन वर्षसम्म वृष्टि भएन। वृष्टि होस् भन्ने कामनाले महानाग साधना गरियो। तिनले मणिसहितको गणदेवनामक कोष बनाई श्रीपशुपति भट्टारकलाई चढाइयो। त्यसको प्रभावले ठूलो वृष्टि भयो। प्रजाहरू सुखी भए।

राजा श्रीगुणकामदेव भए; वर्ष ५०।

राजा श्रीशिवदेव भए; वर्ष, ४१ महीना ६। तिनले विहारगर्भ बनाई प्रतिष्ठा गरे।

ठूलो खासौचैत्य बनाए।

त्यसपछि भोटांत देशले चढाइ गऱ्यो।

राजा श्रीचम्पादेव; वर्ष ४१ महीना ९। तिनले फुटोविहार बनाई चैत्य भट्टारकको प्रतिष्ठा गरे; कूर्मासनरूपको शिलासनको प्रतिष्ठा गरे। चार अङ्क भएको रामायणको नाच नचाइयो।

राजा श्रीनरेन्द्रदेव भए; वर्ष ३४। तिनले श्रीपशुपति भट्टारकलाई अनेक रत्नसहितको विचित्र कोष बनाई चढाए। त्यहीँ सुनधारा बनाए; त्रिपुर पनि बनाए।

राजा श्रीभीमदेव भए; वर्ष १४। त्यसपछि सूर्यवंशलाई जिती फेरि गोपालवंशको प्रभावले राज्य गरे।

राजा श्रीजीवगुप्त भए; वर्ष ७४। तिनले बन्दल (हाँडिगाउँ) को द्वलकानिमम्मा तिलपाल विष्णु भट्टारकको सुनको छाना हाले।

## पत्र २२

दुबैको शोभा भयो। थुप्रै खेत बारी घरसहितको सदावर्त राखे।

राजा श्रीविष्णुगुप्त भए; वर्ष ७१। तिनले श्रीपशुपतिस्थानमा वाग्वती तीरको पूर्व किनारमा ठूलो ढुंगे विष्णु भट्टारक बनाई प्रतिष्ठा गरे। सो विष्णुमूर्ति आफ्नै शरीरप्रमाणको थियो; साथै अगलबगलमा दुई छोरा पनि राखिएका थिए। फेरि उत्तरतिर पहाडको फेदीमा नरसिंहस्थानमा ठूलो ढुंगे जलशायी विष्णुको मूर्ति आवाससहित बनाए। फेरि हरेक एकादशीको व्रतको दिन एक एक तामाको विष्णुप्रतिमा बनाई ठाउँ ठाउँमा प्रतिष्ठा गरे। फेरि परमेश्वर–प्रणाली बनाए; त्यहाँ चतुमूर्ति ढुंगे विष्णु भट्टारकको प्रतिष्ठा गरे।

राजा श्रीभूमिगुप्त भए; वर्ष ४५। तिनले नेपालमा गोली नाम भएको अक्षर (लिपि) चलाए। धरणीवराह विष्णुको प्रतिष्ठा गरे।

यी तीन गोपाल राजाहरूले राज्य गरे।

अनि फेरि पनि प्रभाव जमाई सूर्यवंशी राजा भए। राजा शिवदेव भए; वर्ष ४१।

शिवदेवका भानिज राजा श्रीअंशुवर्मा भए; वर्ष ४३। तिनले राजविहार बनाए। पिण्डक आदिको व्यवस्था बाँधे। व्याकरण आदि शास्त्रचर्चा हुन थाल्यो।

ती राजा (अंशुवर्मा) का छोरा मानवर्मा; वर्ष ६५।

राजा श्रीकृतवर्मा; वर्ष ७६।

यी अर्कै वंशका राजा हुन् गौडका राजा आए। तिनको महाप्रतापले नेपालमा राज्य गरे। राजा श्रीदेवलदेव; वर्ष १०। तिनले देपाल विहारी (बहिल) बनाए। तुलाकूट व्यवहार पनि चलाए।

त्यसपछि फेरि सूर्यवंशी राजा भए। राजा श्री ध्रुववर्मा भए; वर्ष १०८।

राजा श्रीभीमार्जुनदेव भए; वर्ष ३५ ।

राजा श्रीनरेन्द्रदेव भए; वर्ष १३ ।

राजा श्रीशिवदेव भए; वर्ष १३ । तिनले श्रीपशुपति भट्टारकलाई चाँदीको कमल चढाए; नन्दिशालाके विहारको प्रतिष्ठा गरे । भिक्षुहरूको भोजनको लागि सदावर्त राखे ।

# पत्र २३

राजा श्रीनरेन्द्रदेव भए; वर्ष ३५ । ती राजाले आचार्य बन्धुदत्तसँग मिली श्रीबुङ्मतीका लोकेश्वर भट्टारकको जात्रा चलाए ।

राजा श्रीबलदेव भए; वर्ष १७ ।

राजा श्रीवर्द्धमानदेव भए; वर्ष १६ ।

राजा श्रीशङ्करदेव भए; वर्ष १२ ।

राजा श्रीवसन्तदेव भए; वर्ष २१ ।

त्यसपछि भोटका राजा आए; नेपालमण्डलमा राज्य गरे ।

राजा श्रीरुद्रदेव भए; तिनले चाकुम्भीतटसम्म निष्कण्टक राज्य गरे ।

राजा श्रीजयदेव भए; वर्ष ४२ महीना ५ ।

राजा श्रीबलदेव भए; वर्ष ११ ।

राजा श्रीबालार्जुनदेव भए; वर्ष २१ महीना ५ । ... तिनले श्रीबुङ्गमतीका लोकेश्वर भट्टारकलाई आफ्नो मुकुट चढाए ।

राजा श्रीमानदेव भए; वर्ष ३१ । तिनले हमोल तवनिमम् बनाए ।

राजा श्रीराघ (व) देव भए; वर्ष ४३ महीना ६ ।

राजा श्रीजयदेव भए; वर्ष १० ।

राजा श्रीविक्रमदेव भए; वर्ष ८ महीना ९ ।

राजा श्रीनरेन्द्रदेव भए; वर्ष १ महीना ६ ।

राजा श्रीगुणकामदेव भए; वर्ष ८५ महीना ६ । तिनले श्रीपशुपति भट्टारकलाई एघाह कोष चढाए । त्यहीं ईशानेश्वर भट्टारकलाई तामाको छाना हाले । त्यहीं लामो चपाह (चपली) बनाए । त्यहीं सुनधारा बनाए । कोटीहोम पूर्ण गरे ।

राजा श्रीउदयदेव भए; वर्ष ५ महीना ५ ।

राजा श्रीलक्ष्मीकामदेव भए; वर्ष २१ । ने.सं. २०० मा तिनले राष्ट्रमा शान्ति गरे ।

राजा श्रीविजयदेव भए; वर्ष ३१ । तिनले ललितपुरमा आधा राज्य गरे । (अर्थात द्वैराज्य कायम गरे ।)

राजा श्रीभास्करदेव भए; वर्ष ३ । तिनले बाबुको शिरपेच बिक्री गरे; मनको श्रीमानेश्वरी भट्टारिकाको मूर्ति नासे । त्यो दोषले गर्दा अन्धा भए; ठूलो कष्ट पाए ।

राजा श्रीबलवन्तदेव भए; वर्ष १२ । तिनले अत्यन्त सुभिक्ष (सहकाल) हुने गरी राज्य गरे। तिनले हरिपुर बनाए ।

# पत्र २४

राजा श्रीपद्मदेव भए; तिनले आफ्नो मुकुट बनाए ।

राजा श्रीनागार्जुनदेव भए; वर्ष २ ।

राजा श्रीशङ्करदेव भए; वर्ष १५ । तिनले नंदीशाला (नक्साल) मा शङ्करेश्वर भट्टारकको प्रतिष्ठा गरे; देवलमा तामाको छाना हाले । फेरि भगवती मनोहर भट्टारिकाको प्रतिष्ठा गरे । राष्ट्रमा शान्ति भयो ।

राजा श्रीवामदेव भए; वर्ष ३ ।

राजा श्रीहर्षदेव भए; वर्ष १४ ।

नेपाल संवत् २१९ लाग्दा राजा श्रीशिवदेव भए; वर्ष २७ महीना ७ । तिनले श्रीपशुपति भट्टारकको देवल सम्पूर्ण पारी तामाको छाना हाले । अनि कीर्तिपुरमा वलवलदेवीकहाँ तपस्या गरी बलखु नदीमा बाँध बाँधे । ठाउँ ठाउँमा ढुंगेधारा, कूवा, पोखरीहरू बनाए । चारतले पञ्चपुरसहितको श्रीराजगृह राम्ररी जग हाली बनाए । त्यसपछि श्रीपशुपतिनाथलाई चाँदीको कमल, पिण्डिका बनाई चढाए । पहिले द्रम्मको व्यवहार चलेको थिएन; सुनका रक्तिकाको व्यवहार चल्दथ्यो । शिवदेवले आफ्नो 'श्रीसिंह' नाम अंकित चाँदीको द्रम्मको व्यवहार चलाए । 'श्रीशिव' अङ्कित सुनको शिवकाङ्क (सुकी) चलाए । पूर्वशिखरदेव (चाँगुनारायण) को परिवारसहित जीर्णोद्धार गरे ।

युवराज श्रीमहेन्द्रदेवले योद्यंमा ठूलो पोखरी खनाए । पहिले खेतीवालहरूले द्रम्मको आधा पण (दस्तूर) तिर्नुपर्थ्यो । सो पोखरी खन्दाखेरि एक एक द्रम्म पण (दस्तूर) तिर्नुपर्यो । पोखरी तयार भएपछि त्यसको नाम 'महेन्द्रसर' भन्ने राखियो । नेपाल संवत् २३९ (वि.सं. ११७६) वैशाख शुक्ल पूर्णिमामा सो पोखरी बनाई सकियो । त्यस पोखरीको अर्को नाम 'मदनसर' भन्ने रहेको थियो ।

राजा श्रीइन्द्रदेव भए; वर्ष १५ ।

राजा श्रीमानदेव भए; वर्ष ४ महीना ७ ।

राजा श्रीनरेन्द्रदेव भए; वर्ष ६ महीना ५ ।

नेपाल संवत् २६७ (वि.सं. १२०३) माघ कृष्ण प्रतिपदा सोमवारको शुभ दिनमा राजा श्रीआनन्ददेवको राज्याभिषेक गरियो । तिनले समस्त नेपालमण्डलको रक्षा गरे; प्रजालाई नाश हुनबाट बचाए; पीडा हरे । शास्त्रअनुसार निर्माण कार्य गर्ने यस्ता गुणी राजा श्रीआनन्ददेव भए ।


(क्रमशः)

## Gorky in America (XIII)



# The City of the Yellow Devil

Maxim Gorky




In the middle of the square stands a policeman in a grey helmet. His clean-shaven face shines like copper. This man is unconquerably strong—he holds a short thick club loaded with lead.

The Mob looks at the club out of the corner of its eye. It knows clubs, it has seen hundreds of thousands of them, and they are all just wood or metal.

But concealed in this short, blunt club lies a fiendish force one cannot counter.

The Mob is blindly, dimly hostile to everything. It is agitated and ready for something terrible. Impulsively it measures with its eyes the short blunt club....

In the dark litter of the unconscious, fear ever smoulders. ...

..................

Life roars ceaselessly, tireless in its movement. Where does it get this energy on a day when the Mob is not at work?

With a greater and greater clarity, the Mob realises how lonely it is, senses some deception, and, its irritation mounting, vigilantly watches for something to lay its hands on.

It now becomes sensitive to and receptive of impressions —nothing new escapes its glance unperceived. Its jibes are keen-edged and full of malice, and the man in the grey hat with the overwide brim must needs quicken his steps under the pricks of its mocking stare and the lashing sting of its remarks. A woman, as she crosses the square, lifts her skirts a trifle, but when she sees the Mob ogling her legs, her fingers go suddenly limp, as if someone had struck her hand, and she lets the skirts fall....

From somewhere a drunkard reels out into the square. His head dropped on his breast, he walks, muttering1 something; his sodden body sways flabbily, and any second, he may crash to the pavement or the rails....

One hand is thrust in his pocket. In the other he holds a crumpled, dusty hat; he waves it above his head, and he sees nothing.

Swept into the wild vortex of metallic sound, he comes round a little, stops, and looks about him with bleary eyes. Streetcars and carriages are speeding towards him from all sides—a long, moving thread on which dark beads are strung. A clanging of bells comes from the streetcars in angry warning, there is a clicking of horseshoes, everything booms, clatters, and thrusts itself upon him.

The Mob senses the possibility of something amusing. Again, it fuses hundreds of its stares in one and watches expectantly....

The streetcar motorman clangs the bell and leaning over yells at the drunkard, his face red from the strain. The drunkard amiably waves his hat at him and steps on the rails just in front of the streetcar. His whole body thrown back, his eyes closed, the motorman violently jerks the handle around. The car gives a jolt and stops....

The drunkard ambles along—he has put his hat on and let his head sink to his chest again.

But from behind the first streetcar a second slowly slides out and knocks the drunkard's legs out from under him; he falls heavily onto the fender, then drops softly to the rails, and the fender pushes and carries along his crumpled body over the ground....

The drunkard's arms and legs can be seen flapping against the ground. Blood curls out in a thin red line, like a beckoning smile....

The women in the car scream shrilly, but all the sounds are eclipsed by the deep, triumphant howl of the Mob—it is as if a massive bedspread, damp and heavy, was suddenly flung over them. The troubled clang of bells, the hoof beats, the whine of electricity—all is smothered by fear of the Mob, of the black wave that surges forward, roaring, like a beast, striking against the cars, dashing its dark spray all over them, and beginning its work.

Shivering in startled little gasps, the window glass in the streetcar is shattered into bits. Nothing can be seen but the enormous body of the Mob, thrashing and quivering, and nothing can be heard except its howl, its exultant cry, with which it joyfully proclaims itself a power and announces that it, also, has at last found something to do.

Hundreds of big hands cut through the air; scores of eyes glitter with the greedy sparkle of a strange, sharp hunger.

It pommels someone, the black Mob; it tears at him, it wreaks its vengeance....

From the storm of its merged cries, more and more insistently, comes a hissed word that glitters like a long bladed, flexible knife:

"Lynch!"

The word has the magic power of uniting all the Mob's vague desires, of fusing its cries in one dense roar:

"Lynch!"

Some of the Mob's segments swing themselves up onto the roofs of the streetcars, and from there, too, coiling through the air and swishing like a whip, comes the word:

"Lynch!"

In the centre of the Mob a compact ball has formed; it has engulfed something, sucked it in, and is in motion, drifting out into the open. The Mob's thick body compliantly yields to the pressure from the centre, and, splitting, it casts from out of its bowels this bulky black mass—its head, its jaws.

In its teeth swings a tattered, bloody figure—he was the streetcar motorman, as one can see from the stripes on the remnants of his uniform.

Now he is just a piece of chewed meat; —fresh meat, appetisingly dripping with bright-red blood.

The black jaws of the Mob carry him along, still crunching, and its arms, like the tentacles of an octopus, twist about this body without a face.

The Mob bellows:

"Lynch!"

And it lines up behind its head, shaping into a long, thick body that is ready to devour a great quantity of fresh meat.

But suddenly a clean-shaven man with a copper face appears before it. He has pulled his grey helmet down over his eyes, and he towers like a grey rock in the Mob's way, his club raised mutely in the air.

The head of the Mob swerves to the right, then to the left, to escape the club, to pass it by.

The policeman stands stock-still; the club in his hand does not waver, and his hard eyes are calm and unwinking.

The policeman's confidence in his strength throws a chill into the burning face of the Mob.

If a man alone can stand up to it, with no regard for its heavy, powerful, lava-like will, if he can be so calm—then he must be unconquerable!...

The Mob screams something into his face, it waves its tentacles as if it would twine them around the policeman's wide shoulders, but in its very cry, angry though it is, there is a plaintive note. And when the copper face of the policeman darkens grimly, when he raises higher the hand with the short, blunt club—the Mob's roaring voice breaks strangely, and its trunk slowly and gradually pulls apart; but the head still grumbles, still swerves this way and that; it wants to crawl on.

Unhurriedly two more men with clubs move near. The Mob's tentacles grow suddenly weak and let go of the body in their grip; the body falls on its knees, prostrating itself at the feet of the representative df the law, and he raises above it the short and blunt symbol of his authority....

The head of the Mob, too, slowly breaks up into pieces. It no longer has any trunk; tired and cowed, the men creep across the square, their dark figures scattering over its filthy surface like the black beads of an enormous necklace.

Into the gutter-like streets the people drift, grim and silent. Broken people, disbanded people...

1906

(The End)

# जीवन–आचरण

## बिषालु हावा

एक महिलाले अर्की महिलालाई सोधिन्, 'बच्चा जन्मिएको खुसीमा तिम्रो पतिले तिमीलाई के उपहार दिए ?' दोस्रो महिलाले जवाफ दिइन, 'केही पनि दिएनन् ।' पहिलो महिलाले फेरि सोधिन, 'के तिम्रो पतिको नजरमा तिम्रो कुनै मूल्य छैन ?' यति भनेर पहिलो महिला आफ्नो बाटो लागिन् तर उनको प्रश्न भने दोस्रो महिलाको कानमा बिषालु हावा बनेर घुस्यो ।

साँझ जब पति घर आए, तब उनले श्रीमतीको अनुहार मलिन देखे । यसै विषयमा दुवै जनाको झगडा भयो । आखिरमा पति पत्नीमा पारपाचुके भयो । उनीहरूमा समस्याको सुरुवात त्यो फजुलको प्रश्नबाट भएको थियो ।

एक जना व्यक्तिको भेट आफ्नो पुरानो मित्रसँग भयो । भेट हुँदा साथ पहिलो मित्रले आफ्ना पुरानो दोस्रो मित्रसँग सोधे, 'तिमी आज भोलि कहाँ काम गर्दैछौ ?' दोस्रो मित्रले पहिलो मित्रलाई आफू काम गर्ने पसलको नाम बतायो ।

पहिलो मित्रले फेरि सोधे, 'मालिकले तलब कति दिन्छन् ?' दोस्रो मित्रले जवाफ दिए, '२५ हजार रुपैयाँ मासिक ।' पहिलो मित्रले भने, 'यति पैसामा तिम्रो जिन्दगी कसरी चल्छ ?' दोस्रो मित्रले गहिरो सास लिँदै भन्यो, 'कुरा नगर साथी, जिन्दगी जेनतेन चलेकै छ, तिमीलाई के बताउँ ?' उनीहरूको भेटघाट सकियो ।

तर पहिलो मित्रको प्रश्न दोस्रो मित्रको दिमागमा बिषालु हावा बनेर घुसिसकेको थियो । केही दिन पछि दोस्रो मित्रको आफ्नो काम प्रति लगाव कम हुँदै जान थाल्यो । उसले तलब बढाउनु पर्ने माग मालिक सामु राख्यो तर उसको माग मालिकले ठाडै अस्वीकार गरिदियो । अन्तमा दोस्रो मित्रले नोकरी छाड्यो । अब ऊ बेरोजगार छ । पहिले उसँग काम थियो । अब उसँग कुनै काम छैन । अहिले ऊ मात्र होइन उसको परिवार नै समस्यामा छ ।

छोरासँग अलग्गै बस्ने एक वृद्धसँग एकजना ब्यक्तिले सोध्यो, 'तपाईंको छोरा तपाईंलाई भेट्न एकदमै कम आउने गर्छ, के उसलाई तपाईंको माया लाग्दैन ?' वृद्धले भने 'मेरो छोरा आफ्नो काममा एक दमै व्यस्त रहन्छ । उसको काम पनि एकदमै कडा छ । उसलाई एकदमै कम समय मिल्छ ।' व्यक्तिले भन्यो, 'वाह ! यो के कुरा भयो ? तपाईंले उसलाई पालन पोषन गर्नु भयो । यो त तपाईंलाई नभेट्ने एक बहाना मात्र हो ।'

यो कुराकानी वृद्धको मनमा बिषालु हावा बनेर छिर्‍यो । अब वृद्धको मनमा छोरा प्रति शङ्का पैदा भयो । अब छोरो भेट्न नआउँदा वृद्धले मेरो छोरासँग मेरो लागि बाहेक सबैको लागि समय छ भनी सोच्ने गर्न थाल्यो । यो कुरा वृद्धको मनमा यति गढ्यो कि यही चिन्ताले वृद्धको सोचे भन्दा छिटै निधन भयो ।

हामीले गर्ने केही प्रश्नहरू हामीलाई सामान्य लाग्न सक्छन् । तर यसले अरूको जीवनमा बिषालु हावाको काम गर्ने गर्छ । अरूको जीवननै बर्बाद गर्न सक्छ । यस्ता बिषालु हावालाई नजरअन्दाज गर्न सिकौं ।

# सापारु २०८२ : केही झलक












*"Creation of predecessors - Our art and culture"*








*"Creation of predecessors - Our art and culture"*



















*"Creation of predecessors - Our art and culture"*





onlinekhabar.com









































*(गुन्हीपुन्ही/सापारु २०८२ मा प्रदर्शन गरिएका परम्परागत एंव आधुनिक सांस्कृतिक तथा व्यङ्ग्यात्मक विधाहरूका केही तस्बिरहरू विभिन्न स्रोतबाट सङ्कलित)*

# गुन्हीपुन्ही/सापारु २०८२ का प्रदर्शनीहरूको अवलोकन

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, वाग्मती प्रदेशसभाका सदस्यद्वय सुरेन्द्रराज गोसाई र सृजना सैंजु, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, वडाध्यक्षहरूलगायत गुन्हीपुन्ही/सापारु २०८२ को विभिन्न मितिमा प्रदर्शित परम्परागत एवं आधुनिक सांस्कृतिक विधाका प्रदर्शनीहरू अवलोकन गर्नुहुँदै ।













# तस्बिरमा केही गतिविधि



परिमार्जित स्थानीय पाठ्यक्रम ख्वपको पहिचान २०८२ बारे प्रधानाध्यापकहरूको भेला । साउन ३० गते



भक्तपुर नपाबाट शैक्षिक ऋण लिई उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूको भेला । साउन १७ गते



भक्तपुर नपाद्वारा सञ्चालित चिनियाँ तथा जापानी भाषा प्रशिक्षणको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम । साउन १५



पाक शिक्षा, आधारभूत सिलाइ, एड्भान्स सिलाइ र हेयरकटिङ तालिमका प्रशिक्षार्थीहरूको भेला । साउन २७ गते



भक्तपुरको चण्डेश्वरी अजिमाको १२ वर्षे जात्रा धुमधामका साथ आयोजना भयो । साउन २६ गते



भक्तपुर नपाबाट नःपुखूको पर्खाल पुनर्निर्माण

## भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

# चिनियाँ तथा जापानी भाषा तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ४ महिने चिनियाँ तथा जापानी भाषा प्रशिक्षणको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम साउन १५ गते  भयो।

२०८१ चैत्र १० गतेबाट सुरु भएको सो आधारभूत तालिममा नियमित रूपमा चिनियाँ भाषातर्फ २२ जना र जापानी भाषातर्फ १० जनाले तालिम प्राप्त गरेका थिए।

समापन कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले हरेक व्यक्तिको क्षमता फरक फरक हुने भए तापनि निरन्तरको प्रयास र मिहिनेतले सफल बनाउने बताउनुभयो।

तालिमले ज्ञानको दायरा फराकिलो र व्यापक बनाउने हुँदा त्यसमा निपुण हुनको निम्ति निरन्तर मिहिनेत र लगनशील भई लाग्नुका साथसाथै प्रशिक्षार्थीहरूले राम्रोसँग अध्ययन गरी भाषा विज्ञ बन्न उहाँले मार्गनिर्देश गर्नुभयो।

अध्ययन आफ्नो व्यक्तिगत विकासको लागि मात्र नभई समाज र देशको निम्ति हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा जापानी भाषा प्रशिक्षक **सिताराम सिबन्जार**ले आफू २० वर्ष अगाडि प्रशिक्षार्थी भई तालिम लिएको र आज प्रशिक्षकको रूपमा प्रशिक्षण गर्न पाउँदा निकै गौरवान्वित महसुस भएको बताउनुभयो।

त्यस्तै चिनियाँ भाषा प्रशिक्षक **राजेन्द्र चवाल**ले प्रशिक्षार्थीहरूको भाषाप्रतिको निरन्तर मिहिनेत, लगाव र उत्साहजनक उपस्थितिले कक्षा सञ्चालनमा थप उर्जा मिलेको बताउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले तालिमका उत्कृष्ट प्रशिक्षार्थीहरू चिनियाँतर्फ प्रतिमा प्रजापति र प्राश्ना खर्बुजा, जापानीतर्फ प्रदिप मानन्धरलाई पुरस्कार वितरण गर्नुका साथै सम्पूर्ण प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो र सम्मान स्वरूप प्रशिक्षकद्वयलाई मायाको चिनो प्रदान गर्नुभयो।



कार्यक्रममा चिनियाँ भाषाका प्रशिक्षार्थी ईश्वर पलिखेल र जापानीतर्फ नरेशा मुलगुठिले तालिमबारे आफ्नो अनुभव सुनाउनुभयो।

# दही विनायक द्य:छैं परिसर सफाइ



भक्तपुर नपा वडा नं. ५ को आयोजनामा टिबुक्छेँस्थित दही विनायक द्य:छैंको सार्वजनिक स्थलमा साउन १८ गते सरसफाइ कार्यक्रम भयो। धेरै वर्षदेखि अलपत्र अवस्थामा रहेको उक्त स्थानमा स्थानीयको तदारूकता तथा वडा कार्यालयको पहलमा सफाइ कार्यक्रम भएको थियो। सो स्थानमा भवन निर्माण गर्ने निर्णय भएको हुँदा सफाइ अभियान सञ्चालन गरिएको वडाका जनप्रतिनिधि कृष्णाप्यारी जधारीले बताउनुभयो।

सो द्य:छैं निर्माणपछि ङालाकेगु जात्रा सञ्चालनमा सहज हुने स्थानीयवासीहरूले व्यक्त गरेका छन्।

कार्यक्रममा स्थानीय दही विनायकका सदस्यहरू, टोलवासीहरू तथा सुकुध्वाका, तुलाछेँ, चोछेँ युवा समूहका सदस्यहरूको सहभागिता थियो।

# गाईजात्रा व्यवस्थित रूपमा सञ्चालन गर्न सरोकारवालाहरूको बैठक सम्पन्न



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा २०८२ सालको गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादितरूपमा सम्पन्न गर्न गाईजात्रा प्रदक्षिणा मार्गमा रहेका विद्युत्, टेलिफोन, इन्टरनेट र केबुल नेटवर्कका तारहरू व्यवस्थित गर्ने र खानेपानी व्यवस्थापन, सवारी आवागमन सहज बनाउने र जात्रा अवधिभर शान्ति सुरक्षा कायम गर्ने विषयमा साउन १९ गते सम्बन्धित सरोकारवालाहरूसँगको बैठक भयो ।

बैठकमा नगर प्रमुख **प्रजापति**ले भक्तपुरको गाईजात्रा (सापारु) अन्य ठाउँको भन्दा विशेष रूपमा मनाइने जात्रा भएकोले आन्तरिक र बाह्य पर्यटकहरू उल्लेख्य आउने उक्त जात्रालाई सभ्य र आकर्षक बनाउन सबैले आआफ्नो तर्फबाट सहयोग गर्न आग्रह गर्नुभयो ।

उपप्रमुख **रजनी जोशी**ले अव्यवस्थित तार नगरको चुनौतीको रूपमा रहेको बताउनुहुँदै यसको दिगो समाधानले नगरलाई थप सुन्दर र आकर्षक बनाउने बताउनुभयो ।

बैठकले प्रसिद्ध गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न सरोकारवाला सबै पक्षबाट आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने निर्णय गऱ्यो ।

मिति २०८२ साउन २४ गते गुन्हीपुन्ही र २५ गते सापारुको अवसरमा कुनै किसिमको बाधा व्यवधान नहोस् भनी गाईजात्रा प्रदक्षिणा मार्ग र महत्त्वपूर्ण स्थानहरूमा टेलिकम, बिजुली बत्ती र इन्टरनेटका तारहरू हटाउन यही २०८२ साल साउन २२ गतेभित्र सबैले आ-आफ्नो तारहरू व्यवस्थापन गर्ने र तोकिएको समयभित्र तारहरू नहटाएमा नगरपालिका स्वयम्ले हटाउने निर्णय गऱ्यो ।

बैठकले भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालको संयोजकत्वमा जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, भैरवनाथ जात्रा व्यवस्थापन समिति, नेपाल विद्युत् प्राधिकरण भक्तपुर शाखा, नेपाल टेलिकम, भनपा स्यानिटेसन शाखा, नगर प्रहरी प्रमुख, केबल नेटवर्कको तर्फबाट प्रतिनिधि र सम्बन्धित वडा निरीक्षकसहितको समिति गठन गऱ्यो ।

गाईजात्रा अवधिभर सवारी साधन प्रवेशमा निषेध गर्ने, स्वास्थ्य उपचार सेवा प्रदान गर्ने, मदिरा बेचबिखन तथा सेवनमा निरुत्साहित गर्ने, पिउने स्वच्छ पानीको व्यवस्थापन गर्ने र सरसफाइ गर्ने लगायतका कार्य गर्न सम्बन्धित निकायले आ-आफ्ना कर्मचारीहरू तथा जनपरिचालन गर्ने निर्णय पनि सोही बैठकले गऱ्यो ।

बैठकले गाईजात्रा प्रदक्षिणा मार्गमा सरसफाइ कार्यक्रम यही २०८२ साउन २३ गते विहान ७:०० बजे भनपा-९ दत्तात्रयमा जम्मा भई सबै पक्षको सहभागितामा सरसफाइ र जनचेतनामूलक ऱ्याली गर्ने निर्णय गऱ्यो ।

बैठकमा भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, कार्यपालिका सदस्य रोशनमैंया सुवालले जात्रा व्यवस्थित रूपमा सञ्चालन गर्न सबैको तर्फबाट सहयोग हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

# आमा समूहको वार्षिक भेला



भक्तपुर नपा वडा नं. ६ मुलाछेँस्थित आमा समूहका महिलाहरूको वार्षिक कार्यक्रम साउन २० गते भयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले महिलाहरूको व्यक्तिगत, घरायसी, सामाजिक र अन्य विविध समस्याको विषयमा छलफल गर्न तथा समाधान गर्न आमा समूह गठन भएको चर्चा गर्नुहुँदै महिलाहरू राजनैतिक र सामाजिकरूपमा सचेत हुनुपर्ने बताउनुभयो ।

देश आर्थिक रूपमा सम्पन्न भए देश र जनताको राम्रोसँग सेवा गर्न सक्ने उल्लेख गर्नुहुँदै उहाँले परिवारमा एकजना महिला शिक्षित भएमा सबै परिवारका सदस्यहरू पनि शिक्षित हुने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले

महिलाहरूलाई शिक्षित र सक्षम बनाउन विभिन्न गतिविधिहरू गर्दै आएको बताउनुभयो ।

कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले भक्तपुर नगरपालिकाले गर्दै आएका विभिन्न तालिमबारे जानकारी दिनुभयो । वडा सदस्य **गोविन्द दुवाल**ले किसान आन्दोलनबारे चर्चा गर्नुहुँदै आन्दोलनले भक्तपुरवासीको आर्थिक स्तर राम्रो भएको बताउनुभयो ।

उक्त कार्यक्रममा वडा सदस्य **सिद्धिराम अवाल** र **सानुमैया बजिको**ले पनि मन्तव्य राख्नुभएको थियो ।

## बाराही स्थानबाट वंशगोपालसम्म र रामन्दिर पुलदेखि तालाक्व हुँदै बोलाछेँ सम्मको सडक एकतर्फी गर्ने तयारी



भक्तपुर नगरपालिका वडा नं. ३ बाराही स्थानबाट वंशगोपालसम्म र रामन्दिर पुलदेखि तालाक्व हुँदै बोलाछेँसम्म एकतर्फी सवारीसाधन सञ्चालनसम्बन्धी साउन २१ गते सरोकारवालाहरूको बैठक भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको उक्त बैठकमा नगरको भित्री सडकमा बढेको सवारी चापले आवगमनमा समस्या उत्पन्न भएकोले सवारी साधन 'वान वे' गर्ने विषयमा छलफल भयो ।



बैठकमा नगर प्रमुख **प्रजापति**ले यातायात आवागमन व्यवस्थापनलाई थप प्रभावकारी बनाउन नगरपालिकाले आवश्यक देखिएका सडकहरूमा एकतर्फी सवारीसाधन सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर सांस्कृतिक र ऐतिहासिक हिसाबले महत्त्वपूर्ण सहर भएकोले पनि व्यस्त सडकहरूमा एकतर्फी गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

बैठकले भक्तपुर नगरपालिका वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको संयोजकत्वमा सम्बन्धित वडाका वडाध्यक्ष, जिल्ला प्रहरी कार्यालय, ट्राफिक कार्यालय, नगर प्रहरी, वडा निरीक्षक र श्यानिटेशन शाखाका प्रतिनिधि सम्मिलित सात सदस्यीय अध्ययन टोली गठन गरी १५ दिनभित्र अध्ययन गरी रिपोर्ट तयार गरी प्रस्तुत गर्ने निर्णय गरियो ।

## सापारु प्रदक्षिणा मार्गमा सफाइ कार्यक्रम तथा सचेतना ऱ्याली




भक्तपुर नगरपालिकाले २०८२ को गुन्हीपुन्ही र सापारु पर्वलाई लक्षित गरी सापारु प्रदक्षिणा मार्गमा साउन २३ गते सचेतनामूलक सफाइ कार्यक्रम आयोजना गऱ्यो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा दत्तात्रय–सूर्यमढी–क्वाठण्डौ–नागपोखरी–महालक्ष्मीस्थान–भोलाछेँ–चोछेँ–त्रिपुरासुन्दरी–दरबार क्षेत्र र उपप्रमुख रजनी जोशीको नेतृत्वमा दत्तात्रय–गोल्मढी–सुकुलढोका–टौमढी–नासमना– वंशगोपाल–इटाछेँ हुँदै सरसफाइ ऱ्याली खौमामा पुगी सभामा परिणत भयो ।

सरसफाइ कार्यक्रमको सभामा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिका सफा नगरपालिकाको रूपमा स्थापित हुनुमा यहाँका अग्रजहरूको भूमिका स्मरणयोग्य भएको बताउनुहुँदै नागरिकहरूमा आफ्नो ठाउँ आफै विकास गर्नुपर्छ भन्ने भावनाले भक्तपुरले आज




सन्तुलित विकास गर्न सफल भएको बताउनुभयो ।

भक्तपुर घुम्ने आन्तरिक तथा बाह्य पर्यटकहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको बताउनुहुँदै उहाँले भक्तपुरको कला संस्कृतिलाई विश्व जगतमा प्रचारप्रसार गरी उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने योजनाले नगरपालिका अगाडि बढिरहेको छ भन्नुभयो ।

भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण गर्ने उद्देश्य भक्तपुर नगरपालिकाले सापारुको दिन प्रदर्शन हुने घिन्ताङघिसी र माक प्याखं तथा परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी पुरस्कृत गर्ने नीति अगाडि बढाएको बताउनुहुँदै उहाँले यसले नयाँ पुस्तामा धेरै उत्साह थपेको बताउनुभयो ।




उपप्रमुख **रजनी जोशी**ले सापारुमा प्रदर्शन हुने बाजागाजा र नाचहरूले भक्तपुरको कला संस्कृति झल्काउने बताउनुहुँदै नयाँ पुस्तालाई यहाँको संस्कृति जगेर्नातर्फ प्रोत्साहित गर्दै लानुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।

विभिन्न विद्यालयका विद्यार्थीहरूसहितको उल्लेख्य सहभागितामा सम्पन्न सरसफाइमा विद्यार्थीहरूले सन्देशमूलक नारा लेखिएका प्ले–कार्डसहित नगर परिक्रमा गरेका थिए ।




सरसफाइ कार्यक्रममा सहकारी, टीम, पुस्तकालय तथा वाचनालयका प्रतिनिधि तथा जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको उत्साहजनक सहभागिता थियो ।



कार्यक्रममा वातावरण तथा पर्यटन समितिका संयोजक एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**, भक्तपुर नपा वडा नं.३ का वडाध्यक्ष **राजकृष्ण गोरा** र वडा नं. ८ का वडाध्यक्ष **कृष्णप्रसाद कोजु**ले गाईजात्रा सभ्य र व्यवस्थित रूपमा सञ्चालन गर्न सबैले आआफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने र जात्राअवधिभर नगरको सरसफाइमा विशेष ध्यान दिनुपर्ने विचार राख्नुभयो ।

## अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा बृहत छिकोङ प्रदर्शन



अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भक्तपुर नपा वडा नं. १ दुधपाटीस्थित भाजु पोखरी परिसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित छिकोङ शारीरिक व्यायामको बृहत प्रदर्शनी साउन २७ गते भयो।




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त प्रदर्शनीमा भक्तपुर नगरपालिकाका १० वटै वडाका छिकोङ प्रशिक्षार्थीले एकैसाथ छिकोङ शारीरिक अभ्यास गरेका थिए।

कार्यक्रममा सांसद **सुवाल**ले शारीरिक र मानसिक स्वास्थ्यको लागि व्यायाम निकै फाइदाजनक हुने बताउनुहुँदै नियमित व्यायाम र स्वस्थ जीवनशैलीले शरीरलाई स्फूर्ति दिनुका साथै रोग प्रतिरोधात्मक क्षमताको पनि विकास गर्ने बताउनुभयो।

राष्ट्र निर्माणमा सबै उमेर र अवस्थाका व्यक्तिहरूको भूमिका महत्त्वपूर्ण हुने तर युवाहरूको भूमिका अझ अर्थपूर्ण र क्रियाशील रूपमा हुने हुँदा युवाहरूलाई सशक्त बनाउनुपर्ने बताउनुभयो।

अरूको देशमा काम गरेर नेपालको विकास नहुने बताउनुहुँदै उहाँले युवाहरूलाई स्वदेशमै रोजगारीको अवस्था सिर्जना गर्नुपर्ने बताउनुभयो।

उहाँले देशलाई आत्मनिर्भर बनाउनेतर्फ पनि सरकारले पहलकदमी चाल्नुपर्ने बताउनुहुँदै देशको कला संस्कृति जोगाउन युवाहरूलाई अग्रसर पार्नुपर्ने बताउनुभयो।

त्यस्तै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले मानव जीवनलाई चलायनमान बनाइराख्न शारीरिक व्यायामको भूमिका महत्त्वपूर्ण रहेको बताउनुहुँदै नगरवासीलाई स्वस्थ र तन्दुरुस्त बनाउन खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखी काम गरिरहेको बताउनुभयो।

युवाहरूलाई सैद्धान्तिक रूपले सशक्त बनाउनुपर्ने बताउनुहुँदै उहाँले युवा उमेरले होइन उसको विचार र




दृष्टिकोणले उसलाई युवा बनाउने धारणा राख्नुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले युवा परिवर्तनका संवाहक भएको बताउनुहुँदै युवाहरूलाई राजनैतिक र सामाजिक रूपमा सक्रिय बनाउन सकेमात्र देश र समाजको विकासमा टेवा पुग्ने बताउनुभयो।



कार्यक्रममा कार्यपालिका सदस्य **रञ्जना त्वाती** र **सुनिता अवाल**ले पनि शारीरिक अभ्यासको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो।



बृहत छिकोङ प्रदर्शनीमा करिब ५०० भन्दा बढी प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो।

## पाक शिक्षा, सिलाइ र हेयर कटिङ तालिमका प्रशिक्षार्थीहरूको भेला




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपाले सञ्चालने गर्ने पाक शिक्षा, आधारभूत सिलाइ, एड्भान्स सिलाइ र हेयर कटिङ तालिमका प्रशिक्षार्थीहरूको भेला भनपा सभाकक्षमा साउन २९ गते भयो ।

कार्यक्रममा प्रमुख अतिथि **प्रजापति**ले देशभक्तिपूर्ण भावना कस्तो हुन्छ, प्यालिस्टिनी जनताबाट सिक्नुपर्ने बताउनुहुँदै प्यालेस्टिनी जनताहरू इजरायली आक्रमणकारीहरूविरुद्ध निरन्तर लडिरहेका छन् भन्नुभयो ।

प्रत्येक युवाहरूले विश्वविद्यालयको ज्ञानसँगै सीप सिकेर आत्मनिर्भर हुनुपर्ने बताउनुहुँदै उहाँले हरेक युवामा नयाँ नयाँ सीप सिक्ने इच्छाशक्ति बलियो हुनुपर्ने बताउनुभयो ।

समाजमा विकृतिहरू फैलिरहेको छ, त्यसबाट युवाहरू जोगिनु आवश्यक छ भन्नुहुँदै उहाँले युवाहरू देशको भविष्य भएकोले राम्रो संस्कार र संस्कृति बिर्सनु हुन्न भन्नुभयो ।

विदेश जाँदैमा मान्छेले सुख पाउने होइन, बरु सुख छोडेर दुःख खोज्ने जस्तो हुन्छ भन्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'हरेक युवाहरू एउटा एउटा काममा दक्ष बन्ने र आफ्नो दक्षता देश र जनताको हितमा प्रयोग गर्नुपर्छ ।'

भक्तपुर देशको पर्यटकीय गन्तव्यको रूपमा विकास भइरहेको हुँदा हाम्रो बोली व्यवहारदेखि हरेक क्षेत्र राम्रो हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले भक्तपुरलाइ उदाहरणीय नगर बनाउन यहाँका नागरिकहरू नै अग्रसर हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले प्रतिस्पर्धाको समयमा नागरिकहरू सीपयुक्त बन्नुपर्ने बताउनुहुँदै



आफूसँग भएको ज्ञान र सीपलाई व्यवहारिक रूपमा प्रयोग गर्न सके पनि सफल भइने जानकारी गराउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा** र कार्यपालिका सदस्यद्वय **रोशनमैंया सुवाल** र **छोरीमैंया सुजखू**ले पनि बोल्नुभएको थियो ।

## झोल साबुन तथा पाउडर सरफ बनाउने तालिम




भक्तपुर नगरपालिका वडा नं. १ नपली सिर्जनानगरस्थित सन्तति आधारभूत विद्यालयको प्राङ्गणमा साउन ३० गते भनपा १ महिला समूहको आयोजनामा झोल साबुन तथा पाउडर सरफ बनाउने तालिम सम्पन्न भयो ।

तालिममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले विकासका लागि आधारभूत सीपको तालिम सञ्चालन गर्ने मान्यताअनुरूप तालिम सञ्चालन गरेको जानकारी दिनुहुँदै तालिमबाट सिकेको सीप टोल समुदायको निम्ति प्रयोग गर्नुपर्छ भन्नुभयो ।

ख्वप अस्पतालसँग समन्वय गरेर नपलीमा रहेको स्वास्थ्य चौकीको स्तर उन्नतिसहित विशेषज्ञ सेवा प्रदान गर्ने प्रक्रिया अगाडि बढिरहेको र वडाबाट सञ्चालन भइरहेका विभिन्न क्रियाकलापको जानकारी दिनुहुँदै उहाँले नपलीस्थित इसानेश्वर महादेवको निर्माण पूर्णताको लागि स्थानीय उपभोक्ता समितिले छलफल र सरसल्लाह गरिरहेको बताउनुभयो ।

कार्यक्रममा प्रशिक्षक **रमिता चौगुठी**ले स्वास्थ्य सुरक्षाका उपायहरू अवलम्बन गरी तालिम लिनुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ**ले पनि बोल्नुभएको थियो ।

तालिममा टोलका ३० जना महिलाहरूले सहभागिता जनाएका थिए ।

# शहिद स्मृति खेलमैदान र न:पुखू परिसरमा सरसफाइ




भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत भदौ १ गते भक्तपुर नपा वडा नं २ शहिद स्मृति खेलमैदान परिसर एवम् न:पुखू परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले सफाइ आन्दोलन सँगसँगै कला र संस्कृति, सम्पदा संरक्षणको क्षेत्रमा अग्रणी भूमिका खेल्दै आएको भक्तपुर नपाले स्थानीय जनतालाई स्वाभिमानीपूर्वक आत्मनिर्भर बन्न युवा र महिला लक्षित विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गर्दै आइरहेको चर्चा गर्नुभयो । साथै वर्षायामसँगै विभिन्न सरुवा रोगहरू फैलिरहेकोले सम्पूर्ण जनता स्वयम् सचेत र सुरक्षित रहन अनुरोध गर्दै सफाइ कार्यक्रमको महत्त्वबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा साविक १५ वडाका वडाध्यक्ष **रविन्द्र खर्बुजा**ले सफाइ हामी सबैको लागि स्वस्थ रहन हो, हामीले नै आफ्नो ठाउँ सफा राख्नुपर्छ भन्नुभयो । सफाइ अभियान भक्तपुर नपाले विगतदेखि गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले विगतमा भक्तपुरमा सरसफाइको जनचेतना फैलाउन गाईजात्रा र त:मुंज्याको मञ्चहरूमा सचेतनामूलक नाटक प्रदर्शन गर्नुका साथै कार्टुनहरूको प्रदर्शनी गरिएको स्मरण गर्नुभयो ।

उहाँले भक्तपुर सदाचारको टापुको रूपमा चिनिएको बताउनुहुँदै ४५ औं नेपालभाषा साहित्य त:मुज्या न:पुखू परिसरमा हुन लागेको जानकारी दिनुहुँदै सबैमा आर्थिक, भौतिक, नैतिक र साहित्यिक सहभागिताको लागि अनुरोध गर्नुभयो ।

कार्यक्रममा वडा सदस्य **श्यामसुन्दर मातां** र **मन्जुमैया लाखाजु**ले पनि बोल्नुभएको थियो ।

सफाइ कार्यक्रममा जनप्रतिनिधिहरू, वडाका विभिन्न सहकारी संस्था, विद्यालय, पुस्तकालय, स्थानीय, छिकोन समूहका महिलाहरूलगायत कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## केही झलक











## नागरिकताको सिफारिस प्राप्त गरेका वडावासीहरूको भेला




भक्तपुर नगरपालिका ७ नं वडा कार्यालयको आयोजनामा आ.व. २०८१/८२ मा नागरिकताको सिफारिस प्राप्त गरेका वडावासीहरूको भेला भदौ ७ गते भयो।

उक्त भेलामा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन शिक्षा क्षेत्रमा भक्तपुर नपाले प्राथमिकता दिँदै आएको बताउनुभयो।

ख्वप कलेजमा देशभरका विद्यार्थीहरू अध्ययन गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा सबैको पहुँचमा पुऱ्याउन शैक्षिक ऋण र छात्रवृत्तिको व्यवस्था गरेको बताउनुभयो।

उहाँले विदेशबाट ज्ञान प्राप्त गरेर आफ्नै देशमा आफ्नो श्रम, सीप, अनुभव र ज्ञान उपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले नगरपालिकाले नगरवासीको हक हितको लागि कानुन बनाउने उल्लेख गर्नुहुँदै भक्तपुर नपाले स्वास्थ्य, शिक्षा, सम्पदा संरक्षण, विकास निर्माण, खेलकुद, सरसफाइ, कृषि, युवाहरूलाई सीपमूलक तालिम दिई आत्मनिर्भर बनाउने, सार्वजनिक पर्ती जग्गा संरक्षण गर्नेलगायत जनजीविकाको सवालमा काम गरिरहेको बताउनुभयो।

भ्रष्टाचार, कुरीति, अन्धविश्वासलाई चिर्ने काम नयाँ पुस्ताले गर्नुपर्ने र अध्ययनलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुहुँदै उहाँले २०४५ सालको 'भक्तपुर काण्ड' मा नेपालको राजनैतिक इतिहासमा राज्यस्तरबाट रचिएको षड्यन्त्र हो भन्नुभयो।

अधिवक्ता **पुरुषोत्तम ग्वाछा**ले नागरिकता व्यक्तिको आधिकारिक पहिचान हो, जन्म मिति, ठेगाना, वंश र पारिवारिक पृष्ठभूमि प्रमाणित गरेर मात्र नागरिकता प्राप्त गर्न सकिन्छ भन्नुभयो।

नागरिकताबिना व्यक्तिले घर जग्गा वा अन्य सम्पत्ति आफ्नो नाममा राख्न नमिल्ने उल्लेख गर्नुहुँदै उहाँले मतदान गर्न नागरिकता अनिवार्य हुन्छ भन्नुभयो।

## सांस्कृतिक सम्पदा पदयात्राबारे सरोकारवालाहरूसँग छलफल




भक्तपुर नगरपालिकाले यस वर्ष पनि विगतका वर्षहरूमा झैँ सांस्कृतिक सम्पदा पदयात्रा आयोजना गर्ने भएको छ। नगरपालिकाको आयोजनामा २०८२ भदौ २२ गते हुने सांस्कृतिक सम्पदा पदयात्राबारे भदौ ११ गते सरोकारवालाहरूसँग छलफल कार्यक्रम भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सम्पदा पदयात्रा, सांस्कृतिक प्रतियोगिता, सांस्कृतिक गुरु सम्मानलगायतका गतिविधिहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

नगरपालिकाको आयोजनामा हुने सांस्कृतिक सम्पदा पदयात्रा सबैको साझा कार्यक्रम हो, यसलाई व्यवस्थित र सफल बनाउन सबैले आआफ्नो तर्फबाट साथ र सहयोगको अपेक्षासमेत रहेको बताउनुभयो।

भक्तपुरको मौलिकता संरक्षणले हाम्रो पहिचानलाई जीवित राख्न मद्दत पुऱ्याउने बताउनुहुँदै उहाँले मूर्त र अमूर्त सम्पदा संरक्षणलाई सँगसँगै अगाडि बढाउने प्रयत्न गरिरहेको बताउनुभयो।

विश्व सम्पदा क्षेत्रमा सूचित नेपालका सम्पदाहरूको अवलोकन गर्न वर्सेनि लाखौँ पर्यटकहरू नेपाल भित्रिने गरेको बताउनुहुँदै उहाँले भक्तपुरलाई संसारकै उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल बनाउन नपाले जोड दिँदै आएको बताउनुभयो।

भक्तपुरका कला संस्कृति र चाडपर्वलाई नगरपालिकाले अझ व्यवस्थित गर्दै नयाँ पुस्तामा पुस्तान्तरण गर्ने काम गर्दै

आएको र भक्तपुरका सम्पदाहरूको पुनःनिर्माण सँगसँगै संरक्षणका कार्यलाई पनि अगाडि बढाएको उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका पर्यटन सूचना तथा सेवा केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले सांस्कृतिक पदयात्राको सम्भावित रुट र कार्यक्रम आयोजनाको उद्देश्यबारे प्रष्ट पार्नुभयो ।

कार्यक्रममा उपस्थित विभिन्न पर्यटन व्यवसायी प्रतिनिधिहरूले सवारी र शौचालय व्यवस्थापन गर्नुपर्ने, पथप्रदर्शकहरूलाई तालिम दिनुपर्ने, खाद्य स्टल र जीवन्त प्रदर्शन व्यवस्थापन गर्नुपर्नेलगायतका सुझावहरू राख्नुभयो ।



कार्यक्रममा भक्तपुर पर्यटन विकास समिति, होटल एशोसियसन भक्तपुर, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ, भक्तपुर स्थानीय पर्यटन पथप्रदर्शक व्यवस्थापन समिति, पर्यटक प्रहरी, नेपाल आर्ट एण्ड काउन्सिल, भक्तपुर पर्यटन सद्भाव सङ्घलगायतका सङ्घ संस्थाबाट प्रतिनिधिहरूको उपस्थिति थियो ।

## प्रजिअ नमराज घिमिरेलाई स्वागत




भक्तपुर नगरपालिकाले जिल्ला प्रशासन कार्यालय भक्तपुरमा सरुवा भई आउनुभएका प्रमुख जिल्ला अधिकारी नमराज घिमिरेलाई भदौ १२ गते स्वागत तथा परिचयात्मक कार्यक्रम गऱ्यो ।

नगर प्रमुख सुनिल प्रजापतिले प्रजिअ घिमिरेलाई पुष्पगुच्छा, खादा र भादगाउँले टोपी लगाइदिनुभई भक्तपुरमा स्वागत गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाले शान्ति सुरक्षा, विपद् व्यवस्थापन तथा सङ्कटको समयमा प्रशासन, प्रहरी र सम्बन्धित सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी काम गर्दै आएको बताउनुभयो ।

नगरका विवादहरू वडागत तहबाटै समाधान गर्ने प्रयास भइरहेको बताउनुहुँदै उहाँले सङ्घ र प्रदेशसँगको सहकार्यमा नपाले आफ्ना गतिविधि अगाडि बढाउँदै आएको बताउनुभयो ।



सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयले मात्रै सङ्घीयताको प्रभावकारी कार्यान्वयन सम्भव भएको बताउनुहुँदै उहाँले संविधानको भावनाअनुसार जिल्लास्तरीय संरचनाहरू कृषि, शिक्षा, स्वास्थ्य, भूमिसुधार, नगर विकास, वन, खानेपानी, पुरातत्त्व जस्ता एकाइहरू पालिकाअन्तर्गत ल्याइनुपर्ने, जिल्ला समन्वय समिति खारेज गर्नुपर्ने र जिल्ला शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिनुपर्नेमा जोड दिनुभयो ।

त्यस्तै प्रजिअ **घिमिरे**ले भक्तपुरमा काम गर्न पाउनुमा गौरवान्वित महसुस गर्दै भक्तपुर नपाको सुशासन र सेवा प्रवाह व्यवस्थित र नमुना भएको बताउनुभयो ।

स्थानीय तह जनताका आधारभूत आवश्यकता पूरा गर्ने जनताको नजिकको सरकार भएको हुँदा स्थानीय तहलाई सक्षम र अधिकारसम्पन्न बनाउनुपर्नेमा जोड दिनुहुँदै उहाँले

स्थानीय तहलाई स्वायत्त ढङ्गले काम गर्न दिइनुपर्ने बताउनुभयो ।

भक्तपुरको शान्ति सुरक्षा कायम गर्ने, सांस्कृतिक सम्पदाहरूको सुरक्षा गर्ने विषयमा कुनै सम्झौता नहुने बताउनुहुँदै उहाँले भक्तपुर सुसंस्कृत र अनुशासित समाजले युक्त नगरको रूपमा विकस भइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**, प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई** र वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले प्रजिअ घिमिरेको सफल कार्यकालको लागि शुभकामना दिनुभयो ।

नगर प्रमुख प्रजापतिले प्रजिअ घिमिरेलाई भक्तपुर नगरपालिकाको प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य र नगरपालिकाका शाखा प्रमुखहरूको उपस्थिति रह्यो ।

**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी-२, भक्तपुर

६. २०८२ सालको गुन्हीपुन्ही सापारु पर्वमा प्रस्तुत गरिने घिन्ताङघिसी तथा परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी उत्कृष्ट समूह र कलाकारहरूलाई करबाहेक देहायबमोजिम नगद पुरस्कार प्रदान गरिने छ :

| सांस्कृतिक विधा | नगद पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना/सहभागी |
| देवी प्याखं<br>भैल प्याखं | ४०,०००।- | ३५,०००।- | ३०,०००।- | २०,०००।- |
| माक प्याखं<br>गाईचा प्याखं<br>लुसी प्याखं<br>फाकंदली प्याखं/हुला प्याखं | २३,०००।- | १७,०००।- | १३,०००।- | ९,०००।- |
| नागाचा प्याखं<br>लाखे प्याखं<br>मधु प्याखं<br>कलौंली प्याखं<br>भालु प्याखं<br>जङ्गली प्याखं | १७,०००।- | १४,०००।- | १०,०००।- | ७,०००।- |
| नाटक/गीति नाटक<br>ख्याल | २२,०००।- | १७,०००।- | १३,०००।- | ११,०००।- |
| खिचा प्याखं<br>ख्या प्याखं<br>कवांचा प्याखं | १३,०००।- | ११,०००।- | ९,०००।- | ६,०००।- |

विशेष पुरस्कार (एउटै मात्र प्रदर्शन भएमा (द्वितीय पुरस्कार सरह)

| | | | | |
|---|---|---|---|---|
| घिन्ताङघिसी | २२,०००।- | १७,०००।- | १२,०००।- | १०,०००।-<br>दुई वटा सान्त्वना |
| झ्याउरे प्याखं/साँय् सामिचा/ध्या चु प्याखं | ११,०००।- | ९,०००।- | ७,०००।- | |
| हनुमान प्याखं<br>म्हेखा प्याखं<br>किजापूजा प्याखं<br>कपाय् फेनेगु प्याखं<br>सलां प्याखं<br>डा प्याखं<br>गरुड प्याखं<br>दैत्य प्याखं<br>झ्या झ्या प्याखं<br>शेर प्याखं/सिंह प्याखं/धुं प्याखं, पलमान प्याखं | १३,०००।- | ११,०००।- | | |

घिताङघिसी, आधुनिक तथा परम्परागत विधामा उत्कृष्ट कलाकार

| | |
|---|---|
| महिला उत्कृष्ट कलाकार | ५,०००।- |
| पुरुष उत्कृष्ट कलाकार | ५,०००।- |
| बाल उत्कृष्ट कलाकार | ५,०००।- |
| आधुनिक विधातर्फ उत्कृष्ट निर्देशक | ५,०००।- |
| ऐ. ऐ. उत्कृष्ट लेखक | ५,०००।- |

# अठारौं पुस्तकालय दिवसको अवसरमा प्रवचन कार्यक्रम




नेपालमा वि.सं. २०६५ सालदेखि प्रत्येक वर्ष भदौ १५ गते पुस्तकालय दिवस मनाउँदै आएको छ । १८ औं पुस्तकालय दिवसको अवसरमा भक्तपुर नगरपालिकाले भदौ १५ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि **बिजुक्छेँ**ले नेपालका पुस्तकालयहरूको उचित व्यवस्थापनले यहाँका नागरिकहरूको बौद्धिक स्तर माथि उठ्ने बताउनुहुँदै बौद्धिक रूपले अगाडि बढ्न अध्ययनमै जोड दिनुपर्ने बताउनुभयो ।

कम्युनिष्ट साहित्यहरू प्रगतिशील हुने विचार राख्नुहुँदै उहाँले आफूले के पुस्तक अध्ययन गर्ने विषयमा स्पष्ट हुनुपर्ने र नगरपालिकाद्वारा सञ्चालित पुस्तकालयलाई अझ व्यवस्थित ढङ्गले सञ्चालन गर्न सुझाव दिनुभयो ।




लाइब्रेरियनहरूले नयाँ नयाँ पुस्तक अध्ययन गरी आफ्नो ज्ञानको दायरालाई व्यापक र फराकिलो बनाउनुपर्ने बताउनुहुँदै उहाँले शुद्ध नेपाली बोल्न र लेख्न कर्मचारीहरूलाई भाषासम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

पुस्तकालयमा रहेका पुराना पुराना पुस्तकहरू आफैमा एउटा इतिहास भएको हुँदा ती पुस्तक संरक्षणमा पुस्तकालयले जोड दिनुपर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले लाइब्रेरियनहरू

बौद्धिक रूपमा अब्बल बन्नुपर्ने विचार राख्नुभयो।

अध्यक्ष बिजुक्छेँले भक्तपुरका पुराना विद्यालय र पुस्तकालय व्यवस्थापन तथा संरक्षणमा नगरपालिकाले विशेष ध्यान दिन आग्रह गर्नुहुँदै अध्ययनबिना कोही पनि बौद्धिक रूपले अगाडि बढ्न असम्भव रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीमा पठन संस्कृतिको विकास गर्न भक्तपुर नगरपालिकाले पुस्तकालय दिवस मनाउँदै आएको बताउनुहुँदै पुस्तकालय ज्ञानको भण्डार भएकोले समाज रूपान्तरणमा यसले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पुस्तकालय र वाचनालय सञ्चालनको अधिकार पालिकाहरू दिएपछि भक्तपुर नपाले नगरका पुस्तकालय, वाचनालयहरूका अभिलेख राखी आवश्यकताको आधारमा पुस्तकालय सुधार र व्यवस्थापनको लागि आर्थिक, भौतिक सहयोग गरी पुस्तकालय सञ्चालनमा सुधार भएको हो भन्नुभयो।

पुस्तकालयको अवस्थाले समाजको वास्तविक अवस्था थाहा पाउन मद्दत पुग्ने बताउनुहुँदै उहाँले सामन्तहरू र विकासविरोधीहरू पुस्तकालय सञ्चालनमा कहिले पनि सकारात्मक हुँदैनन् भन्नुभयो।

नेपालमा प्रजातन्त्रको स्थापनासँगै जिल्ला जिल्ला र टोल टोलमा पुस्तकालयहरू स्थापना भएको प्रसङ्ग जोड्नुहुँदै उहाँले आधुनिक प्रविधिको विकाससँगै पुस्तकालयप्रतिको आकर्षणमा भने कमी आएको बताउनुभयो।

नेपालमा हाल ९०० भन्दा बढी पुस्तकालय सञ्चालनमा रहेको, त्यसमा मुस्किलले २०० वटा जति चलेको र कतिपय पुस्तकालयहरू आर्थिक अभाव, पढ्न आउने व्यक्तिहरू नहुँदा बन्द हुँदै गएको धारणा राख्नुभयो।

उपप्रमुख **रजनी जोशी**ले शिक्षाको माध्यमबाट दरिलो समाज निर्माण हुने बताउनुहुँदै भक्तपुरका सार्वजनिक पुस्तकालयको अवस्थालाई अझ सुधार गर्दै लानुपर्ने आवश्यकता औँल्याउनुभयो।

आजको डिजिटल युगमा समयसापेक्ष ढङ्गले पुस्तकालयको स्तरोन्नति गर्दै लानुपर्ने बताउनुहुँदै उहाँले पुस्तकालयहरूलाई व्यवस्थित रूपमा अगाडि बढाउन सबैको साथ र सहयोगको आवश्यकता रहेको बताउनुभयो।

भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले अध्ययन भनेको व्यक्तिमा नीति संस्कारसँग जोडिएको विषय हो भन्नुहुँदै जीवनमा असल र सफल हुन अध्ययनको विकल्प नभएको बताउनुभयो।

एउटा किताबमा धेरै ज्ञान हुन्छ तर एउटै किताबमा सबै ज्ञान नहुन पनि सक्छ भन्नुहुँदै उहाँले अध्ययनबिनाको प्रगति सम्भव नभएको बताउनुभयो।

भक्तपुर नपाद्वारा सञ्चालित जनज्योति पुस्तकालय शाखा प्रमुख **भूपाल मूल**ले पुस्तकालय दिवस मनाउनुको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै राष्ट्रको समृद्धि र विकास तथा चुनौतीहरू सम्बोधनको महत्त्वपूर्ण आधार पुस्तकालय हो भन्नुभयो।

पुस्तकालयका धेरै प्रकारहरूबारे प्रष्ट पार्नुहुँदै उहाँले पुस्तकालयले ज्ञानको दायरा फराकिलो पार्न मद्दत पुऱ्याउने र बालकदेखि सबै उमेर समूहका नागरिकले पुस्तकालयको प्रयोगबाट लाभ हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

प्रगति पुस्तकालयका **रविन्द्रप्रसाद कुसी**ले भक्तपुरका सार्वजनिक पुस्तकालयहरूको गर्विलो इतिहासलाई अझ उजागर गर्नुपर्ने बताउनुहुँदै भक्तपुर नपाले सार्वजनिक पुस्तकालयको अवस्था सर्वेक्षण गरी प्रतिवेदनको आधारमा ती पुस्तकालयहरूलाई आर्थिक तथा भौतिक सहयोग प्रदान गरी क्रियाशील बनाउने उल्लेखनीय काम भएको बताउनुभयो।

प्रगति पुस्तकालयले गरिरहेको अभ्यासबारे जानकारी गराउनुहुँदै उहाँले हाल प्रगति पुस्तकालयले विभिन्न तालिम, स्वास्थ्य शिविर, प्रगतियोगिताजस्ता रचनात्मक गतिविधि सञ्चालन गर्दै आएको र जनज्योति पुस्तकालय जस्तै अर्को सुविधासम्पन्न पुस्तकालय भक्तपुरमा खाँचो रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इ. कलेजको पुस्तकालयका **सुरेन्द्र दुवाल**ले भक्तपुरको शैक्षिक विकासमा पुस्तकालयको भूमिका उल्लेखनीय रहेको बताउनुहुँदै पुस्तकालय शैक्षिक संस्थाहरूको महत्त्वपूर्ण अङ्ग हो भन्नुभयो।

भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरूको पुस्तकालय देशकै उत्कृष्ट पुस्तकालयको रूपमा सञ्चालनमा रहेको बताउनुहुँदै उहाँले भक्तपुरका पुस्तकालयको स्तरोन्नतिमा नगरपालिकाले जोड दिनुपर्ने र नयाँ पुस्तामा पुस्तकालयको महत्त्वबारे छलफल कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने विचार राख्नुभयो।



कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले बौद्धिक क्षेत्रको महत्त्वपूर्ण थलो नै पुस्तकालय हो भन्नुभयो।

मन्तव्य

# 'जनज्योति पुस्तकालयलाई स्तरीय पुस्तकालयको रूपमा विकास गर्ने कोसिस गर्दै छौँ'

– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका



आज पुस्तकालय दिवस । केही वर्ष अघिदेखि भक्तपुर नगरपालिकाले पुस्तकालय दिवस मनाउँदै आएको छ । आधुनिक प्रविधिको विकाससँगै युवाहरू मोबाइलमा व्यस्त हुन थालेको र मोबाइलमै धेरै पुस्तकहरू पाइने भएकोले युवा विद्यार्थीहरू पुस्तकालयमा आउने क्रममा कमी हुँदै गएको सबैले अनुभव गरेकै विषय हो । भक्तपुर नपाले पुस्तकालय दिवस मनाउनुको अर्थ नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न हो ।

पुस्तकालय ज्ञानको भण्डार भएकोले समाज रूपान्तरणमा यसले महत्त्वपूर्ण भूमिका खेल्छ । जहाँ पुस्तकालयहरूको विकास हुन्छ, त्यहाँको समाज अगाडि बढेको हुन्छ । पुस्तकालयको अवस्थाले समाजको अवस्था थाहा पाउन मद्दत गर्छ । विगतको इतिहास हेर्ने हो भने राणाहरू, सामन्तहरू, विकास विरोधीहरू पुस्तकालयप्रति सकारात्मक थिएनन् ।

वि.सं. १९८७ सालको कुरा हो । आजभन्दा ९५ वर्षअघि नेपालमा सार्वजनिक पुस्तकालय खोल्न केही युवाहरूले अगुवाई गरे । राणाशासनमा त्यो सम्भव थिएन । जनतामा राजनैतिक चेतना फैलाउने हरेक कामलाई उनीहरू अपराध ठान्थे । त्यतिबेला चित्तधर हृदय, धर्मराज थपलिया, कृष्णप्रसाद कोइरालाहरूले तत्कालीन प्रधानमन्त्री भिम शमशेरसँग अनुमतिको लागि निवेदन दिए ।

भिम शमशेरले राजनैतिक उद्देश्यले पुस्तकालय खोल्न लागेको आरोप लगाएर ती सबैलाई थुने र 'आयन्दा यस्तो काम गर्ने छैनौँ' भनी कागज गराई प्रतिव्यक्ति रु. १००।– का दरले जरिवाना गरी छाडेको इतिहास पढ्न पाइन्छ । त्यतिखेर १००।– रुपैयाँ भनेको निकै ठूलो रकम हो ।

विकासको गतिलाई रोक्न खोज्नु सूर्यलाई हत्केलाले छेक्ने प्रयास जत्तिकै असम्भव थियो । जनतामा राजनैतिक चेतनास्तरको विकास सँगै नेपालमा १०४ वर्षे जहाँनिया शासनको पनि अन्त्य भयो । प्रजातन्त्रको स्थापनासँगै जिल्ला जिल्ला र टोल टोलमा पुस्तकालयहरू खुल्न थालियो । पुस्तकालयहरू ज्ञानको ज्योति फैलाउने केन्द्रको रूपमा विकास हुन थाले । प्राध्यापक, शिक्षक, बुद्धिजीवी, युवा विद्यार्थी सबैको आकर्षणाको केन्द्र बनेको थियो– पुस्तकालय । अन्तर्राष्ट्रिय घटनाहरू, देशको समसामयिक राजनैतिक विषयहरू, अन्य सामाजिक–राजनैतिक विषयमा छलफल गर्ने ठाउँ थियो– पुस्तकालय । तर आधुनिक प्रविधिको विकाससँगै त्यसमा कमी आएको छ । यो चिन्ताको विषय हो ।

हाल नेपालमा ९०० भन्दा बढी पुस्तकालय रहेको तथ्याङ्क भए पनि मुस्किलले २०० वटा जति चलेको र अझ कतिपय पुस्तकालयहरू आर्थिक अभाव र पढ्न आउने व्यक्तिहरू कम भएकोले बन्द हुँदै गएको हामी सुन्दैछौँ । यसबारे भक्तपुर नगरपालिका भने सचेत छ ।

२०७४ सालमा पहिलो कार्यकालको लागि हामी निर्वाचित भएको बेला भक्तपुर नपाबाट सञ्चालित जनज्योति पुस्तकालय दरबार क्षेत्रको एउटा सानो भवनमा सञ्चालित थियो । निर्वाचन घोषणापत्रमा शिक्षा विषयमा एउटा बुँदा थियो – 'जनज्योति पुस्तकालयलाई देशकै नमुना पुस्तकालय बनाउने !' त्यो महत्त्वपूर्ण जिम्मेवारी हाम्रो काँधमा थियो । हामी त्यसमा केन्द्रित भएर काम गर्‍यौँ । हामीले उपयुक्त ठाउँको खोजी गर्ने क्रममा देको मिवा इटापाके आवास योजना रहेको कार्यालय रहेको भवनलाई उपयुक्त देख्यौँ र त्यहीँ सार्ने निर्णय गर्‍यौँ ।

२०७९ सालको निर्वाचन घोषणापत्रमा जनज्योति

पुस्तकालयलाई विद्युतीय पुस्तकालयको रूपमा विकास गर्ने उल्लेख थियो । निर्वाचित भएकै दुई वर्षभित्रै त्यो काम पनि पूरा गर्‍यौँ । अहिले धेरै बुद्धिजीवीहरू, उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरू, शोधकर्ताहरू पुस्तकालयमा अध्ययन गरिरहेको पाउँदा खुशी लाग्छ । निर्वाचनमा जनतालाई दिएको वचनअनुसार कार्यहरू गरेकोमध्ये त्यो पनि एक महत्त्वपूर्ण कार्य हो । अहिले देशका विभिन्न पालिकाका मेयर, उपमेयर, सांसद, मन्त्रीजीहरू आउनुहुन्छ, पुस्तकालयको भ्रमण गर्नुहुन्छ र व्यवस्थित पुस्तकालय सञ्चालनको अवस्था देखेर सकारात्मक टिप्पणी गर्नुभएको पाएका छौँ ।



स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पुस्तकालय र वाचनालय सञ्चालन पनि पालिकाहरूको कामको रूपमा उल्लेख गरेपछि हामीले नगरका पुस्तकालय, वाचनालयहरूका अभिलेख तयार गर्‍यौँ, बैठकहरू राख्यौँ र समिति बनाएर सबै पुस्तकालयकोबारे जानकारी लियौँ । त्यसको आधारमा आर्थिक, भौतिक सुधारको लागि सहयोग पनि गर्‍यौँ तर आशा गरेअनुसारको पुस्तकालय सञ्चालनमा सुधार भएको भने पाएनौँ ।

विकास भनेको चौडा चौडा सडक, अग्ला अग्ला आकाश छुने घरहरू, भ्यु टावरहरू निर्माण मात्र होइन । धेरै पालिकाहरूले त्यसैलाई विकासको रूपमा परिभाषित गर्दैछन् । तर, भक्तपुर नगरपालिकाले भने मानिसको चेतनास्तरको विकासलाई पहिलो विकासको मापदण्ड मानेर काम गरिरहेको छ । भौतिक र मानसिक विकाससँगै भक्तपुरलाई विकास गर्ने सोचले भक्तपुर नगरपालिकाले काम गरिरहेको छ । का. रोहितले आजभन्दा दुई दशक अगाडि भक्तपुरलाई 'ज्ञान विज्ञानको केन्द्र' बनाउने घोषणा गर्नुभएको थियो । धेरैको लागि त्यो अपत्यारिलो थियो । आज विभिन्न कलेजहरूको सञ्चालन र विद्यालयमा गुणस्तरीय शिक्षाले त्यो साकार हुँदै गइरहेको देख्न सकिन्छ । भक्तपुर नपाले शैक्षिक विकासको निम्ति सक्दो सहयोग गरिरहेको छ ।

लेखक, साहित्यकार, कलाकारहरूलाई जीवन्तता दिने ठाउँ पनि पुस्तकालय नै हो । पुराना पुराना, प्राचीन कालका दस्तावेजहरू पुस्तकालयमा सङ्ग्रह गरिएका हुन्छन् । तर हामीले दुःखका साथ भन्नुपर्छ वि.सं. १८२६ मा पृथ्वीनारायण शाहले भक्तपुरमा आक्रमण गर्दा साकोठामा अवस्थित पुस्तकालय जलाइदिएको कारण धेरै पुराना दस्तावेजहरू समाप्त भएको अध्ययन गर्छौं । त्यहाँ नलन्दा विश्वविद्यालय, विक्रमशील विश्वविद्यालय, सिम्रोनगढ राज्यबाट ल्याइएका बहुमूल्य हिन्दु र बौद्ध ग्रन्थहरू थिए भन्ने पढ्न पाइन्छ । त्यहाँका पुस्तकमात्र जलेका होइनन् कयौँ प्राचीन इतिहास पनि समाप्त भए । त्यतिखेर भक्तपुरको ५०० घरहरू ध्वस्त भएको र २००० मानिसहरू मारिएको कुरा विश्वमोहन जोशीले 'ख्वपको राजनैतिक इतिहास'बारे लेखमा उल्लेख गर्नुभएको छ ।

आज चीन विश्वको दोस्रो अर्थतन्त्र भएको देशको रूपमा अगाडि बढ्दै छ । आजभन्दा ६५ वर्षअघि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (सन् १९६०) मा चीनको पेकिङ पुस्तकालय भ्रमण गर्नुभएको 'चीन भ्रमण' पुस्तकमा उल्लेख गर्नुभएको छ । त्यस पुस्तकालयमा मार्क्स एंगेल्सका हस्तलिखित रचनाहरू, चाउ एन लाइद्वारा सम्पादित पुस्तकहरूलगायत ६५ भाषाका पुस्तकहरू रहेको उल्लेख गर्नुभएको छ । बिहान ९:३० देखि राती ८.० बजेसम्म सञ्चालन हुने उल्लेख गर्नुभएको छ ।

हामी आज पनि त्यो तुलनामा धेरै पछि छौँ । हाम्रा कलेजका पुस्तकालय कर्मचारी, साथीहरू, टोल टोलका पुस्तकालय र वाचनालय सञ्चालक सम्पूर्णमा हाम्रो आग्रह छ । पुस्तकालय र वाचनालयलाई व्यवस्थित रूपमा सञ्चालन गरौँ ! संसारमा नयाँ नयाँ पुस्तकहरू के कस्ता प्रकाशित भएका छन्, नेपाली लेखकहरूले प्रकाशित गरेका नयाँ नयाँ पुस्तकहरू कुन कुन छन् त्यसबारे छलफल र अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गरेर युवा पुस्ताबिच पठन संस्कृतिको विकासमा जोड दिऔँ !

(भक्तपुर नगरपालिकाकाको आयोजनामा १८ औँ पुस्तकालय दिवसको अवसरमा भाद्र १५ गते सम्पन्न 'हाम्रो पुस्तककालय हाम्रो भविष्य' विषयक प्रवचन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्यको सार सङ्क्षेप)

# भाजु पुखू परिसरमा सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा भदौ १५ गते जनप्रतिनिधि, कर्मचारी, विद्यार्थी र स्थानीय जनताको सहयोगमा भाजु पुखू परिसरमा सरसफाइ भयो ।

## केही झलक









# भूमि समस्या समाधानबारे जनप्रतिनिधिसँग अन्तरक्रिया



नेपाल सरकारले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने र भूमिसम्बन्धी समस्या समाधान गर्न भूमि समस्या समाधान आयोग गठन गरेको छ । सोही विषयमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भूमि समस्या समाधान आयोग, जनप्रतिनिधि तथा कर्मचारीहरूबिच अन्तरक्रिया कार्यक्रम भदौ १६ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल सरकारले नागरिकहरूलाई आवासको हक सुरक्षित बनाउने नाउँमा पटक पटक सुकुम्बासी समस्या समाधान आयोगहरू गठन गरे पनि समस्या समाधान हुन नसकेको बताउनुभयो ।

भूमिहीनलाई जग्गा उपलब्ध गराउनु भन्दा प्रत्येक नागरिकलाई योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गर्नु आवश्यक भएको बताउनुहुँदै उहाँले भूमिहीन दलित र सुकुम्बासीहरूलाई आफू बसोबास गर्दै आएको जग्गा दिने व्यवस्थाले ठूलो चुनौती थपिन सक्ने धारणा राख्नुभयो ।

अभिमुखीकरण कार्यक्रममा भूमि समस्या समाधान आयोगका उपाध्यक्ष **सनतकुमार कार्की**ले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी र उत्पीडित वर्गको पक्षमा काम गर्नका लागि आयोगको गठन भएको बताउनुभयो ।

भूमिहीन सुकुम्बासीको पहिचान स्थानीय तहबाट मात्र सम्भव हुने हुँदा स्थानीय तहको सक्रियताले आयोगको काम अगाडि बढाउन मद्दत पुऱ्याउने उहाँले प्रष्ट पार्नुभयो ।

कार्यक्रममा आयोगका सदस्य तथा वाग्मती प्रदेश संयोजक **गुञ्जकुमार खड्का**ले आयोगको उद्देश्य, काम, कर्तव्य र अधिकार क्षेत्रबारे प्रस्तुतिकरण र छलफलमा उठेका जिज्ञासामाथि पनि प्रष्ट पार्नुभयो ।

अभिमुखीकरण कार्यक्रम भूमिसम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति भक्तपुरका अध्यक्ष **दिपक बिसुन्खे** र भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## गुन्हीपुन्ही सापारु घें घें बला कासा २०८२ को नतिजासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा गुन्हीपुन्ही सापारू पर्व २०८२ को अवसरमा २०८२ साउन २५ गते सापारूको दिन प्रदर्शन गरिएका घिङताङघिसी र माक प्याखं तथा साउन २७ गतेदेखि ३१ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको नतिजा देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | सांस्कृतिक विधाहरूको नाम | परिणाम | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना | सहभागी |
| १. | घिन्ताङघिसी | चन्द्रमान बनमाला, भनपा-१० | कृष्ण सितिखु, भनपा-८, लिवाली | विष्णुकुमारी त्वायना, भनपा ३, घट्खा | सुनकुमार हेंगोजु (सूनपा-१०) नेपालभाषा साहित्य त:मुंज्या (व्यङ्ग्यात्मक घिन्ताङघिसी) | |
| २. | माक प्याखं | श्री गणेश दाफा भजन, चानपा-५, छालिङ | राधाकृष्ण दाफा भजन गुठी, चानपा-५, छालिङ | कोटदेवी दाफा भजन, चानपा ३, भौखेल | गणेश दाफा भजन, भनपा-१, भार्वाचा | यापी भैरव दाफा भजन, चानपा-३, भौखेल, भद्रकाली दाफा भजन, सूनपा-१०,चित्तपोल वाकुपतिनारायण, भनपा-९, गलसी पुखु, भनपा-५, त्वचा परिवार, भनपा-९ ऐक्यम सांस्कृतिक समूह, भनपा-२ |
| ३. | देवी प्याखं | मुस्याख्व समूह, भनपा-३ | ख्वप देवी प्याखं खल, भनपा-५ | गलसी पुखु देवी प्याखं, भनपा-५ | मुक्ति संगीत प्रशिक्षण केन्द्र, भनपा-५ | जेन्युइन सेकेन्डरी स्कूल, भनपा-१० |
| ४. | भैल प्याखं | तुछिमला भैल प्याखं, भनपा-६ | जेठा गणेश भैल प्याखं, भनपा-४ | विश्वकर्मा भैल प्याखं, भनपा-९ | | |
| ५. | नागाचा प्याखं | सिद्धि गणेश प्याखं समूह, भनपा-७ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा-९ | खिछेँ दाफा भजन खल: भनपा-५ | चोछेँ सांस्कृतिक समूह, भनपा-६ | |
| ६. | लाखे प्याखं | खिछेँ दाफा भजन खल: भनपा-५ | पासा पुच: भनपा-९ | विश्वकर्मा भैल प्याखं, भनपा-९ | श्री बाराही नाच समूह-३ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा-९, सिद्धि गणेश बासुरी बाजा समूह, भनपा-७, ख्वप मावि, भनपा-६ |
| ७. | जड्गली प्याखं | खिछेँ दाफा भजन खल: भनपा-५ | ख्वप देवी प्याखं खल, भनपा-५ | गलसी पुखु देवी प्याखं, भनपा-५ | मको लुसी प्याखं खल, भनपा-९ | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा-५, निओ फ्युजन बाजा समूह, भनपा-७ श्री बाराही नाच समूह, भनपा-३, ख्वप मावि, भनपा-६, सिद्धि गणेश बाँसुरी बाजा समूह, भनपा-७, जेन्युन सेकेन्डरी स्कूल, भनपा-१० |
| ८. | हुला प्याखं | ब्यासी सांस्कृतिक समूह, भनपा-२ | आस्था सांस्कृतिक समूह, भनपा-८ | श्रमिक कला सदन, भनपा ३ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा ९ | ने.क्रा.सां.सङ्घ, भनपा-३, सांस्कृतिक समूह, भनपा-६, पासा पुच:, भनपा-८ सिद्धि गणेश प्याखं समूह, भनपा-७, नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ, भनपा-२ |
| ९. | खिचा प्याखं | सिद्धि गणेश प्याखं समूह, भनपा-७ | विश्वकर्मा भैल प्याखं, भनपा-९ | मको लुसी प्याखं समूह, भनपा-९ | जेठा गणेश भैल प्याखं, भनपा-४ | |
| १०. | ख्या प्याखं | मुस्याख्व समूह, भनपा-३ | गलसी पुखु देवी प्याखं, भनपा-५ | ख्वप देवी प्याखं खल, भनपा-५ | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा-५ | श्री बाराही नाच समूह, भनपा-३, विश्वकर्मा भैल प्याखं, भनपा-९ जेन्युन सेकेन्डरी स्कूल, भनपा-१० |
| ११. | कवाँचा प्याखं | गलसी पुखु देवी प्याखं, भनपा-५ | ख्वप देवी प्याखं खल, भनपा-५ | विश्वकर्मा भैल प्याखं, भनपा-९ | जेठा गणेश भैल प्याखं, भनपा-४ | खिछेँ दाफा भजन खल:, भनपा-५, तुछिमला भैल प्याखं, भनपा-६, मुस्याख्व समूह, भनपा-३, मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा ५, बाराही नाच समूह, भनपा ३ जेन्युन सेकेन्डरी स्कूल, भनपा-१० |
| १२. | कलाँली प्याखं | नगांचा बासुरी बाजा समूह, भनपा-१० | कोलाछेँ साँस्कृतिक समूह, भनपा-९ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा-३ | पासा पुच:, भनपा-९ | श्रमिक कला सदन, भनपा-३, मको लुसी प्याखं खल, भनपा-९, कोलाछेँ लुसी प्याखं, भनपा-९ |
| १३. | लुसी प्याखं | ब्यासी सांस्कृतिक समूह, भनपा-२ | श्रमिक कला सदन, भनपा-३ | कोलाछेँ लुसी प्याखं, भनपा-३ | नगांचा बाँसुरी बाजा समूह, भनपा-१० | मको लुसी प्याखं खल, भनपा-९, कोलाछेँ सांस्कृतिक समूह, भनपा-३ |
| १४. | फाकंदली प्याख | कोलाछेँ सांस्कृतिक समूह, भनपा-३ | आस्था सांस्कृतिक समूह, भनपा-८ | कोलाछेँ लुसी प्याखं, भनपा-३ | श्रमिक कला सदन, भनपा-३ | जेंला सांस्कृतिक समाज, भनपा-८, सांस्कृतिक समूह भनपा-६ ऐक्यम साँस्कृतिक बाजा खल, भनपा-२, ब्यासी सांस्कृतिक समूह, भनपा-२ मको लुसी प्याखं खल, भनपा-९, आरम्भ वाद्यशाला, भनपा ८, पासा पुच:, भनपा-९ नगांचा बाँसुरी बाजा समूह, भनपा-१०, सिद्धि गणेश बाँसुरी बाजा समूह, भनपा-७ गणेश दाफा भजन, भनपा-१, कमिचा गल्ली बाँसुरी बाजा समूह, भनपा-९, राधाकृष्ण दाफा भजन, चाँनपा-३ |
| १५. | लाहुरे प्याखं | ब्यासी सांस्कृतिक समूह, भनपा २ | पासा पुच, सूर्यमढी, भनपा ९ | जेलाँ सांस्कृतिक समाज, भनपा ८ | सांस्कृतिक समूह, भनपा ६ | कमिचा गल्ली बाँसुरी बाजा समूह, भनपा-९, नगांचा बाँसुरी बाजा समूह, भनपा-१० |
| १६. | गाइचा प्याखं | बालाखु गणेश सांस्कृतिक समूह, भनपा २ | सांस्कृतिक समूह, भनपा-६ | चण्डेश्वरी धिमेपुच: भनपा ५ | खिछेँ दाफा भजन, भनपा ५ | ब्यासी सांस्कृतिक समूह, भनपा-२, आस्था साँस्कृतिक समूह, भनपा-८, श्रमिक कला सदन, भनपा-३, च्वछा गणेश धिमे खल, भनपा-१ जेंला सांस्कृतिक समाज, भनपा-८, स्टार वाचनालय, भनपा-७, इताछेँ सांस्कृतिक समूह, भनपा-२ |
| १७. | भ्याउरी प्याखं | सांस्कृतिक समूह भनपा-६ | ब्यासी सांस्कृतिक समूह, भनपा-२ | चोछा गणेश धिमाय् खल, भनपा-१ | जेलाँ सांस्कृतिक समाज, भनपा-८ | श्रमिक कला सदन, भनपा-३, कमिचा गल्ली बाँसुरी बाजा समुह, भनपा-९ सिद्धि गणेश बाँसुरी बाजा समुह, भनपा-७, पासा पुच:, भनपा-९ नगांचा बाँसुरी बाजा समूह, भनपा-१० |
| १८. | साय् सामिचा प्याखं | ब्यासी सांस्कृतिक समूह, भनपा-२ | जैंला सांस्कृतिक समाज, भनपा-८ | सिद्धि गणेश प्याखं समूह, भनपा-७ | | |
| १९. | ध्याचु प्याखं | चोछा गणेश धिमाय् खल, भनपा-१ | पासा पुच, भनपा-९ | ब्यासी साँस्कृतिक समूह, भनपा-२ | जैंला सांस्कृतिक समाज, भनपा-८ | नगांचा बाँसुरी बाजा समूह, भनपा-१० |
| २०. | दैत्य प्याखं | ख्वप देवी प्याखं, भनपा-५ | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा-५ | निओ फ्युजन बाजा समूह, भनपा-७ | मुस्याख्व परिवार देवी प्याखं, भनपा-३ | जेन्युन सेकेन्डरी स्कूल, भनपा-१० |
| २१. | किजा पुजा प्याखं | इताछेँ सांस्कृतिक समूह, भनपा-२ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा-९ | | | |
| २२. | भालु प्याखं | मको लुसी प्याखं खल, भनपा-९ | गणेश दाफा भजन, भनपा-१ | | | |
| २३. | साँ देशाया मे प्याखं | नगांचा बाँसुरी बाजा समूह, भनपा-१० | महाकाली सांस्कृतिक समूह, भनपा-६ | | | |
| २४. | ख्याल | आस्था सांस्कृतिक परिवार, भनपा-८ | ख्वप कलेज, भनपा-६ | ने.क्रा.सां.सङ्घ, भनपा-७ | आरोही समूह, भनपा-८ | |

| क्र.सं. | सांस्कृतिक विधाहरूको नाम | विशेष स्थान | क्र.सं. | सांस्कृतिक विधाहरूको नाम | विशेष स्थान |
|---|---|---|---|---|---|
| २५. | नाटक | ख्वप कलेज अफ ल:, विशेष स्थान | २६. | हनुमान प्याखं | गणेश दाफा भजन, भनपा-१, विशेष स्थान |
| २७. | म्हेखा प्याखं | गलसी पुखु देवी प्याखं, भनपा-५, विशेष स्थान | २८. | सिंह प्याखं | गलसी पुखु देवी प्याखं, भनपा-५, विशेष स्थान |
| २९. | भौ मैचा प्याखं | पासा पुच:, भनपा-९, विशेष स्थान | ३०. | मधु प्याखं | पासा पुच:, भनपा-९, विशेष स्थान |
| ३१. | कपाय् फेनेगु प्याखं | पासा पुच, भनपा-९, विशेष स्थान | ३२. | गीति नाटक | पासा पुच:, भनपा-९, विशेष स्थान |
| ३३. | भ्या भ्या प्याखं | नगांचा बाँसुरी बाजा समूह, भनपा-१०, विशेष स्थान | ३४. | फकिर यागु मे, भरिया मे, बाह्र मासयागु मे, बुराख्यागु मे प्याखं | इताछेँ सांस्कृतिक समूह, भनपा-२, विशेष स्थान |
| ३५. | मे प्याखं | बाराही नाच समूह, भनपा-३, विशेष स्थान | | | |

| उत्कृष्ट कलाकारहरू (२०८२) परम्परागततर्फ | | उत्कृष्ट कलाकारहरू (२०८२) आधुनिकतर्फ | |
|---|---|---|---|
| उत्कृष्ट महिला कलाकार | न्हुछेलक्ष्मी बनमाला, (मुस्याख्व देवी प्याखं समूहमा महालक्ष्मीको भूमिका) | उत्कृष्ट महिला कलाकार | अनुषा श्यामा (लालाखीलगायत अन्य बाजा बजाउनुहुने वाद्यवादक) ऐक्यम सांस्कृतिक समूह |
| उत्कृष्ट पुरुष कलाकार | पूर्णिक अवाल (तुछिमला भैल प्याखं समूहको भैल) | उत्कृष्ट पुरुष कलाकार | रत्नसुन्दर पाँती, भालु प्याखं (गणेश दाफा भजन, भनपा १)मा लामा बन्ने कलाकार |
| उत्कृष्ट बाल कलाकार | अविस कुसी (नागाचा प्याखंमा कृष्णको भूमिका) कमिचा गल्ली बाँसुरी बाजा समूह, भनपा-९ | उत्कृष्ट बाल कलाकार | सुपुच बासी (आरोही समूहको 'अयागु समय' बाल कलाकार) |
| उत्कृष्ट गुरू (निर्देशक) | साजन मुस्याख्व मुस्याख्व देवी प्याखं समूहका गुरु (निर्देशक) | उत्कृष्ट निर्देशक | सुजी ह्योंगजु, आस्था सांस्कृतिक समूह (फाकंदली)का निर्देशक |
| | | उत्कृष्ट लेखक | राज प्रजापति, आस्था सांस्कृतिक परिवारको ख्यालका लेखक |

*(पुनश्च: उपरोक्त विधाहरूमा पुरस्कृत टोली र उत्कृष्ट कलाकारहरूलाई विश्व पर्यटन दिवस २०८२ को अवसरमा मिति २०८२ असोज १० गते शुक्रबार दिनको १:०० बजे दरबार क्षेत्रमा हुने सांस्कृतिक गुरु सम्मान तथा पुरस्कार वितरण समारोहमा उपस्थितिको लागि अनुरोध छ । )*

## eQmk'/ gkfsf]cgudg

### व्यवसायहरूको अनुगमन



भक्तपुर नगरपालिकाको आर्थिक तथा लेखा समितिका संयोजक हरिप्रसाद बासुकलाको नेतृत्वमा भक्तपुर नगर पालिकाबाट वितरण गरिएको युवा उद्यमशीलता प्रवर्द्धन ऋण प्राप्त व्यवसायीहरूले चलाएका व्यवसायहरूमा साउन १९ गते स्थलगत अनुगमन गरियो ।

समितिले ऋणीहरू मन्जु स्वंगमिखा टेलर्स, युनिक भैल सामान सप्लायर्स, राधिका माक विद्युतीय सामान मर्मत, सविता डंगोल दही व्यवसाय, विक्रम जति फर्निचर, सुमित्रा मुलगुठी फर्निचर र हरिकृष्ण चवाल कृषि तथा खाद्य व्यवसायको अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा ऋणीहरूले राम्रै व्यवसाय गरिर हेको समितिका संयोजक हरिप्रसाद बासुकलाले बताउनुभयो ।

अनुगमनका क्रममा व्यवसायीहरूले भक्तपुर नगर पालिकाले प्रदान गर्दै आएको युवा उद्यमशील ऋणले नयाँ व्यवसायीहरूलाई व्यवसाय गर्न सहज भएको र यसको प्रचारप्रसार गरी व्यापक नगरवासीहरूलाई लाभान्वित बनाउन सुझाव दिनुको साथै ऋण रकम बढाउन सुझाव दिए ।

अनुगमनमा भक्तपुर नगरपालिकाका आर्थिक तथा लेखा समितिका सदस्यहरू नारायणप्रसाद त्वानाबासु, पुरुषोत्तम तमखु, जितेन्द्र मुनंकर्मी र सदस्य सचिव रामसुन्दर सुजखुको सहभागिता थियो ।

**औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौं !**

## हाम्रा पुराना मूर्ति



नृत्या देवी (काष्ठ) (१५ औं शताब्दी)

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

## यता-उताबाट

**Did you know?**

| | |
|---|---|
| 1-Single | 2-Double |
| 3-Triple | 4-Quadruple |
| 5-Quintuple | 6-Sextuple |
| 7-Septuple | 8-Octuple |
| 9-Nonuple | 10-Decuple |

# शैक्षिक गतिविधि

## 'आर्थिक अवस्था कमजोर विद्यार्थीलाई उच्च शिक्षाको सहजताको लागि शैक्षिक ऋणको व्यवस्था गरिएको हो'



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरका नगरवासीहरूका सन्तानहरूलाई आर्थिक कारण उच्च शिक्षा हासिल गर्न कुनै बाधा नपुगोस् भन्ने उद्देश्यले नगरपालिकाले शैक्षिक ऋण दिने व्यवस्था गरेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ कार्यालयबाट साउन १७ गते आयोजित शैक्षिक ऋण लिई उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूको भेलालाई सम्बोधन गर्नुहुँदै प्रमुख प्रजापतिले प्रत्येक विद्यार्थीहरूले आआफ्नो विषयमा विशेषज्ञता हासिल गरी देश र समाजको सेवामा लाग्ने आशा व्यक्त गर्नुभयो ।

सरकारी विद्यालय र कलेजहरूको शैक्षिक गुणस्तर कमजोर हुनुको कारण सरकारले निजी क्षेत्रलाई प्राथमिकता दिनुले हो भन्नुहुँदै उहाँले २७ हजार विद्यालयमा १५ हजार बढी विद्यालयमा १०० भन्दा कम विद्यार्थी हुन ५०० भन्दा बढी कलेजहरू विद्यार्थी अभावमा बन्द हुने अवस्थामा पुग्नु शिक्षा क्षेत्रमा सरकारको असफलता हो भन्नुभयो ।

'भक्तपुरमा पहिले शैक्षिक क्षेत्र निकै कमजोर थियो । यहाँका समाजका अगुवाहरू र स्थानीय जनता, जनप्रतिनिधिको पहलमा आजको अवस्थामा पुगेको हो । भक्तपुरको शैक्षिक र समग्र विकासको किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन र विभिन्न आन्दोलनमा भाग लिने जनताको महत्त्वपूर्ण योगदान छ', उहाँले भन्नुभयो ।

पार्टी भनेको मान्छेको भिड नभई विचार र सिद्धान्तको आधारमा आदर्श समाज निर्माणको लागि सङ्गठित जनताको जमात भएको बताउनुहुँदै उहाँले भक्तपुर नपामा नेमकिपाका कार्यकर्ताहरू जितेको कारण पार्टीको नीति तथा सिद्धान्तअनुसार जनताको हितमा काम भइरहेको उल्लेख गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले शैक्षिक ऋण दिएर नगरपालिकाले विद्यार्थीहरूलाई गुण लगाएको हुँदा पढाइ सकेपछि नेपालमै बसेर समाजको इमानदारीपूर्वक सेवा गरेर गुण तिर्नुपर्ने बताउनुभयो ।

शिक्षाको माध्यमबाट समाजमा परिवर्तन ल्याउन शैक्षिक ऋणको व्यवस्था गर्दै आएकोमा विद्यार्थीहरूले त्यसको सही प्रयोग गर्नुपर्नेतर्फ ध्यानाकर्षण गर्नुभयो ।

नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका सचिव **दिनेश खड्गी**ले भक्तपुर नपाले शैक्षिक ऋण उपलब्ध गराउनु अत्यन्त सराहनीय कार्य भएको र इतिहास, भूगोलजस्ता विषयमा छात्रवृत्तिको व्यवस्थाले भक्तपुरका धेरै विद्यार्थीले उच्च शिक्षा हासिल गर्ने अवसर पाएकोमा खुशी व्यक्त गर्नुभयो ।

शैक्षिक ऋण लिएर नर्सिङ उत्तीर्ण गरेकी **संगिता तुईतुई**ले ऋणको व्यवस्था नभएको भए आफूले नर्सिङ पढाइ पूरा गर्न नसक्ने बताउनुहुँदै ऋण प्रदान गरेकोमा नपालाई धन्यवाद दिनुभयो ।

भक्तपुर नपा ७ मा ५३ जना विद्यार्थीले रु. ५ लाखका दरले ऋण लिइ अध्ययन गरिरहेकोमा ९ जनाले ऋण चुक्ता गरिसकेका छन् । भक्तपुर नपाले ७५१ जनालाई ऋण स्वीकृत गरी रु. १५ करोडभन्दा बढी ऋण प्रवाह गरिरहेको छ । आ.व. २०८२/८३ को लागि पनि शैक्षिक ऋण सम्बन्धी सूचना प्रकाशित गरिसकेको छ । नपाका अनुसार ६४ जनाले रु. ३ करोडभन्दा बढी ऋण फिर्ता गरिसकेका छन् ।

## भक्तपुर नगरपालिकाद्वारा १४० जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान

भक्तपुर नगरपालिकाले शैक्षिक सत्र २०८२/८३ को लागि भक्तपुर नगरपालिकाअन्तर्गत विद्यालयहरूमा कक्षा ११



र१२ मा छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूको छात्रवृत्ति छनोट परीक्षामा उत्तीर्ण हुन सफल विद्यार्थीहरूलाई साउन २३ गते एक कार्यक्रमको आयोजना गरी सिफारिस पत्र वितरण गऱ्यो ।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले छात्रवृत्ति छनोट परीक्षामा उत्तीर्ण १४० जना विद्यार्थीलाई रु. २ करोड १५ लाख ९० हजार बराबरको छात्रवृत्ति सिफारिस पत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा उहाँले भक्तपुरलाई शैक्षिक गन्तव्यस्थलको रूपमा विकास गर्ने नगरपालिकाको लक्ष्यले सार्थकता पाउँदै गइरहेको बताउनुहुँदै भक्तपुरको सामुदायिक र संस्थागत विद्यालयको नतिजा उत्कृष्ट बनाउन विद्यालयहरूले मिहिनेत गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेका शैक्षिक संस्थामा अध्ययन गर्न देशैभरिका विद्यार्थीको आकर्षण बढिरहेको बताउनुहुँदै उहाँले आ.व. २०८२/८३ मा ख्वप कलेजमा कक्षा ११ मा १८०० भन्दा बढी विद्यार्थीहरू भर्ना हुन आएको बताउनुभयो ।

प्रतिस्पर्धामा टिक्न नसक्ने विद्यालयहरूको अस्तित्व विस्तारै हराउँदै जानेतर्फ सचेत पार्नुहुँदै उहाँले भक्तपुर नपाले शिक्षाको गुणस्तरमा कुनै किसिमको सम्झौता गर्दैन भन्नुभयो ।

सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले नपाले कलेजहरू सञ्चालन गरेको बताउनुहुँदै उहाँले अनुशासित र इमानदार बनाउने प्रयास विद्यालयहरूबाट हुन जरुरी रहेको बताउनुभयो ।

उच्च शिक्षाको जग माध्यमिक शिक्षा भएकोले आफ्नो क्षमता र रुचिअनुसारको विषय छनोट गरी विद्यार्थीहरूले अध्ययनमा जोड दिनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले वार्षिक ४ करोडभन्दा बढी छात्रवृत्तिहरू प्रदान गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको शिक्षाको जगलाई बलियो बनाउन भक्तपुर नपाले शिक्षामा धेरै प्राथमिकता दिएको बताउनुहुँदै शिक्षित समाज निर्माणले नगरलाई थप सभ्य र सुसज्जित बनाउन टेवा पुऱ्याउने बताउनुभयो ।

उहाँले छात्रवृत्तिमा अध्ययन गर्न पाउनु नै विद्यार्थीहरूको लागि ठूलो अवसर भएको बताउनुहुँदै देश निर्माणमा विद्यार्थीहरूले मिहिनेतका साथ अध्ययन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले विद्यार्थीलाई दिइने छात्रवृत्ति भनेको उच्च शिक्षा अध्ययनको लागि एउटा अवसर हो भन्नुहुँदै विद्यार्थीहरूलाई अझ मिहिनेतका साथ अगाडि बढ्न प्रेरित गर्नुभयो ।



उक्त कार्यक्रममा ख्वप माविका प्रधानाध्यापक **लक्ष्मीप्रसाद कर्माचार्य** र नगर शिक्षा शाखा प्रमुख **साधुराम फुँयाल**ले विद्यार्थीहरूलाई देश र समाजप्रति उत्तरदायी भएर अध्ययन गर्न मार्गनिर्देश गर्नुभयो ।

भक्तपुर नपाले शैक्षिक वर्ष २०८२/८३ को लागि विज्ञानतर्फ ५३, व्यवस्थापनतर्फ ६७ जना, मानविकीतर्फ ५ जना, शिक्षा संकायतर्फ ८ जना र कानुनतर्फ ७ जना गरी जम्मा १४० जना विद्यार्थीलाई सिफारिस पत्र वितरण गरेको थियो ।

## शैक्षिक ऋण कार्यक्रमबाट लाभान्वित सङ्ख्या

भक्तपुर नगरपालिकाले वि.सं. २०७५ सालबाट विद्यार्थीहरूको सहजताका लागि प्रति विद्यार्थी रु. पाँच लाखसम्म वार्षिक ब्याजदर ६ प्रतिशत कायम गरी सहुलियत ब्याजदरमा शैक्षिक ऋण प्रदान गर्दै आइरहेको छ ।

आ.व. २०८१/०८२ सम्ममा ५५२ जना विद्यार्थीहरू शैक्षिक ऋण कार्यक्रमबाट लाभान्वित भइसकेका छन् ।

### भक्तपुर नगरपालिकाबाट शैक्षिक ऋण प्राप्त गरेका विधार्थीको सङ्ख्या

| | | | |
|---|---|---|---|
| वडा नं. १ | २३ जना | वडा नं. २ | ६९ जना |
| वडा नं. ३ | ६२ जना | वडा नं. ४ | ८६ जना |
| वडा नं. ५ | ४५ जना | वडा नं. ६ | ८२ जना |
| वडा नं.. ७ | ५३ जना | वडा नं. ८ | २८ जना |
| वडा नं. ५ | ६६ जना | वडा नं. १० | ३८ जना |

स्रोत : ख्वप टेलिभिजन

## 'फौजदारी कानुन र फौजदारी न्याय' पुस्तक सार्वजनिकिकरण कार्यक्रम

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारीको संयुक्त लेखनमा प्रकाशित




'फौजदारी कानुन र फौजदारी न्याय' पुस्तक एक समारोहबिच साउन २४ गते सार्वजनिकीकरण भयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा ख्वप इन्जिनियरिङ कलेजको सभा कक्षमा भएको उक्त कार्यक्रममा अध्यक्ष बिजुक्छेँलगायत कार्यक्रमका अतिथिहरूले संयुक्त रूपमा पुस्तक विमोचन गर्नुभएको थियो ।




कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले विद्यार्थीहरूलाई उत्तीर्ण गराउने ढङ्गले मात्र अध्यापन गर्न नहुने र विद्यार्थीले पनि उत्तीर्ण गर्ने मनसायले मात्र अध्ययन गर्न नहुने स्पष्ट पार्नुहुँदै कुनै पनि विषय गहिराइमा गएर बुझ्न सकेमात्र सत्य र यथार्थ कुरा थाहा पाउन सकिने बताउनुभयो ।




परीक्षा नै नलिइकन उत्तीर्ण गराउने पद्धति गलत भएको र यसबारे शिक्षाविद्हरूले विरोध गर्दा गर्दै पनि सरकार सचेत नहुँदा नेपालको शैक्षिक स्तर खस्किँदै गएको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'झन्डै पच्चीस वर्षअगाडि विश्व बैङ्कले नेपालका मुख्य मुख्य भनिने शिक्षाविद्हरूलाई उच्च शिक्षा गरिबहरूलाई दिन आवश्यक नभएको, जसले पैसा खर्च गर्न सक्छ उनीहरूलाई मात्र उच्च शिक्षा दिनुपर्ने, सरकारले उच्च शिक्षामा दिइरहेको अनुदान कटौती गर्नुपर्ने र सबै जनताले उच्च शिक्षा अध्ययन गर्ने अवसर पाए भरिया र किसानको काम कसले गर्ने भन्ने जस्ता गलत सुझाव दियो । त्यसले बहुमत जनता शिक्षाबाट वञ्चित हुने भएकोले हामीले त्यसको विरोध गरेका थियौँ ।'

सरकारमा गएका पार्टीहरूले नेपालको हितमा भन्दा पश्चिमी देश अथवा विदेशी पूँजी र बहुराष्ट्रिय कम्पनीको हितमा काम गरिरहेको स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले योजनाबद्ध ढङ्गले षड्यन्त्रपूर्वक नेपाली युवाहरूलाई उच्च शिक्षाबाट वञ्चित गराई वैदेशिक रोजगारीको नाममा बहुराष्ट्रिय कम्पनीको सस्तो ज्यामी बन्न बाध्य बनाइरहेको बताउनुभयो ।

कानुनमा के छ भन्दा पनि कानुन लागु गर्ने शासक पार्टीहरूको नियत के हो समयमै बुझ्नु जरूरी भएको उहाँको भनाइ थियो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'कुन पार्टी सरकारमा गयो भन्दा पनि सरकारमा गएका पार्टीहरूले आफ्नो पार्टी घोषणापत्रअनुसार काम गरेको छ कि छैन त्यो महत्त्वपूर्ण हुन्छ । सरकारमा गएर घोषणापत्रअनुसार काम गरेन भने ती पार्टीले जनतालाई धोका दिएको बुझ्नुपर्छ । पार्टीको नामसँग भन्दा पार्टीले गर्ने कामसँग सरोकार राखी त्यसबारे हामीले जनतालाई सचेत बनाउनु जरूरी छ ।'

२०४५ सालको भक्तपुर काण्डमा पार्टीका ६७ जना कार्यकर्तालाई ज्यान मुद्दा लगाएको र पक्राउ परेका नेता कार्यकर्तालाई निर्घात कुटपिट गरेको स्मरण गर्नुहुँदै उहाँले भन्नुभयो, 'भक्तपुर काण्डमा भएको षड्यन्त्रबारे कानुनका जानकारहरूले पछि थाए पाए र उहाँहरूले कानुनी रूपमा सहयोग गरे ।'

कानुन थाहा नहुँदा धेरै क्षति हुने स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले अन्तर्राष्ट्रिय कानुनका साथै देशको राष्ट्रिय कानुनबारेमा जानकारी हुनु जरूरी छ भन्नुभयो ।

हरेक राजनीतिक कार्यकर्ताले कानुन जान्नु जरूरी भएकोले न्यायिक शिक्षाको बारेमा टोल टोलमा गई जनतालाई जानकारी दिन सके देशकै सेवा हुने उहाँले बताउनुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख, कलेज सञ्चालक समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति **सुनिल प्रजापति**ले वरिष्ठ अधिवक्ता प्रा.डा. रजितभक्त प्रधानाङ्ग र

सहन्यायाधिवक्ता सोमकान्ता भण्डारीबाट लिखित 'फौजदारी कानुन र फौजदारी न्याय' नामक पुस्तक ख्वप कलेज अफ लको तर्फबाट सार्वजनिकीकरण गर्ने अवसर पाउँदा खुसी लागेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "फौजदारी कानुन र न्याय अत्यन्त व्यापक विषय हो । हरेक देशले यसलाई आ–आफ्नो कानुनमा व्यवस्था गरिएको हुन्छ । 'नौजना अपराधी छुटून् तर एकजना निरपराधीले सजाय नपाओस्' भन्ने फौजदारी न्यायको मान्यता हो ।'

'नेपालको प्रशासनमा कष्टपूर्ण थुना, अभद्र व्यवहार, चरम यातना सामान्यजस्तै हो । उदाहरण धेरै टाढा जानुपर्दैन हामी स्वयम् त्यसको साक्षी छौँ । २०४५ भदौ ९ गतेको चर्चित 'भक्तपुर काण्ड' मा नेमकिपाका अध्यक्ष रोहितसहित नेमकिपाका धेरै नेता कार्यकर्ताहरू जेल पर्नुभयो । पक्राउ परेका सबैलाई पञ्चायती प्रशासनले अमानवीय र क्रूर यातना दियो; परिवारहरूलाई पनि त्यतिकै पीडा दियो; तत्कालीन संविधान र कानुन मात्र होइन, मानव अधिकार र अन्तर्राष्ट्रिय फौजदारी न्यायको समेत हाकाहाकी उल्लङ्घन गऱ्यो । सिद्धान्त र व्यवहारमा एकरूपता नहुँदा फौजदारी न्याय प्रणाली र सिङ्गो अदालतप्रति नै जनविश्वास घट्दो छ । न्यायिक अधिकारीको अनुमतिबिना थुनामा राख्न नपाइने कानुनी बन्दोबस्त हुँदा हुँदै पनि अहिले पनि कैयौँ मानिसहरू गैरकानुनी थुनामा रहेको, झूटो आरोपमा जेलमा परेका जस्ता समाचारहरू आइरहेका छन् ।' प्रमुख प्रजापतिले भन्नुभयो ।

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणालाई अङ्गीकार गरेको तर, व्यवहारमा भने जनताले न्यायपालिकाको काम कारबाहीमा परिवर्तनको अनुभूति गर्न नपाएको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले विगतमा दरबारको निर्देशनमा चलेजस्तै अहिले शासक दलहरूको निर्देशनमा न्यायालय चल्ने गरेको र सरकारको शाखाजस्तो न्यायपालिका भएको आरोपबाट न्यायपालिका मुक्त हुनसक्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, 'न्यायालयले फौजदारी कानुनअनुसार दोषी ठहर गरी जेलमा राखेका कति अपराधीहरूलाई राष्ट्रपतिले सजाय छुट गरी रिहा गरेको विषय पनि अहिले निकै विवादित बनेको छ । २०७२ सालमा नेपालगञ्जमा दिन दहाडै खुँडा प्रहार गरी चेतन मानन्धरको हत्या गरेका रिगल भनिने योगराज ढकाललाई अदालतले सर्वस्वसहित जन्मकैद तोकेकोमा उनलाई सजाय माफी गरी रिहा गरियो । पछि पुनः उनलाई सर्वोच्च अदालतले जेल चलान गरेको थियो । त्यसै गरी दाजुको हत्या गर्ने सुजन कोइरालाले पनि राष्ट्रपतिबाट कैद माफी पाए । कैद मिनाहापछि रिहा भएको केही वर्षमै उनले पूर्व श्रीमती र दुई बालिकाको हत्या गरे । उनी अहिले जेलमा छन् । उनले माफी नपाएका भए अन्य व्यक्तिहरूको ज्यान जाने थिएन । त्यसो त पूर्वडीआइजी रञ्जन कोइराला श्रीमती हत्याको आरोपमा जन्मकैद पाएकोलाई सर्वोच्च अदालतबाटै सजाय घटाएकोमा तीव्र विरोध भयो । पछि पुनः उनलाई थुनामा राखिएको छ । पूर्वमन्त्री अफताव आलमलाई सफाइ दिने फैसलाको पनि जनस्तरमा गलत भयो भन्ने आवाज उठिरहेको छ । अदालतले फैसला सुनाउने मात्र होइन जनताले पनि न्याय पाएको अनुभूति गर्न सकेमात्रै न्याय र न्यायपालिकाको उच्च सम्मान हुनेछ ।'

राजनीति गर्नेहरूले जस्तोसुकै अपराध गरे पनि छुट पाउनुपर्छ भन्ने मान्यताले काम भइरहेको अत्यन्त गलत सोच भएको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले फौजदारी अभियोग लागेर प्रहरीको मोस्ट वान्टेड सूचीमा रहेका व्यक्तिहरू नै पार्टी विशेषको संरक्षणमा पटकपटक सांसद र मन्त्री बनिरहनु देशको लागि शुभ सङ्केत होइन भन्नुभयो ।

उहाँले भन्नुभयो, 'प्रकाशित पुस्तक कानुन अध्ययन गर्ने विद्यार्थीहरूका लागि मात्रै होइन, प्राध्यापक, न्यायाधीश, प्रशासन र सर्वसाधारण जनताको लागि पनि उत्तिकै उपयोगी हुने हाम्रो विश्वास छ ।'



कार्यक्रमका विशेष अतिथि एवं वरिष्ठ अधिवक्ता **कृष्णप्रसाद भण्डारी**ले नेपाल प्राकृतिक सम्पदामा अत्यन्त धनी देश भएर पनि आर्थिक रूपमा गरिब हुनुमा शासक पार्टीहरू दोषी भएको बताउनुभयो ।

प्रजातन्त्रको अभ्यास र विकास हेर्न भक्तपुर जान सुझाव दिनुहुँदै उहाँले कानुन जडसूत्रवादी हुन नहुने र कानुन न्यायको लागि हुनुपर्ने बताउनुभयो ।

कानुनमा के छ भन्दा पनि कानुनले जनतालाई न्याय दिन सक्नुपर्नेमा जोड दिनुहुँदै वरिष्ठ अधिवक्ता भण्डारीले भन्नुभयो, 'कानुनको कार्यान्वियन गर्दा जनताको राय लिएर न्याय दिन सक्नुपर्छ ।'

'९९ प्रतिशत न्यायाधीश भ्रष्टाचारी रहेको समाचार आउनु दुःखद छ । न्यायालय अत्यन्त बहुमत जनताको न्यायालय हुनुपर्छ । हाम्रो देश हामीले नै बनाउने हो, हाम्रो सम्पत्ति भनेको न्याय नै हो', उहाँले भन्नुभयो ।



पुस्तकका लेखक प्रा.डा. **रजितभक्त प्रधानाङ्ग**ले आफ्नो पुर्ख्यौली थलो भक्तपुर नगरमा आएर पुस्तक विमोचन गर्ने अवसर दिनुभएकोमा आयोजक कलेजलाई धन्यवाद व्यक्त गर्नुहुँदै कलेजको शैक्षिक उन्ननयमा आफ्नोतर्फबाट शैक्षिक परामर्श, अक्षयकोष स्थापनालगायत आफूले सङ्ग्रह गरेका किताब एवं जर्नलहरू कलेजलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले विभिन्न क्षेत्रहरूमा गरेका योगदानका अतिरिक्त शैक्षिक क्षेत्रमा गरेको योगदान अत्यन्त उत्साहजनक एवं अनुकरणीय भएको चर्चा गर्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने ख्वप विश्वविद्यालयलाई स्वीकृति दिन विलम्ब गर्न नहुने बताउनुभयो ।

नेपालको न्यायिक प्रणालीमा धेरै सुधार गर्न बाँकी रहेको उल्लेख गर्नुहुँदै लेखक प्रधानाङ्गले न्यायाधीशहरूको उताउलो र हतारो प्रवृत्तिका कारण धेरै निरपराध व्यक्तिले अनावश्यक दुःख पाइरहेको छ भन्नुभयो ।



सर्वोच्च अदालतका न्यायाधीश डा. **मेघराज पोखरेल**ले प्राज्ञिक छलफलको आवश्यकतामाथि जोड दिनुहुँदै पढ्ने, लेख्ने र पढेको कुरा भन्न सक्ने खुबीको विकास गर्नुपर्ने औँल्याउनुभयो ।

सबैको विचार एउटै हुनुपर्छ भन्ने मान्यता राख्न नहुने स्पष्ट पार्नुहुँदै उहाँले विचार नमिलेपछि अर्को विचार देखिने र त्यस्तो विचार प्राज्ञिक छलफलको विषय हुनुपर्छ भन्नुभयो ।

न्यायाधीश पोखरेलले भन्नुभयो, 'कानुन र न्यायको पालनामा आफूले शतप्रतिशत राम्रो गर्ने प्रयास गरिरहेको छु ।'



भक्तपुर जिल्ला अदालतका मुख्य न्यायाधीश **वासुदेव न्यौपाने**ले लेखक प्रधानाङ्ग फौजदारी कानुनको मानकको रूपमा रहेको धारणा राख्नुहुँदै प्रकाशित पुस्तक विद्यार्थी, कानुन व्यवसायी, न्यायाधीश र फौजदारी कानुनको अनुसन्धानमा लाग्नेहरूको लागि अत्यन्त उपयोगी हुने धारणा राख्नुभयो ।



नेपाल बार एसोसियसनका अध्यक्ष प्रा.डा. **विजयप्रसाद मिश्र**ले विमोचित 'फौजदारी कानुन र फौजदारी न्याय' पुस्तक नेपालको कानुनी साहित्यमा एउटा महत्त्वपूर्ण खजाना भएको बताउनुभयो ।

नेपालको फौजदारी कानुन सबैलाई समानरूपमा लागु हुन नसकेको स्पष्ट पार्नुहुँदै फौजदारी कानुन धरापमा परेको र संविधानअनुसार राष्ट्रपतिबाट हुने सजाय छुट विवादको विषय बनिरहेको छ भन्नुभयो ।



पूर्वसहन्यायाधीवक्ता **रेवतीराज त्रिपाठी**ले पुस्तकको समीक्षा गर्दै २०५९ देखि २०७७ सालसम्म लेखिएका ७ वटा एकल र १४ वटा संयुक्तरूपमा लेखिएका लेखहरू पुस्तकमा समावेश रहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, 'अनुसन्धानमा आधारित रहेर लेखिएको किताबमा फौजदारी कानुनको विषयमा चिरफार गर्नुको साथै फौजदारी कानुनसम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र हाम्रो विद्यमान कानुनबिच तुलना गरिएको छ ।'



पुस्तकका प्रकाशक पैरवी बुक हाउसका अध्यक्ष अधिवक्ता **चन्द्र सिवाकोटी**ले पनि बोल्नुभएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले धन्यवाद, कलेजका प्राचार्य **अनिता जधारी**ले स्वागत र कलेज सञ्चालक समितिका सदस्य **रवीन्द्र ज्याख्व**ले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभयो ।

मन्तव्य

# सिद्धान्त र व्यवहारमा एकरूपता नहुँदा फौजदारी न्याय प्रणाली र सिङ्गो अदालतप्रति नै जनविश्वास घट्दो




वरिष्ठ अधिवक्ता प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सहन्यायाधिवक्ता सोमकान्ता भण्डारीबाट लिखित 'फौजदारी कानुन र फौजदारी न्याय' नामक पुस्तक ख्वप कलेज अफ लको तर्फबाट सार्वजनिकीकरण गर्ने कार्यक्रमको आयोजना गर्न पाउँदा हामी ज्यादै खुसी छौँ।

ख्वप कलेज अफ ल भक्तपुर नगरपालिकाबाट सञ्चालित ७ वटा शैक्षिक संस्थाहरूमध्ये सबभन्दा पछिल्लो समय स्थापना भएको शैक्षिक संस्था हो। २०७९ सालको स्थानीय तहको निर्वाचन घोषणापत्रमा 'नयाँ नयाँ कलेजहरू स्थापना गर्दै जाने' बुँदा पनि उल्लेख थियो। जनताबिच हामीले गरेका प्रतिबद्धता पूरा गर्ने सिलसिलामा पूर्वाञ्चल विश्वविद्यालयको स्वीकृतिमा २०७९ सालमा ख्वप कलेज अफ लको स्थापना भएको हो। वार्षिक ६० जनाको स्वीकृति प्राप्त यस कलेजमा तेस्रो वर्षका समेत गरी जम्मा १८० जना विद्यार्थीहरू अध्ययनरत छन्।

फौजदारी कानुन र न्याय अत्यन्त व्यापक विषय हो। हरेक देशले यसलाई आ-आफ्नो कानुनमा व्यवस्था गरिएको हुन्छ। 'नौजना अपराधी छुटून् तर एकजना निरपराधीले सजाय नपाओस्' भन्ने फौजदारी न्यायको मान्यता छ। त्यो अधिकारबाट सुरक्षित राख्न अभियुक्तको पक्षमा विभिन्न कानुनहरूको व्यवस्था गरेको पाइन्छ। अभियुक्तले त्यो अधिकार के कति सहजतापूर्वक उपभोग गर्न पाए वा पाएनन् भन्ने महत्त्वपूर्ण कुरा हो।

अभियुक्तलाई आफ्नोविरुद्ध बोल्न कर नलाग्ने, दोहोरो मुद्दा नचलाउने, २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गर्नुपर्ने, खानतलासीसम्बन्धी, बिनापुर्जी पक्राउ गर्न नपाइनेलगायतका फौजदारी न्यायसम्बन्धी व्यवस्था भए पनि व्यवहारमा भने नागरिकले त्यो अनुभव गर्न पाएका छैनन्।

नेपालको प्रशासनमा कष्टपूर्ण थुना, अभद्र व्यवहार, चरम यातना सामान्यजस्तै हो। उदाहरण धेरै टाढा जानुपर्दैन; हामी स्वयम् त्यसको साक्षी छौँ। २०४५ भदौ ९ गतेको चर्चित 'भक्तपुर काण्ड' मा नेमकिपाका अध्यक्ष रोहितसहित नेमकिपाका धेरै नेता कार्यकर्ताहरू जेल पर्नुभयो। पक्राउ परेका सबैलाई पञ्चायती प्रशासनले अमानवीय र क्रूर यातना दियो; परिवारहरूलाई पनि त्यतिकै पीडा दियो; तत्कालीन संविधान र कानुनमात्र होइन, मानव अधिकार र अन्तर्राष्ट्रिय फौजदारी न्यायको समेत हाकाहाकी उल्लङ्घन गऱ्यो।

सिद्धान्त र व्यवहारमा एकरूपता नहुँदा फौजदारी न्याय प्रणाली र सिङ्गो अदालतप्रति नै जनविश्वास घट्दो छ। न्यायिक अधिकारीको अनुमतिबिना थुनामा राख्न नपाइने कानुनी बन्दोबस्त हुँदा हुँदै अहिले पनि कैयौँ मानिसहरू गैरकानुनी थुनामा रहेको, झूटो आरोपमा जेलमा परेका जस्ता समाचारहरू आइरहेका छन्।

पञ्चायती व्यवस्थामा जनताले न्याय पाएनन्। त्यसलाई फालेर नेपाली जनताले गणतन्त्र स्थापना गरेको पनि दशकौँ भइसकेको छ। नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानुनी राज्यको अवधारणालाई अङ्गीकार गरेको छ। तर, व्यवहारमा भने जनताले न्यायपालिकाको काम कारबाहीमा परिवर्तनको अनुभूति गर्न पाएका छैनन्। विगतमा दरबारको निर्देशनमा चलेजस्तै अहिले शासक दलहरूको निर्देशनमा चल्ने गरेको र सरकारको शाखाजस्तो भएको आरोपबाट न्यायपालिका मुक्त हुन सकेन।

यसको मुख्य कारण योग्यलाई भन्दा शासक दलहरूबिच भागबन्डामा न्यायाधीश नियुक्ति हुने गलत व्यवहार नै हो। आजको 'नयाँ पत्रिका' दैनिकले 'न्यायाधीश नियुक्तिमा भागबन्डा' शीर्षकमा लेखेको छ– उच्च अदालतका २७ न्यायाधीश नियुक्त हुँदा कानुन व्यवसायीबाट ६ जना नियुक्ति भएकोमा नेका र एमालेको भागबन्डा। एउटा पार्टीको सिफारिसमा नियुक्त न्यायाधीशले कसरी स्वतन्त्र र निष्पक्ष न्याय दिनसक्छ भन्ने प्रश्न पनि जनताले उठाइरहेका छन्। शासक दलहरूका

नजिक भएका कतिपय अभियुक्तहरूको सजाय कम गर्ने वा सफाइ दिनेजस्ता फैसलाहरूको कारण पनि न्यायपालिकामाथि हेर्ने दृष्टिकोण त्यति सकारात्मक हुन सकेको छैन ।

अझ न्यायालयले फौजदारी कानुनअनुसार दोषी ठहर गरी जेलमा राखेका कति अपराधीहरूलाई राष्ट्रपतिले सजाय छुट गरी रिहा गरेको विषय पनि अहिले निकै विवादित बनेको छ । २०७२ सालमा नेपालगञ्जमा दिन दहाडै खुँडा प्रहार गरी चेतन मानन्धरको हत्या गरेका रिगल भनिने योगराज ढकाललाई अदालतले सर्वस्वसहित जन्मकैद तोकेकोमा उनलाई सजाय माफी गरी रिहा गरियो । पछि पुनः उनलाई सर्वोच्च अदालतले जेल चलान गरेको थियो । त्यसै गरी दाजुको हत्या गर्ने सुजन कोइरालाले पनि राष्ट्रपतिबाट कैद माफी पाए । कैद मिनाहापछि रिहा भएको केही वर्षमै उनले पूर्व श्रीमती र २ बालिकाको हत्या गरे । उनी अहिले जेलमा छन् । उनले माफी नपाएको भए अन्य व्यक्तिहरूको ज्यान जाने थिएन ।

त्यसो त पूर्वडीआइजी रञ्जन कोइराला श्रीमती हत्याको आरोपमा जन्मकैद पाएकोलाई सर्वोच्च अदालतबाटै सजाय घटाएकोमा तीव्र विरोध भयो । पछि पुनः उनलाई थुनामा राखिएको छ । पूर्वमन्त्री आफताव आलमलाई सफाइ दिने फैसलाको पनि जनस्तरमा गलत भयो भन्ने आवाज उठिरहेको छ । अदालतले फैसला सुनाउने मात्र होइन जनताले पनि न्याय पाएको अनुभूति गर्न सकेमात्रै न्याय र न्यायपालिकाको उच्च सम्मान हुनेछ ।

राजनीति गर्नेहरूले जस्तोसुकै अपराध गरे पनि छुट पाउनुपर्छ भन्ने मान्यताले काम भइरहेको देखिन्छ । यो अत्यन्त गलत सोच हो । फौजदारी अभियोग लागेर प्रहरीको मोस्ट वान्टेड सूचीमा रहेका व्यक्तिहरू नै पार्टी विशेषको संरक्षणमा पटक पटक सांसद र मन्त्री बनेका छन् । प्रहरीको दोहोरो भिडन्तमा मारिएका गुण्डा नाइकेहरूलाई राजनैतिक दलले आफ्नो अनुशासित कार्यकर्ता दाबी गरेर उनको लासमाथि रातो झन्डा ओढाएको दृश्य पनि हामीले देखेका छौँ । गुण्डा पक्राउ परेको कारण कैयौँ दिनसम्म संसद् अवरोध गरेको घटना पनि हामीले बिर्सेका छैनौँ । यो फौजदारी न्याय र कानुनको उपहास नभए के हो ? फौजदारी न्याय र कानुन भनेको किताबको पानामा लेखिएको अक्षर मात्र होइन । त्यो व्यवहार हो । कानुनको दृष्टिमा सबै नागरिक बराबर भन्ने कुरा व्यवहारमा पनि जनताले देख्न पाएका भए न्यायपालिकाप्रतिको जनगुनासो कम हुने थियो ।

अझ जस्तोसुकै अपराधमा सजाय पाएका अपराधीलाई पनि सरकारले सजाय माफी गर्न सक्ने विधेयक मन्त्रिपरिषद्मा पेस भएर विधायन समितिमा छलफलमा रहेका समाचारहरू आइरहेका छन् । मुलुकी फौजदारी कार्यविधि (संहिता) २०७४ मा भ्रष्टाचार, यातना, जबरजस्ती करणी, क्रूर तथा अमानवीय हत्या, बेपत्ता, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरणलगायत ११ वटा मुद्दाहरूमा सजाय माफी गर्न नमिल्ने व्यवस्था छ । त्यो व्यवस्थालाई नै खारेज गर्ने विधेयक अहिले छलफलमा छ ।

यस्तो कानुनी व्यवस्था भएमा राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरणले थप मलजल पाउनेछ । शासन सत्ताको नजिक बस्नेहरूले जस्तोसुकै अपराध गरे पनि उनीहरू जेलमा बस्नुपर्ने छैनन् । देशमा सुशासन कायम गर्ने हो भने भ्रष्टाचार, मानव बेचबिखन, लागुऔषध कारोबार, बलात्कार, हत्याजस्ता जघन्य अपराध गर्नेहरूलाई मृत्युदण्डको व्यवस्था हुनु जरुरी छ ।

यसरी देशमा फौजदारी न्याय र न्यायालयप्रति नै प्रश्न उठिरहेको अवस्थामा फौजदारी न्यायको सिद्धान्त, फौजदारी कानुन, प्रमाण कानुन, व्यक्तिविरुद्धको अपराध, बालबालिकाविरुद्धको अपराधलगायतका विषयमा लेखकद्वय रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारीले विभिन्न समयमा लेख्नुभएका २१ वटा अनुसन्धानमूलक लेखहरू सङ्कलन गरी पुस्तकको रूपमा प्रकाशित गर्नुभएको छ । देशको कानुन क्षेत्रमा यो उहाँहरूको ठूलो योगदान हो । यस्तै महत्त्वपूर्ण पुस्तकहरू आगामी दिनमा पनि प्रकाशित हुने आशा गर्छौं ।

यो पुस्तक कानुन अध्ययन गर्ने विद्यार्थीहरूका लागि मात्रै होइन, प्राध्यापक, न्यायाधीश, प्रशासन र सर्वसाधारण जनताको लागि पनि उत्तिकै उपयोगी हुने हाम्रो विश्वास छ । यस्तो महत्त्वपूर्ण पुस्तक भक्तपुरमा सार्वजनिकीकरण गर्ने र त्यसको आयोजना गर्ने सुअवसर दिनुभएकोमा लेखकद्वय रजितभक्त प्रधानाङ्ग र सोमकान्ता भण्डारी तथा प्रकाशक पैरवी बुक हाउसलाई हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछौँ ।

यस्तो महत्त्वपूर्ण पुस्तकको सार्वजनिकीकरण गर्न समय उपलब्ध गर्नुभएकोमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) र वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

(ख्वप कलेज अफ लको आयोजनामा साउन २४ गते वरिष्ठ अधिवक्ता प्रा.डा. रजितभक्त प्रधानाङ्ग र सहन्यायाधिवक्ता सोमकान्ता भण्डारीबाट लिखित 'फौजदारी कानुन र फौजदारी न्याय' नामक पुस्तक सार्वजनिकीकरण गर्ने कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार)

# भूगोल र इतिहासको ज्ञानबिना समाज विकासको अध्ययन अपुरो हुने

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग भक्तपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम परिमार्जन कार्य दलले साउन २४ गते भेटघाट गऱ्यो ।

भेटमा पाठ्यक्रम परिमार्जन कार्य दलका संयोजक **योगेन्द्रमान बिजुक्छेँ**ले स्थानीय पाठ्यक्रम परिमार्जनको आवश्यकता र परिमार्जनको क्रममा भएका गतिविधिहरूबारे अध्यक्ष बिजुक्छेँलाई जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिकाले विद्यार्थीलाई 'ख्वपको पहिचान' दिलाउने उद्देश्यले निर्माण गरेको स्थानीय पाठ्यक्रम प्रभावकारी हुनुको साथै उपलब्धिमूलक भए पनि समयानुकूल परिमार्जन गर्न विज्ञहरूसँग विभिन्न चरणमा छलफल भई प्राप्त सल्लाह र सुझावलाई समेटेर पाठ्यक्रम परिमार्जन गर्ने तयारी भइरहेको संयोजक बिजुक्छेँले जानकारी गराउनुभयो ।

भेटमा अध्यक्ष **बिजुक्छेँ**ले समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूको अनुभवबाट नयाँ पुस्ता लाभान्वित हुने भएकोले त्यस्ता व्यक्तित्वहरूबारे नयाँ पुस्तालाई जानकारी गराउनु आवश्यक हुने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'पाठ्यक्रममा स्थानीय सीप र कलाको महत्त्वको विषय समेटी स्थानीय सीपको विशेषताबारे नयाँ पुस्तालाई ज्ञान दिन सके आफ्नो मौलिक पहिचान जोगिनुको साथै मौलिक ज्ञानले नयाँ पुस्ताको सेवा गर्न सकिनेछ ।'

भूगोल र इतिहासको ज्ञानबिना सभ्यताको सिलसिला र समाज विकासको अध्ययन अपुरो हुने भएकोले पुरातात्त्विक, सांस्कृतिक महत्त्वबारे बोध गराउन पाठ्यक्रमको परिमार्जनको बेला नेपालभाषा र तामाङ भाषाबारे समेटिनु जरुरी भएको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'हाल वाग्मती प्रदेशसभाले नेपालभाषा र तामाङ भाषालाई सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्न पाइने नीति पारित गरेको सन्दर्भमा विद्यालय शिक्षामा यी भाषालाई समेट्न सके राम्रो नै हुनेछ ।'

भक्तपुर नगरका साथै काठमाडौँ र काभ्रेको विभिन्न ऐतिहासिक स्थानमा देखाइने नवदुर्गा नाचमा प्रदर्शन गरिने हाउभाउ र भाषा नेपालभाषाकै भएको र ती भाषाले निर्देशनात्मक तथा नीतिगत व्यवहार दर्शाउने चर्चा गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले नवदुर्गा नाचले मातृसत्तात्मक युगबाट पितृसत्तात्मक युगमा प्रवेश गरेको दर्शाउने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नेपालभाषासँग कतिपय तामाङ, चिनियाँ र तिब्बतीय भाषाका शब्दावली र क्रियापदहरू मिल्दोजुल्दो छ ।'

जर्मनीका नागरिक हायगमुलरले भक्तपुरको मन्दिर, शिवालय, देवालयमा नेपालभाषाबाट लेखिएका अभिलेखहरूको अध्ययन अनुसन्धान गरी तिनीहरूको ऐतिहासिक महत्त्वबारे पुस्तकहरू तयार गरेको स्मरण गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले हाम्रा विद्यार्थीहरूलाई त्यस्ता खोज, अन्वेषण कार्यमा प्रेरित गराउनु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नैतिक शिक्षाको नाउँमा देवी देवताको पूजा-आजा, उनीहरूकै कथा कुथुङ्ग्री र किंवदन्तीका कुरा बढी पढाइन्छ । तर, बुद्ध शिक्षामा त्यस्ता कुरालाई मान मर्यादा र आचार व्यवहारको रूपमा सिकाइन्छ । गुरुलाई माता पितातुल्य मान्दै आएको हाम्रो संस्कृतिमा हाल त्यसो नहुनु शिक्षकको कमजोरी मान्नुपर्छ ।'

अध्यक्ष बिजुक्छेँले कतिपय कूटनीतिक नियोगमा नियुक्ति पाएका नेपाली राजदूतलगायतका व्यक्तिहरूको अक्षमताको कारण राष्ट्रहरूबिचको सुमधुर सम्बन्ध कायम हुन नसकेको उदाहरण भएकोले विद्यार्थीहरूलाई विद्यालय तहदेखि नै आदरार्थी शब्दबारे ज्ञान दिनु जरुरी छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशी समेतको उपस्थितिमा भएको परिमार्जन कार्य दलका सदस्य प्रा. **सिद्धिरत्न शाक्य**ले सामाजिक आवश्यकताअनुसार स्थानीय पाठ्यक्रमलाई परिमार्जन गर्न र यसमा रहेका कमीकमजोरी हटाउन उच्चस्तरीय सुझावको अपेक्षा कार्यदलको रहेकोले भेटघाट कार्यलाई अगाडि बढाएको बताउनुभयो ।

समाजमा सनातनदेखि चल्दै आएको संस्कृति, रीतिरिवाज पूजा-पाठलाई अन्धविश्वास र किंवदन्तीको आधारमा नभई उपयुक्तता र भौतिकवादी दृष्टिकोणले विश्लेषण गर्नुपर्ने आजको आवश्यकतालाई परिमार्जित पाठ्यक्रमले समेट्ने उहाँले बताउनुभयो ।

कार्यदलले हालको परिमार्जनमा नागरिक र नैतिक तथा व्यावहारिक शिक्षाका सम्बन्धमा एउटा छुट्टै एकाइ समावेश गरेको पनि भेटघाटमा जानकारी गरायो ।

# शिक्षकहरू शैक्षिक र सैद्धान्तिक रूपमा अब्बल हुनुपर्नेमा जोड

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागका शिक्षक शिक्षिकाहरूसँग भेटघाट कार्यक्रम साउन २७ गते भयो ।




कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले प्रतिस्पर्धात्मक समयमा शिक्षकहरू शैक्षिक र सैद्धान्तिक रूपमा अब्बल हुनुपर्ने बताउनुहुँदै देश विदेशका विषयमा नयाँ नयाँ पुस्तक अध्ययनमा जोड दिनुका साथै पाठ्यपुस्तक बाहिरका ज्ञानबाट पनि सुसज्जित हुने प्रयत्न गर्नुपर्ने बताउनुभयो ।

उहाँले शिक्षकले विद्यार्थीहरूलाई राम्रोसँग अध्ययन गराएमा त्यो विद्यार्थी जुनसुकै क्षेत्रमा पुगे पनि उसको विज्ञताले ऊ सफल हुने बताउनुहुँदै विद्यार्थीहरूलाई सामाजिक दायित्व र स्वयम्सेवी भावना दिने विषयमा पनि शिक्षकहरू क्रियाशील हुनुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले शिक्षक कर्मचारीहरूमा मितव्ययिता, इमानदारी र अनुशासन हुनु जरुरी रहेको बताउनुहुँदै संस्थाको नेतृत्वले नयाँ नयाँ प्रगतिबारे चिन्तनमनन गरेर अगाडि बढेमात्र संस्थाको दिगो विकास हुने बताउनुभयो ।

रेमिट्यान्सको भरमा चलेको देशले कहिल्यै प्रगति गर्न नसक्ने बताउनुहुँदै उहाँले हरेक व्यक्ति, संस्था र देश आत्मनिर्भर बन्न बाटोतर्फ अग्रसर हुनुपर्ने बताउनुभयो । उहाँले देशलाई नियोजित रूपमा गरिब बनाउने कार्य शासक दलहरूबाट भइरहेको बताउनुहुँदै सरकारको गलत शिक्षा नीतिले गर्दा देशको शैक्षिक अवस्था कमजोर हुँदै गएको हो भन्नुभयो ।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले सञ्चालन गरेका शैक्षिक संस्थाहरूले विभिन्न चुनौतीहरू पार गर्दै प्रगतिको बाटोतर्फ उन्मुख भइरहेको बताउनुहुँदै शिक्षण सिकाइमा




विद्यार्थी र अभिभावकहरूको गुनासोलाई पनि आत्मसा तगर्दै अगाडि बढ्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नपाले शैक्षिक क्षेत्रमा गरेको लगानीअनुसारको प्रतिफल पनि पाइरहेको बताउनुहुँदै ख्वप नर्सिङबाट १८ समूहका नर्सिङ विद्यार्थी उत्पादन हुनु आफैमा गौरवको विषय भएको बताउनुभयो ।

कार्यक्रममा संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा** र नर्सिङ विभाग प्रमुख **इश्वरी डंगोल**ले कलेजले नयाँ नयाँ विषय थप्दै जाने तयारीमा रहेको बताउँदै नर्सिङको नतिजा पनि प्रगतिउन्मुख रहेको बताउनुभयो ।

## परिमार्जित स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान २०८२' बारे प्रधानाध्यापकहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा परिमार्जित स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान २०८२' बारे प्रधानाध्यापकहरूको भेला कार्यक्रम साउन ३० गते भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी विषयवस्तुको जानकारी दिन स्थलगत अवलोकन भ्रमण गराएर वस्तुस्थितिबारे थाहा दिनुपर्ने बताउनुभयो ।

भक्तपुरका अग्रज व्यक्तित्वहरूले देश र समाजको लागि गरेको योगदानबारे नयाँ पुस्तालाई जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरिएको बताउनुहुँदै उहाँले स्थानीय पाठ्यक्रम समयानुकूल परिमार्जन गर्दै जानुपर्ने धारणा राख्नुभयो ।

भक्तपुरको यस वर्षको एसईई नतिजा तुलनात्मक रूपमा

प्रगतिउन्मुख भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले गुणस्तरमा प्रतिस्पर्धाको नीतिले गर्दा भक्तपुरको शैक्षिक नतिजामा उल्लेख्य वृद्धि भएको बताउनुभयो ।

भक्तपुरको शैक्षिक विकासमा सामुदायिक र निजी विद्यालयहरूको महत्त्वपूर्ण योगदान रहेको बताउनुहुँदै उहाँले सयभन्दा कम विद्यार्थी भएका विद्यालय 'मर्ज' गर्ने सरकारको नीतिले विद्यालयहरूको सङ्ख्या घट्दै जाने बताउनुभयो ।

२०४८ सालपश्चात कुनै पनि सामुदायिक विद्यालय दर्ता नहुनु र भएकालाई पनि मर्ज गर्ने नीति ल्याउनु सरकार आफ्नो जिम्मेवारीबाट भाग्न खोज्दैछ भन्ने प्रष्ट भएको उहाँले बताउनुभयो ।

दक्ष जनशक्तिहरू नेपालबाट विदेशिँदै गर्दा नेपालमा राम्रा राम्रा शिक्षकहरू अभाव हुने निश्चित भएको बताउनुहुँदै उहाँले जस्तोसुकै विद्यार्थीलाई योग्य बनाउने साझा जिम्मेवारी शिक्षकहरूको हो भन्नुभयो ।

कार्यक्रमका सभापति ख्वपको पहिचान परिमार्जन समितिका संयोजक **योगेन्द्रमान बिजुक्छेँ**ले हरेक पाठ्यक्रम निर्माणपश्चात पाँच वर्षमा परिमार्जन र दशवर्षपश्चात परिवर्तन गरिनुपर्ने अन्तर्राष्ट्रिय मान्यता रहेको बताउनुहुँदै परिमार्जित स्थानीय पाठ्यक्रम चाँडै नै उपलब्ध गराइने जानकारी गराउनुभयो ।



स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल समितिका सदस्य **सिद्धिरत्न शाक्य**ले परिमार्जित पाठ्यक्रमका केही विशेषतामाथि प्रकाश पार्नुहुँदै शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि तथा सरोकारवालालगायतको रचनात्मक सुझावका आधारमा पाठ्यक्रम परिमार्जन गरेको बताउनुभयो ।

सामुदायिक विद्यालयको तर्फबाट गणेश माविका प्रअ **गणेशराम थुसा**ले स्थानीय पाठ्यक्रममा स्थानीय विद्यार्थीको भन्दा गैरस्थानीय विद्यार्थीको रुचि र आकर्षण बढी रहेको बताउनुहुँदै पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरूलाई समयसापेक्ष ढङ्गले अभिमुखीकरण कार्यक्रमहरू आयोजना गर्नुपर्ने बताउनुभयो ।

आधारभूत विद्यालयको तर्फबाट प्रअ **दिपक माक**ले राष्ट्रिय पाठ्यक्रममा नसमेटिएका महत्त्वपूर्ण विषयहरूलाई पनि भक्तपुर नपाको स्थानीय पाठ्यक्रममा समेटिनुपर्ने बताउनुभयो ।

निजी विद्यालयका प्रतिनिधि प्यारागन एकेडेमीका प्रिन्सिपल **पुन्यराम कवां**ले स्थानीय पाठ्यक्रम सन्दर्भ सामग्रीहरू सबै तहका लागि छुट्टा छुट्टै बनाउनु उपयुक्त हुने बताउनुभयो ।

कार्यक्रममा भनपा शिक्षा शाखा प्रमुख **साधुराम फुँयाल** र स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल समितिका सदस्य **रोशनराज तुईतुई**ले पनि बोल्नुभएको थियो ।

## विद्यार्थी नायजूलाई रु. १४ लाख ४० हजार बीउ पूँजी वितरण



ख्वप कलेज तथा विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा इन्टरपेनरसिप सपोर्ट कार्यक्रम (ईएसपी) अन्तर्गत 'बीउ पूँजी वितरण तथा तेस्रो हाटबजार' कार्यक्रम साउन ३० गते सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं ख्वप मावि/कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**को आतिथ्यमा भएको उक्त कार्यक्रममा व्यवसाय प्रवर्द्धन कार्यक्रमअन्तर्गत अतिथि जोशीले ख्वप कलेजका विद्यार्थी सुशान्त नायजूलाई पहिलो किस्ताबापत रू. १४ लाख ४० हजारको चेक हस्तान्तरण गरियो ।

व्यवसाय प्रवर्द्धन कार्यक्रमअन्तर्गत विद्यार्थी नायजूले पेस गरेको 'ड्यास बन क्याम्प साइट' प्रोजेक्ट छनोट भई रू. २४ लाख बीउ पूँजी पाउन सफल भएअनुसार पहिलो किस्ता वितरण भएको थियो ।

कार्यक्रममा उपप्रमुख **जोशी**ले नयाँ पुस्ताको योगदानले मात्र देशको भविष्य निर्माण गर्न सकिने भएकोले विद्यार्थी कालदेखि नै समाज र देशको लागि योगदान गर्न सकिने खालको नयाँ नयाँ सोच विकास गर्नु जरूरी भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले व्यवसायिक प्रवर्द्धन गर्ने उद्देश्यले 'स्टारटप' कार्यक्रम सुरू गरिसकेको जानकारी दिनुहुँदै उहाँले

भन्नुभयो, 'पढाइसँगसँगै सीप हासिल गर्न सके भविष्यमा स्वावलम्बी हुन सकिन्छ।'

समाजलाई अगाडि बढाउन नेतृत्व गर्न सक्षम विद्यार्थी तयार गर्न सके देशकै सेवा हुने धारणा राख्नुहुँदै उपप्रमुख जोशीले भन्नुभयो, 'विदेश होइन स्वदेशमै केही गरेर देखाउनु जरूरी छ।'

ख्वप मावि, ख्वप कलेज र ख्वप कलेज अफ ल मा अध्ययनरत विद्यार्थीबिच भएको तेस्रो हाटबजारको निरन्तरताको कामना गर्नुहुँदै उहाँले 'गो लोकल' कार्यक्रमलाई प्रबर्द्धन गरी रैथाने सीप र उत्पादनलाई जोगाउनु जरूरी छ भन्नुभयो।

विश्वविद्यालय अनुदान आयोग अनुसन्धान विभाग अधिकृत **दिनेश प्रजापति**ले विकसित नयाँ नयाँ प्रविधिबारे जानकारी हासिल गरी विद्यार्थीहरू प्रविधिमैत्री हुनुपर्ने बताउनुभयो।

'एआई'को विकासले समाजमा नयाँ फड्को मारेको धारणा राख्नुहुँदै उहाँले 'एआई'को उपायदेयता र प्रयोगबारे नयाँ पुस्ताले थाहा पाउनु जरूरी छ भन्नुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाश कुमार श्रेष्ठ**ले विद्यार्थीमा केही गरेर देखाउने आकाङ्क्षा हुनुपर्ने र हाटबजारबाट सिक्न सुझाव दिनुभयो।

कार्यक्रममा ख्वप इन्क्युबेसन ल्याबका संयोजक एवं ख्वप हाटबजार आयोजक समितिका संयोजक **अन्जु ग्वाछा**ले कार्यक्रमबारे जानकारी दिनुहुँदै विद्यार्थीमा रहेको व्यावसायिक प्रतिभालाई प्रस्फुटन गर्ने उद्देश्यले ख्वप हाटबजारलाई निरन्तरता दिइएको बताउनुभयो।

कार्यक्रममा आयोजक समितिका सदस्य एवं उपप्राध्यापक **सुनिता गाईसी**ले पनि बोल्नुभएको थियो।

उपप्रमुख जोशीले ख्वप हाटबजारको उद्घाटनपश्चात हाटबजारको निरीक्षण गर्नुका साथै सहभागी विद्यार्थीलाई हौसला प्रदान गर्नुभयो।

खाद्यान्न, जडिबुटी, श्रृङ्गार, क्याफे, स्थानीय उत्पादन, कस्मेटिक सामान, फेन्सीसामान, मौलिक सृजनालगायत ४८ वटा स्टल रहेको हाटबजार बिहान ८ बजेदेखि अपराह्न ३ बजेसम्म सञ्चालन भएको थियो।

हाटबजार कार्यक्रमलाई प्रबर्द्धन गर्न कलेज/विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरूले महत्त्वपूर्ण सहयोग गर्नुभएको थियो। कार्यक्रममा करिब तीन लाखको कारोबार भएको आयोजक समितिले जानकारी दिएको छ।

कार्यक्रममा उत्कृष्ट स्टललाई प्रोत्साहनस्वरूप नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो।

'फौजदारी कानुन र न्याय' विषयक राष्ट्रिय सम्मेलन

# सरकारले गरेका हरेक गतिविधि र नीतिगत भ्रष्टाचारबारे अध्ययन गरी त्यसलाई अदालतको दायरामा ल्याउनु जरूरी




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा 'फौजदारी कानुन र न्याय' विषयक प्रथम राष्ट्रिय सम्मेलन साउन ३१ गते सम्पन्न भयो।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा कलेजको सभा हलमा भएको सम्मेलनमा अतिथि बिजुक्छेँले सम्मेलन उद्घाटन गर्नुहुँदै सम्मेलन सफलताको कामना गर्नुभयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले सरकारमा सामेल पार्टीहरूले मुखले जे भने पनि वास्तवमा ती पार्टीहरूले देशको अर्थतन्त्र ध्वस्त पार्ने काम गरिरहेको धारणा राख्नुभयो।

सरकारको कामलाई कसरी कानुनको दृष्टिमा हेर्ने भन्ने प्रश्न गर्नुहुँदै उहाँले भन्नुभयो, 'सरकारले जे जे गर्छ के



त्यसलाई समर्थन गर्दै जाने हो ? जसरी कुनै व्यक्तिले अपराध गरेमा उसलाई अन्याय गरेको आधारमा न्यायालयले कारबाही गर्छ । अहिले देशलाई नै लथालिङ्ग पार्ने गरी नीतिगत भ्रष्टाचार गर्ने अपराध शासक पार्टीहरूबाट भइरहेको छ, त्यसले देशलाई नै समाप्त पार्ने खतरा भएकोले त्यसबारे राम्ररी अध्ययन हुनैपर्छ । कानुनका विद्वान एवं विद्यार्थीहरूले भएका कानुनबारे मात्र होइन सरकारले गरेका हरेक गतिविधि र नीतिगत भ्रष्टाचारबारे अध्ययन गरी त्यसलाई अदालतको दायरामा ल्याउनु जरूरी छ; त्यसो गर्न नसकेमा बहुमत प्राप्त सरकारले जे पनि गर्ने खतरा हुन्छ । यसबारे कानुनका विद्यार्थी एवं विज्ञहरूले चिन्तन एवं छलफल चलाउनु आवश्यक छ ।'

देशका कतिपय कानुनहरू विदेशीको निर्देशनमा बनेको र त्यसको ज्वलन्त उदाहरण एमसीसी भएको चर्चा गर्नुहुँदै उहाँले एमसीसी देशघाती सम्झौता भएको, देशघाती एमसीसी सम्झौता पारित गर्ने संसद् प्रमुखरूपमा जिम्मेवार भए पनि त्यस्ता सांसदलाई चुनेर पठाउने अहिलेको सरकार नै प्रमुखरूपमा दोषी भएको बताउनुभयो ।

'संसद् राजनीतिक बहसको थलो हुनुपर्छ । बेलायती प्रजातान्त्रिक पद्धतिमा बहुमत प्राप्त पार्टीले सरकार चलाउने हुनुपर्नेमा नेपालमा त्यस्तो भइनरहेको, प्रमुख प्रतिपक्ष हुनुपर्ने पार्टीले सरकार चलाई रहनु बेलायती प्रजातान्त्रिक पद्धति विपरीत रहेको हुँदा यस विषयलाई अदालतमा लानु जरूरी छ', अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएपछि नेपालमा विदेशी विश्वविद्यालयहरू सञ्चालन भएको, उच्च शिक्षा अध्ययन र युवालाई वैदेशिक रोजगारको नाममा सजिलै भिसा उपलब्ध गराउँदा देशका विश्वविद्यालयहरू बन्द हुने स्थितिमा पुग्नुमा शासक पार्टीहरू नै दोषी भएको उहाँले बताउनुभयो ।

सरकारको हरेक खोटपूर्ण कामको विरोध गर्नुपर्ने, बुद्धिजीवीहरू सरकारको अगाडि झुक्न नहुने आवश्यकता औंल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले देशको स्थिति झन् झन् जेलिँदै गएको हुँदा लेख, रचनामार्फत सरकारको खबरदारी गर्ने काम बुद्धिजीवीहरूबाट निरन्तररूपमा हुनु जरूरी छ भन्नुभयो ।



सम्मेलनका प्रमुख वक्ता सर्वोच्च अदालतका पूर्व न्यायाधीश डा. **आनन्दमोहन भट्टराई**ले उद्घाटन सत्रमा शुभकामना मन्तव्य राख्नुहुँदै विधायिकाको प्रमुख प्राथमिकता देशको लागि आवश्यक कानुन निर्माण गर्ने हुनुपर्ने बताउनुभयो ।

'कुनै पनि क्षेत्रमा 'मिराकल' हुने गरी परिवर्तन गर्न नसके पनि सुधार गर्नेतर्फ हामी सबैको ध्यान केन्द्रित हुनु जरूरी छ', उहाँले भन्नुभयो ।

आलोचनाबाट भाग्न नहुने चर्चा गर्नुहुँदै पूर्वन्यायाधीश भट्टराईले भन्नुभयो, 'मानिसहरूबिच विचार नमिले पनि एक-आपसमा सम्मान गर्ने भावना हुनुपर्छ । प्रजातन्त्र भनेको विचारहरूको बजार हो । प्रजातन्त्रमा विचारलाई निषेध गर्नुहुन्न ।'

लागुपदार्थ दुर्व्यसन अहिले प्रमुख समस्या भइरहेकोले यसको समाधानमा स्थानीय निकायले पहल गर्न सके युवा पुस्ताको निम्ति ठुलो सहयोग पुग्ने उहाँले बताउनुभयो ।





कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज अफ ल सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले कानुनका विद्यार्थीहरूलाई अहिलेदेखि नै कानुनबारे राम्रो जानकारी दिने उद्देश्यले राष्ट्रिय सम्मेलनको आयोजना गरेको चर्चा गर्नुहुँदै सम्मेलनमा प्रस्तुत हुने कार्यपत्रहरूले नेपालको फौजदारी कानुन र न्यायसम्बन्धी राष्ट्रिय नीति निर्माणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, 'न्याय शब्द जति कर्णप्रिय छ त्यति व्यवहारमा देखिन सहज छैन । न्यायपालिका भ्रष्टाचारको आरोपबाट मुक्त नभएसम्म न्यायको कल्पना गर्न सकिँदैन । अहिले हाम्रा वरिष्ठ अधिवक्ताहरू हाकाहाकी सञ्चार माध्यममा सार्वजनिकरूपमा न्यायपालिकाभित्र भ्रष्टाचार भएको स्वीकार्छन् । न्यायपालिकाभित्र जनताको विश्वास कायम नभएसम्म न्यायको आशा गर्न सकिन्न ।'

जनताको आस्थाको केन्द्रको रूपमा रहेका न्यायाधीशहरूको व्यवहार र आचरण राम्रो हुनु जरूरी छ भन्नुहुँदै प्रमुख प्रजापतिले न्यायक्षेत्र राम्रो भएमा देशको अन्य क्षेत्र राम्रो हुने र न्याय क्षेत्र बिग्रिए अन्य क्षेत्र पनि बिग्रिने धारणा राख्नुभयो ।

पूर्वाञ्चल विश्वविद्यालय विषय समितिका अध्यक्ष **रूद्र शर्मा**ले समाजसँग जोडिएका समस्याहरू समाधानमा विश्वविद्यालयको ध्यान केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो ।



विश्वविद्यालयको अध्ययन अनुसन्धान संविधान र कानुनको परिधिमामात्र सीमित नभई विश्व दृष्टिकोणअनुसार हुनुपर्ने मान्यता रहेको उहाँले बताउनुभयो ।

फौजदारी कानुनका विज्ञ प्रा.डा. **रजितभक्त प्रधानाङ्ग**ले 'फौजदारी कानुन र न्यायअन्तर्गत सुधारात्मक दण्ड प्रणाली'बारे राष्ट्रिय सम्मेलनको आयोजना एक महत्त्वपूर्ण कदम भएको चर्चा गर्नुहुँदै सरकारले गर्नुपर्ने काम ख्वप कलेज अफ लले गरेको छ भन्नुभयो ।



देशका कारागारमा १३ हजार कैदी राख्ने क्षमता भए पनि २८ हजारभन्दा बढी कैदी राखिरहेको चर्चा गर्नुहुँदै उहाँले सरकारसँग जेल बनाउने भिजन नभएको र भएका जेल र कारागारहरू अत्यन्तै जीर्ण अवस्थामा रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष **रजनी जोशी**ले धन्यवाद मन्तव्य व्यक्त गर्नुहुँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने लक्ष्य लिई भक्तपुर नगरपालिका अगाडि बढिरहेको हुँदा भक्तपुर नपाद्वारा सञ्चालन हुने ख्वप विश्वविद्यालय विधेयकलाई पारित गर्नु जरुरी छ भन्नुभयो ।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले अपराधको गाम्भीर्यता र पीडक पक्षको मर्मलाई ध्यानमा राखी अपराधीलाई क्षमा दिन सकिने धारणा राख्नुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले स्वागत मन्तव्य राख्नुहुँदै राष्ट्रिय सम्मेलनको उपादेयताबारे प्रकाश पार्नुभएको थियो ।

कार्यक्रम कलेजका शिक्षक **आशिष पौडेल**ले उद्घोषण गर्नुभएको थियो । १० वटा शैक्षिक संस्था र ५ वटा गैरशैक्षिक संस्थाको प्रतिनिधिहरूको सहभागिता रहेको सम्मेलनमा १७ वटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।



सम्मेलनको कार्यपत्र प्रस्तुतिमा प्रा.डा. रजितभक्त प्रधानाङ्ग, डा. कुन्साङ लामा, अधिवक्ता लक्ष्मी बखाद्यो, प्रकाश उप्रेति, धर्मराज पौडेल, रेवतीराज त्रिपाठी, राजेश बास्तोलाले 'सेसन चेयर' को भूमिका निर्वाह गर्नुभएको थियो ।

मन्तव्य

# 'न्यायपालिका भ्रष्टाचारको आरोपबाट मुक्त नभएसम्म निष्पक्ष न्यायको कल्पना गर्न सकिँदैन'

– सुनिल प्रजापति

**प्रमुख, भक्तपुर नगरपालिका**




ख्वप कलेज अफ लको आयोजनामा हालै फौजदारी कानुन र न्याय सम्बन्धी एउटा पुस्तकको विमोचन कार्यक्रमसम्पन्न गऱ्यौं । त्यस पुस्तकका लेखक वरिष्ठ अधिवक्ता रजितभक्त प्रधानाङ्ग हुनुहुन्छ । त्यतिबेला पनि फौजदारी कानुन र न्यायको विषयमा विज्ञहरूबाट धेरै कुराहरू सुन्यौं । हाम्रा विद्यार्थी भाइ बहिनीहरूलाई फौजदारी र देवानी सबै खालका कानुनका बारेमा व्यापक जानकारी दिने उद्देश्यले समय समयमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्दैछौं । यो राष्ट्रिय सम्मेलन पनि त्यसैको एक सिलसिला हो । यो सम्मेलनले फौजदारी कानुनको विषयमा व्यापक छलफल गरी देशको नीति निर्माणमा योगदान गर्ने पनि हाम्रो अपेक्षा छ ।

देशमा धेरै अपराधहरू भइरहेका छन्। ती अपराध नियन्त्रणका लागि राज्यले थुप्रै कानुनहरू निर्माण गरेको पनि छ। कानुन हुँदैमा अपराध स्वतः नियन्त्रण हुने होइन। त्यसको लागि सचेतना आवश्यक छ। अहिले अपराधहरूको सङ्ख्या दिन प्रतिदिन बढिरहेका छन्। परिवर्तित समय र मानिसको आवश्यकताअनुसार संसद्ले नयाँ नयाँ कानुनहरू निर्माण गर्नुपर्ने हुन्छ। कानुन निर्माण भइसकेपछि मानिसहरू त्यसलाई पालना गर्न बाध्य हुन्छन्। हाम्रो वंश परम्पराअनुसार पनि थुप्रै कानुनहरू बनेका छन्। कतिपय विषयहरूमा कानुन जाति धर्मअनुसार फरक फरक रूपमा लागु भएका हुन्छन्। समाजमा भइरहेका विभिन्न खाले अपराधहरूका बारेमा अनुसन्धानको आवश्यकता छ। फौजदारी र देवानी मुद्दाका विषयमा अनुसन्धान गरी देशको लागि महत्त्वपूर्ण योगदान गर्न सक्ने विद्यार्थीहरू उत्पादन गर्ने कलेजको लक्ष्य हो।

ख्वप कलेज अफ लको तर्फबाट राष्ट्रिय सम्मेलनको आयोजना गरिएको यो पहिलो पटक हो। यो कलेज स्थापना भएको भर्खर तीन वर्षमात्र भयो। दोस्रो कार्यकालको लागि २०७९ सालमा हामी निर्वाचित हुँदा ख्वप विश्वविद्यालय सञ्चालनको लागि निरन्तर जोड दिने र आवश्यकताअनुसार कलेजहरू स्थापना गर्दै जाने शिक्षा क्षेत्रमा हाम्रो प्रतिबद्धता थियो। त्यही आधारमा ख्वप कलेज अफ लको स्थापना २०७९ सालमा भएको हो। ख्वप कलेज अफ लको आयोजनामा 'फौजदारी कानुन र न्याय' शीर्षकमा यो राष्ट्रिय सम्मेलनको आयोजना गर्न पाउँदा खुशी लाग्यो।

न्याय शब्द जति कर्णप्रिय छ। तर यो व्यापार व्यवसायजस्तो भने होइन। व्यवहारमा न्याय देखाउनु त्यति सहज पनि छैन। न्याय दिन न्याय मूर्तिहरूले दुवै पक्षको बहस सुनेर दूधको दूध पानीको पानी छुट्याउन सक्नुपर्छ। फैसला पछि हार्ने पक्षको प्रतिकृया कहिले पनि सकारात्मक हुँदैन। न्यायपालिका भ्रष्टाचारको आरोपबाट मुक्त नभएसम्म न्यायको कल्पना गर्न सकिँदैन। अहिले हाम्रा वरिष्ठ अधिवक्ताहरू हाकाहाकी सञ्चारमाध्यममा सार्वजनिक रूपमा न्यायपालिकाभित्र भ्रष्टाचार भएको स्वीकार गर्छन् र भन्छन् – 'न्यायाधीश घुस खान्छन्, हामी वकिलहरू घुस खुवाउँछौँ' यस्तो अवस्था रहेसम्म न्यायपालिकाप्रति जनताको विश्वास बढ्न सक्दैन। न्यायको आशा गर्न सकिँदैन।

जनताको आस्थाको केन्द्रको रूपमा रहेका न्यायालयमा काम गर्ने न्यायाधीशहरूको मात्र होइन वकिलहरूको व्यवहार र आचरण पनि राम्रो हुनु जरुरी छ। यसले न्यायालयप्रतिको जनविश्वास बढाउन मद्दत गर्दछ। भनिन्छ नि, न्याय क्षेत्र सप्रियो भने सबै सप्रिन्छ, न्याय क्षेत्र बिग्रियो भने सबै बिग्रिन्छ।

सरकारको चाहनाबमोजिम फैसला नआएपछि सर्वोच्च अदालतका न्यायाधीशहरूले महाअभियोगको सामना गर्नुपरेको घटना ताजै छ। जनस्तरबाट चर्को विरोध र महाअभियोग पारित नहुने देखिएपछि सरकारले फिर्ता लियो। संविधानमा स्वतन्त्र, निष्पक्ष न्यायापालिका भनिए पनि व्यवहारमा त्यस्तो हुन सकेको छैन। न्यायाधिशहरूले सरकारको दण्डाको आधारमा फैसला गर्नुपर्ने अवस्था भएमा सही न्याय पाउन सम्भव छैन। कार्यपालिका, व्यवस्थपिका र न्यायपालिका आआफ्नो क्षेत्रमा स्वतन्त्र छन् एकले अर्काको काममा हस्तक्षेप गर्ने छैनन्, सन्तुलन र नियन्त्रणको सिद्धान्तको आधारमा राज्यका अङ्गहरू चलेका छन् भनिए पनि व्यवहारमा फरक देखिरहेका छौँ।

नेपालमा नयाँ संविधान आएको १० वर्ष र सङ्घीयता कार्यान्वयनमा आएको ८ वर्ष भयो। अझै पनि सङ्घ र प्रदेशले संविधानको अनुसचीमा रहेका साझा अधिकार क्षेत्रभित्रका विषयमा कानुन निर्माण गरेका छैनन्। यसले स्थानीय तहहरूले काम गर्न असहज अनुभव गरिरहेका छन्। स्थानीय सरकार सञ्चालन ऐनमा धेरै वटा विषयहरूमा प्रदेश कानुनबमोजिम भन्ने उल्लेख छ। तर प्रदेशले अहिलेसम्म कानुन बनाई नदिएको कारण देश भरका ७५३ वटा पालिकाहरूको काममा प्रभाव परिरहेको छ। हाम्रा कानुनका विद्यार्थीहरूले यस्ता विषयहरूमा पनि बुझ्नु पर्छ।

एक पटक बनेको कानुन सधैँका लागि काम लाग्ने होइन। समय र मानिसको आवश्यकताअनुसार कानुन संशोधन वा परिमार्जन गर्दै लानुपर्ने हुन्छ। जनताको आवश्यकता पूरा गर्न नसक्ने कानुनको अर्थ हुँदैन। त्यसलाई जनताले च्यातेर वा जलाएर भए पनि आवश्यकताअनुसार नयाँ नयाँ कानुनहरूको निर्माण गरेर छाड्छन्। तर, आश्चर्यको विषय के हो भने कानुन निर्माणको मुख्य जिम्मेवारी पाएका सङ्घ र प्रदेशका सांसदहरू कानुन निर्माणमा उदासिन छन्। विधेयकबारे छलफलमा न्यून सांसदहरूमा मात्र उपस्थिति देखिनुले त्यो कुराको पुष्टि हुन्छ। सांसदहरूको मुख्य काम भनेकै नयाँ नयाँ कानुन निर्माण गर्नु हो। तर कानुन विषयमा संसद्मा छलफलमा भाग लिने सांसदहरूको सङ्ख्या एकदम न्यून देखिन्छन्। यो राम्रो होइन।

कानुनका विद्यार्थीहरू अहिलेदेखि नै विभिन्न कानुनहरूबारे राम्रो जानकारी राखून् भन्ने उद्देश्यले यो राष्ट्रिय सम्मेलनको आयोजना गरेका हौँ। यहाँ प्रस्तुत हुने विभिन्न किसिमका

कार्यपत्रहरूबारे व्यापक छलफल गरी नेपालको फौजदारी कानुन र न्यायसम्बन्धी राष्ट्रिय नीति निर्माणमा यस सम्मेलनले ठूलो योगदान गर्ने आशा गर्दछौँ। अहिले न्यायलाई पनि किनबेचको वस्तुजस्तै बनाइएको आरोप लाग्ने गरेको छ। यसबाट न्यायपालिका अलग हुनु आवश्यक छ।

हरेक व्यक्तिले न्याय पाएको अनुभूत गर्न सकोस्। तर अहिले त्यस्तो भइरहेको छैन। नेपाल मजदुर किसान पार्टीले २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा तीन प्रतिशतको अप्रजातान्त्रिक प्रावधानको विरोधमा सर्वोच्च अदालतमा रिट दर्ता गरेको थियो। त्यसमा तीन प्रतिशत मत प्राप्त नगरेको पार्टीलाई राष्ट्रिय मान्यता नदिने, पार्टीका उम्मेदवारहरूलाई एउटै चुनाव चिन्ह पनि नदिने, प्रदेश र स्थानीयमा पनि स्वतन्त्र चुनाव चिह्न दिने भन्ने कानुनमा व्यवस्था गरिएको थियो। धेरैको विरोध पछि एक पटकको लागि भनेर सबैलाई पार्टीको चुनाव चिह्न दियो। शासक पार्टीहरूले हाकाहाकी चुनाव चिह्न पनि खोस्ने अप्रजातान्त्रिक काम गर्‍यो। यो एक प्रकारको तानाशाही प्रवृत्ति हो। शासक पार्टीहरूले मनपरि गरिरहेका छन्। २०७४ सालमा दर्ता गरेको रिट २०८१ सालमा मात्रै फैसला गर्‍यो। सांसदहरूको अवधि ५ वर्षको थियो। त्यसको औचित्य नै २०७९ सालमा समाप्त भइसकेको थियो। यस्ता कार्यहरूले अदालतप्रतिको मानसम्मान र जनआस्था बढ्न सक्दैन।

हामीले जे गर्दा पनि हुन्छ भन्ने मान्यता शासक दलहरूमा छ। त्यसको विरोधमा आवाज उठाउनु सबै युवा विद्यार्थीहरूको कर्तव्य र जिम्मेवारी हो।

न्यायपालिकाप्रतिको सम्मान र मर्यादाको मापदण्ड भनेकै जनआस्था हो। अदालतलमा न्याय माग्न आउने हरेक नागरिकले न्याय पाएको अनुभव गरेमा अदालतप्रति थप विश्वास बढ्नेछ।

जसको जिम्मेवारी जे छ, उसले आफ्नो जिम्मेवारी समयमा इमानदारीपूर्वक निर्वाह गरेको खण्डमा विश्वास बढ्ने हो। आफ्नो सम्मान अरूले होइन आफैले बढाउने हो।

यो कलेजका विद्यार्थीहरूले फौजदारी कानुन र न्याय सम्पादनबारे राम्रो अध्ययन गर्ने आशा गर्छौँ। विभिन्न व्यक्तित्वहरूको गहन विचारहरू सुनेर ज्ञान हासिल गर्ने अवसर पाउनुहुनेछ।

(भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा २०८२ साउन ३१ गते सम्पन्न 'फौजदारी कानुन र न्याय' विषयक प्रथम राष्ट्रिय सम्मेलनमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार)

# ख्वप कलेज अफ इन्जिनियरिङमा अभिभावक-प्राध्यापक भेटघाट कार्यक्रम




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा साउन ३१ गते अभिभावक-प्राध्यापक भेटघाट कार्यक्रम भयो।

कलेजको सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङ शैक्षिक कार्यक्रमहरूमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा प्रमुख अतिथि कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले २०७२ सालको भूकम्पदेखि हालसम्म भक्तपुरका १६९ वटा सम्पदाहरूको पुनर्निर्माण कुनै पनि विदेशी दातृ निकायको सहयोगबिना भक्तपुरकै जनताको कर र मिहिनेतले सम्पन्न भइसकेको बताउनुहुँदै यो एक प्रकारको सांस्कृति क्रान्ति हो भन्नुभयो।

सन् २००१ मा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले घोषणा गर्नुभएको 'एक घर एक स्नातक' नीतिको आधारमा वि.सं २०५६ सालमा ख्वप उच्च माध्यमिक विद्यालयको स्थापना भई हाल भक्तपुर नगरपालिकाले सात वटा शैक्षिक सस्थाहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो। देश र जनताको सेवामा यी संस्थाहरूबाट उत्पादित जनशक्तिहरूले इमानदारीपूर्वक सेवा गरिरहेको चर्चा गर्नुभयो।



सन् २०१९ को कोरोना महामारीको समयमा भक्तपुर नगरपालिकाद्वारा अक्सिजन प्लान्ट स्थापना गरेको र उक्त अक्सिजन प्लान्ट स्थापनाको लागि जनताले आर्थिक र नैतिकरूपमा सहयोग गरेको चर्चा गर्नुहुँदै उहाँले हाल ख्वप अस्पतालमार्फत निःशुल्क अक्सिजन वितरण र नगरवासीलाई रगत पनि निःशुल्क वितरण गर्दै आइरहेको बताउनुभयो। देशको लागि अति महत्त्वपूर्ण इतिहास, भूगोल, राजनीतिशास्त्रलगायतका विषयमा हालसम्म २५० जना विद्यार्थीहरूलाई विद्यावारिधि अध्ययनको लागि भक्तपुर नगरपालिकाले छात्रवृत्ति प्रदान गरेको बताउनुभयो।


देशमा उत्पादित डाक्टर, इन्जिनियर, नर्सलगायतका बौद्धिक वर्ग विदेश पलायन भैरहेको चर्चा गर्नुहुँदै देशभरका सामुदायिक कलेजहरूमध्ये अधिकांश कलेजमा विद्यार्थी अभावले बन्द हुने स्थितिमा पुगेको चर्चा गर्नुभयो। राम्रा शिक्षक एवं दक्ष जनशक्ति सबै विदेश पलायन भएपछि देशको भविष्य कस्तो होला ? उहाँले प्रश्न गर्नुभयो। सरकारले देश र जनताको हितमा ऐन कानून नबनाउँदा ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा एक वर्ष नर्सिङको पढाइनै रोक्नु परेको स्मरण गर्नुहुँदै अझ मेडिकल कलेज सञ्चालन गर्न ३०० बेडको आफ्नै अस्पताल हुनुपर्ने प्रावधान रहेको, हाल भक्तपुर नगरपालिकाले १०० बेडको अस्पताल सञ्चालन गर्दै आइरहेको र थप स्तरीय बनाउँदै लाने प्रतिवद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा कलेज सञ्चालक समितिका उपाध्यक्ष एवं भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले केवल प्रमाणपत्रको लागि मात्र अध्ययन अध्यापन नगराई विद्यार्थीलाई सामाजिक तथा नैतिक ज्ञान पनि दिँदै आएको बताउनुभयो। हालका नयाँ पुस्तालाई किताबी ज्ञानमात्रले नपुग्ने हुँदा विविध विषयमा ज्ञान उपलब्ध गराउनुपर्ने बताउनुभयो। पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति भन्ने नारालाई मार्गनिर्देशक मानेर नगरको सम्पदा संरक्षणमा नगरपालिका अगाडि बढिरहेको बताउनुभयो।

कार्यक्रममा कलेज सञ्चालक समितिका सदस्य एवं भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नगरपालिकाले भक्तपुरलाई शैक्षिक गन्तव्यस्थल बनाउने उद्देश्यले शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आइरहेको बताउनु हुँदै देश र समाजप्रति समर्पित दक्ष जनशक्ति तयार गर्ने र समाजलाई बुद्धिजीवीकरण गर्ने कार्यमा अगाडि बढिरहेको बताउनुभयो। भक्तपुर नगरको विकास एवं सम्पदा संरक्षणमा इन्जिनियरिङ कलेजले खेलेको भूमिकाबारे चर्चा गर्नुहुँदै कलेजले कम शुल्कमा अध्ययन अध्यापन गराउँदै छात्रवृत्तिलगायत शैक्षिक ऋणको बन्दोबस्तसमेत गरेको बताउनुभयो।

उक्त कार्यक्रममा कलेजको परीक्षा शाखाका प्रमुख प्रा.डा. **चन्द्रकिरण कवां**ले त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइने सेमेष्टर परीक्षाका नतिजाहरूको विश्लेषणसहितको प्रस्तुति दिनुभयो भने प्रशासन शाखाका प्रमुख **सन्जय मानन्धर**ले अभिभावक–प्राध्यापक भेलाको औचित्यमाथि प्रकाश पार्नुभयो।

औपचारिक कार्यक्रमपश्चात सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङ शैक्षिक कार्यक्रमका विद्यार्थीका अभिभावकहरूसँग प्राध्यापक र कर्मचारीको छुट्टाछुट्टै अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त अन्तरक्रिया कार्यक्रममा उपस्थित अभिभावहरूले कलेज विकासको लागि विभिन्न सुझावहरू पनि दिनुभयो।



# स्वास्थ्य सेवा

## सल्लाहकार समितिको बैठक

ख्वप तीलगंगा आँखा अस्पतालको स्थानीय परियोजना सल्लाहकार समितिको बैठक साउन २८ गते भयो ।




## स्वास्थ्य स्वयम्‌सेविकाहरूको बैठक




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको उपस्थितिमा महिला स्वास्थ्य स्वयम्‌सेविकाहरूको मासिक बैठक भदौ २ गते भयो ।



## ‘भक्तपुर काण्ड’ को स्मरणमा प्रवचन कार्यक्रम




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)**ले भक्तपुर काण्डको स्मरण गर्नुको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै कम्युनिष्ट पार्टीलाई समाप्त पार्न राज्यस्तरबाट रचिएको भक्तपुर काण्ड आज पनि समय सान्दर्भिक रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पताल र ख्वप बहुप्राविधिक अध्ययन संस्थानको संयुक्त आयोजनामा भदौ १० गते भएको निरङ्कुश पञ्चायती राज्यस्तरबाट रचिएको षडयन्त्र ‘भक्तपुर काण्ड’ को स्मरणमा प्रवचन कार्यक्रममा उहाँले भक्तपुर काण्ड जस्ता षड्यन्त्रहरू फेरि फेरि पनि दोहोरिन सक्नेप्रति जनतालाई सचेत पार्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।




जनप्रतिनिधिहरू जनताको सेवा गर्न निर्वाचित भएका सामाजिक तथा राजनीतिक कार्यकर्ता हुन् भन्नुहुँदै उहाँले संसद् सदस्यहरूले आफ्नो लागि सेवा सुविधा वृद्धि गर्ने विषयमा नभई जनताको व्यापक हितमा काम गर्नुपर्ने धारणा राख्नुभयो ।

अध्यक्ष बिजुक्छेँले जनताले इमानदारीपूर्वक काम गरेको खण्डमा देश र समाजलाई नै स्वर्ग बनाउन सकिने धारणा राख्नुहुँदै भक्तपुरले शिक्षालाई जोड दिँदै शिक्षामा गरेको

लगानीकै प्रतिफलस्वरूप आज उत्कृष्ट शैक्षिक गन्तव्यस्थल बन्न सफल भएको बताउनुभयो ।

भक्तपुरलाई सफा नगरको रूपमा परिचित गर्न यहाँका अग्रज नेता, कार्यकर्ता तथा सफाइकर्मीहरूको उल्लेखनीय भूमिका रहेको बताउनुहुँदै उहाँले बहुमत जनता सचेत र सङ्गठित नभएसम्म अरूबाट हेपिएर बस्नुपर्ने अवस्था आउने बताउनुभयो ।

उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरू स्थापनामा भएका सङ्घर्षबारे प्रष्ट पार्नुहुँदै जनताको सहयोगी भावनाले कलेज निरन्तर सञ्चालन भई आज विद्यार्थीहरूको आकर्षणको केन्द्र बन्न सफल भएको धारणा राख्नुभयो ।

राजनीतिक पार्टीहरू इमानदार भए मात्र त्यसबाट परिचालित सङ्गठन र कार्यकर्ताले पनि इमानदारीपूर्वक काम गर्ने बताउनुहुँदै उहाँले देशलाई दीर्घकालीन सोच लिएर विकासतर्फ अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख तथा सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले ३७ वर्ष अगाडिको भक्तपुर काण्ड घटनाले देशको राजनीतिमा विशेष भूमिका रहेको बताउनुहुँदै नयाँ पुस्तालाई सुसूचित गर्न यसको भर्त्सना तथा विरोध कार्यक्रम प्रत्येक वर्ष आयोजना गर्दै आएको बताउनुभयो ।

उहाँले राज्यस्तरबाट नियोजित रूपमा घटाइएको भक्तपुर काण्डले अन्ततः पञ्चायती व्यवस्था नै अन्त्य भएको बताउनुहुँदै नेमकिपाले इमानदारीपूर्वक जनताको सेवा गर्नु नै तत्कालीन पञ्चहरूको आँखामा अपराध बन्न पुगेको हो भन्नुभयो ।

नेमकिपाले जनताको पक्षमा विभिन्न आन्दोलनहरू गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय कर्तव्य पूरा गर्दै आएको बताउनुहुँदै उहाँले नेमकिपाले प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिअनुरूप निर्वाचनलाई उपयोग गरी पञ्चायतविरोधी सङ्घर्षलाई तीव्र बनाउँदै लगेको बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर काण्डको समयमा भक्तपुरलाई नराम्रो चित्रण गरिएको बताउनुहुँदै निःस्वार्थ रूपले देश र जनताको हितमा काम गर्नेहरूले जस्तोसुकै षड्यन्त्रविरुद्ध लडेर विजय हासिल गर्ने उदाहरण भक्तपुरले देखाएको बताउनुभयो । उहाँले सरकारको अकर्मन्यताको कारण २०४५ सालको घटना घटेको बताउनुहुँदै भक्तपुर काण्डले जनतालाई सचेत र सङ्गठित बनाई अझ सशक्त ढङ्गले अगाडि बढ्न प्रेरणा मिलेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुर काण्डबारे आफ्नो अनुभव सुनाउनुहुँदै उक्त काण्डमा जेलमा परेका पार्टीका नेता कार्यकर्ताले जेलमा पनि रचनात्मक गतिविधिहरू सञ्चालन गरी अझ परिस्कृत भएर अगाडि बढेको बताउनुभयो । राजनैतिक कार्यकर्ताहरू विचार र सिद्धान्तमा अडिग रहनुपर्ने बताउनुहुँदै उहाँले षड्यन्त्रहरू अन्ततः असफल हुने उदाहरण भक्तपुर काण्ड हो भन्नुभयो ।



कार्यक्रममा ख्वप अस्पतालका नि. मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले भक्तपुर काण्डका तत्कालीन जनप्रतिनिधिप्रति उच्च सम्मान व्यक्त गर्दै नयाँ पुस्तालाई भक्तपुर काण्डको घटनाक्रम र त्यसबाट सिक्ने पाठबारे अवगत गराउन कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व** र ख्वप बहुप्राविधिक संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**ले भक्तपुर काण्डको घटनाक्रम र त्यसबाट सिक्नुपर्ने पाठबारे प्रष्ट पार्नुभयो ।





An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Shrawan Report, 2082

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2704 | 9.54 |
| 10-14. | 992 | 3.50 |
| 15-19 | 1061 | 3.74 |
| 20-59 | 18049 | 63.69 |
| ≥60 | 5534 | 19.53 |
| Total | 28340 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 583 | 2.06 |
| General | 3879 | 13.69 |
| Insurance | 23878 | 84.26 |
| Total | 28340 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bajhang | 1 | 0.01 |
| Mugu | 1 | 0.01 |
| Parsa | 1 | 0.01 |
| Rolpa | 1 | 0.01 |
| Taplejung | 1 | 0.01 |
| Kapilvastu | 1 | 0.01 |
| Baglung | 1 | 0.01 |
| Accham | 2 | 0.01 |
| Bara | 2 | 0.01 |
| Solokhumbu | 2 | 0.01 |
| Syangja | 2 | 0.01 |
| Bardiya | 2 | 0.01 |
| Baglung | 2 | 0.01 |
| Rupandehi | 3 | 0.01 |
| Dadeldhura | 3 | 0.01 |
| Mahottari | 3 | 0.01 |
| Gorkha | 3 | 0.01 |
| Mahottari | 3 | 0.01 |
| Dhading | 4 | 0.01 |
| Sunsari | 4 | 0.01 |
| Nuwakot | 5 | 0.02 |
| Sankhuwasabha | 5 | 0.02 |
| Makwanpur | 6 | 0.02 |
| Dhanusha | 6 | 0.02 |
| Jhapa | 8 | 0.03 |
| Chitwan | 10 | 0.04 |
| Morang | 10 | 0.04 |
| Udayapur | 10 | 0.04 |
| Ilam | 11 | 0.04 |
| Okhaldhunga | 11 | 0.04 |
| Surkhet | 12 | 0.04 |
| Rautahat | 13 | 0.05 |
| Saptari | 13 | 0.05 |
| Tanahun | 18 | 0 |
| Dolkha | 19 | 0.07 |
| Dailekh | 21 | 0.07 |
| Kalikot | 23 | 0.08 |
| Lalitpur | 24 | 0.08 |
| Khotang | 26 | 0.09 |
| Sarlahi | 26 | 0.09 |
| Kailali | 29 | 0.10 |
| Jumla | 32 | 0.11 |
| Sindhuli | 55 | 0.19 |
| Kathmandu | 88 | 0.31 |
| Sindhupalchowk | 92 | 0.32 |
| Ramechap | 117 | 0.41 |
| Kavrepalanchok | 786 | 2.77 |
| Bhaktapur | 26822 | 94.64 |
| Total | 28340 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 239 |
| Suryabinayak | 1721 |
| Changu | 5497 |
| Bhaktapur | 19365 |
| Total | 26822 |

| Department | Number | In Percentage |
|---|---|---|
| Neuro Surgery | 82 | 0.29 |
| Nephrology | 88 | 0.31 |
| Urology | 92 | 0.32 |
| CHRP- Respiratory Medicine | 97 | 0.34 |
| General Ward | 248 | 0.88 |
| Cardiologist | 191 | 0.67 |
| Psychiatric | 258 | 0.91 |
| Laboratory | 358 | 1.26 |
| MDGP | 634 | 2.24 |
| Dermatology | 766 | 2.70 |
| Internal Medicine | 1019 | 3.60 |
| General Surgery OPD | 1065 | 3.76 |
| Physiotherapy | 1213 | 4.28 |
| Dental | 1421 | 5.01 |
| Emergency Ward | 1424 | 5.02 |
| ENT | 1445 | 5.10 |
| Paediatric | 1769 | 6.24 |
| Obs. & Gynaecology | 1801 | 6.35 |
| Orthopedic | 3318 | 11.71 |
| General OPD | 11051 | 38.99 |
| Total | 28340 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 248 |
| Discharge | 219 |
| LAMA | 2 |
| Refer | 15 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 3025 |
| Total Cataract Surgery | 97 |

### Operation

| | |
|---|---|
| Major | 130 |
| Minor | 94 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 16608 | 58.60 |
| Male | 11732 | 41.40 |
| Total | 28340 | 100.00 |

Safe Motherhood Program 44

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको २०८२ साउन महिनाको सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## सूर्योदय र रंगेली नपाका जनप्रतिनिधि भक्तपुर नपाको अध्ययन भ्रमणमा

इलामको सूर्योदय नगरपालिकाका उपप्रमुख दुर्गाप्रसाद बराल र मोरङको रंगेली नगरपालिकाका जनप्रतिनिधिसहितको टोलीबाट भदौ २ गते भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण भयो ।




टोलीले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेट गरी दुई नगरपालिकाले शिक्षा, स्वास्थ्य, फोहोर मैला व्यवस्थापन, कृषि, पर्यटन आदि क्षेत्रमा गरिरहेका गतिविधिबारे अनुभव आदानप्रदान गऱ्यो ।

नगर प्रमुख **प्रजापति**ले सूर्योदय नपाका उपप्रमुख बरालसहितको टोलीलाई भादगाउँले टोपी र खादाले सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुहुँदै नगरको सांस्कृतिक महत्त्व, स्वास्थ्य क्षेत्रमा भएका कामहरू, फोहोर व्यवस्थापन र शैक्षिक अवस्था आदिबारे प्रकाश पार्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरका सम्पदाहरू विदेशको सहयोगबिना नै जस्ताको तस्तै पुन:निर्माण गर्न सक्नुले भक्तपुरको गौरवलाई अझ बढाएको बताउनुहुँदै नगरलाई आफ्नै बलबुत्तामा अगाडि बढाउने कोसिस गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले आफै सफाइ मजदुरको व्यवस्था गरी नगरको फोहोर व्यवस्थापन गर्दै आएको बताउनुहुँदै कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गरी कुहिने फोहरबाट प्राङ्गारिक मल उत्पादन गरी किसानहरूलाई सस्तोमा मल बिक्री गर्दै आएको र पुन:प्रयोग गर्न सकिने फोहोर बिक्री गरी त्यसबाट आयआर्जन पनि गर्दै आएको उहाँले बताउनुभयो ।

भेटमा सूर्योदय नगरपालिकाका उपप्रमुख **दुर्गाप्रसाद बराल**ले भक्तपुरको कार्यसम्पादन अन्य स्थानीय तहको लागि अनुकरणीय भएको बताउनुहुँदै यहाँको फोहार व्यवस्थापन र शिक्षा, स्वास्थ्य क्षेत्रमा भइरहेको उल्लेखनीय कार्यबाट सिक्न आफूहरू प्रेरित रहेको बताउनुभयो ।

सूर्योदय नगरपालिकाको सङ्क्षिप्त परिचय प्रस्तुत गर्नुहुँदै उपप्रमुख बरालले फिक्कल बजार, पञ्चकन्या र कन्याम गाविस मिलाएर २०७१ सालमा यो नगर स्थापना भएको बताउँनुहुदै यस नगर २५२.५२ वर्ग किमिमा फैलिएको, १४ वटा वडामा विभाजित रहेको र ५६ हजार जनसङ्ख्या बसोबास गर्दै आएको जानकारी दिनुभयो ।

सूर्योदय नगरपालिका अलैंची, चिया, आलु,



दूधलगायतका नगदे बालीको लागि चर्चित रहेको बताउनुहुँदै उहाँले यस नपालाई पर्यटकीय नगरीको रूपमा विकास गर्न प्रयासरत रहेको बताउनुभयो ।

सूर्योदय नगरपालिकालाई पनि नमुना नगरपालिकाको रूपमा अगाडि बढाउन विभिन्न विधामा प्रयत्नरत रहेको बताउनुहुँदै उहाँले नपाभित्र दैनिक ८० हजार लिटर दूध उत्पादन हुने गरेको र दूधबाट बनेको उत्पादनलाई बजारीकरणतर्फ पनि जोड दिँदै आएको बताउनुभयो ।

सूर्योदय नपाले दलित छात्राहरूको लागि पूर्ण छात्रवृत्तिमा उच्च शिक्षा अध्ययन गर्ने अवसर प्रदान गर्दै आएको र विज्ञान तथा गणित प्रदर्शनीहरू गर्दै प्रयोगशाला निर्माणमा पनि नपाले जोड दिँदै आएको बताउनुभयो ।

त्यस्तै रंगेली नपाका प्रमुख प्रशासकीय अधिकृत **प्रदिप साह**ले भक्तपुर नगरपालिकाले सङ्घीयताको असल अभ्यास गरिरहेको बताउनुहुँदै देशैभरि भक्तपुरको कामकारबाहीबारे व्यापक चर्चा परिचर्चा हुने गरेको बताउनुभयो । उहाँले रंगेलीको अधिकांश भूभाग खेतीयोग्य जमिन रहेको बताउनुहुँदै पर्यटन विकासमा पनि धेरै सम्भावना बोकेको नगर हो भन्नुभयो ।

अधिकृत साहले रंगेली नपाले किसानहरूलाई निःशुल्क विद्युत्को मिटरको व्यवस्था गर्दै आएको र भूमिगत सँगसँगै सतही सिँचाइलाई पनि जोड दिँदै आएको बताउनुभयो ।

रंगेली नपामा ६०० मे.ट. को चिस्यान केन्द्र निर्माण गरेको र आफ्नो पूर्ण स्वामित्वमा नगर अस्पताल पनि सञ्चालन गर्दै निःशुल्क स्वास्थ्य बीमालाई अगाडि बढाउँदै आएको बताउनुभयो । उहाँले नगरको फोहार व्यवस्थापन चुनौती बन्दै गइरहेकोमा विभिन्न नगरपालिकाहरूले फोहोर व्यवस्थापनमा अपनाउँदै आएको प्रविधि अध्ययन गर्दै नगरको फोहार व्यवस्थापन गर्ने नीति रहेको बताउनुभयो ।

उक्त भेटघाट कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, वडाध्यक्ष तथा कार्यपालिका सदस्यहरूको उपस्थिति रहेको



थियो भने सूर्योदय नपा वडा नं. १० का वडाध्यक्ष पेमा उगेन लामा, रंगेली नपा वडा नं. ७ का वडाध्यक्ष रामचन्द्र मण्डल, कर्मचारीहरू राजकुमार लिम्बु, दिपक तिमिल्सिना, श्रीजन गदाल, कन्सलटेन्ट दिनेश मानन्धर, प्रादेशिक सहयोग कार्यक्रमका सन्जु थापा श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

प्रमुख प्रजापतिले टोलीलाई नपाका प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभयो ।

टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार केन्द्र, जनज्योति पुस्तकालय, ख्वप मावि, ख्वप कलेज, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप इ. कलेज र ख्वप कलेज अफ इ, लहर्केस्थित फोहोर प्रशोधन केन्द्रमा स्थलगत अवलोकन गऱ्यो ।

## संक्षेपमा

### निर्माणाधीन अरनिको सभाभवनको प्रगति

भक्तपुर नगरपालिका वडा नं. ६ देकोचामा



निर्माणाधीन अरनिको सभाभवनको हालसम्मको कार्य प्रगति विवरण प्रस्तुतिकरण कार्यक्रम भदौ १२ गते भयो ।

**आफू बस्ने घर, चोक, टोल र नगर हाम्रो लागि हामी आफै सफा गरौं । सफाइ गर्दा इज्जत घट्दैन बरू सभ्य भइन्छ र रोगबाट समेत मुक्त हुन्छ ।**

# भेटघाट–अवलोकन

## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षार्थीहरू भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका सहसचिवस्तरका प्रशिक्षार्थीहरूको टोलीबिच 'परिवर्तनको लागि नेतृत्वको भूमिका : स्थानीय सरकारसँग साक्षात्कार' विषयमा अन्तरक्रियात्मक कार्यक्रम साउन १८ गते भयो ।

कार्यक्रममा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाका जनप्रतिनिधिहरूले निर्वाचनमा जारी गरेको पार्टीको घोषणापत्रमार्फत जनतालाई दिएको वचन एक एक गरी पूरा गर्दै अगाडि बढिरहेको बताउनुभयो ।

शिक्षा क्षेत्रअन्तर्गत भक्तपुर नपाले रु. ५ लाखसम्म शैक्षिक ऋण, वार्षिक करोडौँ रकम बराबरको छात्रवृत्ति प्रदान, भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषा, अर्थशास्त्रलगायतका विषयमा उच्च शिक्षा हासिल गर्न पी. एच. डी. सम्मका विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, खेलकुद, सम्पदा संरक्षणलगायतका क्षेत्रमा गरिरहेका उपलब्धीमूलक कार्यहरूबारे अवगत गराउनुहुँदै उहाँले सांस्कृतिक र पुरातात्त्विक सम्पदा पुनःनिर्माण र जीर्णोद्धारमा विदेशी सहयोग लिन नहुने विचार व्यक्त गर्नुभयो ।

नगरपालिकाबाट दैनिक सेवा प्रवाहअन्तर्गत गरिने अधिकांश कामहरू वडा तहबाट नै सम्पन्न हुने गरी आवश्यक व्यवस्था गरिएको बताउँदै उहाँले भक्तपुर नपाले स्थानीय जनतालाई सक्षम बनाई स्वायत्तताको अभ्यास गरिरहेको बताउनुभयो ।

टोली सदस्यहरूको जिज्ञासाबारे प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले प्रदेशहरूले जनताको हितमा योजनाबद्ध कामलाई




अगाडि बढाउन नसक्दा प्रदेशको औचित्य माथि नै प्रश्न उठिरहेको बताउनुहुँदै पालिकास्तरबाट हुने कतिपय स–साना विकास निर्माणका कामसमेत प्रदेश र सङ्घले गर्न खोज्नु सङ्घीय भावना विपरीत भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'कर्मचारीको सरुवा, बढुवा र भर्नाको अधिकार स्थानीय तहबाट खोसिएको छ । स्थानीय तह आफैले कर्मचारी भर्ना गर्न नपाउने अवस्थामा स्थानीय तह बलियो र अधिकार सम्पन्न हुन गाऱ्हो छ ।'

सोही क्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले उपभोक्ता समिति र ठेकेदारबाट हुने कार्य भिन्नताबारे प्रष्ट पार्नुहुँदै नगरपालिकाले युवाहरूलाई लक्षित गरेर सघन रूपमा सीपमूलक तालिमहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।




भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले क्षेत्रफलको हिसाबमा देशकै सानो नगरपालिका भएर पनि भक्तपुर नपाले धेरै अनुकरणीय कामहरू गरेको बताउनुभयो ।

टोलीमा जल तथा मौसम विज्ञान विभागका उपमहानिर्देशक डा. अर्चना श्रेष्ठ, श्रम तथा व्यवसायजन्य



सुरक्षा विभागका महानिर्देशक चक्रपाणी पाण्डे, सहसचिव अस्यान तामाङ, कृषि तथा पशुपंछी विकास मन्त्रालय प्रदेश सचिव अमृत श्रेष्ठ, सामाजिक विकास मन्त्रालयका प्रदेश सचिव नवराज ढकाल, कर्णाली प्रदेश सचिव इन्द्रदेव भट्टको सहभागिता थियो। उहाँहरूले नगरपालिकाको सेवा प्रवाह, कार्य सम्पादन, सङ्घ र प्रदेश सरकारसँगको समन्वय, उपभोक्ता मोडल, जग्गा वर्गीकरण, सीप परीक्षण विधि, फोहोर व्यवस्थापन, आर्थिक अनुशासनको विधि आदि विषयमा जिज्ञासा राख्नुभएको थियो।

अध्ययन भ्रमणको क्रममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका सहसचिवस्तरका प्रशिक्षार्थीहरूको टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू ख्वप मावि, ख्वप कलेज, ख्वप कलेज अफ ल, ख्वप इ. कलेज र ख्वप कलेज अफ इ., ख्वप अस्पताल, जनज्योति पुस्तकालय, शिशुस्याहार केन्द्रलगायतको स्थलगत अवलोकन गरेको थियो।

## नगर प्रमुख प्रजापतिसँग पूर्वी चीन प्राविधिक विश्वविद्यालयका डीन प्राध्यापक डा. लिऊ युइ मिङको भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग पूर्वी चीन प्राविधिक विश्वविद्यालयका विदेशी भाषा तथा अन्तर्राष्ट्रिय सञ्चार सङ्कायका डीन प्राध्यापक डा. लिऊ युइ मिङले साउन २८ गते भेट गर्नुभयो।

भेटमा उहाँहरूबिच भक्तपुर नगरपालिका र चिनियाँ



नगरपालिकाहरूबिच मैत्रीपूर्ण सम्बन्धको सम्भावना, ख्वप इन्जिनियरिङ कलेजलगायतका शैक्षिक संस्था र त्रिवि कन्फ्युसियस इन्स्टिच्युटबिच सहकार्य र नगरपालिकाद्वारा सञ्चालित कलेज र पूर्वी चीन प्राविधिक विश्वविद्यालयसँगको सहकार्य र आदानप्रदानको सम्भावनाबारे छलफल भयो।

नगर प्रमुख **प्रजापति**ले नेपाल र चीनको सम्बन्ध धेरै पुरानो भएको बताउनुहुँदै शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खानेपानी, विकास निर्माणलगायत जनताका आधारभूत आवश्यकता पूरा गर्दै आएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले संविधान र कानुनको परिधिभित्र रहेर जनताको सेवा गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले पर्यटन शुल्कबाट उठेको रकम भक्तपुरको सन्तुलित विकासमा खर्च गर्दै आएको बताउनुभयो। उहाँले चीनको विकासबाट नेपालले धेरै कुरा सिक्न बाँकी रहेको बताउनुभयो।

सोही क्रममा प्राध्यापक **लिऊ युइ मिङ**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूको स्थलगत अवलोकन गर्न पाउँदा खुशी लागेको बताउनुहुँदै भक्तपुरको दरबार क्षेत्रले देशको इतिहासलाई आकर्षक ढङ्गले प्रदर्शन गरिरहेको बताउनुभयो। उहाँले सि जि पिङको नेतृत्वमा चिनियाँ विशेषतासहितको समाजवादको विकास गरिरहेको बताउनुभयो।



नगरपालिका र नपाद्वारा सञ्चालित कलेजसँग सहकार्य गर्न तत्पर रहेको बताउनुहुँदै उहाँले चिनियाँ विद्यार्थीहरू विभिन्न देशका विद्यालयहरूमा अध्ययन गर्दै चीनको सामाजिक र आर्थिक प्रगतिमा योगदान गरिरहेको बताउनुभयो।

नगर प्रमुख प्रजापतिले डा. मिङलाई भक्तपुरको भादगाउँले टोपी लगाइदिनुभएर नगरपालिकाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभयो। डा. मिङले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि, ख्वप कलेज, ख्वप कलेज अफ ल, ख्वप इ. कलेज र ख्वप कलेज अफ इ.लगायत शैक्षिक संस्थाहरूको स्थलगत अवलोकन र शिक्षकहरूसँग अन्तरक्रिया गर्नुभएको थियो।

## त्रिवि कन्फ्युसियस इन्स्टिच्युटका निर्देशक चाङ सीननियन भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका निर्देशक चाङ सीननियनले भदौ ९ गते नगरपालिकाको सभाकक्षमा भेट गर्नुभयो। भेटमा उहाँहरूबिच भक्तपुर नगरपालिकामा सञ्चालित शैक्षिक संस्था र त्रिवि कन्फ्युसियस इन्स्टिच्युटबिच सहकार्य स्थापना र चिनियाँ भाषा पठनपाठन विषयमा छलफल भयो।

सो क्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुरका विद्यालय तथा कलेजहरूमा चिनियाँ भाषाका कक्षा सञ्चालन भइरहेको र नगरपालिकाले पनि चिनियाँ भाषालगायत विभिन्न विदेशी भाषाको तालिम सञ्चालन गर्दै आएको बताउनुभयो।

भक्तपुर भित्रिने पर्यटकमध्ये चिनियाँ पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको बताउनुहुँदै उहाँले नगरपालिकाले चिनियाँ भाषाका पथप्रर्शकहरूको व्यवस्था पनि गर्दै आइरहेको बताउनुभयो।

चिनियाँहरूको नेपाल भ्रमणले नेपाली जनताहरूलाई उत्साहित गरेको बताउनुहुँदै उहाँले नेपाल र चीनबिच भौतिक रूपमा नजिक भएजस्तै नेपाल मजदुर किसान पार्टी र चिनियाँ कम्युनिष्ट पार्टीबिच सिद्धान्त र विचारमा पनि नजिक रहेको बताउनुभयो।

नेमकिपा समाजवाद स्थापनाको लागि सङ्घर्षरत देशको कम्युनिष्ट पार्टी हो भन्नुहुँदै उहाँले चिनियाँ कम्युनिष्ट पार्टीको कामबाट नेपालले धेरै सिक्न चाहेको विचार राख्नुभयो।

नेपालका धेरै विद्यार्थीहरू उच्च शिक्षा अध्ययनको सिलसिलामा चीनमा रहेको बताउनुहुँदै उहाँले नेपाली विद्यार्थीहरूलाई छात्रवृत्तिमा अध्ययन गर्ने अवसर दिएकोमा चिनियाँ सरकारप्रति धन्यवादज्ञापन गर्नुभयो।

त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका निर्देशक **चाङ सीननियन**ले नेपालमा सन् २०२२ मा औपचारिक रूपमा उद्घाटन गरिएको त्रिवि कन्फ्युसियस इन्स्टिच्युट स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै यो संस्थानले दुई देशबिच भाषा र सांस्कृतिक आदानप्रदानमा जोड दिँदै आएको बताउनुभयो।

उहाँले दुई देशबिच संस्कृति र पर्यटन आदानप्रदानमा पनि सहकार्य गर्न सकिने धारणा व्यक्त गर्नुहुँदै हाल उक्त इन्स्टिच्युटमा ६ जना चिनियाँ शिक्षकहरू कार्यरत रहेको अवगत गराउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ तथा वागीश्वरी कलेजको स्थलगत अवलोकन गर्नुभएका सीननियनले भक्तपुरमा चिनियाँ भाषा शिक्षणको राम्रो अवसर छ भन्नुभयो।

भक्तपुरमा चिनियाँ भाषाको शिक्षालाई अगाडि बढाउन सके दुई देशबिचको कला, संस्कृति र साहित्यलाई पनि सँगसँगै अगाडि बढाउन टेवा पुग्ने बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकासँग विभिन्न विषयमा सहकार्य गरी अगाडि बढ्न आफूहरू उत्सुक रहेको बताउनुभयो।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका नेपाली पक्ष निर्देशक बलराम दुवाल, चिनियाँ स्वयम्सेवक शिक्षक लुओ चिमेई र चिनियाँ भाषा प्रशिक्षक राजेन्द्र चवालको पनि उपस्थिति रहेको थियो।

नगर प्रमुख प्रजापतिले निर्देशक सीननियनलाई नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो।

## नेपाल मानवीय सम्मेलनमा सहभागी १४ देशका विदेशी टोलीहरूद्वारा भक्तपुर भ्रमण



विश्व मानवीय सम्मेलन २०२५ को अवसरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा आयोजना भएको नेपाल मानवीय सम्मेलनमा सहभागी हुन नेपाल आएका बङ्गलादेश, म्यानमार, अफगानिस्तान, पाकिस्तान, इन्डोनेसिया, फिलिपिन्स, कम्बोडिया, फिजि, इटाली, क्यानाडा, भारत, बेलायत, संरा अमेरिका र आइरल्यान्ड गरी १४ देशका २९ जना विदेशी अतिथिहरूले भदौ ५ गते भक्तपुर भ्रमण गर्नुभयो।

भ्रमण टोलीलाई स्वागत गर्नुहुँदै भक्तपुर नगरपालिका पर्यटन शाखा प्रमुख **गौतमप्रसाद लासिवा**ले २०७२ सालको विनाशकारी भूकम्पमा क्षति भएका भक्तपुरका सम्पदाहरूबारे जानकारी गराउनुभयो।

भक्तपुर नगरपालिकाबाट २०५० सालदेखि नै पर्यटन शुल्क सङ्कलन गरी सम्पदा पुनः निर्माण एवम् संरक्षणमा सदुपयोग गरिरहेको उहाँले बताउनुभयो।

ऐतिहासिक नगर भक्तपुरको कला, संस्कृति संरक्षणमा नगरपालिकाले गरिरहेको योगदान सराहनीय भएको विचार विदेशी टोलीले व्यक्त गरेको थियो।

## दक्षिण एसियाली मुलुकका वास्तुविद्हरू भक्तपुरमा



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले दक्षिण एसियाली मुलुकका वास्तुविद्हरू (आर्किटेक्ट्स) संस्थाका अध्यक्ष, उपाध्यक्ष तथा प्रतिनिधिहरूलाई भदौ ९ गते भक्तपुरको दरबार क्षेत्रमा स्वागत गर्नुभयो।

सोही क्रममा उपप्रमुख जोशीले भक्तपुर दरबार क्षेत्रमा अवस्थित ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको पनि अवलोकन गराउनुभयो।

## उपप्रमुख जोशीसँग दक्षिण कोरियाको छ्योङ्याङ्गुन खेलकुद परिषद्का अध्यक्ष सियोकको भेट



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीसँग दक्षिण कोरियाको छ्योङ्याङ्गुन खेलकुद परिषद्का अध्यक्ष हान ग्वाङ सियोकसहितको प्रतिनिधिमण्डलले भदौ १३ गते भेट गर्‍यो। नगर उपप्रमुख रजनी जोशीले प्रतिनिधिमण्डललाई खादा, भादगाउँले टोपीले स्वागत गर्नुभयो।

भेटमा नगर उपप्रमुख **जोशी**ले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, खेलकुद, सम्पदा संरक्षण, सरसफाइमा नगरपालिकाले गरिरहेका गतिविधिबारे प्रष्ट पार्नुभयो। उहाँले जनताको साथ र सहयोगले भक्तपुरलाई आत्मनिर्भर बनाउने प्रयत्न गरिरहेको बताउनुहुँदै नगरपालिकाले शिशुस्याहारदेखि विश्वविद्यालय सञ्चालन गर्ने नीतिका साथ अगाडि बढिरहेको बताउनुभयो।

त्यस्ते अध्यक्ष सियोकले सांस्कृतिक सहर भक्तपुरको भ्रमण गर्न पाएकोमा खुसी व्यक्त गर्नुहुँदै दक्षिण कोरियास्थित छुङ छियोङ प्रान्तले शिक्षा र खेलकुद क्षेत्रमा भक्तपुरले जस्तै प्राथमिकतामा राखी काम गर्दै आएको बताउनुभयो।

उपप्रमुख जोशीले अध्यक्ष सियोकलाई नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**हाउस वायरिङ (Building Electrician) र आधारभूत कम्प्युटर तालिमसम्बन्धी सूचना**

प्रकाशित मिति : २०८२।०५।१९ गते

भक्तपुर नगरपालिकाको आयोजनामा हाउस वायरिङ (Building Electrician) र आधारभूत कम्प्युटर तालिम सञ्चालन हुने भएकोले इच्छुक एस.ई.ई. वा सो सरह उत्तीर्ण नगरवासीहरूले १५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा, कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीको लागि आ-आफ्नो वडा कार्यालयहरूमा सम्पर्क गर्नुहोला।

**नोट :**
- निवेदन फाराम सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध गराइनेछ।
- फाराम तथा टिकट दस्तुर रु. ११०।- लाग्नेछ।
- मासिक शुल्क रु. ५००।- लाग्नेछ।
- निवेदनका साथ नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।
- तालिम हुने समय साँझ ४:०० बजेदेखि ६:०० बजेसम्म।

# विविध समाचार

## तःमुंज्या काम गरी खाने वर्गको साझा दबु



'जनता म्वासा भाषा म्वाई' भन्ने नाराका साथ प्रत्येक वर्ष हुँदै आएको नेपालभाषा साहित्य तःमुंज्या यो वर्ष भनपा वडा नं. २ इटाछेँस्थित नःपुखू परिसरमा हुने भएको छ। उक्त तःमुंज्या सफल पार्न साउन १८ गते टोलका किसान, मजदुर, युवा, विद्यार्थी, शिक्षक, व्यापारी, बुद्धिजीवी, महिला, कलाकार तथा साहित्यप्रेमीहरूको भेला भयो।

उक्त भेलाले पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाको संयोजकत्वमा ४५ सदस्यीय ग्वःसाखल (आयोजक समिति) गठन गरेको छ।

भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव **प्रेम सुवाल**ले भन्नुभयो, 'नेपालभाषा साहित्य तःमुंज्या काम गरी खाने वर्गको साझा दबु हो। यो देश र जनताको निःस्वार्थ सेवा गर्न राजनीतिबाट प्रेरित दबु हो। यो प्रेरणा नेपालभाषा साहित्य तःमुंज्यालाई नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले दिनुभएको हो।'

उहाँले भन्नुभयो, 'अध्यक्ष बिजुक्छेँले 'एक घर एक स्नातक' विद्यार्थी तयार गर्ने योजना अघि सार्नुभयो। ख्वप विश्वविद्यालय सञ्चालन गरी देशव्यापी बनाउने योजना अध्यक्ष बिजुक्छेँको हो। तर, सरकारमा गएकाहरू सङ्कीर्ण हुँदा यो योजनामा अवरोध भइरहेको छ। आशा गरौँ, अवरोध छिट्टै हटिने छ।'

'भूमिसम्बन्धी नवौँ संशोधन विधेयकमा केही हजार भूमिहीन दलितलाई देखाएर लाखौँ सङ्ख्यामा अव्यवस्थित बसोबासीलाई राजमार्ग दायाँबायाँको, वन र निकुञ्जको जग्गा दिने सरकारको तयारी छ। यसमा ठूलै भ्रष्टाचार हुने सम्भावना छ। कर्मचारी सरुवा गर्न मन्त्रालयका एमाले मन्त्रीले भ्रष्टाचारमा परेपछि राजीनामा दिए। एमालेका अर्का भूमिमन्त्री पनि भ्रष्टाचारमा परेको सार्वजनिक भइरहेको छ। भिजिट भिसा, जलविद्युत्लगायत भ्रष्टाचारमा नेकाका मन्त्रीहरूको नाम जोडिएको छ,' उहाँले भन्नुभयो।

'हदबन्दीभन्दा बढी जग्गा स्वतः राज्यको हुने हो। भूमि विधेयकमा हदबन्दीभन्दा बढी जग्गा भएका निजी कम्पनीहरू बन्द भएमा, ऋण तिर्नुपरेमा, सट्टापट्टा गर्नुपरेमा प्लटिङ गरेका जग्गाहरू बिक्री गर्न दिने प्रावधान राखिएको छ। यी प्रावधान सोझै भ्रष्टाचारसँग जोडिएको छ। जनताले यो विधेयकलाई यसकारण विरोध गर्दै छन्। संसद्मा हामीले पनि खबरदारी गर्दै छौँ,' उहाँले भन्नुभयो।

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष **आशाकुमार चिकंबञ्जार**को सभापतित्वमा भएको सो भेलामा नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि **लक्ष्मीभक्त लासिवा**, तःमुंज्याका **नरेश खत्री**, **रवीन्द्र खर्बुजा** र **श्यामसुन्दर मातां**ले पनि बोल्नुभएको थियो।

आयोजक समितिको उपाध्यक्षमा श्यामसुन्दर मातां, सचिवमा राजन जति, सहसचिवमा सिद्धिराम सुवाल र कोषाध्यक्षमा प्रनेश बाटी रहनुभएको छ।

## भाषा साहित्य र संस्कृतिलाई जीवन्तता दिन राजनीतिक चेत आवश्यक




भक्तपुर, २२ साउन। नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले हाम्रो कला, भाषा, संस्कृति, सम्पदा, साहित्यलाई जीवन्तता दिन हरेक नागरिकहरूमा राजनीतिक चेत आवश्यक भएको बताउनुभयो।

पैतालीसौँ नेपालभाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक कार्यक्रमको आयोजक समिति (ग्वःसाखल) को कार्यालयको उद्घाटन गर्नुहुँदै उहाँले जनताको सेवा गरेर नै जनताको

विश्वास जित्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सत्य र न्यायको निम्ति लड्ने भावनाको विकास भएन र गरिएन भने समाजमा विकृति र विसङ्गति बढ्ने उल्लेख गर्नुहुँदै प्रदेश सांसद गोसाईले सिद्धान्त र विचारको ख्याल नगरी, वर्गीय आन्दोलन नगरी भाषा भाषा मात्र भनी चिच्याएर भाषा, साहित्य र संस्कृतिको संवर्द्धन नहुने बताउनुभयो ।

देश जोगाउन लागी नपर्ने, विदेशी शक्ति राष्ट्रसामु आत्मसमर्पण गर्ने दल, दलका नेता, कार्यकर्ता तथा भाषा अभियन्ताहरूले भाषाको संरक्षण गर्न नसक्ने बताउनुभयो ।

'देशद्रोही र जनद्रोहीविरुद्ध नलड्ने, भारतीय एकाधिकार र भारतीय पूँजीको विरोध नगर्ने कुनै पनि भाषासेवीहरू सच्चा हुँदैनन् । भ्रष्टाचारीले जस्तोसुकै भाषा विकासको कुरा उठाए पनि उनीहरू सद्दे हुँदैनन्', उहाँले भन्नुभयो ।

एमसीसी सम्झौताको समर्थन गर्ने, भुटानी शरणार्थीलाई नक्कली नेपाली बनाएर अमेरिका पठाउने, महाकाली सन्धिको समर्थन गर्नेहरू सच्चा देशभक्त नहुने उल्लेख गर्नुहुँदै उहाँले अमेरिकाको सहयोगमा इजरायलले प्यालेस्टिनमा जातीय नरसंहार अभियान चलाएर ध्वस्त बनाइरहेको चर्चा गर्नुभयो ।

काण्डै काण्ड र बेथितिको देश बनिरहेकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले मन्त्रीहरू नै भ्रष्टाचार काण्डमा मुछिरहेको बताउनुभयो ।

देशद्रोही र देशघातीको पछि लागेर देश नबन्ने उल्लेख गर्नुहुँदै उहाँले यहाँका दक्ष जनशक्ति विदेशमा पठाएर देश कसरी बन्छ भन्नुभयो ।

लाखौं युवा-विद्यार्थी विदेश पठाएर देशलाई अशक्त, वृद्धवृद्धा र बालबालिकाको देश बनाउन लागेको उल्लेख गर्नुहुँदै उहाँले कम्युनिस्ट भनिने एमाले नेकाको पछि लागेर पूँजीपतिवर्गको पक्षपोषण गर्न लागेको बताउनुभयो ।

मजदुर किसानले नै साहित्य लेख्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले चिनियाँ साहित्यकार लु सुनले मजदुर र किसानको सेवा गर्न नै उहाँले प्रगतिशील साहित्य रच्नु भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नेपालभाषा साहित्य तःमुंज्या वर्गीय चेतना दिने साहित्यिक र सांस्कृतिक मञ्च हो; देशका विभिन्न विज्ञहरूको अनुभव र ज्ञान सिक्ने थलो हो ।'

विदेशीसँग माग्ने हाम्रो संस्कृति होइन; आत्मसमर्पण गर्ने नेपाली संस्कृति होइन; देशलाई आत्मनिर्भर बनाउन आफ्नै खुट्टामा उभेर काम गर्नुपर्छ, उहाँले भन्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका उपाध्यक्ष **लक्ष्मीभक्त लासिवा**ले जनआन्दोलनले व्यवस्था बदले पनि जनताको उद्देश्य पूरा नभएको हुँदा अझै आन्दोलनको आवश्यकता छ भन्नुभयो ।

देशको विभिन्न ठाउँमा भइरहेको सीमा अतिक्रमणको विरोध गर्नुपर्ने औँल्याउनुहुँदै उहाँले तःमुंज्याले राजनीतिक चेतना जगाइरहेको उल्लेख गर्नुभयो ।

नेपालभाषा साहित्य तः मुंज्याका अध्यक्ष **आशाकुमार चिकंबञ्जार**ले तःमुंज्या श्रमजीवीवर्गका जनतालाई जगाउने राजनीतिक चेतना दिने विश्वविद्यालय हो भन्नुभयो ।

जनताको हक, अधिकार, भाषा, साहित्य र संस्कृतिको संरक्षण, संवर्द्धन र विस्तारको निम्ति सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले नागरिकहरू वर्गीय भावनाबाट टाढा हुन नसक्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष **रवीन्द्र खर्बुजा**को सभापतित्वमा भएको सो कार्यालय उद्घाटन समारोहमा उपाध्यक्ष **श्यामसुन्दर मातां** र सचिव **राजन जति**ले पनि तःमुंज्याको इतिहास र आवश्यकताबारे चर्चा गर्नुभयो ।

## बाह्र वर्षे चण्डेश्वरी जात्रा



भक्तपुरको ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको चण्डेश्वरी अजिमाको १२ वर्षे जात्रा यस वर्ष गत साउन २६ गते धुमधामका साथ आयोजना भयो ।

हरेक वर्ष धातुबाट निर्मित चासुः अजिमाको जात्रा परम्पराअनुसार मनाइने भए पनि, प्रत्येक १२ वर्षमा सापारु/गाईजात्राको भोलिपल्ट चापको काठबाट निर्मित विशेष मूर्तिलाई सानो खटमा राखी भक्तपुर नगर परिक्रमा गराउने प्रथा रहेको छ । चापको काठबाट बनेकी, अस्त्र-शस्त्रले सुशोभित, मयूरवाहन चण्डेश्वरी अजिमाको यो जात्रा भक्तजनको ठूलो आकर्षणको केन्द्र हुने गर्दछ ।

इतिहास अनुसार, १२ वर्षे जात्रा २०४२ सालमा पुनः सुरु गरिएको हो । त्यसअघि ३० वर्षसम्म यो विशेष जात्रा सञ्चालन हुन सकेको थिएन । २०४२ सालमा मन्दिरको द्यःछेँ पुनर्निर्माणपछि धानबालीमा समस्या देखिएपछि जात्रा सुरु गरिएको थियो । त्यसपछि २०५२ सालमा बाढी-पहिरो,



२०६२ सालमा मूर्ति चोरी र २०७२ सालमा महाभूकम्पजस्ता विपत् पछि पनि यो विशेष जात्रा सम्पन्न गरिएको छ। कतिपय अवस्थामा १२ वर्षको सट्टा १० वर्षमै जात्रा गर्नुपरेको उदाहरणहरू पनि रहेका छन्।

परम्पराअनुसार, जब भक्तपुर वा मुलुकमा कुनै ठूलो अनिष्ट घट्छ, त्यस बेला पनि चण्डेश्वरी अजिमालाई नगर परिक्रमा गराउने चलन रहिआएको छ। यस वर्षको १२ वर्षे जात्रामा पनि भक्तपुर नगरवासी तथा विभिन्न स्थानका श्रद्धालुहरूको ठूलो सहभागिता रहेको थियो।

## शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले मनायो विश्व अङ्गदान दिवस




स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदिप पौडेलको प्रमुख आतिथ्यमा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले साउन २८ गते विश्व अङ्गदान दिवस मनायो।

कार्यक्रममा मन्त्री **पौडेल**ले मस्तिष्क मृत्युपछि गरिने अङ्गदानलाई प्रोत्साहन गर्न खोजिरहेको बताउनुहुँदै अङ्गदानले धेरैको ज्यान बचाउन सघाउ पुऱ्याउने हुँदा यसबारे जनतालाई सचेत बनाउनुपर्ने बताउनुभयो।

प्रत्यारोपण सेवालाई सातवटै प्रदेशमा विस्तार गर्ने योजना रहेको बताउनुहुँदै उहाँले विशिष्टीकृत उपचारलाई काठमाडौँ उपत्यका बाहिर विस्तार गर्दै लाने नीति मन्त्रालयले लिएको बताउनुभयो।

सङ्घीय सरकारअन्तर्गतका अस्पतालहरूमा आवश्यकताअनुसार दक्ष जनशक्ति, उपकरण र पूर्वाधारको व्यवस्था गर्ने प्रयास गरिरहेको बताउनुहुँदै उहाँले सरकारी अस्पतालप्रति नागरिकको विश्वास कायम हुने ढङ्गले काम गरिरहेको बताउनुभयो।

मन्त्री पौडेलले स्वास्थ्य क्षेत्रलाई सस्तो, गुणस्तरीय र विश्वसनीय बनाउने प्रयासमा जुटेको बताउनुहुँदै भक्तपुर स्वास्थ्य उपचारको हबको रूपमा विकास भइरहेको र अझ प्रगतिउन्मुख भएर लाग्न प्रेरित गर्नुभयो।

प्रत्यारोपणको विषयलाई पनि स्वास्थ्य बीमासँग जोड्दै लाने योजना रहेको तर यस्तै हिसाबले भए बीमा सेवा सञ्चालन गर्न नसक्ने, आफै बन्द हुने बताउनुहुँदै उहाँले विभिन्न अस्पतालमा क्यान्सर परीक्षणका लागि आवश्यक पर्ने पेट सिटी स्क्यान मेसिनहरू विस्तार गर्दै लगिने बताउनुभयो।

नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले भक्तपुर अस्पताल, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र र भक्तपुर क्यान्सर अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा अगाडि सार्नुपर्ने बताउनुभयो।

गरिबीका कारण मानव अङ्ग बेचबिखन हुने स्थितिलाई अन्त्य गर्नुपर्नेतर्फ जोड दिनुहुँदै उहाँले स्वास्थ्य संस्थाहरूको लागि आवश्यक विभिन्न पदका कर्मचारीहरूको पदपूर्तिको लागि यथाशक्य छिटो विज्ञापन खोल्नेतर्फ स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो।

अङ्गदान आफैमा एउटा मानव धर्म र सेवासँग जोडिएको विषय हो भन्नुहुँदै उहाँले मस्तिष्क मृत्युपश्चात हुने अङ्गदानबारे व्यापक जनतालाई सचेत पार्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

प्रतिनिधिसभाका सांसद **दुर्लभ थापा**ले भक्तपुरको प्रत्यारोपण केन्द्रमा बिरामीको चाप बढेसँगै शय्या अभाव र सेवा विस्तारले ठाउँ अभाव भएको हुँदा अस्पताललाई उपयुक्त ठाउँमा स्थानान्तरण गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले मस्तिष्क मृत्युपश्चात हुने अङ्गदान र प्रत्यारोपण गर्ने ऐतिहासिक कार्यको सुरुवात हुनु नै स्वास्थ्य क्षेत्रको लागि ठूलो उपलब्धी भएको बताउनुहुँदै नेपालमै मृगौला र कलेजो प्रत्यारोपणले

राज्यको अर्बौं रुपैयाँ विदेशिनबाट जोगिएको बताउनुभयो।

स्वास्थ्य क्षेत्र सरकारको दायित्व हो भन्नुहुँदै उहाँले स्वास्थ्य बीमा सेवालाई अझ प्रभावकारी ढङ्गले सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयको अग्रसरता आवश्यक भएको बताउनुभयो।

नपाद्वारा सञ्चालित ख्वप अस्पतालले वार्षिक २ लाख ८० हजार बिरामीलाई सेवा प्रदान गरेको बताउनुहुँदै उहाँले हालसम्म २५ करोडभन्दा बढी बीमाको भुक्तानी बाँकी रहेको कारण अस्पताल सञ्चालनमा समस्या आएको बताउनुभयो।

उहाँले हाल घोषणा गरेबमोजिम एक लाखको बीमा व्यवस्थित नभएको अवस्थामा ५ लाखको बीमा सुविधा दिने मन्त्रीको घोषणा चर्चामै सीमित रहेको उल्लेख गर्नुभयो।

अस्पतालका कार्यकारी निर्देशक **पुकारचन्द्र श्रेष्ठ**ले नेपालमा कलेजो र मृगौला प्रत्यारोपण सेवाको सुरुवात भएसँगै बिरामीहरूलाई आर्थिक र मानसिक रूपमा धेरै सहज भएको बताउनुहुँदै प्रत्यारोपण सेवालाई सातै प्रदेशमा विस्तार गर्ने लक्ष्य अस्पतालको रहेको बताउनुभयो।

कार्यक्रममा प्रत्यारोपणका संयोजक डा. **कल्पनाकुमारी श्रेष्ठ**ले स्वागत गर्नुभएको थियो भने अङ्गदाता र अङ्ग ग्रहणकर्ता प्रतिनिधिले पनि बोल्नुभएको थियो।

## गीत, सङ्गीत, कला र नृत्यहरू समाजको पहिचान हो

## - अध्यक्ष बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ तथा कला, सम्पदा संस्कृति समेतका मर्मज्ञ नारायणमान बिजुक्छेँले जेन्युइन स्कुलको प्राङ्गणमा एक कार्यक्रमबिच स्कुलका विद्यार्थीहरूले साउन ३० गते प्रस्तुत गरेको महाकाली नाचको अभिरुचिका साथ अवलोकन गर्नुभयो।

विद्यालयले गत वर्षदेखि प्रशिक्षण दिँदै आएको उक्त महाकाली नाचको अवलोकनपश्चात् अध्यक्ष **बिजुक्छेँ**ले नाच एक मनोरञ्जन मात्र नभई शारीरिक कसरत पनि भएको र यसमा प्रयोग गरिने बाजा गाजाको आविष्कारसमेत सदियौँ पहिले नै भएको बताउनुभयो।

कला र संस्कृतिबारेमा परापूर्व कालदेखि नै महाकाव्यहरूमा उल्लेख हुँदै आएको बताउनुहुँदै उहाँले भन्नुभयो, 'नाचगान, कला-संस्कृति भनेको हाम्रो सम्पत्ति हो; नाचगानमा प्रयोग हुने हरेक बोल, हाउभाउ एवम् भेष भूषाको अर्थ हुन्छ; त्यसको अर्थ नबुझ्ने हो भने हामी त्यसप्रति गम्भीर हुन सकेका छैनौं भन्ने हुन्छ।'

टोल-टोलमा देखाइने नाचहरूजस्तै नवदुर्गा नाचको पनि विशेष अर्थ रहेको चर्चा गर्नुहुँदै उहाँले नवदुर्गा नाच दैनिक जीवनसँग सम्बन्धित भएको र यसले परिवार तथा समाजमा नैतिक शिक्षाको सन्देशसमेत दिने बताउनुभयो।

भावनात्मक अर्थ बोकेका यस्ता संस्कृतिहरूको संरक्षण गरी नयाँ पुस्तामा हस्तान्तरण गर्नु विद्यालय र सङ्घसंस्थाहरूको दायित्वसमेत भएको उहाँले बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले पनि अभिरुचिपूर्वक नाचको अवलोकन गरी विद्यार्थी भाइबहिनीहरूलाई हौसला र माया प्रकट गर्नुभयो।

कार्यक्रममा जेन्युइन स्कूलका निमित्त प्रिन्सिपल **राजन धौभडेल**ले विद्यालयमा सञ्चालित उक्त महाकाली नाचको वस्तुस्थितिको बारेमा जानकारी दिनुहुँदै प्रमुख व्यक्तित्व अध्यक्ष बिजुक्छेँ एवम् भक्तपुर नगरपालिकाका उपप्रमुखलगायत सम्पूर्ण अभिभावक, शिक्षक-शिक्षिका, कर्मचारी, विद्यार्थी भाइबहिनीहरूलाई स्वागत गर्नुभएको थियो।

कार्यक्रममा विभिन्न कक्षामा अध्ययनरत ३१ जनाको टोलीले महाकाली नाचअन्तर्गत चल्ती, कोटा, बेताल, ख्यागोरा नाच, कवांचा नाच, जङ्गली नाच र दैत्य नाचको प्रस्तुति दिएको थियो।

## पाठशाला नेपाल फाउन्डेसनका विद्यार्थीहरू भक्तपुर नपाको अध्ययन भ्रमणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग काठमाडौँस्थित पाठशाला नेपाल फाउन्डेसनका विद्यार्थीहरूको साक्षात्कार कार्यक्रम भदौ १ गते नपा सभाकक्षमा भयो ।

भक्तपुरको ऐतिहासिक एवम् सांस्कृतिक सम्पदा अवलोकन तथा नगरपालिकाको सेवाप्रवाहबारे जानकारी लिने उद्देश्यले पाठशाला नेपालका फाउन्डेसनका विद्यार्थीहरू भक्तपुर भ्रमणमा आएका थिए ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुर देशकै लागि सुशासनमा नमुनाको रूपमा अगाडि बढिरहेको बताउनुहुँदै पारदर्शिता, इमानदारी र आर्थिक सुशासनमार्फत भक्तपुरले समृद्धि हासिल गरिरहेको बताउनुभयो ।

शैक्षिक गुणस्तरमा प्रतिस्पर्धाको नीतिले भक्तपुरको शैक्षिक प्रगति सम्भव भएको बताउनुहुँदै उहाँले नगरपालिकाले सामुदायिक र संस्थागत विद्यालयहरूलाई समान व्यवहार गर्दै विद्यार्थीलाई योग्य बनाउने नीति अवलम्बन गर्दै आएको बताउनुभयो ।

भक्तपुरका लोपोन्मुख अवस्थामा रहेका मूर्त र अमूर्त सम्पदाहरूलाई भक्तपुर नपाले प्राथमिकताको आधारमा संरक्षण र संवर्द्धन गर्दै आएको बताउनुहुँदै उहाँले नयाँ पुस्तालाई सम्पदाको महत्त्वबारे जानकारी दिन विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गर्दै आएको बताउनुभयो ।

भक्तपुरको शैक्षिक नतिजा प्रगतिउन्मुख बनिरहेको प्रसङ्ग जोड्नुहुँदै उहाँले नपाबाट सञ्चालित कलेजले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै देशकै नमुना कलेजको रूपमा सञ्चालन भइरहेको बताउनुभयो ।



क्षेत्रफलको हिसाबले देशकै सानो भक्तपुर नगरपालिकालाई आत्मनिर्भर बनाउने प्रयत्न गरिरहेको बताउनुहुँदै उहाँले विदेशी सहयोगबिना नै भक्तपुरका सयौँ सम्पदाहरू जनताको साथ र सहयोगमा ठडिएको उदाहरणीय कामहरू भएको बताउनुभयो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्रो. **लोकराज दुलाल**ले भक्तपुरका कला संस्कृतिबाट देशविदेशका पर्यटकहरू लोभ्याउने खालका रहेको बताउनुहुँदै भक्तपुर एउटा जीवित सङ्ग्रहालयको रूपमा रहेको बताउनुभयो ।

उहाँले भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण तथा विकास निर्माणका कार्यहरू पनि उदाहरणीय कार्य भइरहेको बताउनुहुँदै अध्ययन अनुसन्धानको लागि उपयुक्त थलोको रूपमा पनि भक्तपुरको विकास हुँदै आएको बताउनुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले पाठशाला स्कुललाई नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।

## निसर्ग वाटिका विद्यालयका विद्यार्थीहरू भक्तपुर अध्ययन भ्रमणमा



काठमाडौँ कलंकीस्थित निसर्ग वाटिका विद्यालय कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूले भदौ ३ गते भक्तपुर अध्ययन भ्रमणका क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग साक्षात्कार गरेका छन् ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुरको भूगोल, जनसङ्ख्या, कला संस्कृति, सम्पदा संरक्षण, शैक्षिक अवस्था, विकास मोडल, वातावरण संरक्षणमा गरिरहेका गतिविधिहरूबारे अवगत गराउनुहुँदै भक्तपुरलाई संसारकै आकर्षक र पर्यटकीय गन्तव्यस्थल बनाउन नवीनत्तम पाइलाहरू चालिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले देशको लागि आवश्यक उत्कृष्ट जनशक्तिहरू उत्पादन गरिरहेको बताउनुहुँदै उहाँले नपाले प्रदान गर्दै आएको शैक्षिक ऋण र छात्रवृत्तिबाट धेरै विद्यार्थीहरू लाभान्वित भएका छन् भन्नुभयो ।

प्रमुख प्रजापतिले गगनचुम्बी भवन र चौडा सडक बनाउनुमात्र विकास होइन भन्नुहुँदै भक्तपुर नपाले भक्तपुरको सन्तुलित विकास गर्न यहाँको भौतिक विकास सँगसँगै जनचेतनाको पनि विकास गरिरहेको बताउनुभयो ।

भक्तपुरका सम्पदाहरू अवलोकन गर्न देश विदेशबाट पर्यटकहरू आउने क्रम बढिरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले नगरका सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम अध्ययन

अध्यापन गराउँदै यहाँका कला संस्कृति, जात्रा पर्व, विशिष्ट व्यक्तिहरूको जीवनी आदि अध्यापनमा जोड दिँदै आएको बताउनुभयो ।

निसर्ग वाटिका स्कूलको सामाजिक विषयका शिक्षिका **रेगिना चित्रकार**ले सामाजिक विषय अध्ययनअन्तगर्त निसर्ग वाटिका स्कुलले भक्तपुरको शैक्षिक अध्ययन भ्रमण गर्न पाएकोमा खुसी व्यक्त गर्नुहुँदै नगरपालिकाले सबै क्षेत्रमा उत्कृष्ट काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले भक्तपुरको विकास मोडल, नपाले प्रदान गर्दै आएको शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था, भक्तपुरमा जलवायु परिवर्तनको असर, पोखरीको पानीको स्रोत संरक्षण आदिबारे जिज्ञासा राखेका थिए ।

नगर प्रमुख प्रजापतिले शिक्षिका रेगिना चित्रकारमार्फत विद्यालयको लागि नपाका प्रकाशनहरू प्रदान गर्नुभयो ।

## पञ्चदान पर्व भव्य रूपमा मनाइयो



प्रत्येक वर्ष भाद्रकृष्ण त्रयोदशीका दिन बौद्ध दर्शनमा पवित्र मानिएको दानको महत्त्व दर्साउने पञ्चदान पर्व बौद्धमार्गीहरूले भदौ ५ गते भव्य रूपमा मनाइयो ।

पञ्चदान पर्व मल्ल राजा नरेश मल्लको शासनकालमा नेपाल संवत् ७७५ मा जयदेव बज्राचार्यले सुरू गरेको मानिन्छ ।

पाँच दीपङ्करहरूलाई भक्तपुर नपा-९ सूर्यमढीस्थित आदिपद्म महाविहारमा भेला गराएर त्यहाँ विशेष पूजा सम्पन्न गरेपछि पाँच दीपङ्कर बुद्धलाई बाजागाजासहित भक्तपुर नगरका १० वटै वडाका टोलटोलमा परिक्रममा गराइयो ।

भक्तपुर नगरपालिकाको क्वाठन्डौस्थित प्रशन्नशील महाविहार, गोल्मढीको झौरबही, साकोठाको चतुर्ब्रम्ह महाविहार, इताछेँस्थित थथुबही अर्थात् जयकीर्ति विहार र भार्वाचोको कुथुबही अर्थात् बौद्ध समकृत विहारमा रहेका दीपङ्करहरूलाई भक्तपुर नगर परिक्रमा गराइएको छ ।

पर्वमा बौद्धमार्गी नेवारहरूले आफ्नो वरपर रहेका विभिन्न विहार, बही, चोक र घरमा दानशाला बनाई अन्न, फलफूल र दक्षिणा दान दिएका छन् । बुद्ध धर्मका अनुयायी बज्राचार्य, बुद्धाचार्य, शाक्यलगायत भने उक्त टोल टोल पुगेर अन्न, फलफूल र दक्षिणा दान लिन दिनभर भिक्षाटनमा सहभागी भएका छन् ।

काठमाडौँ उपत्यका र अन्यत्र मनाइने पञ्चदान पर्वभन्दा भक्तपुरको पञ्चदान पर्व फरक र विशेष किसिमको रहेको स्थानीय देवचन्द्र बज्राचार्यले जानकारी दिनुभयो ।

दीपङ्कर बुद्धसँगै बौद्धमार्गीहरू बौद्ध परम्पराअनुसार पिण्डपात्र (गुलुपा) हातमा लिएर भिक्षाटनमा सहभागी हुने बज्राचार्यले जानकारी दिनुभयो । भक्तपुर नगरको पूर्व आदिपद्म महाविहारबाट सुरू भएको पूजा नगरको पश्चिम थथुबहीमा पुगेर सम्पन्न गरिने परम्परा छ ।

भक्तपुरको पञ्चदानको प्रमुख विशेषता गुँलाबाजा बजाउनुलाई मानिन्छ । टौमढीमा बौद्धमार्गीहरूले दान गाथा र स्त्रोत्र वाचनसँगै गुँला बाजा बजाउने परम्परा रहेको छ । बौद्धमार्गीहरूको पञ्चदान पर्वमा मात्रै बजाईने गुँला बाजा दीपङ्कर बुद्ध यात्राको क्रममा परम्परागत गुँला धाः बाजा, प्वंगाबाजा, दाफा भजन श्रृङ्गभेरी बाजाको साङ्गीतिक समूहहरूले आआफ्नो बाजाको प्रदर्शनी गर्ने प्रचलन रहेको छ । विहार र बहीहरूमा संरक्षित बौद्ध सम्पदाहरूको प्रदर्शनसमेत गर्ने परम्परा रहेको छ ।

बौद्धमार्गीहरूले आफू बुद्धका अनुयायी भएको कारण आफूले आर्जन गरेको आयको केही अंश दानका लागि राख्ने र पञ्चदान पर्वमा सोही दान गर्ने प्रचलन रहँदै आएको राजुमान बज्राचार्यले बताउनुभयो । देवचन्द्र बज्राचार्यले पाँच दीपङ्कर बुद्धलाई पाँच पाण्डव भनेर विभिन्न समाचारदेखि व्यक्तिहरूले चर्चा गरेकोमा गुनासो गर्दै यो पाँच पाण्डव नभई पाँच दीपङ्कर भएको स्पष्ट पार्नुभयो ।

## एभरेष्टका विद्यार्थीहरू भक्तपुर नपाको शैक्षिक अध्ययन भ्रमणमा



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीसँग भक्तपुरको शैक्षिक अध्ययन भ्रमणमा आएका एभरेष्ट इङ्‌लिश स्कूलका विद्यार्थीहरूले भदौ ५ गते साक्षात्कार गरेका छन् ।

कार्यक्रममा उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको सङ्‌क्षिप्त परिचयसहित नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइलगायतका क्षेत्रमा हालसम्म गरिरहेको कामहरूबारे प्रकाश पार्नुभयो ।



भक्तपुर नगरपालिकाले नपालाई आवश्यक नीति निर्माण गरी त्यसको कार्यान्वयन गर्ने र व्यापक जनताको हितको निम्ति शिक्षा र स्वास्थ्य जस्ता विषयहरू न्यून शुल्कमा सेवा प्रदान गर्दै समाजवादउन्मुख काम गर्दै आएको बताउनुहुँदै उहाँले भक्तपुरको औद्योगिक क्षेत्रलाई स्थानान्तरण गर्न आवश्यक पहल गरिरहेको पनि बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित १०० शय्याको ख्वप अस्पतालबाट न्यून शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा पनि प्रदान गर्दै आएको बताउनुहुँदै उपप्रमुख जोशीले नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि निरन्तर पहल गर्दै आएको बताउनुभयो ।

## ‘भक्तपुर काण्ड’ को विरोध एवम् भर्त्सना कार्यक्रम




नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले पञ्चायती सरकारले रचेको षड्‌यन्त्र ‘भक्तपुर काण्ड’ को विरोध एवम् भर्त्सना कार्यक्रम भदौ ६ गते भक्तपुर नपाको सभाकक्षमा भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले समाज, देश र जनताको लागि नि:स्वार्थपूर्वक सेवामा लाग्ने नेता र कार्यकर्ताहरूविरुद्ध कुनै पनि षड्‌यन्त्र हुन सक्नेतर्फ सचेत र सङ्गठित भएर बस्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर काण्ड नेपालको राजनैतिक इतिहासमा राज्यस्तरबाट रचिएको नियोजित षडयन्त्र हो भन्नुहुँदै इतिहास दोहोरिन्छ तर फरक ढङ्गले, त्यसकारण यस्ता षड्‌यन्त्रहरू फेरि फेरि पनि हुन सक्नेतर्फ सजग हुनुपर्ने बताउनुहुँदै राजनैतिक रूपले सचेत र सङ्गठित व्यक्ति जस्तोसुकै सङ्कट सामना गर्न सक्षम हुने उहाँले बताउनुभयो ।

नेमकिपाले प्रतिकृयावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिअनुसार पञ्चायती व्यवस्थाले गरेका हरेक निर्वाचनलाई उपयोग गरी पञ्चायत विरोधी सङ्‌घर्षलाई तीव्र बनाउँदै लगेको स्पष्ट पार्नुहुँदै उहाँले नेमकिपाले निर्वाचनलाई उपयोग गरेर पञ्चायतका विकृतिहरू जनतासमक्ष उदाङ्ग्याउने काम गरेको बताउनुभयो ।

कामदार वर्गले निरन्तर पूँजीपति वर्गको विरुद्ध सम्झौताहीन सङ्‌घर्ष गर्नुपर्ने र शत्रुसामु लचिलो नभई झन् कठोर भएर प्रस्तुत हुनुपर्ने पाठ भक्तपुर काण्डले सिकाएको प्रमुख प्रजापतिले स्पष्ट पार्नुभयो ।



भक्तपुर काण्डले महिलाहरूलाई पनि राजनैतिक रूपमा सङ्गठित हुन सिकाएको बताउनुहुँदै उहाँले कम्युनिष्टहरूले कसरी राम्रो काम गर्छ भन्ने उदाहरण भक्तपुरले देखाएको बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर काण्डजस्तो षड्‌यन्त्र जुनसुकै बेला फेरि दोहोरिन सक्छ भन्नुहुँदै नेमकिपाले हरेक वर्ष भक्तपुर काण्डको भर्त्सना गर्दै नयाँ पुस्तालाई सचेत पार्ने काम गर्दै आएको बताउनुभयो ।

नेमकिपाले बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोहियानी हक संरक्षणको आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलन गर्दै सामन्तवाद तथा पूँजीवादविरोधी आन्दोलनमा सकृय भूमिका खेल्दै आएको बताउनुहुँदै उहाँले असल मानिसलाई

फसाउन खोज्नेहरू आफै नष्ट हुन्छन् भन्ने एक उदाहरण भक्तपुर काण्ड बनेको बताउनुभयो ।

कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले भक्तपुर काण्डको समयमा भएका षड्यन्त्रहरुबारे प्रष्ट पार्नुहुँदै भक्तपुर काण्डमा महिलाहरूले अदम्य साहसका साथ राज्यस्तरको खुला षड्यन्त्रविरुद्ध एकजुट भई डटेर काम गरेको स्मरण गर्नुभयो ।

उहाँले नेमकिपालाई समूल नष्ट पार्ने उद्देश्यले राज्यस्तरबाटै भएको भक्तपुर काण्डको षड्यन्त्र रचिएको हो भन्नुहुँदै भक्तपुर काण्डबारे भएको जालसाजीपूर्ण सर्जजमिनबारे स्पष्ट पार्नुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले भक्तपुर काण्डले नै पञ्चायती व्यवस्थाको अन्त्य गर्न सघाउ पुऱ्याएको बताउनुहुँदै उक्त समयमा कर्मचारीहरूलाई जबरजस्ती अवकाश लिन लगाउने, धम्की दिनेलगायतका त्रास उत्पन्न गराउने गतिविधिहरू भएको बताउनुभयो ।

उहाँले भक्तपुर काण्डको समयमा नगरपालिकाका कर्मचारीहरूलाई पनि झूटो मुद्दामा फसाएर चरम यातना दिएको आज पनि स्मरणीय भएको बताउनुभयो ।

कार्यक्रममा एशोसियसनका सहसचिव **विकास प्रजापति**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने सदस्यद्वय **दिलकृष्ण माक** र **राजेश दिस्ती**ले पनि भक्तपुर काण्डबारे बोल्नुभएको थियो ।

## विद्यार्थी निकेतनका विद्यार्थीहरूको भक्तपुर नपामा शैक्षिक अध्ययन भ्रमण

भक्तपुर नगरपालिकामा विद्यार्थी निकेतन कक्षा ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरूले भदौ ११ गते शैक्षिक अध्ययन भ्रमण गऱ्यो ।



नगरपालिकाबाट जनतालाई प्रदान गर्दै आएका सेवा सुविधाबारे जानकारी, शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका क्षेत्रमा नपाका अभ्यासबारे जानकारीलगायतका विषयमा केन्द्रित रहेर विद्यार्थीहरूले भक्तपुरको शैक्षिक अवलोकन गरे ।

विद्यार्थीहरूसँगको साक्षात्कार कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाबाट प्रवाह हुने र नपाले विविध क्षेत्रमा गरिरहेका गतिविधिहरूबारे जानकारी दिनुभयो ।

शिक्षाले सामाजिक, बौद्धिक, व्यवहारिक ज्ञानको विकास गर्ने बताउनुहुँदै उहाँले समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यले शैक्षिक क्षेत्रलाई जोड दिँदै आएको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाको जगमा धेरै दक्ष जनशक्ति उत्पादन भइसकेको बताउनुहुँदै कलेजबाट उत्तीर्ण विद्यार्थीहरू देशका विभिन्न सङ्घसंस्था तथा निकायमा रही इमानदारीपूर्वक काम गर्दै आइरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरका माध्यमिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा सुधार ल्याउन नपाले आर्थिक तथा भौतिक सहयोग गर्दै आएको र समय समयमा शिक्षकहरूलाई तालिम पनि प्रदान गर्दै आएको बताउनुभयो ।

भक्तपुरको शैक्षिक नतिजा विगतको तुलनामा उल्लेखनीय सुधार देखिएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई प्रदान गर्दै आएको शैक्षिण ऋण र छात्रवृत्तिबाट धेरै विद्यार्थीले उच्च शिक्षा अध्ययन गर्ने अवसर पाएको बताउनुभयो ।

हामी अरूको देश बनाउन होइन, आफ्नै देशको विकास गर्न तत्पर रहनुपर्ने धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले हातमा सीप भएको व्यक्तिले कहिल्यै अरूको सामु झुक्न नपर्ने र स्वाभिमानीपूर्ण तरिकाले बाँच्न सक्षम हुने बताउनुभयो ।

कार्यक्रममा उपस्थित विद्यार्थीहरूले भक्तपुर नपाको शैक्षिक ऋण, ढल निकास व्यवस्थापन र सरसफाइ, पुरातात्त्विक नगरमा सम्पदा पुनःनिर्माणका चुनौती, ख्वप विश्वविद्यालयको तयारीलगायतका विषयमा जिज्ञासा राखेका थिए ।

प्रमुख प्रजापतिले विद्यालय प्रतिनिधि शिक्षकलाई नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।

## भादगाउँले कालो टोपी उद्योग सङ्घको प्रथम वार्षिक साधारण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भादगाउँले कालो टोपी उद्योग सङ्घको प्रथम वार्षिक साधारणसभा भदौ १२ गते सम्पन्न भयो।

साधारणसभाको उद्घाटन गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले मौलिक कला संस्कृति, सीप, सम्पदा संरक्षण गर्नु सबैको साझा कर्तव्य भएको बताउनुहुँदै भादगाउँले टोपीले भक्तपुरको विशेषता झल्काउने हुँदा यसको गुणस्तर कायम गर्नेतर्फ सङ्घ प्रतिबद्ध हुनुपर्ने बताउनुभयो।

उहाँले भक्तपुर अध्ययन अनुसन्धान गर्नेहरूको लागि खुला किताबको रूपमा रहेको बताउनुहुँदै कला संस्कृतिका जीवन्त प्रदर्शनीले भक्तपुरलाई खुला सङ्ग्रहालयको रूपमा चित्रण गरिरहेको बताउनुभयो।

भक्तपुरको मौलिक सीप र कला नयाँ पुस्तामा पुस्तान्तरण गर्न सके पनि यसले जीवन्तता पाउने बताउनुहुँदै उहाँले विद्यार्थीहरूलाई विश्वविद्यालयको प्रमाणपत्रसँगसँगै सीपमूलक तालिमको प्रमाणपत्र दिने उद्देश्यले नपाले विभिन्न तालिम सञ्चालन गर्दै आएको बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, भक्तपुर नगरपालिकाले आत्मनिर्भरतालाई जोड दिँदै आएको छ, यहाँका युवा विद्यार्थीहरूलाई आफ्नो भविष्य विदेशमा होइन, आफ्नै देशमा मिहिनेत गर्न सिकाउने प्रयत्न गरिरहेका छौँ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले भादगाउँले टोपीलाई नेपालभाषामा तकातपुलि भन्ने गरिएको बताउनुहुँदै मौलिक भाषा संरक्षणतर्फ पनि सङ्घ संस्थाहरूले जोड दिनु आवश्यक भएको बताउनुभयो। भक्तपुर नपाले प्रदान गर्दै आएको शैक्षिक ऋण र छात्रवृत्तिले युवा विद्यार्थीलाई स्वदेशमै बसी उच्च शिक्षा अध्ययन गर्न प्रेरित गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले भक्तपुरका मौलिक वस्तुहरू विदेशीहरूलाई उपहारस्वरूप प्रदान गर्दै प्रोत्साहन गर्दै आएको बताउनुभयो।

भादगाउँले कालो टोपी उद्योग सङ्घका अध्यक्ष **सीताराम श्रेष्ठ**ले सङ्घको विभिन्न गतिविधिमाथि प्रकाश पार्नुहुँदै भादगाउँले टोपीलाई सम्बर्द्धन गर्न सबै सरोकारवाला संस्थाहरूको साथ र सहयोग आवश्यक भएको बताउनुभयो।

भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **रोशनीमैंया धौबन्जार**ले भादगाउँले टोपीको महत्त्वबारे प्रकाश पार्नुहुँदै मल्लकालीन युगदेखि भादगाउँले टोपीको प्रयोग गर्न थालिएको र सर्वसाधारणदेखि विशिष्ट व्यक्तिहरूले समेत टोपी लगाउने हुँदा यसको विशेष महत्त्व रहेको र यसको संरक्षणतर्फ जोड दिनुपर्ने बताउनुभयो।

नेपाल हस्तकला महासङ्घका कार्यवाहक अध्यक्ष **राजमान बज्राचार्य**ले महासङ्घले भक्तपुरको हस्तकला वस्तुको उत्पादन, प्रवर्द्धन, तालिम र बजारीकरणमा विशेष जोड दिँदै आएको बताउनुहुँदै भक्तपुरका मौलिक उत्पादनहरूलाई ब्रान्डिङ गर्न सकिएन भने अरूले यसको फाइदा लिन सक्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष **श्यामसुन्दर श्रेष्ठ**ले सङ्घले भक्तपुर पर्यटन विकास समितिसँग सहकार्य गर्दै 'गो लोकल' अभियानलाई अगाडिद बढाउँदै आएको बताउनुहुँदै भक्तपुर नपाले भक्तपुरका ५ वटा मौलिक उत्पादनलाई मौलिक उत्पादनमा सूचिकृत गर्नु सराहनीय कार्य भएको बताउनुभयो।

पत्रकार महासङ्घ भक्तपुरका अध्यक्ष **सुन्दर शिल्पकार**ले भादगाउँले कालो टोपी सङ्घमार्फत भक्तपुरको भादगाउँले टोपीको पहिचान दिलाउन सफल भएको बताउनुहुँदै यसको संरक्षण र प्रवर्द्धनमा विशेष जोड दिनुपर्ने बताउनुभयो।

भक्तपुर हस्तकला सङ्घका अध्यक्ष **कृष्णराम दुवाल**, भक्तपुर रेडिमेड व्यापार सङ्घका **राजु त्वानाबासु**ले पनि शुभकामना मन्तव्य राख्नुभएको उक्त कार्यक्रममा सङ्घका सचिव **विनोद बज्राचार्य**ले धन्यवादज्ञापन गर्नुभएको थियो।

## योमारी अभौतिक सांस्कृतिक सम्पदा सूचीमा



ललितपुर, भदौ १ गते। नेपाल सरकारले नेवार समुदायको अनिवार्य परिकार योमारीलाई अभौतिक सांस्कृतिक सम्पदाको रूपमा सूचीकरण गरेको छ।

ललितपुर महानगरको संयोजन र सक्रियतामा ललितपुरका नेवार समुदायको अथक प्रयासपछि योमारीलाई सरकारले साउन २३ गत अभौतिक सांस्कृतिक सम्पदाको रूपमा सूचीकरण गरेको संस्कृति, पर्यटन, नागरिक उडड्यन मन्त्रालयले जनाएको छ।

अभौतिक सम्पदाको सूचीकरणका लागि मन्त्रालयले गत वर्ष गरेको आह्वान अनुसार १०५ वटा आवेदन परेका थिए। अन्य आवेदनमा विधि र प्रक्रिया नपुगेका कारण यो वर्ष योमारी मात्रै सूचीकरणमा परेको मन्त्रालयले जनाएको छ।

ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जनले विज्ञप्ति जारी गरेर यो प्रक्रियामा जुट्ने सबैलाई धन्यवाद दिनु भएको छ।

अभौतिक सम्पदा सूचीमा सूचीकृत योमारीलाई विश्व अभौतिक सम्पदा सूचीमा सूचीकृत गर्न समेत सबैको साथ र सहयोगको महानगरले अपेक्षा गरेको नगर प्रमुख महर्जनले बताउनु भयो।

नेपाल भाषामा योमारीको अर्थ मन पर्ने रोटी हो। योमारी सुरुमा काभ्रे जिल्लाको पनौतीमा पकाइएको भन्ने किंवदन्तीहरूमा उल्लेख छ।



एक किसान दम्पत्तीले काठमाडौँदेखि पुगेका ज्वाइँलाई मिठो खुवाउन घरमा भएको चामलको पिठो र चाकु प्रयोग गरेर बनाएका र उनलाई मन परेको रोटी भएकाले यसलाई नेवारहरूले मन पर्ने रोटी भन्न थालेको किंवदन्तीमा उल्लेख छ।

अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि २०८१ मा व्यवस्था भए अनुसार अभौतिक सांस्कृतिक सम्पदा भन्नाले नेपालमा परम्परागत रूपमा बसोबास गर्दै आएका जातीय समुदायका एक पुस्ताबाट अर्को पुस्तामा पुस्तान्तरण हुँदै तथा अभ्यास भई आएका सांस्कृतिक विधाहरू सम्झनुपर्छ।

त्यस्ता सांस्कृतिक विधामा मौखिक परम्परा तथा अभिव्यक्ति, अभिनय तथा मञ्चन कला, सामाजिक व्यवहार, अनुष्ठान र जात्रा पर्वहरू, प्रकृति एवं ब्रह्माण्डसम्बन्धी ज्ञान, परम्परागत कलाकौशल, उत्पादन गर्ने सीप र प्रविधि, परम्परागत खेल, खाद्य परिकारका सीप, पहिरनलगायत आभूषणसम्बन्धी ज्ञान, सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल, स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदा गरी १० वटा डोमेन कार्यविधिमा उल्लेख छ।

## कुलिङ पिरियड प्रकरण

सङ्घीय निजामती विधेयकमा दुई वर्ष कुलिङ पिरियड राख्ने व्यवस्थामा गरिएको छलछाममा मुछिएका राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले पदबाट राजीनामा दिएका छन्।

राजीनामा दिनु अघि खतिवडाले मलाई प्रश्न गर्ने उहाँहरू (सातजना साथीहरू)ले पनि संसद्मा प्रतिनिधिसभाको बैठकबाट पास गरेर आउनुभएको होइन ? उहाँहरूले त्यो नैतिक जिम्मेवारी लिनुपर्छ कि पर्दैन ? २७५ सदस्यीय संसद्ले त्यो त्रुटि हेर्‍यो कि हेरेन ? बताएका थिए।

संसदीय छानबिन समितिले सङ्घीय निजामती विधेयकमा दुई वर्ष कुलिङ पिरियड राख्ने व्यवस्थामा गरिएको छलछाममा राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडालाई राजनीतिक र नैतिक रूपमा जिम्मेवार ठहर गरेको थियो भने समिति सचिव सुरजकुमार दुराले परिभाषित जिम्मेवारी पूरा नगरेको निष्कर्ष निकालेको थियो।

त्यस्तै, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव मीरा आचार्य र कानुन मन्त्रालयका सहसचिव सुवास भट्टराईले प्रतिवेदन पाएर पनि त्रुटि सच्याउनेबारे ध्यान नदिएको समितिले जनाएको छ भने मुख्यसचिव एकनारायण अर्याललगायत सचिवहरूले राज्य व्यवस्था समितिबाट पारित गरिसकेको व्यवस्था हटाउन पदीय आचरणविपरीत गरिविधि गरेको समितिको ठहर छ। मुख्यसचिव र सचिवहरू कुलिङ पिरियड हटाउन समूह नै बनाएर दलका नेताहरूकहाँ पुगेका थिए।

प्रत्यक्ष वा परोक्ष रूपमा जिम्मेवार ठहर्‍याएको समितिले कसैलाई पनि कारबाहीका लागि कुनै सिफारिस गरेको छैन। समितिलाई दोषी किटान गरी कारबाहीको सिफारिस गर्नसमेत कार्यादेश थियो।

स्मरणीय छ, सङ्घीय निजामती विधेयकको दफा ८२(४) को 'अवकाशप्राप्त वा राजीनामा दिएका कर्मचारीले दुई वर्षसम्म कुनै पनि संवैधानिक वा सरकारी नियुक्ति नपाउने' कुलिङ पिरियडको प्रावधानलाई निष्प्रभावी बनाउने गरी 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति**बाहेक**' भन्ने व्यवस्था उपदफा (५) मा पारेर चलखेल गरिएको थियो।

## ललिता निवास जग्गा प्रकरण : अख्तियारका पूर्व प्रमुख आयुक्त उपाध्यायमाथि छानबिनको माग

अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पूर्व प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायमाथि छानबिनको माग गर्दै आयोगमा उजुरी परेको छ। प्रमुख आयुक्त सूर्यनाथ उपाध्यायले २०५९ मंसिर १५ गतेको उजुरी तामेलीमा राख्ने निर्णय गरेको सम्बन्धमा अनुसन्धानको माग गर्दै उजुरी परेको हो।

ललिता निवास परिसरको करिब एकसय ४३ रोपनी सरकारी जग्गा हिनामिना प्रकरण नेपालको अहिलेसम्मकै सबैभन्दा ठूलो भ्रष्टाचार भएकाले यो विषयमा उनले के कति कारणले उजुरी तामेलीमा राखेका हुन् भन्ने विषय अनुसन्धानको माग गर्दै उजुरी परेको छ। ललिता निवासको जग्गा हिनामिना प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले एकसय १० जनालाई बिगो, कैद र जरिवाना तथा ६५ जनालाई जग्गा जफत प्रयोजनका लागि प्रतिवादी बनाएर २०७६ माघ २२ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

१७५ जनालाई विपक्षी बनाइएको यस मुद्दामा जम्मा १० अर्ब १४ करोड ३४ लाख ५५ हजार ६०० बिगो माग दाबी गरिएको थियो। यो मुद्दामा विशेषले २०८० फागुन ३ गते केहीलाई सफाइ र केहीलाई आंशिक सफाइ दिएको थियो। विशेष अदालतको फैसला विरुद्ध २१ फागुन २०८० मा ललिता निवासको जग्गा हिनामिनाका सन्दर्भमा विशेष अदालतले गरेको फैसला त्रुटीपूर्ण रहेको दाबी गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ। मालपोत, भूमिसुधार, मन्त्रालय, सर्वोच्च अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र मन्त्रिपरिषद्का गैर कानुनी निर्णयका आधारमा तत्कालीन भोगाधिकारी, बिचौलिया, व्यापारी र कर्मचारीले सरकारी जग्गा हडपेका थिए।

## भिजित भिसाका भट्टराईको डायरीमै भेटियो करोडौं लेनदेनको हिसाब

भिजिट भिसाको सेटिङ चलाएका सहसचिव तीर्थराज भट्टराईको डायरीमा करोडौं लेनदेनको प्रमाण भेटिएको छ। उनले आफ्नो डायरीमै भिजिट भिसासम्बन्धी लेनदेनको सबै विवरण राखेका थिए। त्यो पैसा क–कसलाई दिइएको थियो भन्नेसमेत उनले डायरीमा लेखेर राखेकाले अनुसन्धानमा सजिलो भएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको छानबिनमा उनले डायरीमा लेखेअनुसारको कारोबार पुष्टि भएको छ। उनीसँग बरामद भएको डायरीमा लेखिएको आर्थिक लेनदेनको हिसाब, कारोबार भएका व्यक्तिहरूसँगको सोधपुछ र विभिन्न व्यक्तिसँग मोबाइलमा गरेको कुराकानीलाई आधार बनाएर उनले भिजिट भिसामा ठूलो सञ्जाल चलाएको पुष्टि भएको स्रोत बताउँछ।

भट्टराईले भिजिट भिसामा दिनमै ५० लाखभन्दा धेरै असुली गरिरहेको सूचनाका आधारमा अख्तियारले पैसासहित पक्राउ गर्ने तयारीस्वरूप निगरानी गरिरहेका वेला गृह मन्त्रालयले सूचना पाएर सरुवा गरेको थियो। सरुवा गरेकै दिन आयोगले उनलाई जेठ ७ गते कार्यालयबाटै नियन्त्रण लिएको थियो।

यस काण्डमा पहिलो चरणको अनुसन्धान पूरा गरी आयोगले उनी र केही सहयोगीविरुद्ध मुद्दा दायरको तयारी गरेको छ। दोस्रो चरणमा अध्यागमनका थप कर्मचारी र उनीसँग लेनदेनमा जोडिएका थप उच्चपदस्थ, सङ्गठित असुलीमा गृह मन्त्रालयका अधिकारीको संलग्नतामाथि छानबिन गर्ने आयोगको तयारी छ।

## भ्रष्टाचारबाट आर्जित खुमबहादुरको जग्गा जफत रोक्न गृहमन्त्री नै सक्रिय



खुमबहादुर खड्काले भ्रष्टाचारबाट आर्जित सम्पत्तिले खरिद गरेको ललितपुर सानेपास्थित डेढ रोपनीभन्दा धेरै जग्गा र त्यसमा बनेको घर

सर्वोच्च अदालतले १३ वर्षअघि गरेको फैसला कार्यान्वयन गर्न कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले पठाएको जग्गा जफतसम्बन्धी फाइल पाँच महिनासम्म गृहमन्त्री रमेश लेखकले मन्त्रालयमै अड्काए, अहिले विभागमै पठाए फिर्ता पठाएको समाचार छ।

भ्रष्टाचारबाट आर्जित काङ्ग्रेसका दिवंगत नेता

खुमबहादुर खड्काको जफत गर्नुपर्ने जग्गा ऐन नै संशोधन गरेर जोगाइदिएका गृहमन्त्री रमेश लेखकले अझै पनि जफत रोक्न छलछाम गरिरहेका छन् ।

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले गत चैतमै खड्काको सानेपास्थित डेढ रोपनी जग्गा जफतको फाइल मन्त्रालयमा पठाएको थियो । भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका खड्काको जग्गा जफत गर्न ०६९ मै सर्वोच्च अदालतले फैसला गरेको थियो । सोही फैसला कार्यान्वयनका लागि विभागले सबै प्रक्रिया पूरा गरेर मन्त्रालयमा पठाएको थियो । मन्त्रीले चाहँदा एकै दिनमा निर्णय गर्न सक्ने गरी फाइल गृहमा पुगेको थियो । तर, गृहमन्त्री लेखकले पाँच महिनासम्म अध्ययनका नाममा फाइल अड्काएर राखे । अहिले छुट्टाछुट्टै फाइल पेस गर्न भन्दै फिर्ता पठाएका छन् ।

गृहमन्त्री लेखकले चैतको पहिलो साता ६ पूर्वप्रशासकको घरजग्गा जफत गर्ने निर्णय गरेका थिए । नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष दिवंगत रामाज्ञाप्रसाद चतुर्वेदी, जल उत्पन्न प्रकोप नियन्त्रण विभागका पूर्वमहानिर्देशक दिवंगत आमोदानन्द मिश्र, आन्तरिक राजस्व विभागका पूर्वनिर्देशक मुरारीबहादुर कार्की, मेची भन्सार कार्यालयका पूर्वप्रमुख केशरजंग खड्का र भन्सारका पूर्वनायब सुब्बा दिवंगत केदारनाथ ढुंगानाको काठमाडौँ उपत्यकामा रहेको घरजग्गा जफत गर्ने निर्णय गरेको थियो । जफतको फैसला भए पनि ती घरजग्गा अझै सरकारको नाममा आउन सकेको छैन । विभागले सँगै फाइल अघि बढाएकोमा खुमबहादुर खड्काको हकमा त जफतको निर्णय नै रोकिएको छ ।

## ऋणको साँवा-ब्याज तिर्न साढे तीन खर्ब खर्च

सरकारले सार्वजनिक ऋणको भार बढिरहेको अवस्थामा ऋणको साँवा र ब्याज तिर्न मात्र वार्षिक करिब साढे तीन खर्ब रुपैयाँ खर्चेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक र वैदेशिक ऋणको साँवा-ब्याज तिर्न तीन खर्ब ६२ अर्ब ५९ करोड रुपैयाँ सरकारले खर्च गरेको हो ।

ऋणको साँवा र ब्याज तिर्न ठूलो रकम खर्च भइरहेको अवस्थामा नेपालको प्रमुख विकास साझेदार विश्व बैङ्कले ब्याजदर दोब्बर बढाएको छ । विश्व बैङ्कले नेपाललाई दिँदै आएको ऋणको ब्याजदर ०.७५ प्रतिशतबाट दोब्बर बढाएर १.५ प्रतिशत पुऱ्याएको छ । विश्व बैंकले ऋण तिर्ने समय पनि घटाएको छ। ४० वर्षमा तिर्नुपर्ने ऋण अब ३० वर्षमा तिरिसक्नुपर्ने भएको छ।

नेपालको कुल सार्वजनिक ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड पुगेको छ। यसमा वैदेशिक ऋणको हिस्सा ५२.४९ प्रतिशत (करिब १४ खर्ब एक अर्ब रूपैयाँ) छ ।

राजस्व वृद्धि नभएर चालु खर्च धान्न धौधौ भइरहेको अवस्थामा वैदेशिक ऋणको ब्याज वृद्धिसँगै सरकारमाथि वित्तीय चुनौती थपिएको छ ।

## वर्ल्ड युथ सभात च्याम्पियनशिपमा नेपालका बसिल त्वायनालाई रजत पदक




काठमाडौँ, ११ साउन । उज्बेकिस्तानको ताशकन्द सहरमा जुलाई २३ देखि २७ सम्म आयोजना भएको वर्ल्ड युथ सभात च्याम्पियनशिपमा नेपालका बसिल त्वायनाले रजत पदक जितेका छन् ।

प्रतियोगिताको दोस्रो दिन ८०-८५ केजी तौल समूहमा उज्बेकिस्तान, फ्रान्स, अजरबैजान र नेपालका खेलाडीबिच



लीग चरणमा खेलाइएको खेलमा नेपालका बसिलले पहिलो खेलमा आयोजक उज्बेकिस्तानका खेलाडी जीदीरोभ मोहम्मदलाई हराई ३ अङ्क हासिल गरे, दोस्रो खेलमा अजरबैजानको खेलाडी मेहमेद सुलेमनोभलाई पराजित गरी ६ अङ्क बटुली तेस्रो खेलमा फ्रान्सका खेलाडी मलभिन पेरीईले वाकओवर दिँदा ९ अङ्क बटुली उनी फाइनलमा प्रवेश गरेका थिए ।

सात अङ्क बटुली फाइनल प्रवेश गरेका फ्रान्सकै खेलाडी मलभिन पेरीईबिच तेस्रो दिन भएको फाइनल खेलमा नेपालका बसिल पराजित भई रजत पदकमा चित्त बुझाउनुपरेको थियो ।

करिब दुइ वर्षअगाडि मात्र नेपाल भित्रिएको यस सभात खेलको विश्व प्रतियोगितामा आफ्नो खेलाडीले सभातको पावर हाउस मानिने देशहरूलाई पराजित गरी सभात खेलको जन्मदाता देश फ्रान्सको खेलाडीसँग फाइनलमा उत्कृष्ट प्रदर्शन गरेको नेपाल सभातका संस्थापक अध्यक्ष तथा टीम कोच एवं एसियन सभात कन्फिडेरेसनका कार्यकारी सदस्यसमेत रहेका लक्ष्मण बस्नेतले बताउनुभयो ।

## प्यालेस्टिन समर्थक प्रदर्शनमा असान्जको सहभागिता

विकिलिक्सका संस्थापक जुलियन असान्जसहित प्यालेस्टिन समर्थक झन्डै लाख प्रदर्शनकारीले सिड्नी हार्बर ब्रिजमा साउन १८ गते प्रदर्शन गरेको एएफपीले जनाएको छ ।

प्रदर्शनका कारण विश्वप्रसिद्ध सिड्नी हार्बर ब्रिजमा




आवागमन बन्द भएको थियो ।

उच्च सुरक्षा भएको बेलायती जेलबाट छुटेपछि गत वर्ष अस्ट्रेलिया फर्केका असान्जलाई अस्ट्रेलियाका पूर्वविदेशमन्त्री तथा न्यू साउथ वेल्सका मुख्यमन्त्री बब कारसँगै परिवारले घेरेको र प्रदर्शनमा सहभागी भएको तस्बिर सार्वजनिक भएको छ ।

अस्ट्रेलियाले गाजामा जारी युद्ध अन्त्यका लागि आह्वान गरेको छ तर प्यालेस्टिनी राज्यलाई मान्यता दिने निर्णय गर्न भने सकेको छैन ।

असान्ज प्रदर्शनमा उपस्थित भएपनि भीडलाई सम्बोधन गर्ने वा मिडियासँग कुरा गर्ने कुराबाट टाढै रहनुभयो ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार ६० हजारभन्दा बढी प्यालेस्टिनीको ज्यान जाने गरी भएको रक्तपात अन्त्य गर्न इजरायलमाथि अन्तर्राष्ट्रिय दबाब बढिरहेको छ ।

सन् १९३२ मा बनाइएको हार्बर ब्रिज एक किलोमिटरभन्दा लामो छ ।



# संरा सङ्घका अधिकांश सदस्य राष्ट्रद्वारा प्यालेस्टिनलाई मान्यता दिने तयारी



पेरिस, २६ साउन (एएफपी)। संयुक्त राष्ट्रसङ्घका अधिकांश सदस्य राष्ट्रहरूले छिट्टै प्यालेस्टिनी राज्यलाई मान्यता दिने योजना बनाएका छन्।

संयुक्त राष्ट्रसङ्घका १९३ सदस्यमध्ये कम्तीमा १४५ तथा फ्रान्स, क्यानडा र बेलायतसहितका राष्ट्रहरूले प्यालेस्टिनी राज्यलाई मान्यता दिने योजना बनाएको एएफपीले जनाएको छ।

## प्यालेस्टाइनको इतिहास

सन् १९८८ नोभेम्बर १५ मा प्यालेस्टिनी नेता यासेर अराफातले एकतर्फी रूपमा जेरूसेलमलाई राजधानी बनाएर स्वतन्त्र प्यालेस्टिनी राज्यको घोषणा गर्नुभएको थियो।

अल्जियर्समा निर्वासित उहाँले प्यालेस्टिनी राष्ट्रिय परिषद्को बैठकमा स्वतन्त्र प्यालेस्टिनी राज्यको घोषणा गरेपछि आधिकारिक रूपमा स्वतन्त्र प्यालेस्टिनी राज्यलाई अल्जेरियाले तत्काल मान्यता दिएको थियो।

यसलगतै भारत, टर्की, अफ्रिकाका अधिकांश देश र धेरै मध्य र पूर्वी युरोपेली देश अरब राष्ट्रहरूसहित दर्जनौं अन्य देशहरूले पनि यसको अनुसरण गरेका थिए।

सन् २०१० को अन्त्य र सन् २०११ को प्रारम्भमा मध्यपूर्व शान्ति प्रक्रियाका लागि सङ्कटको समयमा मान्यताको अर्को लहर आएको थियो।

अर्जेन्टिना, ब्राजिल र चिलीलगायत दक्षिण अमेरिकी देशहरूले प्यालेस्टिनीहरूले आफ्नो राज्यको दाबीलाई समर्थन गर्ने आह्वानको जवाफ दिएका थिए।

## राष्ट्रसङ्घद्वारा मान्यता

सन् २०११ मा शान्ति वार्ता ठप्प भएपछि प्यालेस्टिनीहरूले संयुक्त राष्ट्रको पूर्ण सदस्यताका लागि अभियान अगाडि बढाए।

त्यस वर्षको अक्टोबर ३१ मा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिकमामिला हेर्ने संस्था (युनेस्को) ले प्यालेस्टिनीहरूलाई पूर्ण सदस्यको रूपमा स्वीकार गर्न गरेको मतदान प्यालेस्टिनको पक्षमा आयो।

सन् २०१२ नोभेम्बरमा प्यालेस्टिनीहरूको स्थितिलाई 'गैर-सदस्यीय पर्यवेक्षक राज्य' मा स्तरोन्नति गर्न महासभाले मतदान गरेपछि न्ययोर्कमा संयुक्त राष्ट्रसङ्घमा पहिलोपटक प्यालेस्टिनले आफ्नो देशको झन्डा फहराएको थियो।

तीन वर्षपछि अन्तर्राष्ट्रिय फौजदारी अदालतले पनि प्यालेस्टिनलाई छुट्टै राज्यको रूपमा स्वीकार गऱ्यो।

क्यारेबियाली देशहरू जमैका, ट्रिनिडाड एन्ड टोबागो, बार्बाडोस, बहामास र अर्मेनियाले सन् २०२४ मा यस विषयमा कूटनीतिक कदम चालेका थिए। यसैगरी नर्वे, स्पेन, आयरल्यान्ड र स्लोभेनियालगायत युरोपेली सङ्घका सदस्यहरूले पनि सोही प्रक्रिया अवलम्बन गरे।

पोल्यान्ड, बुल्गेरिया र रोमानियाजस्ता अन्य सदस्य राष्ट्रहरूले युरोपेली सङ्घमा सामेल हुनुभन्दा अघि नै सन् १९८८ मा मान्यता दिएका थिए।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले सोमबार संयुक्त राष्ट्रसङ्घीय महासभामा अस्ट्रेलियाले प्यालेस्टिनलाई स्वतन्त्र राज्यको मान्यता दिने बताउनुभएको छ।

फ्रान्सले गत महिना सेप्टेम्बरमा प्यालेस्टिनी राज्यलाई मान्यता दिन चाहेको बताएको थियो भने बेलायतले गाजामा युद्धविराम नगरेसम्म यो सम्भव नरहने बताएको थियो।

क्यानडाले सेप्टेम्बरमा प्यालेस्टिनी राज्यलाई मान्यता दिने योजना बनाएको प्रधानमन्त्री मार्क कार्नीले बताउनुभएको छ। औपचारिक रूपमा मान्यता व्यक्त गर्न सक्ने अन्य देशहरूमध्ये माल्टा, फिनल्यान्ड र पोर्चुगलले पनि सम्भावना रहेको बताएका छन्।

# प्यालेस्टिनी विदेश मन्त्रालयद्वारा राज्यको विश्वव्यापी मान्यता र संयुक्त राष्ट्रसङ्घीय सदस्यताका लागि आह्वान

रमल्लाह, ५ भदौ (क्युएनए)। प्यालेस्टिनी विदेश मन्त्रालयले बुधबार विश्वभरका सबै देशलाई प्यालेस्टिन राज्यलाई मान्यता दिन र संयुक्त राष्ट्रसङ्घमा यसको पूर्ण सदस्यतालाई समर्थन गर्न आग्रह गरेको छ।

यो आह्वान हालै इजरायलले गाजा सहरको कब्जा पूरा गर्ने र औपनिवेशिक ई-१ योजना स्वीकृत गर्ने निर्णयको प्रतिक्रियामा आएको हो, जसले उत्तरी पश्चिम किनारलाई

दक्षिणबाट अलग पार्नेछ ।

मन्त्रालयले आफ्नो विज्ञप्तिमा गाजा पट्टीमा भइरहेको नरसंहार र भोकमरी तुरुन्त रोक्न संयुक्त राष्ट्रसङ्घको बडापत्रको अध्याय ७ अनुसार अन्तर्राष्ट्रिय समुदायलाई कदम चाल्न आह्वान गरेको छ ।

विज्ञप्तिमा भनिएको छ, 'अब हिचकिचाहट वा निष्क्रियता स्वीकार्य छैन । विश्वव्यापी समुदायलाई दुई विकल्प दिइएको छ : प्यालेस्टिनी जनतालाई बचाउने र दुई–राज्य समाधानको रक्षा गर्ने वा जारी अपराधहरूमा थप जोखिम निम्त्याउने ।'

मन्त्रालयले इजरायलको गाजा सहर कब्जा र ई–१ योजना स्वीकृत गर्ने निर्णयलाई एउटै सिक्काका दुई पाटाका रूपमा वर्णन गर्दै भनेको छ, 'नरसंहार, विस्थापन र औपनिवेशिक विलय ।'



स.रा. सङ्घका १९३ सदस्यमध्ये १४७ अर्थात् ७५ प्रतिशतभन्दा बढीले मान्यता दिइसकेका छन् भने सेप्टेम्बरमा हुने महासभामा फ्रान्स, माल्टा, अस्ट्रेलिया, पोर्तुगाल, संयुक्त अधिराज्य, क्यानाडालगायतका सदस्यहरूले मान्यता दिने भएका छन् । (नक्सा अल जजीराबाट)

## गाजामा इजरायली सैन्य आक्रमण, बस्ती योजनाको विश्व नेताहरूद्वारा निन्दा

इजरायलले गाजा सहरमा आफ्नो सैन्य आक्रमणलाई अझ बढाउने र पश्चिम किनारको ई–१ क्षेत्रमा अवैध बस्ती विस्तार गर्ने योजना बनाएपछि विश्वभरका नेताहरूले यस कदमको कडा विरोध गरेका छन् । उनीहरूले यस्तो कार्यले विनाशकारी मानवीय परिणाम ल्याउने चेतावनी दिएका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस, फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोन, बेलायतका विदेशमन्त्री डेभिड लामी, जर्मन सरकारका प्रवक्ता स्टेफेन मेयरलगायतले इजरायलको सुरक्षा क्याबिनेटले गाजा सहर कब्जा गर्ने योजना स्वीकृत गर्दै करिब ६० हजार जगेडा सैनिक परिचालन गर्ने निर्णय र भविष्यको प्यालेस्टिनी राज्यलाई टुक्र्याउने बस्ती परियोजनालाई लिएर आपत्ति जनाउँदै विरोध गरेका छन् ।

इजरायलभित्र पनि विपक्षी नेता यायर लापिडले ६० हजार जगेडा सैनिक परिचालन गर्ने निर्णयलाई 'भ्रम' भन्दै आलोचना गरेका छन् ।

## गाजामा अनिकाल घोषणा



रोम : संयुक्त राष्ट्रसङ्घले शुक्रबार (भदौ ६ गते) गाजामा अनिकालको औपचारिक घोषणा गरेको छ । राष्ट्रसङ्घका उच्च अधिकारीहरूले युद्धग्रस्त प्यालेस्टिनी क्षेत्रमा सहायता वितरणमा इजरायलले 'सुनियोजित अवरोध' पुऱ्याएको आरोप लगाएका छन् । यससँगै राष्ट्रसङ्घले अनिकालको घोषणा गरेको हो । खाद्य असुरक्षाका हिसाबले गाजा सबैभन्दा चरम अवस्था (पाँचौँ तह) मा पुगेको छ ।

मध्यपूर्वमा अनिकाल परेको र पाँच लाख मानिसले 'विनाशकारी' भोकमरीको सामना गर्नुपरेको विज्ञहरूले जानकारी दिएका छन् ।

आसन्न सङ्कटबारे चेतावनी दिने जिम्मा पाएको राष्ट्रसङ्घको अनुगमनकर्ताहरूको गठबन्धन 'इन्टिग्रेटेड फुड सेक्युरिटी फेज क्लासिफिकेसन इनिसियटिभ (आईपीसी)' ले अनिकालको आकलन गरेको थियो । आईपीसीले २० प्रतिशत घरधुरीमा खाद्यान्नको चरम अभाव हुँदा अनिकाल हुने भनी परिभाषित गरेको छ । गाजामा पाँच वर्षमुनिका ३० प्रतिशत बालबालिका कुपोषित छन् । प्रत्येक १० हजार मानिसमध्ये कम्तीमा दुईजनाको दैनिक भोकमरी वा कुपोषण र रोगका कारण मृत्यु हुने गरेको छ । राष्ट्रसङ्घका निकायहरूले इजरायलले हमासविरुद्ध आक्रमण तीव्र पारेपछि अवस्था झनै बिग्रिएको र गाजामा महिनौँदेखि मानवीय अवस्था दयनीय बन्दै गएको बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनिओ गुटेरेसले 'गाजा यसअघि नै जीवित नर्कजस्तो रहेकोमा अब त्यहाँ भोकमरी पनि थपिएको' बताएका छन् । उनले भनेका छन्,

'यो मानवजन्य विपत्ति हो र मानवता पनि असफल भएको सङ्केत हो ।'

उनले अन्तर्राष्ट्रिय कानुनअनुसार गाजामा इजरायलले खाद्यान्न र औषधि आपूर्ति सुनिश्चित गर्नुपर्ने उसको कर्तव्य र जिम्मेवारी रहेको बताएका छन् ।

रोमस्थित आईपीसीले भनेको छ, 'सन् २०२५ अगस्ट १५ सम्ममा गाजाको प्रशासनिक प्रान्तमा अनिकाल (आईपीसी चरण ५) उचित प्रमाणसहित पुष्टि भएको छ ।' संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार हाल गाजा क्षेत्रमा करिब १० लाख मानिस बसोबास गर्छन् । 'पछिल्लो २२ महिनाको निरन्तर द्वन्द्वपछि गाजापट्टीका पाँच लाखभन्दा बढी मानिस भोकमरी, गरिबी र मृत्युको भयावह अवस्थाको सामना गरिरहेका छन्,' आईपीसीको दण्ड संहिताको प्रतिवेदनमा भनिएको छ । अनिकाल सेप्टेम्बरको अन्त्यसम्ममा देइर अल–बालाह र खान युनिस प्रान्तहरूमा फैलिने र यसले गाजाको कुल जनसङ्ख्याको तीन चौथाइभन्दा बढी वा लगभग ६ लाख ४१ हजार मानिसहरू प्रभावित हुने आईपीसीले अनुमान गरेको छ ।



संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर तुर्कले भोकमरीलाई युद्धको विधिका रूपमा प्रयोग गर्नु युद्ध अपराध भएको बताएका छन् । संयुक्त राष्ट्रसङ्घका आपत्कालीन राहत संयोजक टम फ्लेचरले जेनेभामा पत्रकारहरूसँग कुरा गर्दै इजरायलको व्यवस्थित अवरोधका कारण सीमामा खाद्यान्न थुप्रिएको बताएका छन् । उनले गाजाका सङ्कट विश्वका लागि 'लज्जास्पद विषय' रहेको, गाजाको अनिकालले 'सबैलाई पिरोल्नुपर्ने' र तत्काल भोकमरीको अवस्थालाई सम्बोधन गर्नुपर्ने बताएका छन्

आईपीसीले गाजा सहरको उत्तरमा रहेको उत्तरी गाजा प्रान्तको अवस्था अझ खराब हुन सक्ने बताएको छ । तर, त्यसबारे आफूसँग पर्याप्त तथ्याङ्क नभएको पनि आईपीसीले बताएको छ ।

# गाजामा दस लाखभन्दा बढी महिला र किशोरी भोक, हिंसा र उत्पीडनको चपेटामा : संयुक्त राष्ट्र सङ्घ



गाजा, १ भदौ (सिन्ह्वा) । गाजामा करिब दस लाख महिला र किशोरीहरू अत्यधिक भोकमरी, हिंसा र दुर्व्यवहारको सामना गरिरहेका छन् भनेर संयुक्त राष्ट्रसङ्घको राहत तथा कार्य एजेन्सी (यूएनआरडब्लुए) ले साउन ३२ गते चेतावनी दिएको छ ।

एजेन्सीले सामाजिक सञ्जालमा लेख्दै भन्यो, 'गाजामा भोक फैलिरहेको छ । महिला र किशोरीहरू खाना र पानी खोज्न अत्यन्तै जोखिमपूर्ण अवस्थामा बाहिर निस्कन बाध्य छन्, जहाँ उनीहरूको ज्यानको समेत खतरा रहेको छ ।'

एजेन्सीले गाजामाथिको इजरायली नाकाबन्दी तुरुन्त हटाउन माग गर्दै ठूलो मात्रामा राहत सामग्री भित्र्याउन अनुमति दिन आग्रह गरेको छ । गाजामा हाल २० लाखभन्दा बढी मानिस बसोबास गर्छन् ।

स्वास्थ्य अधिकारीहरूका अनुसार पछिल्लो २४ घण्टामा कुपोषण र भोकका कारण एक बालकसहित थप ११ जनाको मृत्यु भएको छ । योसँगै भोकमरीका कारण मृत्यु हुनेको सङ्ख्या २५१ पुगेको छ, जसमा १०८ बालबालिका छन् ।

गत वर्षको मार्च महिनादेखि इजरायली आक्रमणका कारण हालसम्म ६१ हजार ८ सयभन्दा बढी मानिसको मृत्यु भएको छ भने एक लाख ५५ हजारभन्दा बढी घाइते भएका छन् ।

गत बिहीबार १०८ गैरसरकारी संस्थाहरूले संयुक्त विज्ञप्ति जारी गर्दै मे १९ यता अधिकांश अन्तर्राष्ट्रिय संस्थाहरूले गाजामा एक गाडी पनि जीवनरक्षक सामग्री पुऱ्याउन नसकेको जनाएका छन् । इजरायलले ती संस्थाहरूलाई राहत वितरणको अनुमति नदिएको जनाएको छ । जुलाईमा मात्रै ६० भन्दा बढी निवेदन अस्वीकृत गरिएको छ ।




संयुक्त राष्ट्रसङ्घको मानव अधिकार कार्यालयका अनुसार जून १३ देखि जुलाई २८ सम्मको अवधिमा राहत लिन गएका कम्तीमा एक हजार ७६० जना गाजावासीको ज्यान गएको छ। तीमध्ये ९९४ जना राहत वितरण केन्द्र नजिकै र ७६६ जना राहत गाडीहरू चल्ने बाटोमा मारिएका हुन् ।

## गाजामा इजरायली आक्रमण, ४० जनाको मृत्यु

गाजाको नागरिक सुरक्षा एजेन्सीले साउन ३१ गते भएको इजरायली आक्रमणमा कम्तीमा ४० जनाको मृत्यु भएको जनाएको छ। यो घटनालाई इजरायली सेनाले गाजा सहर कब्जा गर्ने योजनाअघि गरिएको ठूलो आक्रमणको सङ्केतका रूपमा हेरिएको छ।

बाइस महिनादेखि चलिरहेको युद्धले गम्भीर मानवीय सङ्कट निम्त्याइरहेको बेला इजरायलले गाजा सहर कब्जा गर्ने निर्णय एक हप्ताअघि मात्र गरेको थियो। त्यसअन्तर्गत सेनाले आइतबारदेखि गाजामा थप पाल र आश्रय सामग्री पठाउने बताइएको छ।

हमासले भने यस कदमलाई 'गाजा सहर कब्जा गर्ने क्रूर योजनाको हिस्सा' भन्दै कडा विरोध गरेको छ।

गाजाका नागरिक सुरक्षा प्रवक्ता महमुद बासलका अनुसार गाजा सहरको जितुन क्षेत्र अत्यन्तै खराब अवस्थामा पुगेको छ। त्यहाँ करिब ५० हजार मानिस रहेका र तिनीहरूमध्ये धेरैजना खाना, पानी र अन्य आधारभूत आवश्यकताबाट वञ्चित भएको उहाँले बताउनुभयो।

हालैका दिनमा गाजा सहरका आवासीय क्षेत्रहरूमा



निरन्तर हवाई आक्रमण भएको स्थानीयवासीहरूले बताएका छन्। सेनाले भने आफ्नो कारबाही अन्तर्राष्ट्रिय कानुनअनुसार भएको दाबी गर्दै नागरिक क्षति कम गर्न प्रतिबद्ध रहेको जनाएको छ।

एक स्थानीय बासिन्दा घसन कास्कोले भन्नुभयो, 'हामीलाई निद्राको स्वाद थाहा छैन। विस्फोट र बमबारी कहिल्यै रोकिन्न।'

संयुक्त राष्ट्रसङ्घ समर्थित विज्ञहरूले इजरायलले मानवीय सहायतामा कटौती गरेकाले यस क्षेत्रमा ठूलो अनिकालको खतरा रहेको चेतावनी दिएका छन्।

शनिबार मात्र गाजामा सहायता वितरण स्थल नजिकै सेनाले गोली चलाउँदा खाना लिन लाइनमा उभिएका १३ जना प्यालेस्टिनीको ज्यान गएको बताइएको छ।

## गाजामा दूषित पानी पिउन बाध्य परिवारहरूमा, स्वास्थ्य सङ्कट बढ्दै

दाएर अल-बालाह, ३१ साउन (एपी)। गाजाको केन्द्रमा रहेको मुवासी शिविरमा बसोबास गरिरहेका सयौँ हजार विस्थापितहरू चर्को गर्मी, पानीको अभाव र रोगसँग जुधिरहेका छन्। बिहानै घाम चर्किनुअघि पानीको लाइनमा उभिन बाध्य आमाहरू धमिलो, प्रदूषित पानी लिएर फर्किन्छन् र त्यो नै आफ्ना साना छोराछोरीलाई पिउन दिन्छन्।

उहाँले भन्नुभयो, 'यही पानीले हामी र हाम्रा छोराछोरी बिरामी भइरहेका छौँ।'

यस प्रकारको अवस्था अहिले गाजाको सामान्य दिनचर्या बनेको छ। प्रत्येक थोपा पानी अत्यन्तै मोल हुने भएकोले मानिसहरू पिउने, पकाउने, धुने र नुहाउने कार्यका लागि पानीलाई बाँडीचुँडी प्रयोग गरिरहेका छन्। पानी ढुवानी गर्ने ट्रकहरू दुई-तीन दिनमा मात्र आउने भएकाले मानिसहरू धमिलो पानीको स्टक गर्दै बाँच्न सङ्घर्ष गरिरहेका छन्।

जब पानी आउँदैन, केही मानिसहरू समुद्रको पानी



बोतलमा भरेर प्रयोग गर्न बाध्य हुन्छन् – जुन स्वास्थ्यका लागि झनै खतरनाक हुन्छ।

## स्वास्थ्य सङ्कट गहिरिँदै

बाइस महिनायता इजरायलको आक्रमणपछि गाजामा पानीको पहुँच अत्यन्त सीमित भएको छ। इन्धन र बिजुलीको आपूर्तिमा रोक, समुद्री पानी शुद्ध गर्ने केन्द्रहरूको बन्द अवस्थाले यो सङ्कटलाई अझ चर्काएको छ। पानीका पाइपलाइनहरू नष्ट भएका छन्, इन्फ्रास्ट्रक्चर बमबारीमा ध्वस्त छ र अधिकांश इनार अब पहुँचयोग्य छैनन्।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकाय (यूएनआरडब्लुए) का अनुसार अहिले गाजाका स्वास्थ्य केन्द्रहरूमा साप्ताहिक झन्डै १० हजार ३०० जना पानीजन्य सङ्क्रमण (विशेषगरी झाडापखाला) का बिरामीहरू उपचारका लागि पुगिरहेका छन्।


युनिसेफले दिएको तथ्याङ्कअनुसार, फेब्रुअरीमा झाडापखालाको दर २० प्रतिशत मात्र थियो, जुन जुलाईमा बढेर ४४ प्रतिशत पुगेको छ – जसले बालबालिकामा निर्जलीकरणको खतरा बढाएको छ।

## फोहोर पानी पिउन बाध्य

अहिले धेरै मानिसहरू गहिरो जमिनबाट निकालिएको खार पानी (नुनिलो र अशुद्ध) पिउन बाध्य छन्, जुन पहिले सफा गर्न वा खेतीपातीका लागि मात्र प्रयोग गरिन्थ्यो। गाजाको पानी सेवा प्रमुख मोन्थर शोब्लाकका अनुसार, उनीहरूले अस्पताल र नागरिकहरूलाई प्राथमिकता दिएर पानी बाँडिरहेका छन्, जसको अर्थ नाली र ढल सफा गर्न चाहिने पानी रोक्नु परेको छ।


'खाना बिना केही दिन बाँच्न सकिन्छ, तर पानी बिना होइन,' शोब्लाकले बताउनुभयो।

# नेपालमा सामाजिक सुरक्षा भत्ता लिनेको सङ्ख्या




(नयाँ पत्रिका)

# सरकारी विज्ञापनमा वार्षिक सवा ३ अर्ब भ्रष्टाचार




एकातिर सरकारी टेन्डरका सूचना लुकाएर प्रतिस्पर्धा सीमित गर्ने र अर्कोतिर सरकारी खाताबाट पूर्ण रकम तिराउने तर सञ्चारमाध्यमलाई भने न्यूनतम मात्र भुक्तान गर्ने प्रवृत्ति पनि संस्थागत हुँदै गएको छ।

(कान्तिपुर)

# सुरुङमार्गको उपभोग कर




नेपालको पहिलो सुरुङमार्ग 'सिस्नेखोला–नागढुंगा सुरुङमार्ग' को ९४ प्रतिशत काम सकिएको छ। पुसदेखि सञ्चालनमा आउने बताइएको सुरुङमार्गमा मन्त्रिपरिषद्ले 'टोल ट्याक्स' तय गरेको छ।

(नयाँ पत्रिका)

# हाम्रो स्वास्थ्य


# मिर्गौलाको सुरक्षातर्फ बढ्दो जनचासो



डा. प्रकाश बुढाथोकी

मानव शरीरका विभिन्न अङ्गहरूमा विविध किसिमका रोगहरू देखा पर्ने गर्दछन् । तैपनि कतिपय अङ्गमा भएका रोगको सामान्य उपचार गर्दा राम्रो हुन्छ भने केही अङ्ग काटेर फ्याँक्दा र नक्कली राख्दा पनि मानिस स्वस्थ रही दैनिक कार्य गर्न सक्दछ, जटिल नबन्न सक्दछ तर मिर्गौला रोग भने बेग्लै किसिमको हुने गर्दछ । यसमा मिर्गौला बेकम्मा हुँदा कतिका लागि सम्पत्ति विनाशको ठूलो बाटो बन्ने गरेको छ भने सर्वसाधारणका लागि मृत्युको कारण बन्दै आएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको आँकडाअनुसार विश्वमा हरेक १० जनामा एकजना व्यक्तिमा मिर्गौलासम्बन्धी कुनै न कुनै समस्या देखापर्ने गरेको छ । नेपालमा भने हाल करिब १० हजारभन्दा बढी मिर्गौला रोगी रहेकामा १० प्रतिशतले मात्र उपचार पाउन सकेका छन् र पीडित हुनेको सङ्ख्या वार्षिक २५ सयदेखि तीन हजारका दरले बढ्दैछ ।



सामान्य अवस्थामा हाम्रो शरीरमा दुई ओटा मिर्गौला ढाडको बिचमा मेरुदण्डको दुवैतिर मुठीजत्रो सिमीको गेडाको आकारमा रहेको १५० ग्रामको नभई नहुने उत्सृजक अङ्ग हो । हरेक मानिसमा २ ओटा मिर्गौला रहन्छन् । स्वस्थ अवस्थामा दुवै मिर्गौला क्रियाशील हुन्छन् तर दुईमध्ये एउटाले मात्र काम गर्दा पनि मानिस स्वस्थ रहन सक्छ । एउटा मिर्गौलामा करिब १३ लाख नेफ्रोन हुन्छन् । त्यसले पिसाब बनाउने क्षमता राख्दछ । ४० वर्ष नाघेपछि नेफ्रोनको सङ्ख्यामा वार्षिक एक प्रतिशतका दरले ह्रास हुन्छ तर अन्य नेफ्रोनले कार्य वृद्धि गरी जीउबाट निकाल्नुपर्ने पानी, लवण र फोहोर त्यही मात्रामा र त्यही दरमा निकालिरहन्छन् । रोग वा उमेर तथा अन्य कारणले भएको नेफ्रोनको सङ्ख्याको कमी भने परिपूर्ति वा पुन:नयाँ नेफ्रोन बन्ने काम भने हुँदैन ।

मानिसको उमेर बढ्दै जाँदा मिर्गौलाको कार्य क्षमता पनि घट्दै गई स्वस्थ मानिस ९० वर्ष पुग्दा मिर्गौलाले क्षमताको ५० प्रतिशत जति मात्र काम गरे पनि स्वस्थ नै मानिन्छ । मुटुबाट निस्कासन भएको करिब २२ प्रतिशत रगत दुई मिर्गौला हुँदै सञ्चार हुने गर्दछ अर्थात् प्रत्येक २४ घण्टामा १८० लिटरभन्दा बढी रगत मिर्गौलाको कार्य एकाइ नेफ्रोनको पहिलो भाग ग्लोमेरुलस हुँदै बग्दछ । यसमा १७८.५ लिटर भाग वा प्रोटिनबाहेक पानी र अन्य तत्त्वहरू नेफ्रोनको सूक्ष्म नली हुँदै वरिपरि फैलिएका कम चाप भएका रक्तनलीद्वारा सोसिएर फेरि शरीरमै जाने गर्दछ । यसै क्रममा युरिया, क्रेटिनिन, युरिक एसिड र अन्य विषालु तत्त्व अति कम मात्रामा सोसिने भएकाले ठूलो मात्रामा पिसाव भएर शरीर बाहिर निस्कन्छन् ।

हामीले खाएको खानेकुराबाट शरीरले चाहिएको कुरा अवशोषित गरी बाँकी रहेका अनावश्यक पदार्थहरू रगतमा रहन्छन् । शरीरमा उत्पादित विकारयुक्त पदार्थ भएको उक्त रगतलाई छानेर रगत सफा गर्ने र तिनलाई पिसावको रूपमा मुत्रथैलीमा पठाई पिसावमार्फत बाहिर फ्याँक्ने प्रमुख काम मिर्गौलाको हो । शरीरमा अनावश्यक नून, पानी, पोटासियम, क्याल्सियम र अन्य आयनलाई थुप्रिन नदिई सन्तुलनमा राख्दछ ।

अम्ल र क्षारको मात्रा नियन्त्रण गर्दछ । प्रोटिनबाट बन्ने सल्फ्युरिक र फोस्फोरिक एसिड निस्कासन गर्ने अङ्ग एक मात्र मिर्गौला हो । रगतको रातो रक्तकोष बनाउने हर्मोन एरिथ्रोपोइटीन ९० प्रतिशत मिर्गौला र १० प्रतिशत कलेजोले बनाउँछ । मिर्गौलाले भिटामिन डी को सक्रिय रूप क्याल्सिट्रोल बनाउँछ र क्याल्सियम तथा फोस्फेटको नियन्त्रण गर्दछ । आन्द्रामा क्याल्सियम संयोजन प्रोटिन बनाई क्याल्सियमको खपत बढाउँछ । लामो उपवासमा बसेको बेला एमिनोएसिडबाट चिनी बनाउने, रक्तचाप सन्तुलित राख्ने पनि गर्दछ ।

## मिर्गौला किन बिग्रन्छ ?

मिर्गौलाको कार्यक्षमता ५० प्रतिशतभन्दा बढी घट्न थालेपछि मात्र स्वास्थ्य समस्या पैदा हुन थाल्छ। मिर्गौलासम्बन्धी रोगहरू नेफ्राइटिसको उपचार नगरेको वा उपचार सफल नभएको, उच्च रक्तचाप, मधुमेह, पिसावको सङ्क्रमण, मिर्गौला पिसावको नली र थैलीमा हुने पत्थरी जस्ता रोगहरूबाट लामो समयदेखि पीडित भएको तथा जथाभावी मकै, भटमास खाएजस्तै एण्टीबायोटिक र पेनकिलर औषधि सेवन गरेको व्यक्तिको मिर्गौला उमेर नपुग्दै बिग्रने सम्भावना रहन्छ।

त्यसैगरी जन्मदै मिर्गौलामा पानीका फोका भएको तथा उक्त फोकाहरूको सङ्ख्या र आकार बढ्दै गए खराबी सुरु भएको वयस्क अवस्थामा नै थाहा हुन सक्छ। अन्य कारणमा वंशानुगत, मोटोपना, धुमपान, ५० वर्ष नाघेका व्यक्ति तथा सङ्क्रमणहरू पर्दछन्।

## लक्षण कस्तो हुन्छ ?

कुनै लक्षण बिना एक्कासी केही दिन वा साताको अन्तरालमा पनि मिर्गौला काम गर्न छोड्ने हुन सक्छ। यस प्रकारको खराबीलाई एक्युट रेनलफेलर भनिन्छ। झाडापखाला, हैजाजस्ता बिरामीको अत्यधिक मात्रामा शरीर सुक्खा भएमा, धेरै रगत खेर गएमा, मिर्गौलाको सङ्क्रमण, क्यान्सर, रगतको खराबी तथा मिर्गौलाको पत्थरी जस्ता समस्याले मिर्गौलाले काम नगर्ने हुन सक्छ। यस्ता समस्याको समयमा नै निदान हुनसक्यो भने मृगौला बचाउन सकिन्छ। एक्युट रेनल फेलर भएका मध्ये ५० देखि ७० प्रतिशत बिरामीको मृत्यु हुनसक्छ।

लामो समयसम्म रहेको रक्तअल्पता उच्च रक्तचाप, हर्मोनहरूको असन्तुलन, बारम्बार पिसाबको सङ्क्रमण भइरहनु वा त्यसको उपचार राम्ररी नगर्नु, स-साना पत्थरी रहनु तथा पेटका खराबीले मिर्गौलालाई नराम्रो असर गर्दछ। मिर्गौलालाई रगत पुऱ्याउने धमनीको सङ्कुचन हुनु, रगतको खराबी हुनु, मिर्गौलाको क्षयरोग, पिसाब थैलीको खराबी आदि जुनसुकै समस्याले धेरै लामो समयसम्म ग्रसित बिरामीको मिर्गौला काम नलाग्ने भएका चाहिँ राम्रो बनाउन सकिँदैन।

सामान्यतया मिर्गौला खराब हुँदा खानामा रुचि घट्दै जाने, चाँडै थकाइ लाग्ने, राति बढी (दुईपटक भन्दा बढी) पिसाब हुने, पिसाब गर्दा पोल्ने, रातो, गाढा वा फिँजयुक्त हुने, पिसावको मात्रा घट्दै जाने, वाकवाक लाग्ने, जिउ चिलाउने, बिहान उठ्दा मुख फुल्ने र सुन्निँदै जाने, गोरो मानिस कालो हुँदै जाने लक्षणहरू देखा पर्दछन्। यस्ता लक्षणहरू अन्य थुप्रै रोगहरूमा पनि देखिने भएकाले यकीन गर्न रगत परीक्षण गरी युरिया र क्रियाटिनिन बढे नबढेको हेर्नु पर्दछ।

शरीरमा रोग बढाउने रोगका उपनामले चिनिने मिर्गौला रोगहरूबाट मिर्गौलाको क्षति अन्तिम अवस्थामा पुग्दा उपचार नभए मुटुमा र हड्डीमा भिटामिन डी र क्याल्सियमको कमीले हड्डी दुख्ने, सुन्निने र नरम हुन्छ, करङ, कम्मर र अन्य स्थानका हड्डीहरू भाँच्चिने सम्भावना रहन्छ। तर हाम्रो विडम्बना मिर्गौला असफल भएको मिर्गौलाको कार्य क्षमता ७० प्रतिशतभन्दा बढी नष्ट हुँदा पनि थाहा पाउन र अनुभव गर्न सकिँदैन र रोगको लक्षण नदेखिँदै उपचार खोज्ने कुरा पनि भएन जसका लागि नियमित जाँच नै आवश्यक छ। मिर्गौलाको कार्यक्षमता ५० प्रतिशतबाट घटेर १० प्रतिशतसम्म झरेको अवस्थालाई क्रमशः प्रारम्भिक, मध्यम र अन्तिम चरणको खराबीको रूपमा लिइन्छ।

सामान्य व्यक्तिभन्दा मिर्गौला रोगीमा मधुमेह, उच्च रक्तचाप र मुटु तथा रक्तनलीसम्बन्धी समस्या गाँसिएमा मृत्यु हुने सम्भावना १० गुणा बढी हुने भएकोले मिर्गौला बेकम्मा हुनुभन्दा पहिले नै हृदयाघातबाट व्यक्तिको मृत्यु हुने सम्भावना रहन्छ। मिर्गौला रोगका कारण मुटुसम्बन्धी रोगको चपेटामा पर्ने व्यक्ति करिव एक करोड २० लाख छन् विश्वमा। १०–२५ प्रतिशत मधुमेहीमा मिर्गौला रोग देखिने गरेको छ भने मिर्गौला बेकम्मा हुनेहरूमा ४४ प्रतिशत मधुमेह र २८ प्रतिशत उच्च रक्तचापको कारणले देखिएको छ।

शरीरमा रगत सफा गर्ने फिल्टरको मुख्य काम गरिरहेको मिर्गौला अस्वस्थ भएमा रगतमा विषालु पदार्थहरू जम्मा भई रगतबाट शरीरभरि विचरण गरी सबै अङ्गमा नकारात्मक असरहरू उत्पन्न गर्दछ। मिर्गौला रोगी भएको १–२ वर्षदेखि दसौं वर्षसम्म पनि लक्षण नदेखिई चलिरहन सक्छ र जब मिर्गौलाले २०–३० प्रतिशतसम्म मात्र काम गरिरहेको हुन्छ, तब लक्षणहरू देखिन्छन् तर यसबेला थप बिग्रन नदिन उपचार मात्र गर्न सकिन्छ, रोग निको भने पार्न सकिँदैन। दुवै मिर्गौलाले काम गर्न छोडी मिर्गौला बेकम्मा भई पीडितहरू केवल दुई ओटा विकल्पमा बाँच्न बाध्य हुन्छन् या त कृत्रिम तरिकाले रगत सफा गर्ने पद्धति डायलाइसिस वा नजिकको रगतको नातेदारको मेल खाने स्वस्थ मिर्गौला प्रत्यारोपण।

## उपचार के हुन सक्छ ?

नियमित स्वास्थ्य परीक्षण, औषधि सेवन र खानपिनमा ध्यान दिँदा पनि समस्या नियन्त्रणमा आउने गर्दछ। प्रोटिन बढी हुने माछा, मासु, गेडागुडी जस्ता खानेकुरा पानी र झोलपदार्थ चिकित्सकले तोकिदिएअनुसार खानुपर्दछ। यदि

मिर्गौलाको कार्यक्षमता १० प्रतिशतभन्दा पनि कम हुन थाल्दछ भने नियमित रूपमा रगत सफा गर्ने हेमोडायलाइसीस, हेमोफिल्ट्रेशन र पेरीटोनीयल डाइलाइसीस वा स्वस्थ मिर्गौला राख्ने 'प्रत्यारोपण' जस्ता सघन र ठूला उपचारको आवश्यकता पर्दछ तर कुन विधि रोज्ने भन्ने निर्णय मिर्गौला अन्तिम अवस्थामा पुग्नेभन्दा पहिले नै गर्नु पर्दछ। जसबेला ग्लोमेरुलस भएर छानिने रगतको बेगदर १२५ मिलिलिटर प्रतिमिनटबाट घटी पाँच मिलिलिटर प्रतिमिनेट मात्र हुन्छ।

सन् २००८ मा मिर्गोला प्रत्यारोपण सुरु भयो र हालसम्म तीन हजारले गरेका छन् भने सन् २०१० मा जेष्ठ नागरिक, हेपाटाईटिस बीका रोगी र बिपन्न नागरिकलाई डायलासिस निःशुल्कको सुविधा प्रदान गरिएको थियो। हाल सबैका लागि हेमोडायलासिस निःशुल्क मात्र होइन, मिर्गौला प्रत्यारोपण समेत निःशुल्क छ।

## प्रत्यारोपण नै किन ?

मिर्गौला प्रत्यारोपण गर्नु भनेको आफन्तको स्वस्थ मिर्गौला झिकेर बिरामीको शरीरमा राख्नु हो। प्रत्येक व्यक्तिमा हुने दुई ओटा मिर्गौलामध्ये एउटैले मात्र काम गर्दा पनि मानिस स्वस्थ र जीवित रहन सक्ने भएकाले दुवै मिर्गौला बेकम्मा भएका बिरामीलाई एउटा मिर्गौला दान गरी आफू पनि नमर्ने र बिरामीलाई जीवनदान दिन सकिन्छ। प्रत्यारोपित मिर्गौलाले लामो समयसम्म काम गरिरहोस् भन्ने उद्देश्यले सुरुमा बढीमात्रामा र पछि क्रमशः घटाउँदै गएर न्यूनतम् मात्रामा औषधि लिइरहनु पर्दछ। प्रत्यारोपित मिर्गौलाले पाँच दिनमा शरीरमा जम्मा भएको विकार सफा गरी सक्दछ। प्रत्यारोपण सुविधाका लागि पनि राज्यले २०५५ सालमा मानव अङ्ग प्रत्यारोपण ऐन तथा नियमावली ल्याएको छ। मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन २०५५ र मृगौला प्रत्यारोपण नियमावली २०५८ ले प्रत्यारोपणको कानुनी बाटो खुला गरेको छ। कानुन अनुसार प्रत्यारोपणसम्बन्धी प्रक्रिया मिलाउने र अनुमति इजाजत दिने जिम्मेदारी पाएको अङ्ग प्रत्यारोपण समन्वय समिति छ।

प्रत्यारोपण गरिएको व्यक्तिको स्वास्थ्य र जीवनयापनको गुणस्तर डायलाइसीसको भरमा बाँच्नेको भन्दा राम्रो हुन्छ साथै डायलाइसिस उपचार बाँचुन्जेल गराइरहनु पर्ने, धेरै खर्च लाग्ने र सबै स्थानमा सेवा उपलव्ध नहुनाले प्रत्यारोपणलाई नै सजिलो र भरपर्दो मानिन्छ। हप्तामा २-३ पटकसम्म डायलाइसिस भएको ठाउँमा जानु पर्ने, जीवनको गुणस्तर न्यून हुने, बाँच्ने सरदर आयु पनि थोरै हुने, कृत्रिम रूपले रगत छान्ने काम डायलाइसिसद्वारा गरिएपनि एरिथ्रोपोइटिनको लागि जिन्दगीभर अलग्गै सुई लिनुपर्ने, वर्ष दिन डायलाइसिस गर्न लाग्ने खर्च करिब तीन लाखले मिर्गौला प्रत्यारोपण हुने (बाहिर जाँदा रु. १०-१५ लाख) र त्यसको एक तिहाई खर्चले वर्ष दिनको औषधोपचार धान्न सकिन्छ र औषधोपचार खर्च पछिका वर्षमा अझ घट्दै जान्छ।

यी विभिन्न कारणहरूले संसारभरि नै मिर्गौला प्रत्यारोपण तुलनात्मक सबैभन्दा बढी गुणस्तरीय जीवन प्रदान गर्ने, सस्तो लोकप्रिय र उत्तम उपचारको विधि भएको छ। जीवित व्यक्तिबाट लिइएको मिर्गौलाले धेरै राम्रो काम गर्ने, शल्यक्रिया गर्न सजिलो हुने र मिर्गौला सुरक्षित रहन्छ।


प्रत्यारोपण गर्न आवश्यक मिर्गौलाको कमी अहिले विश्वले भोगिरहेको छ। मिर्गौलाको आंशिक समस्या पूर्ति गर्न मृतव्यक्तिको मिर्गौला प्रत्यारोपण सबैजसो देशले अपनाएका छन् किनभने सबै बिरामीले जैविक नातेदारको मिर्गौला प्राप्त गर्न सक्दैनन्। नयाँ उपलब्धिअनुसार म्याच नखाएको मिर्गौलाको पनि विशेष उपचार (एण्टीवडी हटाउने, हल्का रेडिएसन दिने, नयाँ मोनोक्लोनल एण्टीबडी थप्ने) गरी अस्वीकार गर्ने दर पाँच प्रतिशतभन्दा कम बनाइन्छ।

नेपालमा एकातिर गरिबी, अशिक्षा र भौतिक पूर्वाधार तथा जनशक्तिको अभाव छ त अर्कोतिर भौगोलिक विकटता, द्वन्द्वले गर्दा नागरिकहरूको स्वस्थ जीवनको लागि आवश्यक सेवा र सुविधा चुनौतीपूर्ण तथा असम्भव हुँदै आएको छ। यस्ता आवश्यकता पूर्ति गर्नका लागि सरकारी प्रयास मात्र पर्याप्त नहुने भएकाले आ-आफ्नो जीवनको लागि नागरिक आफैं चेतनशील भई समस्या समाधानमा नलागेसम्म ससाना स्वास्थ्य समस्याले पनि जटिलता उत्पन्न गर्न सक्दछन्। त्यसकारण रोगबारे जानकारी राखौं आफ्नो स्वास्थ्य परीक्षण गराऔं, अरूलाई पनि परीक्षण गर्न प्रोत्साहित गरौं, स्वस्थकर जीवनशैली अपनाउन तत्काल पाइला चालौं र भविष्य राम्रो, स्वस्थ र सुरक्षित बनाऔं। रासस

स्वास्थ्य खबरपत्रिका

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

## आ.व. २०८२/८३ श्रावण महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ६७ | १२२ | ११५ | १४१ | ७९ | ७६ | १४९ | ८६ | ८६ | १३० | ११६ | ४७ | १०९ | ११८ | ९८ | १४४ |
| ■ सार्क तथा चिनियाँ | २४० | २५१ | १५३ | २३३ | २३७ | १४६ | १८९ | ११३ | १४४ | १६६ | १४९ | १९२ | ११४ | १४५ | १३० | १८५ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १६० | २२५ | १९४ | १५५ | १५० | १८८ | ११९ | २९५ | ४९८ | २०५ | १९८ | २७७ | २३३ | २३६ | २४५ |
| ■ सार्क तथा चिनियाँ | २१० | १७७ | ३६३ | १४९ | १८३ | १६० | १९६ | २८२ | २२३ | २३० | २१२ | २९३ | १८४ | ३१२ | ४४६ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८२ श्रावण | ५,०६१ | ६,४०७ | ११,४६८ |
| २०८१ श्रावण | ५,५९५ | ५,८१९ | ११,४१४ |
| प्रगति | -५३४ | ५८८ | ५४ |

सम्पादकको पृष्ठ

# छिमेकीको बिजाइँ

हाम्रा दुई छिमेकी भारत र चीनबिच सीमा विवाद छ। नेपाल र भारतबिच पनि सीमा विवाद छ। अहिले भारत र चीनबिच नेपालको सार्वभौम भूमि लिपुलेकलाई व्यापारिक नाका खोल्ने सहमतिले तीनवटै देशबिच नयाँ समस्या खडा भएको छ।

संरा अमेरिकाले भारतलाई ५० प्रतिशत भन्सार शुल्क लगाएबाट भारतलाई अप्ठेरो परेको छ। त्यसैले उसले चीनको निकटता खोजेको छ। त्यसो त संरा अमेरिका र चीनबिच पनि व्यापार युद्ध चलिरहेको छ। यसले शत्रुको शत्रु मित्र हुन्छ भन्ने कथनलाई पुष्टि गरेको छ। तर, अप्ठेरोमा नजिकिने र सप्ठेरोमा टाढिने व्यक्ति वा देश कहिल्यै साँचो मित्र हुन सक्दैन।

ठूलो देशको अहङ्कारले भारतले सार्वभौम छिमेकीहरूको सीमालगायतका विषय र मामिलामा अर्घेल्याइँ गरिरहेको तथ्यबाट विश्व परिचित छ। यसमा छिमेकी चीन साझेदार नबनोस् भन्ने नेपाली जनताको अपेक्षा छ।

अहिले भारतको कथन छ–'भारत र चीनबिच लिपुलेक पासबाट सीमा व्यापार सन् १९५४ (विसं २०११) बाट सुरु भएको हो र दसकौंदेखि जारी छ।' तर विसं २०१८ मा त्यस क्षेत्रमा भैरव रिसालको टोलीले जनगणना गरेका थियो। त्यसअघि २०१५ सालको आमचुनावमा पनि त्यहाँका वासिन्दाले मतदान गरेका थिए। २०१९ सालको गाउँ, जिल्ला र राष्ट्रिय पञ्चायतको चुनावमा पनि मतदान गरेका थिए। सन् १९६२ (विसं २०१९) मा भारत–चीनबिचको लडाइँमा चिनीयाँ फौजले लखेटिएका भारतीय फौज नेपालको कालापानीमा अन्तर्राष्ट्रिय नियम उल्लङ्घन गरेर बसेका थिए।

लिम्पियाधुरासम्मको भूभागमा नेपालको दाबीलाई भारतले अस्वीकार्य भनेको छ। उसले भनेको छ – 'जहाँसम्म भूमि (लिपुलेक) दाबीको कुरा छ, हाम्रो अडान स्पष्ट छ– यस्ता दाबीहरू न त ऐतिहासिक तथ्यमा आधारित छन्, न त प्रमाणमा। कुनै पनि एकपक्षीय वा कृत्रिम रूपमा बढाइएका दाबीहरू अस्वीकार्य छन्।'

यदि ऐतिहासिक तथ्य र प्रमाण सन् १९५४ देखि भारत–चीनबिचको सीमा व्यापारलाई नै मान्ने हो भने त्यसभन्दा सवासय वर्षअघिका नक्साहरू के कृत्रिम हुन् ? सन् १८२१, १८२७, १८५६ का नक्साहरू नेपालले बनाएको होइन, न स्वतन्त्र भारतले न त चीनले। ती नक्सा भारतलाई उपनिवेश बनाउने बेलायतले बनाएको हो। कालीपारि भारत र वारि नेपाल बनाइएको सन् १८१६ को सुगौली सन्धि बेलायतीभारत र नेपालबिच भएको हो। त्यो ऐतिहासिक, प्रामाणिक तथ्यमा आधारित दस्तावेज हो। यस्ता तथ्य र प्रमाणलाई भारतले भन्दैमा कसरी 'एकपक्षीय र कृत्रिम' हुन्छ ? यो त विस्तारवादी भारतको साम्राज्यवादी व्यवहार हो, ठूलो राष्ट्र अहङ्कारवादको ज्वलन्त प्रमाण हो। यदि, ती तथ्य र प्रमाणलाई भारतले अस्वीकार गर्ने हो भने नेपालको सीमा सुगौली सन्धिअघि जहाँसम्म थियो त्यो भूभाग भारतले छोड्नु पर्छ, अन्यथा नेपालको भूभाग भारतले हड्पेको ठहर्छ र उसले बेलायती साम्राज्यवादी हर्कतलाई वंशाणुगत रूपमा ग्रहण गरी जारी राखेको प्रमाणित हुन्छ। के भारत यसमा सहमत हुने नैतिकता र इमानदारी देखाउन सक्छ ?

हो, भारत र चीन क्षेत्रफल, जनसङ्ख्यालगायतले नेपालभन्दा ठूला छन्। तर सार्वभौमिकताको सवालमा नेपालभन्दा ठूला छैनन्, तीनै देश समान छन्। यस तथ्यलाई मनन गर्नै पर्छ। किनभने, ठूलो देशले जे गरे पनि हुन्छ भन्ने मान्न सार्वभौम, स्वाधीन र स्वतन्त्र नेपाल र नेपाली जनता कदापि तयार छैन।

एक देशले अर्को देशको सार्वभौम अखण्डताको सम्मानले मात्र सम्बन्ध मित्रवत र सुमधुर हुन्छ भन्ने तथ्य कसैले बिर्सन हुँदैन।

भारत र चीनबिचको विद्यमान सीमा विवाद वा दाबी पुराना नक्सा र ऐतिहासिक प्रमाणकै आधारमा भएको हो। ती देशको ऐतिहासिक तथ्य र प्रमाण यथार्थ हुने तर नेपालको दाबीमात्र 'एकपक्षीय र कृत्रिम' भन्ने आधार के ?

नेपालले विसं २०७७ मा लिम्पियाधुरा समेटिएको नक्सा जारी गऱ्यो। नेपालको क्षेत्रफल १,३७,१८१ वर्ग किलोमिटरबाट १,४८,००७ वर्ग किलोमिटर पनि अङ्कित गऱ्यो। तर, सरकारले त्यसलाई इतिहास, प्रमाण र तथ्यको आधारमा जारी गरेको भनी भारत, चीन, संयुक्त राष्ट्र सङ्घ, सार्कलगायत सरोकार र सम्बन्धित संस्थालाई समयमै जानकारी नदिएको देखियो। पाँच वर्षपछि अर्थात् सन् २०२५ जनवरीमा संरा सङ्घमा उक्त नक्सा पठाएको समाचारले सरकार भनेको सिंहदरबारमा केवल ढलिमली गर्न जाने गैरजिम्मेवार अल्छीहरूको जमात सावित भएको छ। परिणाम हामी नेपाली जनता समस्यामा पर्ने र पर्दै आएको देखिन्छ।

सबै देशले पुराना नक्सा, ऐतिहासिक तथ्य र प्रमाणकै आधारमा दाबी गर्ने हो। नेपालको दाबी किन कमजोर भयो ? वस्तुतः सिंहदरबारको हुतिहारापन नै जिम्मेवार देखिन्छ। आशा छ, विगतका गल्ती र कमजोरी सच्याउन सरकार र सम्बन्धित निकाय तदारुकताका साथ क्रियाशील हुनेछन्।



भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङमा सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र कम्प्युटर इन्जिनियरिङ कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरू-प्राध्यापक भेटघाट कार्यक्रम । साउन ३१ गते



भक्तपुर नपाले शैक्षिक सत्र २०८२/८३ को लागि कक्षा ११ र १२ मा छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक १४० जना विद्यार्थीहरूलाई रू. २ करोड १५ लाख ९० हजार बराबरको छात्रवृत्ति सिफारिस पत्र वितरण । साउन २३ गते



अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित छिकोङ शारीरिक व्यायाम भाजु पोखरी परिसरमा बृहत प्रदर्शनी । साउन २७ गते